२९५

# भक्तपुर मासिक

Bhaktapur Monthly

वैशाख २०७८

ISSN 2705-4454




## नगरका ११९ जनालाई शैक्षिक ऋण वितरण

- पत्रकारिताबारे
- 'मौलिक शैलीमा घर बनाउनेहरूको लागि अनुदानको व्यवस्था गरिनुपर्छ'
- नेपाल कम्युनिस्ट पार्टीको घोषणा पत्र
- सर्वदलीय बैठक : एमसीसीमार्फत ध्रुवीकरणको नयाँ प्रयास ?
- तिलमाधव नारायण मन्दिरको ऐतिहासिकता
- अल्बर्ट आइन्स्टाइन
- मेक्सिम गोर्की
- ज्यापू जातिले मनाउने चाडपर्वहरू
- भक्तपुर नपाका गतिविधि



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति वडा नं २ मा आयोजित निःशुल्क पाठेघर तथा स्तन क्यान्सर परीक्षण शिविरमा (चैत्र २१ गते)



भक्तपुर नपाका उपप्रमुख रजनी जोशी वडा नं ६ मा आयोजित निःशुल्क आँखा शिविरमा (चैत्र २१ गते )

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ̀l{#*★cÆ ^★g];=!$!★lj=;=@)&*j}zfv★A.D.2021

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)






'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन।

# ‘शिक्षाले राज्यको प्रत्येक मानिसलाई उसको कर्तव्य अवगत गराउँछ ।’ – प्लेटो

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | पत्रकारिताबारे | नारायणमान बिजुक्छेँ | ३ |
| २) | ‘मौलिक शैलीमा घर बनाउनेहरूको लागि अनुदानको व्यवस्था गरिनुपर्छ’ | सुनिल प्रजापति | ५ |
| ३) | नेपाल कम्युनिस्ट पार्टीको स्थापनाकालीन घोषणा पत्र | – | ७ |
| ४) | सर्वदलीय बैठक : एमसीसीमार्फत ध्रुवीकरणको नयाँ प्रयास ? | विवेक | १४ |
| ५) | किम इल सङको संस्मरण : शताब्दीका साथ (६) | – | १६ |
| ६) | टौमढी एवं तिलमाधव नारायण मन्दिरको ऐतिहासिकता | ओम धौभडेल | २१ |
| ७) | ‘मन्दबुद्धि’ का विश्वविख्यात वैज्ञानिक अल्बर्ट आइन्स्टाइन | राजेन्द्रबहादुर कायष्ठ | २४ |
| ८) | ज्यापू जातिले मनाउने विभिन्न चाडपर्वहरू (१) | डा. हरिराम सुवाल | २७ |
| ९) | अन्तर नगर खेलकुद र भक्तपुर नगरपालिका | श्यामकृष्ण खत्री | ३० |
| १०) | सर्वहारा वर्गका महान् लेखक मेक्सिम गोर्की | नन्दु उप्रेती | ३२ |
| ११) | हेनरी किसिञ्जरको आँखामा चीन (४) | एक शिक्षक | ३६ |
| १२) | चीनको हरित अर्थतन्त्रबारे केही कुरा | सबिन ब्याजू | ४० |
| १३) | कसरी पाउने कोभिड १९ को अपडेट | न्हु:ज किजु | ४१ |
| १४) | भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय | – | ४३ |
| १५) | नगरपालिका गतिविधि | – | ५७ |
| १६) | विविध समाचार | – | ८३ |
| १७) | एमसीसी सत्ताको भऱ्याङ ? (सम्पादकको पृष्ठ) | – | १०८ |

**साथमा –** आफन्तीको कथा–२३/नैतिक कथा–२३/रङ्गीन पृष्ठ–५३/ बसिबियाँलो–९८/पाठक पत्र–९८/नेपालमा कोरोना–९९/भक्तपुरमा कोरोना–९९/विश्वमा कोरोना–१००/२७ वर्षको एउटा क्यालेन्डर–१०१/हाम्रो स्वास्थ्य–१०३/स्थानीय सरकार सञ्चालन ऐन २०७४ (१८)–१०४/Sketches From Nipal (59) -Henry Ambros Oldfield-106 ।





“Creation of predecessors — Our art and culture”



# पत्रकारिताबारे

– नारायणमान बिजुक्छेँ

दैनिक वा साप्ताहिक समाचार पत्र र सामयिक पत्र-पत्रिकामा जिम्मेवारी लिएर समाचार, टिप्पणी, लेख वा नियमित कुनै कोलम (स्तम्भ) लेख्नेलाई पत्रकार मान्ने प्रचलन छ। त्यसमा सम्पादक वा संवाददाता पनि हुन्छन्। कुनै नयाँ घटना वा विषयवस्तुबारे पाठकलाई बताउने, साहित्यका विविध विधा, प्रश्नउत्तर, हास्यव्यङ्ग्य र राशीफलसमेत दिएर पाठकलाई आल्हादित गर्ने काम पत्रकारितामा भएको देखिन्छ। पाठकलाई प्रगतिउन्मुख विषय पस्कने जिम्मेवारी पत्रकारको हो। प्रतिगामी र जनविरोधी विचार फैलाउने, फूट र साम्प्रदायिकता भड्काउने पत्रकारितालाई पीत पत्रकारिताको कोटीमा राखिन्छ।

सामन्तवादी समाजमा सरकारी टोलीले राजा महाराजा वा शासक वर्गको आफ्नो उर्दी, फैसला वा निर्णय सुनाउन 'नायखिं बाजा' बजाएर चोक तथा चौबाटोमा प्रचार गरिन्थ्यो। विकासको क्रममा **'गोरखापत्र'** र **'गजेट'** जस्ता सरकारी मुखपत्र निस्किन थाल्यो। सामन्ती सरकारविरोधी पूँजीपति एवम् व्यापारीहरूले पनि आ-आफ्नो पत्रपत्रिका लुकीचोरी सञ्चालनमा ल्याए।

सन् १८४० तिर अमेरिकामा विलियम लायड गैरिसनले **'मुक्तिदाता'** नामको समाचारपत्र प्रकाशित गरे। उनी दास प्रथाका विरोधी थिए। फ्रान्सेली क्रान्तिमा मारातले **'जनताको साथी'** भन्ने समाचारपत्र प्रकाशित गरे।

कार्ल मार्क्सले जर्मनीमा **'राइन समाचार'** र **'नयाँ राइन समाचार'** नामका पत्रिका प्रकाशित गरेर परिवर्तनवादी बुद्धिजीवी एवम् जनतामा वैचारिक क्षेत्रमा नयाँपन ल्याए। जारकालीन रूसमा लेनिन र स्तालिनले गुप्तरूपले **'फिलिङ्गो'** र **'सत्य'** पत्रिका प्रकाशित गरे। चीनमा माओ त्सेतुङले **'कम्युनिस्ट'** पत्रिकामार्फत आमूल परिवर्तनको दिशाबोध गराए।

पत्रकारले आफ्ना पाठकहरूमा नयाँ नयाँ राम्रा र नराम्रा घटनाबारे विश्लेषण गर्दै समाजलाई अगाडि बढाउन उत्साह प्रदान गर्नु आवश्यक छ। आस्थाको पत्रकारिकता र पत्रकारको धर्म र अर्थ त्यही हो।

भूमिगत कालमा लिथो वा गेस्नरबाट एकसय प्रतिदेखि दुई-तीन सय प्रति पत्रिका छापिन्थ्यो। पत्रिकाका अक्षर ठूलठूला हुन्थे। **'विद्यार्थी आवाज'** र **'लालझन्डा'** यसका उदाहरण हुन्। भारत प्रवासमा प्रेसबाटै पत्रिका छाप्दा खर्च अलि कम पर्थ्यो। पत्रिका भारतबाट हुलाकमार्फत नेपाल पठाइन्थ्यो। भूमिगतकाल र प्रवासमा पनि एसिया, अफ्रिका र ल्याटिन अमेरिकी जनताको मुक्ति, स्वतन्त्रता र साम्राज्यवादविरोधी सङ्घर्षका समाचार तथा विचारलाई प्राथमिकता दिइन्थ्यो, देशको मजदुर-किसान सङ्घर्ष र शोषणको विरोधका गतिविधिलाई बढी प्रचार गर्ने र उत्साह बढाउनेमा ध्यान दिइन्थ्यो।

प्रवासमा केही भारतीय लेखक, कवि र कलाकारहरूलाई साथ लिएर हिन्दी भाषामै **'आधार'**, **'समाचार संसद्'**, **'ध्रुवतारा'** र **'नेपाल तराई'** पत्रिकाहरू प्रकाशित भए। तर, भारतीय प्रहरीको दबाबको कारण केही अङ्क निस्किएपछि बन्द हुन्थे। बरू, साहित्यिक पत्रिका **'जनताको साहित्य'** ६ अङ्कसम्म र **'जनताको साहित्य र साहित्यकार'** पुस्तक प्रकाशन गर्ने काम भयो।



विलियम लायड गैरिसन (सन् १८०५-१८७९)



जाँपाल मारात (सन् १७४३-१७८३)



कार्ल मार्क्स (सन् १८१८-१८८३)



लेनिन (सन् १८७०-१९२४)



स्तालिन (सन् १८७८-१९५३)



माओ त्सेतुङ (सन् १८९३-१९७६)

भूमिगतकालमै हामीले **'रूसी संशोधनवाद सामाजिक साम्राज्यवादमा पतन', 'नेपालको कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचारहरूको खण्डन'** लगायतका पुस्तकहरू प्रकाशित गर्‍यौं । तर, गुप्तरूपमा काम गर्ने भएकोले प्रकाशनमा भन्दा वितरणको निम्ति बढी पैसा खर्च हुन्थ्यो । पुस्तक नेपाल ल्याउने क्रममा विराटनगर, नेपालगञ्ज, जनकपुर, वीरगञ्ज आदि ठाउँमा साथीहरू प्रहरीबाट पक्राउमा परेका थिए । उतिबेला साथीहरूको सङ्ख्या कम भए पनि उनीहरू उत्साहित थिए ।

हामी आस्थाको पत्रकारिता पनि गर्थ्यौं । त्यो निश्चित उद्देश्यको निम्ति थियो । काम गर्दा पत्रकारहरूले दुःख पाए । आफ्नै पैसा राखेर पत्रिका निकालिन्थ्यो । निरन्तर प्रहरीको निगरानी हुन्थ्यो । पक्राउको खतरा उत्तिकै हुन्थ्यो ।

व्यावसायिक पत्रकारितामा प्रकाशन वा पूँजीपतिको इच्छा र आदेशअनुसार काम गर्नुपर्ने हुन्छ । लेखन वा समाचार सम्प्रेषणमा सम्पादक, संवाददाता र लेखकहरूको भावनाभन्दा प्रकाशकको उद्देश्यलाई प्राथमिकता दिइन्छ ।

अहिले नेपालमा विदेशी पूँजीको प्रभावमा व्यावसायिक पत्रकारिता बन्दीको रूपमा छ । विदेशी पूँजी विस्तारको निम्ति व्यापारिक प्रचारमाध्यमको रूपमा रहेका ठूल-ठूला समाचारपत्रले आफ्नो 'धर्म' निर्वाह गरेका छन् भने ती माध्ययमा काम गर्ने पत्रकारहरू कारखानाका मजदुरहरूजस्तै शोषित-पीडित छन्, तिनीहरू निकालामा पर्ने गरेका छन् । यस अर्थमा व्यावसायिक पत्रकारिता 'स्वतन्त्र' पत्रकारिता होइन भन्ने प्रस्ट छ ।

आस्थाको पत्रकारिताको निम्ति किसान, मजदुर, युवा-विद्यार्थी, कामदार महिला र तल्लो वर्गका लेखक, कवि, कलाकारहरूसँग छलफल गरी काम गर्नु फलदायी हुन्छ ।

पत्रिका क्रान्तिको सन्देश लिएर कारखाना, खेत, खलिहान, विद्यालय र विश्वविद्यालयमा पुग्छ, हरेक चिया पसल र किसानको घर-घरमा नपुगी पत्रिकाले क्रान्तिलाई सहयोग गर्नसक्दैन र पत्रिका नपढी किसान जनता क्रान्तिकारी भावनाले प्रेरित हुनेछैनन् ।

क्रान्ति र आस्था बोकेका पत्रिकाको समाचार हेरिसकेपछि फालिँदैन बरू त्यसका लेख-रचनाहरूबारे बरोबर अन्तरक्रिया गरिन्छ । यस्ता छलफलबाट किसानहरू शिक्षित हुन्छन् । अनिमात्रै पत्रिका समाजमा आमूल परिवर्तनको वाहक हुन्छ ।

शोषक वर्गका मानिसहरूले पत्रिका वितरकहरूलाई हातमा लिई **'श्रमिक'** र **'मजदुर'** तौलेर बेच्न लगाउँदा त्यस्ता वितरकहरू कारबाहीमा परेका छन् । फकाएर वा पैसा बढी दिएर वितरकहरूलाई अरू काममा लगाएका छन् ।

यसकारण **'श्रमिक'** र **'मजदुर'** का वितरकहरूको बारम्बार कक्षा सञ्चालन गर्ने र वर्ग शत्रुविरूद्ध सङ्घर्षको भावना जगाउनु आवश्यक छ ।

स-साना बैठक, अन्तरक्रिया, जनसभाको आयोजना गरी र पत्रपत्रिकामा चिठी र लेखहरू लेखेर जनतालाई शिक्षित गर्दै लानु आवश्यक सम्झन्छु । साथीहरूले त्यसो गरिरहनुभएको छ । तर, हाम्रा पत्रिकामा भाषिक समस्या यथावत छ । हामीले सम्बन्धित भाषालाई न्याय दिनु आवश्यक छ । **'श्रमिक'** र **'मजदुर'** तथा हाम्रा प्रकाशनहरूको भाषा सरल हुनु नै उत्तम हो ।

*स्रोत : अनलाइनमजदुर, फागुन २२, २०७७*

# 'मौलिक शैलीमा घर बनाउनेहरूको लागि अनुदानको व्यवस्था गरिनुपर्छ'

• सुनिल प्रजापति




'सहरी आवास पुनःनिर्माणका रणनीतिक मुद्दाहरू र भावी कार्यदिशा' विषयक कार्यक्रमको आयोजना गरेर भक्तपुर नगरपालिकाको तर्फबाट केही कुराहरू राख्ने अवसर दिनुभएकोमा राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका पदाधिकारीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

भर्खरै दुईजना विज्ञहरू सूर्यनारायण श्रेष्ठ र सूर्यभक्त साँगाछैंले पुनःनिर्माणको वर्तमान स्थिति, समस्या र चुनौतीहरूको बारेमा प्रकाश पार्नुभयो । उहाँहरूले पुनःनिर्माणसँग सम्बन्धित थुप्रै विद्यमान कानुनहरूको बारेमा पनि जानकारी दिनुभयो । व्यवस्थित प्रस्तुतीको लागि पनि धन्यवाद दिन्छौं ।

भक्तपुर २०७२ सालको भूकम्पले धेरै धनजनको क्षति भएको जिल्ला मध्ये एक हो । भूकम्प गएको ५ वर्ष बितिसकेको छ तापनि पुनःनिर्माण कार्य सम्पन्न भएको छैन । भक्तपुर नगरमा १२० भन्दा बढी सम्पदाहरूमा आंशिक र पूर्ण क्षति भएकोमा हालसम्म १०८ ओटा सम्पदाहरू भक्तपुर नगरपालिकाले पुनःनिर्माण र जीर्णोद्धार सम्पन्न गरिसकेको छ भने दर्जनौं सम्पदाहरू पुनःनिर्माणको क्रममा छन् । निजी आवासतर्फ ५६८० लाभग्राही भएकोमा दोस्रो किस्ता लिनेहरूको सङ्ख्या २२६१ (४० प्रतिशत) र तेस्रो किस्ता लिनेहरूको सङ्ख्या २०३४ (३६ प्रतिशत) मात्रै छन् । निजी आवास पुनःनिर्माणमा अपेक्षित सुधार नहुनुमा किस्ता प्राप्त गर्न झन्झटिलो प्रक्रिया, एकमुष्ट रकम प्रदान नगरी किस्ताबन्दीमा रकम प्रदान गर्नु र समयअनुकूल रकममा वृद्धि नगर्नु प्रमुख कारणहरू देखिन्छन् । त्यसमा प्राधिकरणले सुधार गर्न आवश्यक छ ।

अहिलेसम्म घर बनाउन नसकेकाहरू अधिकांश गरिब परिवारकै छन् । गरिबहरूलाई सरकार स्वयम्ले घर बनाइ दिनुपर्ने माग पनि उठिरहेको छ । यस्तो अवस्थामा आर्थिक रूपले कमजोर परिवारले माटो जोडाइको घर बनाउने गरेका छन् । माटो जोडाइमा घर बनाउनेहरूको लागि सरकारी अनुदान नदिने प्राधिकरणको नीतिले धेरै गरिब परिवारले अनुदान पाउन सकेका छैनन् । प्राधिकरणको यो कस्तो नीति हो ? के माटो जोडाइले भूकम्प प्रतिरोधी घरहरू बनाउन मिल्दैनन् ? देशको सम्पदाको पहिचान बचाइ राख्ने हो भने हाम्रो मौलिक सीप, प्रविधि र निर्माण सामग्री प्रयोग गरी घर बनाउनेहरूको लागि विशेष आर्थिक अनुदानको व्यवस्था गर्नु आवश्यक छ ।

हाम्रा पुराना मठ, मन्दिर, देवालय, शिवालय जस्ता सम्पदाहरू सिमेन्ट र दण्डी प्रयोगविना नै बनेका छन् । हाम्रा परम्परागत मौलिक प्रविधि कति उत्कृष्ट छन् भन्ने कुरा सयौं वर्षसम्म ठूल्ठूला भूकम्पहरूलाई थेगेर ठडिरहेका ङातापोल्हँ मन्दिर जस्ता सम्पदाहरू र थुप्रै निजी घरहरूले प्रमाणित गरिरहेका छन् । भूकम्पबाट क्षतिग्रस्त भक्तपुरका ३ ओटा विद्यालयहरू अहिलेसम्म पुनःनिर्माण हुन सकेको छैन । हामीले सम्पदा क्षेत्र भएको कारण पुरानै प्रविधि र निर्माण सामग्री प्रयोग गरी परम्परागत शैलीमा काठ र माटोबाट बनाउन उत्साहित गरिरहेका छौं । तर पुनःनिर्माण प्राधिकरणले भने माटो जोडाइमा सहयोग गर्न नमिल्ने भन्दै रोकी राखेको छ । भक्तपुर नगरपालिकाले शारदा माविलाई माटो जोडाइले नै बनाउने नक्सा स्वीकृत दिएपछि हाल निर्माण प्रकृया अगाडि बढेको छ । अरू विद्यालयहरू पनि पुरानै शैलीमा निर्माणको लागि नक्सा पास प्रक्रिया अघि बढेका छन् । आधुनिक प्रविधि र निर्माण सामग्रीमा मात्रै भर पर्दै जाने हो भने हाम्रा मौलिक सीप र प्रविधि समाप्त हुँदै जानेछ । प्राधिकरणले यो कुरालाई ध्यानमा राखेर सम्पदा

पुन:निर्माण वा जीर्णोद्धार गर्दा मौलिक प्रविधि र परम्परागत निर्माण सामग्री प्रयोगमा जोड दिने आशा गर्दछौँ।

हाम्रा सम्पदाहरूको आ–आफ्नै विशेषता छन्। मौलिक प्रविधिबाट निर्मित ती सम्पदाहरूको मौलिकता बचाइ राख्न पुन:निर्माण वा जीर्णोद्धार कार्य ठेक्कामा दिनु राम्रो हुँदैन। ठेकेदारले सम्पदाको महत्त्वलाई भन्दा नाफालाई प्राथमिकतामा राख्ने गर्छन्। स्थानीय जनताहरूबाट गठित उपभोक्ता समिति वा अमानतमै गर्ने कानुनी बन्दोबस्त भए गुणस्तरीय निर्माण हुनुका साथै हाम्रो सीप र प्रविधिले जीवन्तता पाउने छन्।

पुन:निर्माण प्राधिकरणलाई काम गर्न खासै कानुन, नीति, नियमको अभाव देख्दैनौँ। मात्र सोचमा परिवर्तनको आवश्यकता देख्छौँ। आजभन्दा झण्डै डेढ वर्ष अघि सम्पदा पुन:निर्माणको लागि भक्तपुर नगरपालिकालाई ५ करोड रूपैयाँ प्राप्त हुने जानकारी पायौँ। कानुनसम्मत तरिकाले समयमै ९ ओटा योजनाहरूको लगत इष्टमेटदेखि सबै कानूनी प्रक्रिया पूरा गरेर निर्माणको लागि रकम माग गर्‍यौँ। प्राधिकरणका प्रमुखबाट पटक पटक रकम उपलब्ध हुने आश्वासन पनि पायौँ। तर अहिलेसम्म एक पैसा पाएका छैनौ, किन ? पञ्चायती व्यवस्थामा यस्तै हुने गर्थ्यो। हामी त्यसको विरुद्ध लड्यौँ र देशमा गणतन्त्र स्थापना गर्‍यौँ। जनताले हिजोको पंचायती व्यवस्था र आजको गणतन्त्रमा के फरक पाए ?

आश्चर्यको कुरा त के हो भने सम्पदा पुन:निर्माण उपभोक्तालाई दिने रकम सीमा एक करोडबाट बढाउनुपर्‍यो भनेर हामीले नै आवाज उठायौँ। भूकम्पबाट प्रभावित संरचनाको पुन:निर्माणसम्बन्धी सार्वजनिक खरिद कार्यविधि २०७२ लाई संशोधन गरी उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण गर्न सकिने शीर्षकमा 'भूकम्पबाट क्षति पुगेका राष्ट्रिय महत्त्वका पुरातात्त्विक सम्पदाहरूको जीर्णोद्धार तथा पुन:निर्माणको लागि सम्बन्धित नगरपालिकाको सिफारिसमा १० करोडसम्म लागत अनुमान भएका योजनाहरू नगरपालिकाद्वारा गठित उपभोक्ता समितिमार्फ गर्न सकिने' व्यवस्था गरियो। २०७५ सालमा सार्वजनिक खरिद कार्यविधि संशोधनपछि हामी खुशी भयौँ। हामीले पहिले भनपा रहेको भवन, इखालाछी मठलगायत उपभोक्ता समितिमार्फत पुन:निर्माणको लागि स्वीकृति पाउन पटक पटक अनुरोध गरी पत्र लेख्यौँ तर अहिलेसम्म स्वीकृति पाएनौँ। नगरपालिका स्वयंले बनाउन कानून बमोजिम स्वीकृति माग गर्दा पाएनौँ भने अब धेरै ठूल्ठूला कुरा गर्नुको अर्थ छैन।

मौलिक शैलीमा पुन:निर्माण गर्दा सम्पदाहरूको लागि धेरै काठको आवश्यकता पर्छ। काठको अभावले पनि कतिपय संरचनाहरू पुन:निर्माणमा बाधा पुगिरहेको छ। यसर्थ हाम्रो सम्पदा हामी आफैले बनाउने भावना भए सम्पदाहरूको लागि आवश्यक साइजको काठ नेपाल सरकारले उपलब्ध गराउने व्यवस्था हुनुपर्छ।

भक्तपुर नगरपालिकाले कला–संस्कृति संरक्षण विधेयक पारित गरेको छ। नगरको पुरानो क्षेत्रको सिमाङ्कन गरी त्यस क्षेत्रलाई स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सांस्कृतिक क्षेत्र घोषणा गरिएको छ। त्यस क्षेत्र भित्र मौलिक शैलीमा घर बनाउने घर धनीहरूको लागि मोहडामा लाग्ने इँटा, काठ र झिँगटीको मूल्याङ्कन गरी ३५ प्रतिशत अनुदान नगरपालिकाले दिँदै आएको छ। साथै सांस्कृतिक क्षेत्र भित्रका घर जग्गा स्थानीयबाहेक अरूले खरिद बिक्री गर्न नपाउने व्यवस्था पनि सो ऐनमा छ। हाम्रो संस्कृति र सम्पदाको संरक्षणको निम्ति हामीले यस्तो कानून बनाउनु परेको हो तर केही सम्पदा विरोधीहरू सर्वोच्च अदालतमा गएर रिट दर्ता गरेपछि अदालतको अन्तरिम आदेशले यो काम रोकिरहेको छ।

पुन:निर्माणका समस्या समाधानका लागि निजी आवास निर्माणमा लाभग्राहीहरूलाई एकमुष्ट रकम दिने, अनुदान रकममा वृद्धि गर्नुपर्ने, माटो जोडाइले बनेका घरहरूलाई पनि अनुदानको व्यवस्था गर्ने, सम्पदाको लागि आवश्यक काठको व्यवस्थालगायतका कार्यमा प्राधिकरणले ध्यान दिन सके पुन:निर्माण कार्य तीव्र गतिमा अगाडि बढ्नमा मद्दत पुऱ्याउनेछ।

(भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिबाट सहरी आवास पुन:निर्माणका रणनीतिक मुद्दाहरू र भावी कार्यदिशाको विषयमा २०७७ चैत्र २० गते काठमाडौँमा आयोजित एकदिने कार्यशाला गोष्ठीमा व्यक्त मन्तव्य।)


भक्तपुर नगरपालिकाको

रेडियो कार्यक्रम

'ख्वप सः' अर्थात्
'भक्तपुर आवाज'

भक्तपुर एफ.एम १०५.४ मेगाहर्जमा सुन्नुहोस्

बुधबार : बिहान ७:३० देखि ८:३०
शुक्रबार : साँझ ६:३० देखि ७:०० सम्म
सोमबार : बिहान ७:०० देखि ७:३० सम्म

# नेपाल कम्युनिस्ट पार्टी स्थापनाकालीन घोषणा पत्र

'पहाड पर्वत खोला नाला जग्गा जमीन सबको
*मालिक हामी दास बनौँ किन हिस्सा सबमा सबको !'*

विगत ४० वर्षमा दुई विश्व युद्धहरू भए। पहिलो विश्वयुद्धको फलस्वरूप संसारको ६ खण्डको एक खण्ड जमिन पुँजीवादी घेराबाट अलग भयो र त्यहाँ समाजवादी सोवियत संघको जन्म भएको छ र सबल वैज्ञानिक समाजवाद महान् ऐतिहासिक यथार्थतामा फेरिएको छ। यो महान् ऐतिहासिक यथार्थता पुँजीवादी तथा सामन्ती दासत्व विरुद्ध विद्रोह गर्न सबै मुलुकहरूका शोषित र श्रमजीवी जनतालाई निरन्तर आह्वान हो। अतः बेलायत, फ्रान्स र अमेरिकाका पुँजीवादी शासकवर्गहरूले सोभियत संघको विरुद्ध हिटलरी फासिष्टवादलाई उठाए र प्रत्यक्ष रूपले दोस्रो विश्व युद्धको लागि बाटो बनाई दिए, तर दोस्रो विश्वयुद्धको फलस्वरूप सोभियत संघ ध्वस्त नभएको मात्र होइन, बरू पूर्वी तथा दक्षिणपूर्वी युरोपका कैयन मुलुकहरूले आफूलाई पुँजीवादी साम्राज्यवादी कैदबाट मुक्त पारेर समाजवादी विश्वको सीमानालाई विस्तारित पारे। दोस्रो विश्वयुद्धको फलस्वरूप, अन्तर्राष्ट्रिय मजदुर आन्दोलनले ठूलो फड्को मारेको छ र औपनिवेशिक जनताहरूले खुला सशस्त्र विद्रोहको बाटो लिएका छन्। यसरी विश्व पुँजीवादका मोर्चा र पृष्ठभाग गम्भीर खतरामा परेका छन्।

दक्षिणपूर्वी एसियामा चलिरहेको क्रन्तिकारी छाल हाम्रो प्यारो मुलुक नेपालमा पनि आई पुगेको छ। एक युग पुरानो सामन्ती अत्याचारलाई हाँक दिँदै नेपालको मजदुरवर्गले पहिलोपल्ट मार्च १९४७ (२००३ फागुन)मा संग्राममा प्रवेश गऱ्यो। विराटनगर जुट तथा कपडा मिलहरूका मजदुरहरूले बाँच्नलायक ज्याला र कामगर्ने राम्रो अवस्थाका लागि हडताल गरे। गुप्त रूपमा क. मनमोहन अधिकारीको नेतृत्वमा बनेको मजदुर युनियनले त्यसको नेतृत्व गऱ्यो। भारतको विश्वासघाती समाजवादी नेता र निष्कासित राणाहरूद्वारा समर्थित नेपाली राष्ट्रिय काँग्रेस नेताहरूले हडतालप्रति विश्वासघात गरे। हडतालको छाल राजधानीमा पनि फैलियो। काठमाडौँमा, बिजुली तथा टक्सार विभागका सरकारी कर्मचारी र बैंक तथा अस्पताल कर्मचारीहरूले त्यस्तै मागहरू राखेर हडताल गरे। हडतालीहरू कति दृढ थिए भने सरकार तलब बढाउन र राशन दिन बाध्य भयो। काठमाडौँ उपत्यकाभित्र मात्र तलबबृद्धि र अन्न खरिद सुविधाहरू सीमित भए पनि नेपालका सम्पूर्ण जनताले त्यसलाई आफ्नै विजयको रूपमा लिए र आफ्ना अधिकारहरूको सुरक्षार्थ जनसंघर्षको खाँचोलाई बुझे।

## १

१३८५ (विसं १४४१) देखिन् सामन्ती निरंकुशहरूले नेपालमा शासन गर्दैछन्। यी शताब्दीहरूको क्रममा भएका परिवर्तनहरूले राणाहरूको निरंकुशवादलाई मात्र बलियो पारेका छन्। नेपालको केही भागमा पुँजीवादी उत्पादन लागु भए पनि अझसम्म सामन्ती उत्पादन प्रणाली र प्रशासनको निर्णायक प्रभाव रहेको छ।

मुलुकमा अझसम्म आत्मनिर्भर प्राकृतिक अर्थतन्त्रको प्रभुत्व छ, तर यो मर्दो रूपमा छ। किसानहरूले आफ्नो खाद्यान्न मात्र होइन आफूले उपयोग गर्ने धेरैजसो चीज आफै पैदा गर्छन्। राणा, जमिन्दार, द्वारे, ठालु र मुखियाहरूले किसानहरूबाट उठाएको तिरो आफ्नै व्यक्तिगत मोजमज्जामा खर्च गर्छन्। पहिले सो तिरोलाई चीजहरूको साटासाटमा प्रयोग गरिन्थ्यो। अहिले सामन्ती परजीवीहरू यस्तो प्रणाली लागु गरेका छन् तापनि त्यसको अझसम्म निर्णायक प्रभाव छैन।

धेरैजसो जमीन सामन्ती शासक वर्ग, अर्थात राणा, साहेबज्यू, घरानियाँ, जमिन्दार र गुरूज्यूहरूको मालिकत्वमा छ। किसानहरूको मालिकत्वमा ज्यादै थोरै जमीन छ, वा जमीनै छैन। किसानहरूले आफ्नै ज्यावल प्रयोग गरेर आफ्ना मालिकहरूको जमीन जोत्छन् र ती मालिकहरूको लोभ पूरा गर्न आफ्नो बालीको तीन चौथाई हिस्सा बुझाउँछन्। १९२४ (विसं. १९८१)मा दास प्रथाको उन्मूलन भए पनि अझसम्म घृणित खालको शारीरिक दण्ड दिने चलन छँदैछ। अझसम्म सामन्ती मालिकहरूले १५ दिनसम्म किसानहरूलाई थुन्ने कानुनी अधिकार पाएका छन्। वास्तवमा किसानहरूको स्थिति भूदासको भन्दा राम्रो छैन।

किसानहरूले सारा राणाहरू र सामन्ती मालिकहरूद्वारा गरिने शोषणको असह्य भार बोक्नुपरेको छ र त्यसका साथै, नजराना, कर तथा बेगारी दिएर सम्पूर्ण सामन्ती नोकरशाही र जनविरोधी सरकारी सेनालाई पनि कायम राख्नुपरेको छ। मल्ल वंशको शासनकालमा नेपालमा धेरै सामन्तहरूले शासन गर्थे। तर १७६९ (विसं. १८२५)देखिन् पृथ्वीनारायण शाहको पालादेखिन् नेपाल राणाहरू र तिनका सामन्ती पिठ्ठुहरूद्वारा शासित एक केन्द्रीकृत सामन्ती निरंकुश राज्य बनेको छ।

नेपाली किसानहरूले कुनै पनि व्यक्तिगत, शारीरिक वा राजनैतिक स्वतन्त्रताको उपभोग न पहिले गरेका थिए, न अहिले गरेका छन्। सामन्ती शासक गुटद्वारा गरिएको कठोरतम्

रूपको शोषण तथा उत्पीडनले गर्दा नेपालको सामाजिक व्यवस्था शताब्दीयौँदेखिन् प्रायः गतिहीन रहेको छ ।

'कोत पर्व' को रूपमा परिचित बल प्रयोगद्वारा सत्ता अपहरणबाट राणाहरू सत्तामा आउने बित्तिकै, विदेशी साम्रज्यवादीहरूले नेपालमा छिटो-छिटो आफ्नो प्रभाव बढाउन थाले । यो कतिसम्म बढेको छ भने आज नेपाल वास्तवमा विदेशी साम्राज्यवादीहरूको अर्ध-उपनिवेश रहेको छ । त्यसबेला देखिन् नेपाल बृटिश साम्रज्यवादीहरूका लागि भरौटेहरू भर्ती गर्ने एक मुख्य स्थान बनेको छ । महाराणा त्यसको मुख्य एजेन्ट रहेको छ । आज पनि भारतको पुँजीवादी नेहरू सरकारले ब्रिटिश साम्राज्यवादीहरूलाई ब्रिटिश उपनिवेशहरूको मुक्ति संघर्षलाई दबाउन भोका युवा किसानहरू मध्येबाट हजारौँ सिपाही भर्ती गर्न दिइरहेको छ । ब्रिटिश एकाधिकार पुँजीको नाफाको रक्षा गर्न अपराधी महाराणाले गरीब नेपाली युवकहरूको जीवन र रगतको बिक्री गरिरहेको छ ।

यसका अतिरिक्त, वाल स्ट्रीटका एजेन्टहरूले नेपालमा प्रभुत्व जमाएका छन् र उनीहरू हाम्रो पवित्र भूमिमा सोभियत विरोधी सैनिक अड्डाहरू बनाउने योजना गर्नमा व्यस्त छन् । भारतीय पुँजीवादी पनि नेपालमा आफ्नो शोषणका जालहरू फैलाउँदै छन् । नेपालमा जनवादी आन्दोलनको उठ्दो लहरको विरूद्ध आफ्नो स्थितिलाई बलियो पार्न महाराणाले उक्त सब विदेशी शोषकहरूलाई निम्त्याइरहेको छ । के कुरो स्पष्ट छ भने जो शासक अंग्रेज-अमेरिकी साम्राज्यवाद र भारतीय पिछलग्गुहरूको दलाल मात्र बनेको छ, उसले भोला जनताको एउटा पनि समस्या हल गर्न सक्दैन । उसले जनताका समस्याहरूलाई बढाउन र चर्काउन मात्र सक्छ र वास्तवमा अहिले उसले यस्तै गर्दैछ ।

यस्तो भयानक थिचोमिचिको विरुद्ध नेपाली जनता आन्दोलित भएका छन् । पुँजीवादी उत्पादन प्रणालीको स्थापनाले गर्दा आधुनिक समाजको सबभन्दा क्रान्तिकारी वर्ग, मजदुर वर्गको जन्म हुँदैछ । घृणित महाराणाको विरुद्ध प्रजातान्त्रिक अधिकारहरूका लागि ऐतिहसिक हडताल संग्रामहरूमा नेपालको मजदुर वर्गले आफ्नो क्रान्तिकारी गुणको प्रदर्शन गरिसकेको छ । नेपालको इतिहासमा सर्वप्रथम जनताले राजनैतिक अधिकारहरूको माग गरेर काठमाडौँका सडकमा प्रदर्शन गरे । फेरि, नेपालको जीवनमा पहिलोपल्ट विद्यार्थीहरूले शिक्षण संस्थाहरूभित्र राजनैतिक सभाहरू गरे र उनीहरू नागरिक अधिकारहरूको माग बुलन्द गर्दै सडक प्रदर्शनमा उत्रे । उक्त आन्दोलनलाई निर्ममतापूर्वक दबाइयो, तर पनि शासक वर्गले बाध्य भएर जनताले नागरिक अधिकारहरू दिने र राजबन्दीहरू छाडिदिने कबुल गर्नुपरेको थियो । लडाकू जनताले यसलाई ठीक रूपमा महाराणा र उनको गूटका कमजोरीको स्वीकारोक्ति र आफ्नो बढ्दो तागतको प्रमाण ठानेका छन् ।

## २

दोस्रो विश्वयुद्धको अन्तपछि सम्पूर्ण संसार दुई शिविरमा विभाजित भएको छ - अमेरिका तथा अंग्रेज एकाधिकारी पुँजीद्वारा नेतृत्व गरिएको साम्राज्यवाद, प्रतिकृयावाद तथा युद्धको शिविर र समाजवादी सोभियत संघद्वारा नेतृत्व गरिएको साम्राज्यवादविरोधी, जनवाद तथा शान्तिको शिविर ।

अंग्रेज-अमेरिकी साम्राज्यवादी युद्धखोरहरूले संसारभर प्रत्येक मुलुकभित्र जनवादी शक्तिहरूको उठ्दो लहर विरुद्ध प्रतिक्रियावादीहरूलाई सक्रिय सहयोग गरिरहेका छन् र उपनिवेश तथा अर्ध-उपनिवेशहरूका मुक्ति संघर्षहरूको विरुद्ध आक्रमणकारी युद्ध चलाइरहेका छन् । आसन्न पुँजीवादी संकटबाट उम्कने र अमानवीय शोषणको आफ्नो टाटपल्टेको पुँजीवादी व्यवस्थालाई जोगाउने उद्देश्यले तिनीहरूले सोभियत संघ र लोक जनवादी राज्यहरूको विरुद्ध तेस्रो विश्वयुद्ध भड्काउन हतारमा तयारी गर्दैछन् ।

नेपालका शासक गुटहरूले यस साम्राज्यवादी शिविरलाई खुल्ला रूपमा साथ दिएका छन् र आज प्रतिक्रियावादका इमान्दार चाकरको रूपमा काम गर्दैछन् । आफ्नो जालसाजी प्रचारयन्त्रको व्यापक प्रयोग गरेर राणाहरूले जनतालाई के विश्वास दिलाउन खोज्दैछन् भने बेलायत, अमेरिका र भारतसित भएको उनीहरूको विश्वासघाती गठबन्धनले हाम्रो जनताका लागि शान्ति-सुख ल्याउने छ । स्वर्गीय प्रधानमन्त्री पद्मसम्शेर राणाले कतिसम्म पनि भनेका छन् भने नेपालमा प्रजातन्त्र स्थापना भइसकेको छ । बर्तमान प्रधानमन्त्री मोहनसम्शेर राणाले आधुनिक राज्यको रूपमा नेपालको निर्माण गर्न एक पञ्चवर्षीय योजनाको घोषणा समेत गरेका छन् । तर यी आँखामा धुलो फ्याँक्ने कुरा मात्र हुन् । वास्तवमा राणाहरूको तरिका अमेरिकी युद्धखोरहरूको सेवामा नेपाललाई युद्ध अखाडा बनाउनदिने तरिका हो । बृटिश साम्राज्यवादको रक्षामा नेपालको मानव शक्ति प्रदान गर्ने तरिका हो, र नेपालको व्यापारमा तथा वाणिज्यमा भारतीय पुँजीपतिवर्ग र त्यसको नेहरू सरकारको सेवामा लगाउने तरिका हो । महाराणासित सन्धि गरेर केही अमेरिकी व्यापारिक संस्थाहरूले आगामी तीस वर्षका लागि पश्चिम नेपालको केही भागहरूलाई आफ्नो नियन्त्रणमा लिइसकेका नै छन् । काठमाडौँस्थित अमेरिकी मिशनले मुलुकलाई आफ्नो उपनिवेशमा परिणत गर्न जोडतोडले काम गर्दैछ ।

१८५७ (विसं. १९१४ भारतको सिपाही विद्रोह)देखिन् नेपालको मानव शक्तिको उपयोग गरिआएका बृटिश साम्राज्यवादीहरू पनि यस निन्दनीय काममा त्यत्तिकै संलग्न

छन् । बृटिश, भारतीय र नेपाल सरकारहरू बिच नबेम्बर ९, १९४७ (२००४ कार्तिक २४)काठमाडौँमा हस्ताक्षर गरिएको सन्धिको एउटा धारा यसप्रकारको छ – 'भारतीय सरकारले के कुरालाई सकारेको छ भने भारत वा नेपालको कुनै ठाउँमा अर्को भर्ती केन्द्र नबनेसम्म बृटिश सरकारले पहिलेझैँ गोरखपुर र घुमका भर्ती केन्द्रहरूको प्रयोग गर्नेछ ।'

उपरोक्त एउटै धाराले नेहरू सरकार र महाराणा सरकारको 'तटस्थता' तथा 'स्वाधीनता' सम्बन्धी कथालाई धुजाधुजा पारिदिएको छ । फेरि सो धाराले के नांगो सत्यलाई प्रमाणित गरेको छ भने नेहरू सरकार र नेपाल सरकार दुवै प्रतिक्रियावाद तथा युद्धको साम्राज्यवादी शिविरका सक्रिय सहभागी तथा चाकर हुन् ।

नेपाली जनताको दुर्भाग्य यतिमा मात्र सीमित रहेको छैन । नयाँ दिल्लीमा आफ्नो सरकारको संरक्षण तथा निर्देशन पाएका भारतीय ठूलो बन्दव्यापारले एक ठूलो युद्धमा नेपालको ढोका 'खोलिरहेको' छ । विडला, सिंघानिया र चौधरियाले नेपालमा जुट, कपडा र चिनी मिलहरू खोलेका छन् । नेहरू सरकार आफैले कोशी योजना लिएको छ । आज नेपालमा लगानी गरिएको अधिकांश हिस्सा भारतीय पुँजीपतिहरूको छ । यी भारतीय पुँजीवादी लुटेराहरू नेपालका सस्तो श्रम र प्राकृतिक साधन स्रोतहरूको शोषणमा लागेका छन् र उनीहरूको उद्देश्य आफ्नै थैली भर्नु हो र नेपालको औद्योगिकीकरण गर्नु होइन, किनभने उनीहरू औद्योगिकीकरण गर्न अनिच्छुक मात्र होइन, असमर्थ पनि छन् । यसरी नेपाली जनता दोहोरो शोषणको जाँतोमुनि पिसिँदै छन् – सामन्ती शोषणलाई पुँजीवादी शोषणले टेवा दिँदैछ । आफ्नो प्राकृतिक अर्थतन्त्रको स्थितिबाट छुट्टिएर नेपाल अचानक विश्व पुँजीवादी अर्थतन्त्रको आँधीमा पर्नगएको छ र आसन्न संकटको खतरनाक समाघातमा परेर काँपिरहेको र टुटिरहेको छ । यसबाट नेपाली जनताको मुक्ति होइन, विनाश हुने छ ।

त्यसैले नेपाली जनताले एउटा भिन्न बाटो लिनुपर्छ । त्यो बाटो हो – विश्व जनवादी शिविरसित सक्रिय मेल गरी विद्यमान सामन्ती व्यवस्था र नेपालमाथिको साम्राज्यवादी–पुँजीवादी आधिपत्यलाई पूरैसित खतम पार्नु र मजदुर वर्गको नेतृत्वमा मेहनतकश जनताको जनवादी राज्य स्थापना गर्नु, अर्थात यस्तो राज्य व्यवस्था स्थापना गर्नु जसमा जनता राष्ट्रको सम्पत्तिको मालिक हुनेछन् र त्यसलाई आफ्नै फाइदाका लागि विकसित गर्ने छन् । विजयी समाजवादको देश सोभियत संघको अनुभव र पूर्वीयुरोपका लोक जनवादी राज्यहरू, नयाँ चीन, उत्तर कोरिया तथा अघि बढिरहेका औपनिवेशिक जनताका अनुभवहरूले नेपाली जनतालाई दिन प्रतिदिन यस गौरवपूर्ण संघर्षमा प्रेरणा दिँदैछन् किनभने तिनले सर्वत्र उत्पीडित जनतालाई प्रेरणा दिन्छन् ।




नेकपाका संस्थापकहरू : पुष्पलाल श्रेष्ठ, नरबहादुर कर्माचार्य, निरञ्जनगोविन्द वैद्य, नारायणविलाश जोशी र मोतीदेवी श्रेष्ठ

*तस्बिर साभारः अनलाइनखबर/लेफ्टरिभ्युअनलाइन*

सामन्ती व्यवस्था र नेपालमाथिको साम्राज्यवादी आधिपत्यलाई खतम पार्ने संघर्षमा मजदुर वर्गले अग्रणी भुमिका खेल्नुपरेको छ र यो इतिहासले त्यसको काँधमा हालिदिएको अभिभारा हो । आज सङ्ख्यामा थोरै भए पनि, नेपालको मजदुर वर्ग पुँजीवादी शोषण तीव्र हुँदै गएको सिलसिलामा दिन प्रतिदिन सङ्ख्यात्मक र राजनैतिक दृष्टिले बलियो हुँदैछ । सोभियत संघको कम्युनिस्ट पार्टी (बो.) को इतिहासमा कामरेड स्टालिनले भन्नुभएको छ – **'त्यसैले हामीले आफ्नो कार्यदिशाको आधार समाजका त्यस्ता अंगहरूलाई बनाउनु हुन्न, जो प्रमुख शक्ति रहेता पनि, विकसित भइरहेका छैनन् । बरू हामीले त्यस्ता अंगहरूलाई आफ्नो आधार बनाउनु पर्छ, जो अहिले प्रमुख शक्ति नरहे तापनि, विकसित भइरहेका हुन्छन् र जसको सामु भविष्य छ ।'**

नेपालमा विकासशील वर्ग संघर्षप्रति यस्तो द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणको मद्दतबाट मात्र क्रान्तिकारीहरूले सही रणनीतिको प्रतिपादन गर्न र त्यसलाई मार्क्स, एंगेल्स, लेनिन, स्टालिनको अजेय झण्डामुनि विजयसम्म बढाउन सक्नेछन् ।

**३**

हामी नेपालका मजदुर, किसान, सिपाही, श्रमजीवी, मध्यम वर्गहरू र सारा प्रजातन्त्रप्रेमी जनतालाई के अपील गर्छौं भने उनीहरू सामन्ती एकतन्त्रवादको विरूद्ध आफ्ना सबै प्रिय आकांक्षाहरूको सिद्धीकरणका लागि एउटा साझा मोर्चामा एकगठ होउन् । हामीलाई के कुरामा पूर्ण विश्वास छ भने जनवादी शक्तिहरू तलको जनवादी कार्यक्रमको आधारमा ठोस रूपले एकगठ हुन सक्छन् :–

१. सामन्ती एकतन्त्रवाद तथा विदेशी आधिपत्यको पूर्ण उन्मूलन

र पूर्ण तथा वास्तविक स्वाधीनता ।

२. मजदुर, श्रमजीवी किसान र उत्पीडित निम्नपुँजीपति वर्गको प्रतिनिधित्व गर्ने जनवादी सरकार जसले अंग्रेज–अमेरिकी साम्राज्यवाद र त्यसका भारतीय पिछलग्गुहरूसित सहयोगको विरोधी हुन्छ र जसले शान्ति तथा सबै जातिहरूको स्वतन्त्राका लागि कृयाशील जनवादी राज्यहरूसित सहयोग गर्दछ ।

३. बालिग मताधिकारमा आधारित संविधान, जसले सर्वसाधारणलाई पूर्ण स्वतन्त्रता तथा प्रजातन्त्र र आधारभूत ग्यारेण्टी गर्दछ । विशेषाधिकारहरू र जातपात, नश्ल र जातिको आधारमा गरिने भेदभाव कानुनद्वारा खतम पारिने छ र यसको उल्लंघनलाई कानुनद्वारा दण्डनीय पारिने छ ।

४. बिनामुआब्जा जमीनदारी प्रथा र सबै खालको सामन्ती शोषणको उन्मूलन र जोताहाहरूलाई जमीनको वितरण गर्नु, ग्रामीण ऋण खतम गर्नु, कृषि मजदुरहरूलाई जीवनयोग्य ज्याला ।

५. बैंक, औद्योगिक तथा यातायात व्यवसाय, बाटिका, खानी आदिमा लगाइएको विदेशी पुँजी राज्यद्वारा जफत गर्नु र ती व्यवसायहरूको राष्ट्रियकरण गर्नु ।

६. ठूलठूला उद्योगहरू, ठूला बैंकहरू र बीमा कम्पनीहरूको राष्ट्रियकरण, मजदुर नियन्त्रणको ग्यारेण्टी, न्युनतम जीवनयोग्य ज्याला, आठ घण्टा कामको दिन आदि ।

७. मुलुकका साधन श्रोतहरूको विकास गर्न आर्थिक योजना र रणनीतिक आर्थिक केन्द्रहरूबाट ठूलो व्यवसायलाई हटाउनु । निजी उद्योगहरूमा नाफामाथि नियन्त्रण ।

८. सबै दमनकारी कानुनहरू खारेज गर्नु ।

९. नोकरशाहीको उन्मूलन र निर्वाचित अधिकारीहरू सहितको र जनसमितिहरूद्वारा निर्देशित प्रशासन ।

१०. आम जनतालाई सशस्त्र पार्नु र जनताको जनवादी सेना स्थापना गर्नु ।

११. स्वतन्त्र शिक्षा र अनिवार्य प्राथमिक शिक्षा प्राप्त गर्ने अधिकार ।

१२. महिलाहरूलाई समान प्रजातान्त्रिक अधिकारहरू ।

जनवादी मोर्चा र यसको निर्माण गर्ने नेपाल कम्युनिस्ट पार्टीले नेपालका विश्वासघाती राजनैतिक पार्टी तथा नेताहरूको विरुद्ध दृढ रूपमा संघर्ष गर्नुपर्छ र जनताका झुठा मित्रहरूलाई निर्ममतापूर्वक उदांग र एक्लो पार्नुपर्छ । जति हदसम्म बिगार्नेहरूको विरुद्ध संघर्ष चलाई तिनलाई परास्त गरिन्छ, त्यति हदसम्म नै नेपालमा जनसंघर्षले वास्तविक क्रान्तिकारी वेग प्राप्त गर्नेछ ।

नेपाली राष्ट्रिय कांग्रेस (रेग्मी गुट र कोइराला गुट) र तथाकथित प्रजातन्त्र काँग्रेसले नेपाली जनताका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय हितहरूप्रति विश्वासघात मात्र गरेका होइनन् कि नेपालको सामन्ती निरंकुशतावादसित भारतको प्रतिक्रियावादी पुँजीवादी नेहरू सरकारसित र अंग्रेज–अमेरिकी युद्धखोरहरूसित सहयोग गर्ने निर्लज्ज नीतिको अनवरत रूपले अनुसरण गरिरहेका छन् । आफ्ना मुखपत्र र भाषणहरूमा उनीहरूले सोभियत संघ, गौरवशाली चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा चिनियाँ जनताको वेगवान् विजय, मलाया, भियतनाम, श्याम (थाइलान्ड) तथा इण्डोनेसियाको विरुद्ध विषालु बद्नामीहरू ओकलिरहेका छन् । उनीहरूको भनाइ अनुसार महाराणाको घृणित सरकार नेपालका श्रमजीवी जनताको साझा शत्रु होइन । उनीहरूको भनाइ अनुसार, कम्युनिज्म र कम्युनिस्टहरू नेपालका लागि मुख्य खतरा हुन् र उनीहरू कम्युनिज्मको विरुद्ध आफ्नो 'पवित्र अभियान'मा महाराणाको रक्तरञ्जित हातसित हात मिलाउन समेत इच्छुक छन् । कम्युनिज्मको विरुद्ध उनीहरूको पाखण्डी घृणामा मौलिक कुरो केही पनि छैन । यो त संसारभरका जनशत्रुहरूको सुपरिचित तथा दिवालिया नीति हो । कम्युनिज्म–विरोधलाई आवरण बनाएर उनीहरू आफ्नो अपराधपूर्ण निहित स्वार्थको रक्षा गर्न शोषित जनताको विरुद्ध लड्ने गर्दछन् ।

उदयमान मध्यम वर्गको सानो तहको प्रतिनिधित्व गर्ने रेग्मी र खुद आफै सामन्ती मालिक रहेका असन्तुष्ट राणाहरू श्रमजीवी जनताको शोषणलाई खतम पार्नमा बिल्कूल चासो राख्दैनन् । उनीहरू विद्यमान सत्तासित सम्झौता गर्न चाहन्छन् र जनताको रगत चुस्नमा उचित हिस्सा प्राप्त गर्न मात्र उत्सुक छन् । आफ्ना खराब उद्देश्य सिद्ध गर्नका लागि उनीहरू जनताको वास्तविक असन्तोषसित खेलवाड गर्दछन्, विरोधको टोपी लगाउँछन् र नक्कली वीरता देखाउँछन् । तर सदासर्वदा उनीहरू आमजनताको क्रान्तिकारी शक्ति र अग्रसरतालाई रोक्न भगीरथ कोशिश गर्दछन् । तर जब जनअसन्तोषले सारा छेकबारलाई भत्काउन लागेको हुन्छ, अनि यी बाग्बहुल वीरहरू संघर्षरत जनताको पीठपछाडि संघर्षलाई फिर्ता लिन्छन् र महाराणासित गर्हित सम्झौता गर्छन् । उनीहरूले हालसालै मात्र यसो गरेका छन् ।

कम्युनिस्टहरू श्रमजीवी जनताको संघर्षका सबभन्दा सम्झौताहीन समर्थक हुन् । त्यसैले स्वभावतः यी गद्दारहरू कम्युनिस्टहरूको विरुद्ध आफ्नो मुख्य हमलालाई केन्द्रित पार्छन् । शोषित जनताप्रतिको विश्वासघात र शोषक वर्गहरूप्रतिको अधीनस्थतालाई लुकाउन उनीहरूले 'तेस्रो बाटो' को झुठो नारा उठाएका छन् । अंग्रेज–अमेरिकी एकाधिकारी पुँजीको नेतृत्वमा रहेको पुँजीवादको शिविर र सोभियत संघ तथा अन्तर्राष्ट्रिय मजदुर वर्गको नेतृत्वमा रहेको समाजवादको

शिविरका माझ स्पष्ट रूपले विभाजित संसारमा कुनै 'तेस्रो बाटो', कुनै 'मध्यम मार्ग'को नीति हुन सक्दैन । उपर्युक्त दुई बाटोमा एउटा सबैले चुन्नै पर्छ । 'तेस्रो बाटो'को नारा प्रतिक्रियावादसितको गठबन्धन र विश्वासघाती अनुहारलाई लुकाउन प्रयोग गरिएको राजनैतिक छद्मभेष हो । नेहरूको 'तेस्रो बाटो' यसको एउटा घिनलाग्दो प्रमाण हो ।

नेहरूले 'तेस्रो बाटो'बाट सुरु गरेर केही महिनाभित्रै उनी साम्राज्यवादी-पुँजीवादी-सामन्ती गठबन्धनको शिविरमा सामेल भए । 'तेस्रो बाटो'को अनिवार्य गन्तव्य स्थान यही हो । यो अन्तर्राष्ट्रिय सामाजिक जनवादको घृणित झण्डा हो, मजदुर वर्गप्रति विश्वासघातको झण्डा हो ।

हामी नेपालका प्रजातन्त्रवादी जनतालाई के आह्वान गर्छौं भने उनीहरू यी झुठा मित्रहरूबाट, यी नक्कली प्रजातन्त्रवादीहरूबाट सतर्क होउन् र उनीहरूले सोभियत संघद्वारा नेतृत्व गरिएको विश्वसाम्राज्यवाद विरोधी शिविरको पक्षमा दह्रो अडान लेउन् र लोक जनवादका लागि सम्झौताहीन संघर्षलाई अघि बढाउन् ।



नेपाल कम्युनिस्ट पार्टी स्थापनाको बैठकमा उपस्थित सदस्यहरू पुष्पलाल श्रेष्ठ, नरबहादुर कर्माचार्य, निरञ्जनगोविन्द वैद्य, नारायणविलाश जोशी

*तस्बिर साभार : लेफ्टरिभ्युअनलाइन*

## शोषित, पददलित जनताका पंक्तिमा रहेका दाजुभाइ दिदीबहिनीहरू हो !

संसारका संघर्षरत जनताको नेता समाजवादी सोभियत संघको विरुद्ध हाम्रो पावित्र मातृभूमिलाई युद्ध अखडामा फेर्ने अपराधी योजनालाई विफल पार्न दृढ रूपमा संघर्ष गर्नुहोस् ! नेपालका श्रमजीवी जनताले कहिले पनि सोभियत संघको विरुद्ध संघर्ष गर्ने छैनन्, आफ्नो वर्गीय दाजुभाइहरूको विरुद्ध कहिले पनि हात उठाउने छैनन् ।

विदेशमा साम्राज्यवादी डकैतीको रक्षार्थ रगत बगाउन इन्कार गर्नोस् ! नेपालका गरीब जनताले अरू मुलुकहरूमा गरीब जनताको शोषण गर्नमा साम्राज्यवादी उपनिवेशवादीहरूलाई किन मद्दत गर्ने ? नेपालका गरिब जनताले हाम्रो मुलुक र जनतामाथि अधिपत्य जमाइरहेको उही अंग्रेज-अमेरिकी साम्राज्यवादीहरूलाई बलियो पार्न आफ्नो जीवनको बलिदान किन गर्ने ? बर्मा, मलाया र अन्य दक्षिण -एसियाली मुलुकहरूका मुक्ति संघर्ष विरुद्ध लड्न इन्कार गर्नोस् किनभने ती मुलुकहरूका जनताहरू पनि उही मागहरूका लागि र उही शोषक वर्गहरूको विरुद्ध लडिरहेका छन्, जुन मागका लागि र जुन शोषक वर्गको विरुद्ध नेपाली जनता आफ्नो मुलुकमा लडिरहेका छन् । शोषितहरूको विरुद्ध होइन, शोषकहरूको विरूद्ध लड्न कम्मर कस्नुहोस् । आफ्नै दाजुभाइहरूतिर होइन, सर्वसाधारण जनताका शत्रुहरूतिर आफ्नो बन्दुक सोझ्याउनुहोस् । आफ्ना दाजुभाइहरूको विरुद्ध लड्नुको अर्थ आफ्नै दासत्वलाई बलियो पार्नु हो । घृणित महाराणा र उनका अधिकृतहरूको आदेशमा आफ्नो मुलुकका आफ्नै जनतालाई दबाउन दृढतापूर्वक इन्कार गर्नुहोस् । महाराणा र उनको साँगुरो शासक गुटले तपाईंहरूलाई तपाईंका जग्गाको हकबाट बञ्चित पारेका छन्, तपाईंहरू र तपाईंहरूका नातेदारहरूलाई भोकमरीको मुखमा हालेका छन् र अनि तपाईंहरूको अति गरिबीबाट फाइदा उठाएर आफ्नो लुटको साम्राज्य बचाउन आफ्नो सशस्त्र चाकरको रूपमा तपाईंहरूलाई भर्ती गरिरहेका छन् र विदेशी साम्राज्यवादीहरूलाई भरौटेको रूपमा तपाईंहरूको बेचबिखन गरिरहेका छन् । त्यस्तो सेनामा तपाईंहरूको जीवन एक सततः अपमान हो । आफ्नै भोका दाजुभाइ तथा दिदीबहिनीहरूलाई गोली हान्न इन्कार गर्नोस्, थिचाहा, शोषकहरूतर्फ आफ्नो संगीन सोझ्याउनुहोस् र आफ्ना संघर्षरत जनताको पक्ष लिनुहोस् । यो नै मुक्तिको बाटो, सम्मानको बाटो, जीवनको बाटो हो ।

## नेपालका मजदुरहरू हो !

तपाईंहरूले मार्च १९४७ (२००३ फागुन)का आफ्ना पहिला हडताल संग्रामहरूको बेलामा नै आफ्नो झण्डा, विश्व सर्वहारा वर्गको अन्तर्राष्ट्रिय एकताको झण्डा उठाउनु भएको छ । निष्कासित राणाहरू र भारतको समाजवादी नेताद्वारा समर्थित काँग्रेसी नेताहरूले तपाईंहरूको वर्गशत्रुसितको पहिलो मुठभेदप्रति विश्वासघात गरे पनि त्यो मुलुकभर फैलियो । कांग्रेसी गद्दारहरूले औपचारिक रूपले हडताल बन्द गर्ने घोषणा गरिसकेपछि पनि राजधानीमा विभिन्न विभागका सरकारी कर्मचारीहरूले बाँच्नयोग्य ज्याला र कामको राम्रो अवस्थाका लागि हडताल गरे । अब एकताबद्ध तागतद्वारा आफ्नो संघर्षलाई अघि बढाउनका लागि सबै जिल्लाहरूबाट प्रतिनिधिहरू राखी आफ्नो स्वतन्त्र मजदुर संघहरू गठन गर्नुहोस् र उपयुक्त महत्त्वपूर्ण मागहरूको तत्काल पूर्तिका लागि, बाँच्नयोग्य ज्याला, आठ घण्टा कामको दिन, कामको राम्रो अवस्था, सेवाको सुरक्षा, बुढेसकालमा भत्ता, केटाकेटीहरूको निम्ति मुफ्त

शिक्षा, पूर्ण मजदुर संघीय अधिकारहरूको कार्यान्वयनका लागि आफ्ना शक्तिहरूको परिचालन गर्नुहोस् ।

**मजदुर साथीहरू हो !**

एकता, संगठन र संघर्षमा हाम्रो तागत रहेको छ । नयाँ नेपाल र प्रजातान्त्रिक जीवन पद्धतिको निर्माणका लागि लालझण्डाको नेतृत्वमा नयाँ संग्रामहरूतर्फ अघि बढ्नुहोस् ।

**नेपालका श्रमजीवी किसानहरू हो !**

वर्तमान सामन्ती व्यवस्थाको विरुद्ध कठोर सम्झौताहीन संघर्षबाट नै तपाईंहरूको मुक्ति हुनेछ । यस गौरवशाली संघर्षमा तपाइँहरू न कमजोर हुनुहुन्छ, न एक्लो । तपाइँहरू मुलुकमा अत्यधिक बहुसङ्ख्यामा हुनुहुन्छ । वीरतापूर्ण मजदुर वर्ग यस संघर्षको अघिल्लो मोर्चामा उभिएको छ र नेपाल, भारत, पाकिस्तान तथा समस्त विश्वका सबै प्रजातान्त्रिक शक्तिहरू तपाईंहरूको साथमा छन् । लालझण्डाको नेतृत्वमा मुलुकव्यापी स्तरमा आफ्नो स्वन्त्र जनसंगठन बनाउनुहोस् र तलका मागहरू पूरा गर्न दृढ संघर्ष चलाउनु होस् :–

१. जमीन जोत्नेलाई देऊ !
२. खेत मजदुरहरूमा पर्ति जग्गा वितरण गर !
३. गैरकानुनी नजराना तथा बेठ–बेगारी खारेज गर !
४. त्रिभाग् तत्काल लागु गर !
५. खेत मजदुरहरूका लागि बाँच्नयोग्य ज्याला देऊ !
६. पूर्ण नागरिक स्वतन्त्रता बहाली गर !

**नेपालका विद्यार्थी तथा जनवादी युवाहरू हो !**

नेपालको पहिलो राष्ट्रिय संघर्षमा तपाइँहरूले गौरवशाली भूमिका खेल्नुभएको छ र प्रशस्त रगत बगाउनु भएको छ । युवा गंगालालको अमर प्राणोत्सर्गले तपाइँहरू धेरैजनालाई नयाँ संग्राम र नयाँ बलिदानको निम्ति अभिप्रेरित गरेको छ । १९३० (विसं. १९८७) का एकजना वीर श्री खड्गमान अझसम्म आफ्नो आँगमा सिक्री र नेलसहित जेलमा सडिरहनु भएको छ । दैनिक परिपक्क संग्रामहरूद्वारा उक्त परम्परालाई अरू उचाईमा उठाउने समय आएको छ र आह्वान गरिएको उक्त परम्परालाई अरू उचाईमा उठाउने समय आएको छ र आह्वान गरिएको छ । आजसम्म तपाइँहरूले स्वतन्त्र लडाकू जनसंगठन नहुँदा विश्वासघाती र अवसरवादीहरूले तपाइँहरूलाई मझधारमा अलपत्र छोड्ने मौका पाएका छन् । त्यसैले तलका मागहरूको लागि लड्न आफ्नो स्वतन्त्र, लडाकू, प्रजातान्त्रिक, जनसंगठन बनाउन अघि बढ्नुहोस् ।

१. सर्वसाधारण जनताका लागि पूर्ण प्रजातान्त्रिक अधिकारहरू !
२. प्रजातान्त्रिक शिक्षा प्रणाली, मुफ्त अनिवार्य प्राथमिक शिक्षा, उच्चस्तरमा सस्तो शिक्षा !
३. पूर्ण शैक्षिक एवम् प्राज्ञिक अधिकारहरू !
४. सच्चा स्वाधीन प्रजातन्त्र र शान्तिका लागि !

**नेपालका श्रमजीवी महिलाहरू हो !**

तपाइँहरूको बढ्दो संघर्ष र लडाकूपनाको स्वागत गर्दछौं । मार्च १९४७ (२००३ फागुन)मा बिराटनगर जुट तथा कपडा मिलहरूका श्रमजीवी महिलाहरूले पुरुषहरूसित काँधमा काँध मिलाएर लडेका छन् । त्यही सालमा महिलाहरूले महाराणाको सशस्त्र आतंकलाई हाँक दिँदै, काठमाडौँको सडकमा प्रदर्शन गरेका छन् । जनआक्रोसको बढ्दो स्तरदेखि डराएर, राणा सरकारले बाध्य भई नगरपालिकीय प्रशासन जनताको हातमा सुम्पियो । तर निर्वाचनमा महिलाहरूलाई मतदान गर्ने अधिकारबाट बञ्चित पारियो । नेपालको श्रमजीवी महिलाहरूले चुपचाप सहेर बस्न इन्कार गरे । एउटा प्रतिनिधि मण्डल बनाएर उनीहरू प्रधानमन्त्रीको निवास स्थानतर्फ गए । यसबाट तपाइँहरूको लड्ने तथा अधिकार प्रप्त गर्ने अठोट देखिएको छ । सामाजिक, आर्थिक तथा राजनैतिक तेहोरो थिचोमिचोको विरुद्ध लड्न आफ्नो महिला संघ गठन गर्नुहोस् र सम्झौताहीन संघर्षद्वारा त्यसलाई टेवा दिनुहोस् :–

१. समान कामको लागि समान तलब !
२. राष्ट्रिय जीवनका सबै क्षेत्रमा समान अधिकारहरू !
३. सुत्केरी सुविधा र केटाकेटीहरूका लागि सुरक्षित जीवन !
४. मुफ्त शिक्षा !
५. विदेशी साम्राज्यवादी सेनाहरूमा रहेका हाम्रो छोरा र लोग्नेहरू फिर्ता देऊ !
५. स्वतन्त्र, लोक जनवादी नेपाल !

अतः नेपाल कम्युनिस्ट पार्टी श्रमजीवी जनताको विकासशील संघर्षमा सहभागी बन्ने र त्यसलाई संगठित पार्ने तथा नेतृत्व दिने र त्यसलाई विजयसम्म अघि बढाउने काममा आफूलाई समर्पित गर्दछ । यसलाई सो बाटोबाट जस्तासुकै आतंक वा झुठो प्रचारले विचलित पार्नसक्ने छैन । अन्य पुँजीवादी तथा निम्नपुँजीवादी पार्टीहरूले पहिले जनताप्रति विश्वासघात गरेका छन् र पछि पनि गर्दै रहने छन् । नेपाल कम्युनिस्ट पार्टी, मार्क्सवाद–लेनिनवादको मार्गदर्शनमा अघि बढेको पार्टीले आँधीबेहरीमा जनताको साथ दिनेछ र यसले के प्रतिज्ञा गर्छ भने यसले सच्चा स्वतन्त्रा तथा लोकजनवादका लागि संघर्षको अघिल्लो पंक्तिमा सदा अडिग भई लडिरहने छ । नेपाल कम्युनिस्ट पार्टी शोषकहरूलाई ठोक्ने जनताको मुड्की हो । तसर्थ हामी मजदुर वर्ग, भूमिहीन तथा गरिब किसानहरूका सर्वोत्तम छोराछोरीहरूलाई र जनवादी विद्यार्थी, युवा तथा महिलाहरूलाई नेपाल कम्युनिस्ट पार्टीका जुझारू

पंक्तिहरूमा सामेल हुन आह्वान गर्दछौँ किनभने एउटा बलियो, जन आधारित कम्युनिस्ट पार्टीले मात्र जनताको लोकजनवादी क्रान्तिलाई सक्षम नेतृत्व प्रदान गरी विजयसम्म अघि बढाउन सक्दछ ।

१५ सेप्टेम्बर, १९४७

स्रोत : **पुष्पलालका छानिएका रचनाहरू**, भाग (१), लेफ्टरिभ्युअनलाइन,

## सम्पादकको टिपोट

नेपाल कम्युनिस्ट पार्टीको स्थापना मितिबारे मतभिन्नता छ । तर नेकपाको स्थापनाकालीन अर्थात पहिलो घोषणापत्र जारी मिति १५ सेप्टेम्बर, १९४७ (२००४ भाद्र ३०) मा विवाद छैन ।

त्यस्तै विवाद संस्थापक सदस्य चार कि पाँचमा पनि रहेको छ । पार्टी स्थापनाको लागि बस्न लागेको बैठकमा मोतीदेवी श्रेष्ठ आमन्त्रित रहेको तर कलकत्ता पुग्न नसकेकोमा मतैक्यता भएकोले संस्थापक सदस्यमा एक महिलासहित पाचँजना मान्दा अन्यथा हुने छैन । परन्तु मोतीदेवीको नाम कतै दुर्गादेवी लेखिएको छ, अझ कुनै वेवसाइटमा मनमोहन अधिकारीलाई समेत एक संस्थापक भनिएको छ । संस्थापक, स्थापना मितिको कुनै आधिकारिक दस्तावेज नभेटिनु विडम्बना हो ।

पहिलो घोषणापत्रको आधिकारिक दस्तावेज फेला नपरेर हो कि यसमा सङ्कलक वा प्रकाशन गर्नेहरूले हेरफेर गरेको देखिन्छ । उदाहरण –

'मल्ल वंशको शासनकालमा नेपालमा धेरै सामन्तहरूले शासन गर्थे । तर १७६९ देखिन् **पृथ्वीनारायण शाहको पालादेखिन्** नेपाल राणाहरू र तिनका सामन्ती पिठ्ठुहरूद्वारा शासित एक केन्द्रीकृत सामन्ती निरंकुश राज्य बनेको छ ।'

(**पुष्पलालका छानिएका रचनाहरू**, भाग (१)

'मल्ल वंशको शासनकालमा नेपालमा धेरै सामन्तहरूले शासन गर्थे । तर १७६९ देखिन् नेपाल राणाहरू र तिनका सामन्ती पिठ्ठुहरूद्वारा शासित एक केन्द्रीकृत सामन्ती निरंकुश राज्य बनेको छ ।'

(**नेपालमा साम्यवादी आन्दोलन : उद्भव र विकास**, २०४७, भीम रावल, पैरवी प्रकाशन, काठमाडौँ, Marxist Internet Archive, 2007)

पाठकको सहजताको लागि घोषणापत्रका ईश्वी संवत्‌सँगै विसं. कोष्ठमा दिइएको छ ।

यस अघि पुष्पलालले अनुवाद गरेको मार्क्स एंगेल्स लिखित **कम्युनिस्ट घोषणापत्र** (वर्ष ३६, अङ्क २, २०७५ पुस, सङ्ख्या २६४ मा) जस्तै नेपाल कम्युनिस्ट पार्टीको घोषणापत्र 'जस्ताको तस्तै' दिएका छौँ ।

### भक्तपुर नगरपालिका

कोभिड १९ सङ्क्रमण भएका तथा सो व्यक्तिसँग सम्पर्कमा आएका व्यक्तिहरूको PCR भएको विवरण

स्रोत : भक्तपुर नपाको फेसबुक

| वडा नं | Gender | | | Home Isolation | Hospital | निको भएको | | मृत्यु | | contact tracing 2078.1.16 | Conact tracing with PCR test Total | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | | | पुरुष | महिला | पुरुष | महिला | | | |
| १ | १५४ | १३२ | २८६ | ३२ | ४ | १३४ | १११ | २ | २ | ० | २७८ | |
| २ | १८६ | १३४ | ३२० | १३ | १ | १६८ | १३२ | ५ | १ | ० | ३५६ | |
| ३ | ६४ | ५९ | १२३ | ४ | ० | ५८ | ५५ | ५ | १ | ० | १८७ | |
| ४ | ८८ | ६४ | १५२ | ७ | ० | ७९ | ५८ | ३ | ३ | ० | २१८ | |
| ५ | ८३ | ७२ | १५५ | ४ | ० | ७४ | ७१ | ५ | ० | ० | १७२ | |
| ६ | ७७ | ७० | १४७ | ६ | ० | ६९ | ६५ | ३ | २ | ० | ३४५ | |
| ७ | ६३ | ६९ | १३२ | ३ | ० | ६५ | ५८ | ३ | १ | ० | १५८ | |
| ८ | ७९ | ८४ | १६३ | २१ | ० | ७६ | ६८ | ० | १ | ० | २२२ | |
| ९ | १३४ | १३६ | २७० | १९ | २ | १३२ | ११६ | १ | १ | ० | ४७२ | |
| १० | १२२ | १४१ | २६३ | १३ | १ | १२२ | ११३ | ३ | ५ | ० | ३६७ | |
| अन्य | ४ | २ | ६ | ० | ० | ३ | १ | ० | ० | ० | २८ | |
| जम्मा | १०५४ | ९६३ | २०१७ | १२२ | ८ | ९८० | ८४८ | ३० | १७ | ० | २८०३ | |

# सर्वदलीय बैठक : एमसीसीमार्फत ध्रुवीकरणको नयाँ प्रयास ?

**विवेक**

'एमसीसी (मिलिनियम च्यालेन्ज कम्प्याक्ट) पास गर्ने नगर्ने कुरा संसदको हो। दुई वर्षदेखि सभामुखले रोकिराखेको छ। यसरी सभामुखले रोक्न मिल्दैन। सभामुखको काम अलोकतान्त्रिक, गैरकानूनी र असंवैधानिक छ।'

उपरोक्त कुरा प्रधानमन्त्री खड्ग प्रसाद ओलीले वैशाख ४ गते बालुवाटारमा आयोजित सर्वदलीय बैठकमा व्यक्त गरेका हुन्। उनले एमसीसी अघि नबढ्नुमा सभामुखलाई दोष लगाएर चेतावनीपूर्ण भाषामा भने –'सभामुखले रोक्नु अधिकार बाहिरको कुरा हो, त्यसलाई छिट्टै सच्याइनु पर्छ। वैशाख ७ गतेको संसद बैठक अगाडि सच्याइएन भने दलहरूले सभामुखको स्वेच्छाचारी सहेर बस्ने वा सभामुखको अरु विकल्प खोज्ने दुईमध्ये एक रोज्नुपर्ने हुन्छ।'

संसदमा उपस्थित सात दलमध्ये छ ओटा दलका प्रतिनिधिहरू उपस्थित बैठकमा प्रधानमन्त्री ओलीले कोभिड रोकथाम र नियन्त्रण, जनप्रतिनिधिहरू रिक्त पदहरूमा उपनिर्वाचन (राष्ट्रिय सभा, प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तह) र एमसीसी सम्झौता संसदबाट अनुमोदनलगायतका विषयमा छलफल गर्न बोलाइएको भनिए पनि छलफल एमसीसीमा केन्द्रित थियो। नेका, जसपा, राप्रपाजस्ता दलहरू एमसीसी पारित गर्ने पक्षमा थिए भने नेमकिपा र राजमो विपक्षमा।

बैठकमा नेपाल मजदुर किसान पार्टी र राष्ट्रिय जनमोर्चाका प्रतिनिधिहरूले एमसीसी खारेज गर्नुपर्छ भनी हाकाहाकी विरोध गरे। नेमकिपाका सचिव प्रेम सुवालले जनताको तहमा विरोध भइरहेको र श्रीलंकाले खारेज गरिसकेको अवस्थामा देश र जनताको हित विपरीतको उक्त सम्झौता खारेज गर्नु पर्नेमा जोड दिनुभयो भने राजमोका हिमलाल पुरीले एमसीसी आर्थिक कार्यक्रम मात्रै नभइ इण्डोप्यासिफिक रणनीति अन्तर्गत आएको हुँदा त्यसलाई स्वीकार्नाले नेपाल अमेरिकी क्याम्पमा गएको प्रमाणित हुने बताए।

नेकाका सभापति शेरबहादुर देउवालाई नेमकिपाका सचिव प्रेम सुवालले बोल्नु भएकोमा चित्त बुझेनछ। उनले बीचमै बोले- 'श्रीलंकाले कहाँ खारेज गरेको हो र ? त्यहाँ त अमेरिका स्वयंले फिर्ता लिएको हो।' सुवालले तत्काल देउवालाई मुखभरिको जवाफ दिनुभयो – 'नेपालमा अमेरिकी सेना आउँछ, अमेरिकी सेनाले नेपाली भूमिमा परेड खेलेपछि थाहा हुन्छ।' देउवा आफ्नै शुरमा कराउँदै थिए।

काँग्रेसका नेता रामचन्द्र पौडेलले प्रधानमन्त्रीको प्रस्तावलाई समर्थन गर्दै नेका एमसीसीको विरोधमा छैन, त्यो ठूलो योजनामा कसैको असहमति भएपनि त्यसलाई अगाडि बढाउनु पर्छ भने। जनता समाजवादी पार्टीका नेता लक्ष्मणलाल कर्णले थपे– ऋण लिन हुने अनुदान लिन नहुने भन्ने हुन्छ र ? संसदले अगाडि बढाउनु पर्छ। यो सभामुखको अधिकारको विषय होइन। राप्रपा नेता प्रकाशचन्द्र लोहनीको पनि त्यसमा समर्थन थियो।

संसद बैठक बस्नासाथ सरकार एमसीसी प्रस्ताव बैठकमा पेश गर्ने तयारी अवस्थामा रहेको देखिन्छ। आखिर एमसीसी पारित गर्न सरकार किन यस्तो हतार गर्दैछ ? के हो एमसीसी योजना र के छ त्यस सम्झौतामा सम्पूर्ण नेपाली जनताले फेरि एकपटक त्यसको अध्ययन गर्नुपर्ने जरुरी देखिएको छ।

MILLENNIUM
CHALLENGE CORPORATION
UNITED STATES OF AMERICA

एमसीसी आर्थिक पक्षमात्रै होइन। सरकारले र अन्य शासक दलहरूले जुन प्रचार प्रसार गरिरहेका छन् त्यो सबै झूट हो। जनतालाई गुमराहमा राखेर अनुदानको फाइदाको झिलिमिली प्रचार गरेर त्यसलाई संसदबाट अनुमोदन गर्ने प्रयत्न हुँदैछ। सन् २०१७ सेप्टेम्बर १४ मा अमेरिकाको वासिङटनमा भएको उक्त सम्झौतामा तत्कालीन नेकाका सभापति देउवाको नेतृत्वमा गठित सरकारका पररष्ट्र मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले हस्ताक्षर गरेका थिए। त्यस सरकारमा माओवादी पनि सहभागी थियो। नेका, जसपा, राप्रपा जस्ता दलहरूले उक्त सम्झौता अनुमोदन गर्नको लागि जोड दिनुको कारण ती पार्टीहरू सरकारमा रहेर कुनै न कुनै रूपमा अगाडि बढाउने प्रकृयामा सहभागी भइसकेका थिए।

सं.रा. अमेरिकाले हालसम्म ४४ भन्दा बढी देशमा यो सम्झौता गरी कार्यान्वयनमा ल्याइसकेको छ भने पछिल्लो चरणमा नेपाल र श्रीलंकालाई सहभागी गराउने अमेरिकी योजना रहेको सार्वजनिक भएको छ। श्रीलंकाले अस्वीकार गरेपनि नेपालका शासक दलहरू अमेरिकाको ५५ अर्ब रूपैयाँमा त्याल चुहाइरहेका छन्। अन्तरदेशीय प्रशारण लाइन र सडक निर्माणको लागि प्राप्त हुने उक्त रकममध्ये झण्डै १४ अर्ब रूपैयाँ नेपाली आफैले

लगानी गर्नुपर्ने, नेपाली सबै पैसा शुरुमै बुझाउनुपर्ने र अमेरिकाले किस्ताबन्दीमा दिने तथा कुनै पनि बेला सूचना दिएर छोड्न सकिने बुँदा पनि सम्झौतामा उल्लेख भएको पाइन्छ । यो नेपालको हित विपरीत व्यवस्था हो ।

एमसीसी अन्तर्गत प्राप्त हुने अनुदान इण्डोप्यासिफिक अन्तर्गत नै प्राप्त हुने भन्ने कुरा अमेरिकी अधिकारीहरूले नै स्पष्ट पारिसकेका छन् । देशको मूल कानून संविधानभन्दा माथि सम्झौताको बुँदा रहने, लेखापरीक्षण अमेरिकी कम्पनीले मात्रै गर्ने, १४ अर्ब नेपाली पैसासमेत लगानी हुने उक्त योजना अगाडि बढाउन भारतको सहमति चाहिने बुँदा सम्झौताको खतरनाक पक्ष हो ।

सत्ता पक्षकै सांसदहरूले विरोध गरिरहेको कारण ओली सरकारले त्यसलाई अगाडि बढाउन सकिरहेको छैन । अझ उक्त प्रस्ताव अगाडि बढाउन नसक्नुमा प्रचण्ड दोषी रहेको प्रधानमन्त्री ओलीको भनाइ छ । 'अमेरिकी राजदूतलाई बोलाएर ओली भएसम्म एमसीसी पास गर्दैन म आएपछि पास गर्छु' भनी पटक पटक भनेका छन् भनी ओलीले सर्वदीय बैठकमै व्यक्त गरे । ओलीको भनाइलाई साँचो मान्ने हो भने ओली र प्रचण्डबीच एमसीसी पास गरेर अमेरिकालाई खुशी पार्न प्रतिस्पर्धा भइरहेको बुझिँदैन र ?

- **एमसीसी अन्तर्गत प्राप्त हुने अनुदान इण्डोप्यासिफिक अन्तर्गत नै प्राप्त हुने भन्ने कुरा अमेरिकी अधिकारीहरूले नै स्पष्ट पारिसकेका छन्।**
- **ओली र प्रचण्डबीच एमसीसी पास गरेर अमेरिकालाई खुशी पार्न प्रतिस्पर्धा ।**
- **ओलीले आफ्नो सरकार बचाउन एमसीसीको नयाँ कार्ड फालेका छन् ।**
- **एमसीसी पारित गरेमा त्यो राष्ट्रघाती महाकाली सन्धिभन्दा कैयौं गुणा महँगो पर्नेछ ।**

तत्कालीन नेकपाभित्र चर्को विवाद भएपछि पूर्व प्रधानमन्त्री एवं एमालेका नेता झलनाथ खनालको संयोजकत्वमा एउटा कार्यदल नै गठन गरी अध्ययन गऱ्यो । खनाल नेतृत्वको कार्यदलले एमसीसी सम्झौतामा व्यापक हेरफेर गर्नु जरुरी भएको भन्दै प्रतिवेदनसमेत बुझाइसकेको छ । कार्यदलले स्पष्ट लेखापरीक्षण, कर्मचारी भर्ना, परामर्शदाता नियुक्ति, अमेरिकी भ्रमण टोली, अध्ययन खर्च जस्ता विषयमा संशोधन गर्नुपर्ने सुझाव दिएको थियो । ओलीले कार्य दलले दिएको सुझावलाई पनि वास्ता गरेनन् । आगामी निर्वाचनमा देउवासँग सहकार्य गर्ने योजनाअनुसार एमसीसी अगाडि बढाउन खोजिएको देखिन्छ । के.पी. ओली पार्टीका सांसदहरूले साथ नदिए नेका र जसपा तथा राप्रपासहितको पार्टीको सहयोगमा एमसीसी पारित गर्ने र त्यसकै आधारमा नयाँ गठबन्धन बनाउने प्रयत्नमा लागेको बताइन्छ ।

शासक दलहरू पाचँ वर्षमा ५५ अर्ब रूपैयाँलाई सान्है ठूलो अनुदान बताउँदै छन् । देशको सार्वभौमिकता र स्वतन्त्रतासामु एमसीसीको त्यो रकम नगण्य छ । सार्वभौमिकतामा आँच आउने कुनै पनि काम कोही कसैबाट हुनु हुँदैन । सानो गल्तीले अमेरिकी सेना हाम्रो भूमिमा परेड खेल्न आउने छन् । त्यसबेला हामीले पश्चाताप गरेर केही फाइदा हुने छैन ।

यो सरकारको आयु पनि त्यति लामो हुने सम्भावना देखिँदैन । जेठ महिनामा नीति तथा कार्यक्रम ल्याउनुपर्ने र जेठ १५ मा बजेट पेश गर्नै पर्ने संवैधानिक व्यवस्था छ । अहिलेको अवस्थामा हेर्दा माधव–झलनाथ गुटले सरकारको नीति तथा कार्यक्रममा साथ दिने सम्भावना न्यून छ । नीति तथा कार्यक्रम पास नभएमा प्रधानमन्त्री ओलीसँग राजीनामा दिनुको विकल्प रहने छैन । ओलीले जसपाका महन्थ ठाकुर गुटलाई जसरी पनि सरकारमा ल्याउन खोज्नुको कारण यही हो । कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले विश्वासको मत लिँदा एमालेका ४ सांसदले ह्वीप उल्लङ्घन गरे र शाहीको मुख्यमन्त्री पद जोगियो फ्लोर ऋस गर्ने सांसदलाई एमालेले पद मुक्त हुने गरी कार्वाही गरेको छ । भिम रावलले देशभरि कर्णालीको स्थिति ल्याउन तयार रहेको भन्दै ओलीलाई चेतावनी दिएका छन् ।

देश सङ्कटमा गुज्रिरहेको छ । संसद राम्रोसँग चल्न सकेको छैन । संसदमा थुप्रै विधेयकहरू थन्किएर बसेका छन् । अध्यादेश पहिलो बैठकमै पेश गर्नुपर्ने वैधानिक व्यवस्थालाई कुल्चिँदै अहिलेसम्म पेश गर्न सकेको छैन । राष्ट्रिय सभा, प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तहका रिक्त पदहरूमा उप निर्वाचनमा कसैले ध्यान दिएको छैन । यस्तो अवस्थामा एमसीसी पास गर्न खोज्नु राम्रो होइन ।

बताइएअनुसार एससीसीको पैसा नेपालीले छुन पनि पाउँदैन । अमेरिका, भारत, जापानका ठूला देशहरूबाट ठेकेदार कम्पनीहरू आउनेछन् । निर्माणका सम्पूर्ण कार्य तिनीहरूले नै गर्नेछन् र विदेशी पैसा उनीहरू आफैले लिएर जानेछन् । जे होस् प्रजातान्त्रिक व्यवस्थामा पक्ष विपक्षमा बहस गर्न पाइन्छ तर देशको सार्वभौमिकता र स्वतन्त्रताको मूल्यमा कसैले पनि सम्झौता गर्नु हुँदैन । त्यस्तो पाप गरे देशप्रति ठूलो गद्दारी र धोका हुनेछ । हाम्रा शासक दलहरूले यसबारे सोचुन् ।

के.पी. ओली पार्टी भित्र भित्रै निकै अप्ठेरोमा पर्दै गएका छन् । एमाले र माओवादी अदालतको फैसलाले औपचारिक विभाजन भएपनि एमाले भित्रको माधव झलनाथ गुटले माओवादीसँगको सहकार्य छोडेको छैन भने उदाहरण कर्णालीमा देखिएको छ । त्यसलाई एमाले विभाजनको औपचारिक शुरुआतको रूपमा लिन सकिन्छ । ओलीले आफ्नो सरकार बचाउन एमसीसीको नयाँ कार्ड फालेका छन् । एमसीसीमार्फत शासक दलहरूको नयाँ ध्रुवीकरण खोज्नु नै सर्वदलीय बैठकको उद्देश्य भएको देखिन्छ । तर अमेरिकी स्वार्थको निम्ति शासक दलहरूले एमसीसी पारित गरेमा त्यो राष्ट्रघाती महाकाली सन्धि भन्दा कैयौं गुणा महँगो पर्नेछ ।



# किम इल सङ्को संस्मरण

# शताब्दीका साथ -^_




## पर्खालले घेरेको प्रिय नगरमा

भाग–९ । परिच्छेद ४ (क)

'भातृत्वको सम्बन्ध' (jiajiali) प्रति वन शुनको ठूलो भरोसा थियो । उनले जनक्रान्तिकारी सेनासँग असल मैत्रीपूर्ण सम्बन्ध जोडेर शत्रुभन्दा सैनिक रूपमा बलियो बन्न त्यो प्रस्ताव अघि सारेका थिए । ऊ यी–चेङले पनि एकपल्ट हामीसँग 'भातृत्वको सम्बन्ध' स्थापनाबारे प्रस्ताव गरेका थिए । 'भातृत्वको सम्बन्ध' मार्फत् जनक्रान्तिकारी सेनासँग मोर्चाबद्ध गर्ने तर कम्युनिस्टहरूलाई त्यो मोर्चाबाट टाढा राख्ने चीनका जापानविरोधी राष्ट्रवादी शक्तिको साझा मनसाय थियो ।

तर, 'भातृत्वको सम्बन्ध'को स्थापनाको अर्थ जापानविरोधी साझा मोर्चाको स्वाभाविक गठन अथवा कुनै दीर्घकालीन मोर्चाको विकास भने थिएन । आत्मीय कमरेड भावना लडाइँको मैदानमा मात्र विकास हुन सक्छ र त्यसको महत्त्व पटक–पटकको परीक्षाबाट मात्र पुष्टि हुन सक्छ । हामी पेक्डु पर्वततिर अघि बढिरहेको परिस्थितिमा शत्रुविरुद्ध एउटा संयुक्त सैनिक कारबाही गर्न सके जापानविरोधी एकाइहरूलाई जनक्रान्तिकारी सेना भरपर्दो सहयोद्धा हुन सक्ने र दुई पक्षबीच दिगो मोर्चा स्थापना गर्ने सर्वोत्तम अवसर हुनसक्थ्यो ।

सन् १९३६ को अगस्ट महिनामा फुसोङ नगरमा भएको लडाइँ विशेष खालको थियो । जापानविरोधी एकाइहरूसँग मूर्त साझा मोर्चा स्थापना गर्न त्यो लडाइँले विशेष भूमिका खेल्यो ।

'हामी साझा मोर्चामा आबद्ध भइसक्यौँ । अब पर्खालले घेरिएको कुनै एउटा नगरमा हमला गर्दा कसो होला ?', मैले प्रस्ताव गरेँ ।

'ठीक छ । गरौँ', मेरो प्रस्ताव भुइँमा खस्न पनि नपाउँदै वन शुनले स्वीकारे । 'कमान्डर किम ! तपाईँको एकाइसँग मिलेर म शत्रुको कुनै पनि किल्लामा हमला गर्न सक्छु । कसो ? अहिले त मलाई आफूले पूरै संसारकै नेतृत्व गर्न सक्छु भन्ने अनुभव भइरहेको छ । हो, तपाईँले भन्नुभएजस्तै कुनै पर्खालले घेरिएको एउटा ठूलो नगरमा हमला गरौँ ।' पहाडी विद्रोही कमान्डरको उत्तर सबैलाई चकित पार्ने आत्मविश्वासले भरिपूर्ण थियो । त्यसअघि उनीहरू जापानीहरूसँग कहीँ जम्काभेट हुँदा लड्न छोडेर पुच्छर लुकाएर भाग्थे । अफिम तानिरहेको हुनाले पनि उनले मात्तिएको सुरमा मेरोअघि त्यस्तो उत्साह प्रदर्शन गरिरहेका पनि हुन सक्थे ।

वन शुनले हाम्रैअघि पनि मज्जाले अफिम तानिरहेका थिए । उनले हामीप्रति विशेष खालको आत्मविश्वास देखाएका थिए । सामान्यतः चिनियाँ अफिमका लतीहरू पाहुनाको अघि अफिम तान्दैनथे । वन शुनले देखाएको अनौपचारिक व्यवहार हाम्रो लागि राम्रो सङ्केत थियो । आफूले नेतृत्व गरिरहेको जापानविरोधी एकाइसामु उनले कहिल्यै अफिम सल्काएका थिएनन् । युवाअवस्थामा उनी उत्कृष्ट लडाकु थिए । हरेक लडाइँमा उनी बेजोड लड्थे । त्यही भएर उनी चाँडै नै एउटा ठूलो एकाइको नेतृत्वमा पुगे ।

एकपल्ट उनको एकाइलाई जापानीहरूले चारैतिरबाट घेरेको थियो । घेराभित्र उनको एकाइ सखाप हुने अवस्थामा थियो । ठूलो क्षति सामना गरेर पनि जापानीहरूको घेरा तोड्न उनीहरू सफल भए । वन शुन रौँ बराबरको फरकले बाँच्न सफल भए । त्यो घटनाले उनलाई निराश बनायो । उनको एकाइमाथि खनिएका जापानीहरू शिकारमा हिँडेका ब्वाँसाका बथान जस्ता थिए । वन शुनको अनुशासन नभएको र हातहतियार कम भएको सेनाको निम्ति जापानीहरू निकै बलिया शत्रु थिए । कमान्डर वाङले पनि वन शुनको जापानविरोधी एकाइविरुद्ध लागेर उनीहरूलाई कमजोर बनाइरहेका थिए । त्यसले उनीहरूको अवस्थालाई अझै खराब बनाएको थियो ।

जापानीहरूको घेराबन्दीमा ज्यान जोगाएर वन शुन भागेर दुर्गम पहाडमा पुगेका थिए । माटोको पर्खाल बनाएर उनले आफ्नो एकाइलाई त्यहीँ आश्रय दिएका थिए । शत्रुसँग लडेर होइन, उनले जनताको सम्पत्ति लुटेर आफ्नो लडाकुहरूको रक्षा गरेका थिए ।

जनतालाई दुःख दिएर आफ्नो अस्तित्व जोगाएको हुनाले उनी दिनानुदिन डाँकामा रूपान्तरण भइरहेका थिए ।

पहाडमा अवकास समय बिताइरहेका बुढा 'डाँका कमान्डर' दुःख र आक्रोशमा लगातार अफिम सल्काइरहन्थे। विद्रोही सेनाको जीवनबाट थकित भएर उनको एकाइका अधिकांश लडाकुहरूले बन्दुक बोक्न छोडेर आ–आफ्ना गृहनगरमा फर्किन थालेका थिए। उनीहरूमध्ये कोही लुटेरा बनेका थिए। कोही भने सेतो झण्डा बोकेर जापानी कठपुतली मन्चुको सेनाको व्यारेकमा प्रवेश गरिसकेका थिए। वन शुनको सेनाको नेतृत्व तहका अधिकारीहरू समेत जुवा खेलेर दिन काट्थे। उनीहरूलाई समय कसरी बदलिरहेको छ भन्नेमा कुनै हेक्का नै थिएन। साधारणभन्दा साधारण कमजोरीमा पनि सङ्कीर्ण उच्चपदस्थ अधिकारीहरूले आफूअन्तर्गतका लडाकुहरूलाई कुटपिट गर्ने र कडा सजाय गर्थे। फलतः माथिल्लो तहका अधिकारी र तल्लो तहका सिपाहीँहरूबीचको सम्बन्ध निकै खराब थियो।

वन शुनको एकाइ झण्डै विघटनको मुखमा थियो। उनीहरूलाई सखाप बनाउनबाट जोगाउने एउटा मात्र बाटो भनेको हामीसँगको संयुक्त मोर्चामा सामेल गर्नु थियो। मोर्चामा आबद्ध भए पछि संयुक्त कारबाहीमार्फत् शत्रुविरुद्ध विजय हासिल गर्न सकिने उनीहरूमा आत्मविश्वास जगाउन सकिन्थ्यो। त्यही भएर वन शुनको एकाइसँग मोर्चाबद्ध गर्न सफल भए पछि मैले पर्खालले घेरिएको कुनै एउटा ठूलो नगरमा हमला गर्ने प्रस्ताव गरेको थिएँ। उनले मेरो प्रस्ताव सहर्ष स्वीकारे।

'कमान्डर किम ! मेरा सबै अधिकारी र सिपाहीँहरू तपाईँले कमान्डर वाङलाई सखाप पार्न अपनाएको तरिकाबाट प्रभावित छन्। तपाईँको एकाइसँगको सहकार्यमा एउटा नगरमा हमला गर्ने निर्णयको उनीहरूले स्वागत गर्नेछन्। त्यसैले हमलाको तत्कालै योजना बनाइहालौँ', वन शुनले भने।

लाओलिङ, सिनाञ्चा, सिकाङ, तायिङलगायत विभिन्न स्थानमा भएका लडाइँमा हामीलाई प्राप्त सफलताबाट उनीहरू निकै ईर्ष्यालु बनेका थिए। उनीहरूलाई ती लडाइँमा हामीले प्रयोग गरेका कार्यनीति रहस्यमय लागेको थियो।

उनले प्राचीनकालीन युद्धमा चीनका चर्चित सैनिक जनरलहरूले अब्बल रणनीतिमार्फत् शत्रुलाई पराजित गर्न सफल भएको र त्यही रणनीतिकै कारण जापानीहरूसँग बहादुरीका साथ लडेको बताए। उनले हरेक लडाइँमा विजय हासिल गर्न हामीले कस्तो रणनीति प्रयोग गर्छौँ भनी जिज्ञासा राखे।

मैले मुसुक्क मुस्काउँदै युद्धमा युद्धकला महत्त्वपूर्ण हुने तर त्यो भन्दा बढी महत्त्वपूर्ण सिपाहीँहरूको मानसिक अवस्था हुने बताएको थिएँ। उनले एकै बसाईमा हाम्रा सबै लडाकुहरू साहसी र बलिया भएको देखिसकेको बताए। अनि खुइय् सुस्केरा हाल्दै आफ्ना लडाकुहरू सबै मूर्ख भएको र उनीहरूमध्ये कसैमाथि पनि आफू भर पर्न नसक्ने दुःख सुनाए। 'नआत्तिनुहोस् कमान्डर', मैले भनेँ,'यदि हामीले जापानीहरूविरुद्ध सफलतापूर्वक लड्न सके तपाईँका लडाकुहरू पनि साहसिला बन्नेछन्। उनीहरूको मनमा कति पनि आफ्नो शक्तिप्रति शङ्का रहनेछैन। लौ, अब हामीले हमला गर्ने सहरबारे छलफल गरौँ', वन शुनलाई मैले भनेँ। वन शुनले सहमतिमा टाउको हल्लाउँदै कुनै सहरमा हान्ने विषयमा कुरा अघि बढाए।

हामीले हमलाको लक्ष्यबारे आ–आफ्ना धारणा राख्यौँ। तर, त्यो दिन कुनै पनि सहमतिमा पुगेनौँ। उनले फुसोङ काउन्टी नगरमा हमला गर्न चाहेका थिए। तर, त्यहीँ नै गर्नुपर्छ भनी कुनै जोड गरेका थिएनन्। मेरो लागि उनको यस्तो प्रस्तुति सकारात्मक कुरो थियो। फुसोङ जिलिनजस्तै मेरो लागि प्रिय र परिचित सहर थियो। मैले त्यो नगरलाई जीवनमा कहिल्यै भुल्न सक्दिनँ।

फुसोङ एउटा सामान्य काउन्टी नगर थियो। मन्चुरियाका धेरै ठाउँमा त्यस्तै शैलीका सहरहरू थिए। फुसोङमा म प्राथमिक विद्यालयको विद्यार्थी छँदा त्यहाँ एउटा पनि दुई तले वा त्योभन्दा अग्लो भवन अनि विद्युत्तका खम्बा थिएनन्। त्यहाँका अधिकांश घरहरू खरले छाएका थिए। इँटाले बनाएका, टाइलको छाना छाएका र काठे घरहरू पनि नभएका होइनन्। तर, त्यस्ता घरका सङ्ख्या ज्यादै कम थियो। तिनको सङ्ख्या औँलामा गन्न सकिन्थ्यो।

गरिब जनताका ती छाप्रा र झुपडीहरू मेरा लागि आफ्नै अङ्ग जत्तिकै प्रिय थिए। स्याओनानमेन र तोडाओ–सोङहवा नदीमा म धेरै पटक पुगेको छु। मेरो मानसपटलमा त्यहाँको संस्मरण अमिट छाप बनेर सदैव रहिरहनेछ। त्यहाँको दृश्यको सम्झना मेरो लागि आफ्नो गाउँको दृश्य जत्तिकै प्यारो लाग्छ।

त्यही नगर (फुसोङ) मा मैले मेरो बुवाको इच्छाबारे थाहा पाएको थिएँ। उहाँको त्यही इच्छाले मेरो जीवनमा सधैँ दिशासूचकको काम गरिरह्यो। उहाँका सपना मनभरि साँचेर याङदिकुनस्थित चिहानघारीतिर उहाँको कफिन बोकेर सुस्तरी हिँडेको पनि दस वर्ष बितिसकेको थियो। एउटा भनाइ छ–पहाड र नदीले दस वर्षमा आफ्नो रूप बदल्छ। मलाई थाहा छैन, याङदिकुन चिहानघारी वरपरको दृश्यमा परिवर्तन भयो वा भएन !

पेक्दु पर्वततिर जाने हाम्रो रणनीतिक योजनाको कार्यान्वयनको लागि फुसोङमा रहेको शत्रुको आधारमाथि हमला गर्नु धेरै कोणबाट अत्यन्त महत्त्वपूर्ण थियो। अरू कसैलाई भन्दा यसको महत्त्व मलाई राम्ररी थाहा थियो। तर, फुसोङमाथि हमला गर्ने निर्णय गरिहाल्न पनि मलाई सजिलो थिएन।

वन शुनको बिदाबारीपश्चात हामीले हमलाको लागि उपयुक्त समय निधो गर्न व्यग्रताका साथ व्यापक स्तरमा सो क्षेत्रको रेकी गर्न थाल्यौँ र साथै पितृभूमि पुनःस्थापना सङ्गठनका विभिन्न शाखालाई तदारुकताका साथ परिचालन गऱ्यौँ।

वन शुनको एकाइसँग मिलेर संयुक्त कारबाही गर्ने तयारीमा हामी व्यस्त हुँदा ऊ यी-चेङ नेतृत्वको सेनाको एउटा टोलीका कमान्डर ली होङ-बिन पूर्व सूचनाबिना नै आफ्ना लडाकुहरूसहित मलाई भेट्न आइपुगे। उनको अनुहार पसिनाले छपक्कै भिजेको थियो। उनको लुगामा पसिना सुकेर सेतो नुन र धूलो टलक्क टल्केको थियो। मध्य गर्मीको उखरमाउलो घाममा लामो दूरीको यात्राले उनको अवस्था हेर्न लायकको बनाएको थियो।

ऊ यी-चेङको सेनामा ली होङ-बिनको टोली सबभन्दा निपुण टोली थियो। उनी आफै ऊ यी-चेङको दायाँ हात थिए। आफ्नो कमान्डरप्रति निकै बफादार र सक्षम लीप्रति कमान्डर ऊको गहिरो अनुराग थियो। उनले हामीसँग हाँसो ठट्टा गर्थे।

हामीले उत्तरी मञ्चुरियाको छिङकोचीमा छोटो समयको लागि ऊ यी-चेङको एकाइलाई भेटेका थियौँ। क्रान्तिकारी जनसेना दक्षिणतिर अघि बढ्दै गर्दा त्यो एकाइ यति चाँडै फुसोङ कसरी आइपुग्यो होला ?

'कमान्डर ऊले तपाईँसँग भेट्न हामीलाई पठाउनुभएको हो, कमरेड किम', लामो यात्राको कारण क्लान्त शरीर भए पनि एकाइ कमान्डरले निकै उत्साहपूर्वक मलाई ऊको सम्झना सुनाए। 'बुढो मान्छेले मलाई तपाईँको सेनासँग मिलेर लड्न आदेश दिनुभएको छ। उहाँलाई तपाईँहरू दक्षिणतिर पेक्दु पर्वततर्फ अघि बढ्दै गरेको थाहा छ। तपाईँको टोलीलाई खोजी पत्ता लगाउन मलाई आदेश दिँदा मेरो होसहवास उडेको थियो। त्यत्रो विशाल मञ्चुरियाको भूमिमा मैले कसरी तपाईँलाई खोज्ने होला जस्तो लागेको थियो। मञ्चुरियाको भूमि कहाँबाट सुरु हुन्छ र कहाँ गएर टुङ्गिन्छ, मलाई अतोपतो छैन। तब बुढो ऊ गर्जिएर भन्नुभयो, 'मूर्ख ! किन यति आत्तिन्छौ ? तिमी गँगटो जस्तै हिँडे पनि अथवा चार खुट्टा टेकेर हिँडे पनि जुन ठाउँबाट सबभन्दा चर्को बन्दुक पड्केको आवाज सुनिन्छ, त्यहीँ जान्। त्यहीँ तिमीले कमान्डर किमलाई भेट्नेछौ।' वास्तवमै उनी ठीक थिए। सिङ्गो मञ्चुरियामा बन्दुक पड्केको सबभन्दा चर्को आवाज फुसोङमै सुनिन्छ।'

'हो त। हाम्रो एकाइले झण्डै दैनिकजसो गोली चलाउनुपरेको छ। हामी चाँडै वन शुनको सिपाहीँसँग मिलेर कुनै ठूलो नगरमा हमला गर्ने योजना बनाइरहेका छौँ। तपाईँलाई असजिलो लाग्दैन भने तपाईँ पनि त्यो हमलामा सहभागी बन्नु होला। के छ त तपाईँको विचार ?', मैले भनेँ।

'कमान्डर ऊले मलाई तपाईँसँग सहकार्य गरेर काम गर्न यहाँ पठाइसके पछि यस्तो सुवर्ण मौका म कहाँ गुमाउँछु र ! केही नटुङ्गिएका विषय टुङ्गो लगाएर बुढो ऊ पनि सकेसम्म चाँडो यतै आउने कुरा छ', उनले भने।

वन शुनसँग हाम्रो सफल मोर्चाबन्दीको समयमा उनको आगमन हाम्रा लागि दोब्बर बरदान जस्तै भयो।

मलाई मनैदेखि खुशी लाग्यो। के उनी जनक्रान्तिकारी सेनालाई सहयोग गर्न हजारौँ माइलको यात्रा गरेर यहाँ आइपुगेका थिए ? छिङकोचीमा हामीलाई भेट्दा ऊ यी-चेङ निकै निराश थिए किनभने झाओ बाओ-झोङले उनलाई जापानविरोधी शक्तिको कमान्डरको रूपमा स्वीकारेका थिएनन्। त्यसले उनलाई निकै पिरोलेको थियो। त्यति बेला ऊ यी-चेङले हामीसँग सहकार्य गर्ने विषयमा केही भनेका थिएनन्।

मसँग झाओ बाओ-झोङविरुद्ध दुःख पोखिरहेका उनले पछि आफ्नो जीवनको अन्तिम श्वाससम्म किम इल सङको कम्युनिस्ट पार्टीसँगको संयुक्त मोर्चामा लड्छु भन्ने कुराले हामीप्रति उनको सद्भाव र विश्वास प्रतिविम्बित गरेको थियो। वाङ-डे-लिन सोभियत सङ्घको बाटो हुँदै चीन फर्केपछि केही समय उनी अलमलमा परेका थिए। तर, ऊले भने सधैँ हामीसँग सहकार्यको प्रयत्न गरिरहे। उनले संयुक्त मोर्चाको लक्ष्यलाई कहिल्यै पनि धोखा दिएनन्। त्यसकारण उनी वास्तवमै सम्मानयोग्य छन्।

सौभाग्यवश, वन शुन पनि त्यही बेला हामीलाई भेट्न आइपुगेका थिए। आफ्नो जुत्ताको तुनासमेत फुकाउन नपाउँदै ली होङ-बिन पनि वन शुनसँग संयुक्त हमलाको विषयमा भएको छलफलमा सहभागी बने। हामीले फेरि हमलाको मूल लक्ष्यबारे कुराकानी गऱ्यौँ।

मैले मेङचियाङलाई हाम्रो हमलाको मूल लक्ष्य बनाउने प्रस्ताव गरेँ। म त्यो ठाउँमा झण्डै एक महिना बसेको थिएँ। त्यहाँ बस्दा सेनामा लडाकुहरू भर्ती गर्ने र भूमिगत सङ्गठन पुनः जगाउने काम भएको थियो। तोङहवाको ऱ्याङ से बोङको एकाइलाई भेटेर म भर्खर फर्केको थिएँ। सन् १९३२ को गर्मीयामको कुरा थियो। हामी त्यो ठाउँबारे परिचित थियौँ र त्यो हाम्रो राम्रो आधार क्षेत्र पनि थियो। त्यसकारण त्यो ठाउँलाई हामीले निशाना बनाए सहज रूपमा हामी लक्ष्य भेटाउन सक्नेमा म ढुक्क थिएँ।

वन शुन भने त्यो नगर (मेङचियाङ)मा हमला गर्ने विषयमा त्यत्ति उत्साहित थिएनन् किनभने उनको शब्दमा त्यो नगर निकै टाढा थियो। हमला सफल नै भए पनि फर्किने क्रममा हामी शत्रुको घेराबन्दीमा पर्न सक्ने उनको तर्क थियो।

उनको दिमाग त फुसोङ काउन्टी नगरमै हमला गर्नेमा थियो । 'कमान्डर किम, फुसोङमा हमला गरौं', मुठ्ठी कसेर निकै उत्साहका साथै ली होङ–बिनले भने । फुसोङमा हमला गर्ने प्रस्तावको पक्षधरता लिनुमा उनले धेरै कारण पेश गरे । इमुबाट अघि बढ्दै गर्दा ली होङ–बिनले मोउ भ्केङ–सेन नामको कम्पनी कमान्डरको नेतृत्वमा मलाई खोज्न एउटा टोली फुसोङ पठाएको थियो । त्यहाँ जाने क्रममा जापानी सेनाले कम्पनी कमान्डरलाई पक्राउ गर्‍यो । शत्रुले उनलाई नगरभित्र प्रवेश गर्नुको उद्देश्यबारे सोध्यो । उनीहरूले उनले भेट्न चाहेको मान्छेबारे पनि सोधे । तर, उनी एक शब्द पनि बोलेनन् । त्यसपछि उनलाई शत्रु सेनाले यातना दिन थाल्यो । उनको मुखभित्र उम्लेको तातो पानी राखिदिए । उनको ओठ मुख पुरै पोलियो । ओठमा पाप्रा उप्किए । तर, चट्टानजस्ता कम्पनी कमान्डरले केही बोलेनन् । उनले आफ्नो आत्मसम्मान कति पनि धरमराउन दिएनन् ।

शत्रुले कम्पनी कमान्डरलाई नगरको उत्तरी क्षेत्रबाट घिसार्दै लिएर गए । उनीसँगै फुसोङ क्षेत्रका देशभक्त किसानहरूलाई पनि त्यसरी नै घिसार्दै लगियो । 'डाँकाहरूसँग सम्पर्क गरेको' अभियोगमा ती किसानहरूलाई पनि जापानीहरूले गिरफ्तार गरेका थिए । शत्रु सेनाले कम्पनी कमान्डर र देशभक्त किसानहरूलाई गोली हाने । तर, कम्पनी कमान्डर भने घाइते मात्र भए । तै पनि उनले मरेको जस्तो अभिनय गरे । एक जना असल हृदयका मानिसले उनलाई बोकेर लिएर गए र उपचार गराए । उपचार पछि उनी आफ्नो एकाइमा फर्के । बाँचेका तिनै कम्पनी कमान्डरले फुसोङमा जापानी सिपाहींहरूको अत्याचार प्रकाशमा ल्याए ।

लि होङ–बिनले मलाई कम्पनी कमान्डरले प्रत्यक्ष देखेका अत्याचारको छोटो बयान मलाई सुनाएका थिए ।

कमान्डर वाङको निधन पछि जापानी सेना र प्रहरीले सबै पर्खालका ध्वाखाहरू बन्द गरे । त्यहींका बासिन्दालाई पनि आवतजावत गर्न अनुमति लिनुपर्ने नियम बनाए । 'डाँकाहरूको सम्पर्कमा गएका सबैलाई पक्राउ गर्न' भनी त्यस्तो अनुमति लिनुपर्ने प्रावधान बनाइयो । बिनाअनुमति पत्र वा म्याद नाघेको अनुमति पत्र बोकेर हिंड्ने जो कोही व्यक्तिलाई पनि उनीहरू निर्मम यातना दिन्थे । कसैले प्रतिरोधको प्रयास गरे उसलाई गोप्य रूपमा हत्या गरिन्थ्यो । जापानी सिपाहींहरू ज्यादै निर्मम ढङ्गले हत्या गर्थे । त्यस्तो निर्ममता इतिहासमा कहिल्यै पनि देखिएको थिएन ।

शत्रुले नगरको प्रवेशद्वारमा गिरफ्तार गरेर मानिसहरूलाई सिमेन पुल नजिकको एउटा होटलनजिक लिएर जान्थे । उनीहरूलाई होटलमा बन्द गर्थे । त्यसपछि भोलि बिहान सखारै तोडाओ–सोङह्वा नदीको किनारामा घिसार्दै लगी भकाभक टाउको काटिदिन्थे । सबै जापानी सिपाहींहरू आफ्नो तरबारले बन्दीको टाउको काट्न लालायित हुन्थे । उनीहरू टाउको काट्दा हुत्तिएर आएको रगतको भल हेरेर आफ्नो सहनशीलताको परीक्षण गर्थे । त्यस्तो जघन्य कृत्य त दानवले पनि गर्न धक मान्थ्यो होला ।

टाउको काटिएको शरीरलाई नदीको दलदलमा हुत्याइन्थ्यो । पछि गएर फुसोङका मान्छेहरूले नदीको दलदललाई 'लास फाल्ने बन्दरगाह' भन्न थाले । टाउको काटेर मारेको गोप्य कुरा बाहिर कसैले चुहाए त्यो मानिसको पनि जापानी सिपाहींहरू खोजी गर्थे र उनीहरूलाई पनि उस्तै निर्ममताका साथ हत्या गर्थे । अनि उनीहरूका लास पनि उस्तै गरी नदी किनारको दलदलमा फालिन्थ्यो ।

यो सब कुरा सुन्दा मेरो रगत उम्लिएको थियो । फुसोङलाई लिएर मेरा अमूल्य सम्झनाको कारण त्यहाँ गोलीको पर्रा नछुटोस् अथवा त्यहाँको आकाश बारुदको धुँवाले नमडारियोस् भन्ने मेरो सोच सोझो भावनामात्र भएको कुराको अनुभवले मलाई पछुतोको आगोले पोलेको थियो ।

पेक्डु पर्वत वरपरका धेरै पर्खालभित्रका नगरहरूमध्ये फुसोङ पनि लिनचियाङ र चाङबाईजस्तै रणनीतिक थलो थियो । शत्रुले ती नगरहरूलाई निकै महत्त्व दिएका थिए । 'पूर्वी सीमावर्ती क्षेत्रको शान्ति सुव्यवस्थामा खलल रोक्न' फुसोङ नगर मुख्य आधार भएकोले जापानी साम्राज्यवादीहरूले त्यहाँ क्वाङतुङ सेना, कठपुतली मञ्चुको सेना र प्रहरी तैनाथ गरेका थिए ।

लडाइँले खारिएको भनिएको ताकाहाशीको पोख्त लडाकुको एकाइ पनि फुसोङमै तैनाथ थियो । त्यसकारण फुसोङलाई हाम्रो सैनिक नियन्त्रणमा ल्याउन र पेक्डु पर्वत वरपरका क्षेत्रमा कब्जा जमाउन निकै महत्त्वपूर्ण भइसकेको थियो ।

'शत्रुसँग जनताको तर्फबाट बदला लिन फुसोङ काउन्टी नगरमा तैनाथ क्रुर शत्रुलाई ध्वस्त बनाऔं !' र 'पर्खालभित्रको नगरमा नर्क भोगिरहेका बन्दीहरूलाई रक्षा गर !' जस्ता लगातार आइरहेका आक्रोशपूर्ण आवाजले मेरो मथिङ्गल हल्लाइरहेको थियो । मैले फुसोङमाथि हमला गर्नै पर्ने निधो गरें । त्यो नगरभित्र हरेक दिन जापानी समुराईहरूका तरवारले निर्दोष मानिसहरूको हत्या भइरहेको थियो । त्यो कुरा सुन्दा मात्र पनि मेरा आँखा रसाउन थाल्थे । यति नजिकको नगरमा यस्तो दुःखद् अवस्था छ भने म किन मेङचियाङमा हमलाको लागि गइरहनु पर्‍यो र ? यदि मैले फुसोङमाथि हमला गरे मैले जनताका शत्रुसँग बदला लिन

सक्थें। चिनियाँ जापानविरोधी लडाकु समूहसँगको एकता अझ बलियो बनाउन सक्थें र बिना कठिनाइ पेक्डु पर्वतका क्षेत्रमाथि कब्जा जमाउन सक्थें। अनि कति पनि विलम्ब नगरी मलाई पेक्डु पर्वत वरपर पनि लडाइँ चालु राख्नु थियो।

फुसोङ नगरमाथि हमला गरे मैले त्यहाँका बासिन्दाको पनि सद्भाव पाउन सक्थें। साथै मैले पनि उनीहरूप्रति हार्दिक र असली प्रेम व्यक्त गर्न सक्ने थिएँ।

त्यसकारण मैले फुसोङमाथि हमला गर्ने तय गरें। पेक्डु पर्वतको उत्तरपश्चिम क्षेत्रमा कब्जा गर्ने निर्णायक कदम चाल्ने टुङ्गोमा म पुगें।

फुसोङमाथि हमला गर्ने निर्णय गरेर हामीले त्यहाँको अवस्था बुझ्न फेरि अर्को रेकी समूह खटायौं। रेकी समूहले पठाएको खबरको आधारमा त्यहाँ हामीले अत्यन्त कठिन परिस्थितिको सामना गर्नुपर्ने मैले पूर्वानुमान गरें। नगरको प्रतिरक्षा प्रणाली हामीले सोचेभन्दा निकै बलियो थियो। मञ्चुरियाका अरू सबै पर्खालभित्रका नगरहरूजस्तै फुसोङ पनि बलियो माटोको पर्खालले घेरिएको थियो र पर्खालहरूमा बन्दुकसहितका सिपाहींहरू तैनाथ थिए।

हाम्रो लागि उपयुक्त पक्ष भनेको नगर प्रवेश गर्ने ध्वाखाको सुरक्षाको जिम्मेवारी पाएको कठपुतली मञ्चुको सेनाअन्तर्गतको एउटा कम्पनीमा हाम्रो राम्रो प्रभाव थियो। साथै मैले त्यो नगरका बाटाघाटा राम्ररी चिनेको पनि थिएँ। हामीलाई सहयोग गर्ने कम्पनीअन्तर्गत हाम्रो राजनीतिक सङ्गठनले गठन गरेको जापानीविरोधी सङ्गठन पनि समावेश थियो। कम्पनीका उपप्रमुख कमान्डर वाङ जापानविरोधी सङ्गठनका मुख्य जिम्मेवार व्यक्ति थिए। वाङले हमलाको समयमा नगरको प्रवेशद्वारमा सङ्गठनकै भरपर्दो व्यक्तिलाई तैनाथ गर्ने वचन दिएका थिए। कम्पनीका सदस्यहरूले हमलाको समयमा नगर प्रवेश गर्ने सबै ढोका खोलिदिने व्यवस्था गर्ने वाचा गरेका थिए।

हमला अगाडि हाम्रो अन्तिम बैठक बसेर विभिन्न एकाइलाई फरक-फरक जिम्मेवारी तोकियो। मेरो एकाइलाई पूर्वी पहाडबाट हमला गर्ने र दानानमेन र सिओनानमेनको दिशाबाट सहरभित्रका शत्रुलाई ध्वस्त बनाउने जिम्मेवारी थियो। जनक्रान्तिकारी सेनाको एउटा सानो एकाइले सोङशुझेन र वानलियाङहे (वाङलियाङसियाङ) मा मूल हमलाको एक दिनअघि हमला गर्ने योजना बन्यो। शत्रुको ध्यान त्यतातिर तान्ने मनसायले त्यो हमलाको योजना बनेको थियो।

हाम्रो लडाइँको तयारी चित्तबुझ्दो भएकोमा म ढुक्क भएँ। हामी यो लडाइँमा हाम्रो विजय हुनेमा ढुक्क भयौं।

यद्यपि, हाम्रो अपेक्षाविपरीत हामीले त्यहाँ केही गम्भीर जटिलता भोग्नुपर्‍यो। जापानविरोधी एकाइहरू समयमै भेला नहुँदा अथवा उनीहरूले लापरवाही गर्दा हामीले कठिनाइ सामना गर्नुपर्‍यो।

ज्यादै उत्साहित भएर लि होङ-बिनको सेना सिधै दोङमेनतिर अघि बढ्यो। खासमा उनीहरू जियाङचाङगोमा तोकिएको क्षेत्रमा भेला हुनुपर्ने थियो। वन शुनका सिपाहींहरू पनि त्यहाँ तोकिएको समयमै भेला भएनन्। यी सबै कुराले मलाई निकै असहय भयो। मैले मेरो अर्दलीलाई के भएको हो बुझ्न पठाएँ। अनि एक घण्टाभन्दा लामो समय प्रतिक्षा गरें। तर, वन शुनका लडाकुहरू जियाङचाङगोमा देखापरेनन्।

हमलाको लागि तोकिएको मिति र समय हचुवाको भरमा निर्णय गरिएको थिएन। वन शुन र सबै जापानविरोधी एकाइका कमान्डरहरूसँगै सबै राम्रा र नराम्रा पक्षको लेखाजोखा गरेर मात्र हमलाको लागि सबै कुराको निधो गरिएको थियो।

जापानविरोधी एकाइका कमान्डरहरूले अन्धविश्वासी मान्यताको कारण मिति र समयबारे केही फरक मत राखेका थिए। हमलाको मिति र समयको अङ्कको संयोजनलाई लिएर उनीहरूले केही विमति राखेका थिए।

जापानविरोधी एकाइका कमान्डरले यिङ र याङको सिद्धान्तअनुसार यिङले जोडा अङ्कको प्रतिनिधित्व गर्छ भने याङले बेजोडा अङ्कको प्रतिनिधित्व गर्छ। यदि कुनै पनि महत्त्वपूर्ण काम बेजोडा अङ्कमा गरे जस्तै १, ३, ५ र ७ मा गरे त्यसले सफलता पाउने उनको विचार थियो। हमलाको मिति र समय पनि त्यही अनुसार नै मिलाएर तय गर्नुपर्ने उनको जोड थियो।

हामीले हमलाको मिति र समय तय गर्न यिङ र याङको सिद्धान्तको पर्वाह गरेका थिएनौं। हामीले १७ गते दिनको एक बजे हमला गर्ने निधो गरेका थियौं। त्यो दिन चन्द्रमासको पात्रोअनुसार सातौं महिनाको १ गते पर्ने भएकोले लि होङ-बिन त्यो मिति र समयमा सन्तुष्ट थिए।

जियाङचाङगोमा आफ्ना केही एकाइसहित ढिला आइपुगेका वन शुनले निकै लज्जाबोध गरे। अनि उनले आफ्नो अन्तर्गतका सबै सिपाहींहरूलाई पूर्वी दिशातिरको आकाश हेरेर हात जोडेर केही मन्त्र उच्चारण गर्न लगाए। उनले देवतासँग केही प्रार्थना गरेको हुनुपर्छ। अर्को एकाइका कमान्डरहरूले वन शुनको एकाइको यस्तो व्यवहारप्रति रोष प्रकट गरे। वन शुन पसिना पसिना भए। (क्रमशः)

**नेपालीमा अनुवादः नीरज**

# टौमढी एवं तिलमाधव नारायण मन्दिरको ऐतिहासिकता



ओम धौभडेल

भक्तपुर नगर विश्व सम्पदा सूचीमा सूचीकृत पुरातात्त्विक एवम् सांस्कृतिक नगर हो। यहाँ रहेका प्रशस्त मठमन्दिर,देवालय, शिवालय, पीठ, देवगृह, पाटीपौवा, डबली, सत्तल, ढुङ्गेधारा, पोखरी, जर्न्हँ, कुवा, नहर, चोक, आँगन, मण्डल, दरबार, विहार, चैत्य, स्तुप, इनार, घाट, निजीघरजस्ता विविध वास्तुहरूको कारण यो नगर विश्वकै एक अद्वितीय र महत्त्वपूर्ण पुरातात्त्विक तथा सांस्कृतिक सम्पदाले धनी शहरमा गनिन्छ। भाषा, साहित्य, नाचगान, भजन आदिले भक्तपुर संसारकै जीवन्त सम्पदा बोकेको शहर मानिन्छ। यस्तो महत्त्वपूर्ण भक्तपुर शहरको निर्माण अवश्य पनि एकै दिनमा भएको होइन। यसै सन्दर्भमा इतिहासका पानाहरूमा भक्तपुर शहरको स्थापना बाह्रौँ शताब्दीमा आनन्द देव (मल्ल होइन) ले गरिएको भनी लेखिँदा प्रायःले बाह्रौँ शताब्दी अगाडिको बारे चासो राखेको पाइँदैन। कतिपयले त भक्तपुरको स्थापना कान्तिपुर र ललितपुरपछि मात्र भएको 'कान्छो नगर' मान्दछन्। यसबाट भक्तपुरको प्राचीनतामाथि ठेस पुगेको छ।

नगरको स्थापनाबारे इतिहासमा थरीथरीको भनाइहरू विशेष गरी ऐतिहासिक प्रमाणहरूको आधारमा लिच्छवि राजा मानदेवले चाँगुमा राखेको शिलास्तम्भ जिल्लाकै सबैभन्दा पुरानो अभिलेख भए पनि **भक्तपुर नगरको सबैभन्दा पुरानो अभिलेख लिच्छवि राजा शिवदेव र अंशुवर्माको वि.सं ५१६ को गोल्मढीको अभिलेख हो।** १५६१ वर्ष पुरानो गोल्मढीको अभिलेख जस्तै पुरानो टौमढीका अभिलेखहरू त्यति चर्चामा आउन सकेको छैन। भक्तपुर नगरको टौमढी टोल ऐतिहासिक कालखण्डमै प्रसिद्ध भइसकेको ठाउँ हो। भक्तपुर शहरको मध्य भागमा अवस्थित टौमढी टोल भक्तपुरकै सबभन्दा महत्त्वपूर्ण ऐतिहासिक, धार्मिक, सांस्कृतिक मूल्य मान्यताले भरिएको एक महत्त्वपूर्ण ठाउँ बस्तीको रूपमा लिन सकिन्छ। विश्व प्रसिद्ध ५ तले मन्दिर, भैरवनाथ मन्दिर, तिलमाधव नारायण चोक, जङ्गम मठ, पु बहा, दथु बहालगायत असङ्ख्य सांस्कृतिक सम्पदाहरूले भरिएको टौमढी टोलको प्राचीनतालाई खोतल्ने हो भन्ने अझ यसको महत्त्व सुनमाथि सुगन्ध भएको पाउनेछौँ।

यो ठाउँ कुनै समय नगरको सीमा बाहिर रहेको ज्ञात हुन आउँछ। टौमढी अलि होचो परेको हुनाले त्यसभन्दा माथिल्लो भेगबाट बगेर आउने पानीको निकासको रूपमा कुनै समय यहाँ एउटा खोला बग्दथ्यो। त्यसलाई 'तीलमक' भनिन्थ्यो जुन आजको भैरवनाथ मन्दिर अगाडि भएर चलाखुतर्फ बग्दथ्यो। (१९९० सालको भूकम्पमा भैरवनाथ मन्दिर भत्केपछि पुनः बनाउन जग खन्दा त्यहाँ पानीको ठूलो मात्रा भेटिएको बुढापाकाहरू सुनाउने गर्दछन्। **यस ठाउँमा पहिले मसानसमेत रहेकोमा पछि शैव तथा वैष्णव देवदेवीहरू स्थापना गरी पवित्र बनाउने काम भएको देखिन्छ।** ने.सं. ८८ मा यहाँ ललित महेश्वर भैरवको लागि ताम्र कलश दान गरेको अभिलेख तथा ने.सं. १२५ मा निभर्यदेवको समयमा शिवमन्दिर बनाउन आम्दानी बाँधेको अर्को अभिलेखले टौमढी टोलको प्राचीनता झल्काउँछ। त्यसबेला यो क्षेत्रलाई शीवग्वल क्षेत्र समेत भनिँदो रहेछ। पछि आनन्द देवको समयमा प्राचीन वास्तुशास्त्रअनुसार यहाँ मध्य भागमा भैरव नाथ स्थापना गरी श्रीयन्त्राकार शहर बसाल्ने कार्य भयो। यसरी प्राचीन समयदेखि नगरको बाहिरी सिमाना तथा मसानको रूपमा रहेको टौमढीलाई नगरकै मध्य भाग बनाउने प्रयास लिच्छवि राजा आनन्द देवबाट भयो। गोपालराज वंशावलीमा त्यही आनन्द देवले तिलमाधव नारायण चोकमा मन्दिर जीर्णोद्धार गरेको अभिलेख त्यहाँस्थित गरुडस्तम्भबाट थाहा पाउन सकिन्छ।

भक्तपुर शहर स्थापना गर्ने लिच्छवि राजा आनन्द देव (ने.सं. २६७–२८६) ले यो शहरलाई समस्त नेपाल मण्डलकै राजधानीको रूपमा प्रतिस्थापित गर्दा २४ टोलहरूमा वर्गीकरण गर्दाको एक प्रमुख टोलको रूपमा तलमण्डे या टौमढीलाई लिन सकिन्छ। टौमढी क्षेत्रलाई गोपालराज वंशावलीमा तलमण्डे भनी ठाउँ ठाउँमा उल्लेख गरेको देखिन्छ। ने.सं. ४३६ मा गोपालराज वंशावलीमा यस क्षेत्रको देवतामा पसिना आएको कुरा उल्लेख भएको छ। यही टौमढी टोल समिप जयरुद्र मल्लको समयमा जङ्गम मठ स्थापना हुनु पनि महत्त्वपूर्ण तथ्य हो। साथै जयस्थिति मल्लले बनाउन लगाएको गहितिको लक्ष्मीनरसिंह मन्दिर तथा यक्ष मल्लले गहिति टोलमा लक्ष्मीनारायणको मूर्तिले यस क्षेत्रको प्राचीनतामा थप बल प्रदान गर्छ।

यहाँ रहेका अन्य प्राचीन सम्पदाहरूमा नवगृह समेतको मूर्ति फलक रहेका ढुङ्गेधारा त्यस धाराको दक्षिणतर्फ अवस्थित विशाल शिवलिङ्ग, त्यसको छेउको यक्ष मल्लकालीन ने.सं. ५६१ को शिलापत्र, त्यही ढुङ्गेधाराको पश्चिमतर्फको एक्लो लिच्छविकालीन चैत्य आदिबाट पनि यो क्षेत्रको प्राचीनता झल्किन्छ। विश्व मल्लले ने.सं. ६६७ मा एकतले भैरवको मन्दिर बनाएपछि यो ठाउँको महत्त्व अझ माथि पुगेकोमा जगतप्रकाश मल्लले तीनतले भब्य मन्दिर बनाउन लगाए। यता जितामित्र मल्लले यहाँ पु बहा, दथु बाहा, भोत्या बहा जस्ता विभिन्न बहाहरू बनाउन लगाए। भुपतीन्द्र मल्लले ने.सं. ८२३ मा विश्वप्रसिद्ध ५ तले मन्दिर बनाउन लगाए पछि टौमढी भक्तपुरको लायकुपछिको दोश्रो महत्त्वपूर्ण ठाउँ बन्न पुग्यो र यो क्षेत्रको प्राचीनतामा अझ बढी टेवा दिएको आभाष हुन्छ। यहाँ त्रिकुण्ड गणेश मध्ये चलाखु गणेश, सुलुमा, थुलुमा कुलुमा महादेव यही क्षेत्रमा अवस्थित छ। त्यस्तै दश महाविद्यामध्ये छिन्नमस्ता, चण्डीका र भुवनेश्वरी यही रहेका छन्। त्यस्तै ५ तले मन्दिरको नैऋत्य कोणमा जोर गणेश छ। यता बन्दी विनायक गणेश, जगनाथ मन्दिर, क्रोध भैरव, मसान भैरव, ऐसामढीले टौमढीलाई महत्त्वपूर्ण सांस्कृतिक सम्पदायुक्त थलो बनाएको छ। त्यस्तै टौमढीको बीचमा रहेको तऱ्हाँ दबु, चुकधां दबु, बेता दबु, लुँहिति आदिले झनै शोभायमान बनाएको छ। यो ठाउँबाट सात विभिन्न ठाउँ जाने बाटो रहेका छन् क्वाछँ, ग:हिति, स्वाँमला, बहलाँ, चलाखु, चतुर्वर्ण विहार, र नारायण चोक। यी बाटोको मध्येभागमा परेको टौमढीमा वर्षभरि जस्तो चल्ने जात्राहरूमा भैरव भद्रकालीको अधिकांश जात्रा यसै ठाउँबाट शुरु भएको हुन्छ। बिस्केट जात्रा होस् वा भाद्रशुक्ल प्रतिपदाको दिन घुमाउने परालको साँचा होस् वा पुलुकिसी, मसान भैरव, वालंद भैरव, कृष्णजात्रा जस्ता धेरै जात्रा पर्वहरूको शुरुवात यही टौमढी टोलबाट भएको पाइन्छ।

## तिलमाधव नारायण मन्दिर

यसै सर्न्दभमा हालै मात्र भक्तपुर टौमढीस्थित तिलमाधव नारायण मन्दिरमा सुनको छाना छाउने देखि तोरणको मूर्ति प्रतिस्थापन गर्ने महत्त्वपूर्ण कार्य जनसमूदायबाट उत्साहपूर्ण ढङ्गले सम्पन्न भइसकेको छ। विश्वप्रसिद्ध ङातापोल र भैलदेगः रहेको अझ वर्षको सबैभन्दा बढी जात्रा हुने टौमढी परिसरमा यो मन्दिर रहेको जानकारीसमेत प्राय:लाई नभएको देख्दा यो आलेख उनै तिलमाधव नारायणलाई समपर्ण गर्न चाहें। ङातापोल तथा भैरवनाथ मन्दिरसँगै एक चोकभित्र रहेको दुईतले छाने शैलीको तिलमाधव नारायण मन्दिर परिसरको चर्चा त्यति भएको पाइँदैन। पश्चिमाभिमुख सो मन्दिर यहाँको एक पुरानो सम्पदा हो। चार नारायणमध्ये तिलमाधव नारायण यद्यपी यहि छ। नारायण चोकभित्र वाणेश्वर महादेव, धनवाराही कुमारलगायतका थुप्रै देवदेवी स्थापना गरिएको छ। ढुङ्गैढुङ्गाको अति कलात्मक भूगोलको मूर्ति यहाँको अर्को महत्त्वपूर्ण कलाकृति हो।

विशेष गरी हिन्दु धर्मभित्र पनि वैष्णव मतको प्राचीनतामा चाँगु, इचंगु आदिको महत्त्व रहेको छ। त्यसमा पनि ऐतिहासिक प्रमाणको आधारमा चाँगुमा रहेको मानदेवको अभिलेखले यसमा थप उर्जा प्रदान गरेको छ। त्यसरी नै भक्तपुर नगरभित्र पूर्वमा सूर्यमढीदेखि नगरभरि नै नारायणका मूर्तिहरू रहेको छ। त्यसमा अभिलेखको आधारमा सबैभन्दा प्राचीन मन्दिर तिलमाधव नारायणको मन्दिर हो। तिलमाधव नारायण मन्दिर कहिले कसले स्थापना गरेको हो, त्यति भरपर्दो सूचना हालसम्म पनि प्रकाशमा आउन सकेको छैन। तर पनि यो मन्दिर अगाडि शिलास्तम्भमा लिच्छवि राजा आनन्द देवको समयमा यो मन्दिर जीर्णोद्धार गरेको प्रमाण छ। जुन राजाले नै पहिलेको खोपृङ नगरको ठाउँमा श्रीयन्त्राकार भक्तपुर नगर स्थापना गरेको थियो। यसरी भक्तपुर नगर बसाइसकेपछि पहिलेदेखि नै यहाँ स्थापित तिलमाधव नारायणको मन्दिर उनले ने.सं. २८३ मा जीर्णोद्धार गरेको प्रमाण छ। तसर्थ ने.सं. २८३ अगावै यस ठाउँमा यो मन्दिर रहिसकेको स्पष्ट हुन्छ। मन्दिरबारे चल्दै आएको एक किंवदन्तिअनुसार धर्मदत्त नाम गरेको एकजना बानियाँ ब्यापारी दिनहुँ यस ठाउँमा बसेर तिल बेच्थे। एक दिन तिल बेच्दै गर्दा जति तिल बेचे पनि सकिँदै सकिएनछ। पछि अचम्म मानेर हेर्दा तिल मुनि नारायण देवता रहेछ र आफूले बेचेको तिलको पैसाले सोही देवता यहाँ स्थापना गरेछ। तिलको थुप्रोबाट उत्पत्ति भएको हुँदा यसको नाम नै तिलमाधव नारायण भनियो। तर यो नारायण वास्तविक रूपमा माधव नारायण नै हो। माधव नारायणको सोझै सम्बन्ध माघ महिनामा पुजिने नारायण हो। माधवबाट नै माघ भएको अर्थले पनि यहाँ माघ महिनाभरि माघ हालेगु चलन अझै छ। भक्तपुर खोहरेस्थित पवित्र तीर्थबाट माधव नारायणलाई यो मन्दिरसम्म ल्याई दर्शन गराउने परम्परा छ। साथै केही समय अगाडिसम्म चुपींघाटबाट माघ हालेगुको समापन प्रत्येक दिन यही माधव नारायण मन्दिरमै हुन्थ्यो। यो परम्परा हाल छैन। तापनि यहाँ माघ महिनाभरि तिलमाधव नारायणको जल प्रसाद ग्रहण गर्ने भक्तालुहरूको भीड लागेको हुन्छ। साथै तिल दान गर्ने पमुख दिन माघ संक्रातिको दिन यहाँ ठूलो मेला लाग्छ। यस दिन तिलमाधव नारायणलाई घिउ चाकुले दल्ने, गाईलाई उसिनेको गहुँ ख्वाउनेहरूको सङ्ख्या ठूलो हुन्छ।

तिलमाधव नारायणसित जोडिएको एक अर्को किंवदन्तिअनुसार भक्तपुरका राजा नरेश मल्लको पालामा एकपटक पूर्वका किराँतीहरूले भक्तपुरमा आक्रमण गर्न आएछ।

उनीहरूसित मुकाबला गर्ने सेना तथा आँट नहुँदा  राजा अति चिन्तित बन्न पुगेछ । त्यतिबेला यही तिलमाधव नारायणको पूजा आराधना गर्न लागेछ । राजाको यस्तो दुःखको बेला सहायता गर्न तिलमाधव नारायणले प्रशस्त भमरा (अरिङ्गाल ?) हरू उत्पन्न गरी किराँती सेनामाथि आक्रमण गरेछ । भमराहरूको टोकाईले किराँती सेनाहरू भागाभाग  भएछ । कयौँको मृत्यु भएपछि किराँतीहरू आफूले ल्याएको धनु, वाण, ढाल आदि छोडेर भागेछन् । ती सबै हातहतियार अहिले पनि तिलमाधव नारायण मन्दिरभित्र सुरक्षित छ भन्ने गरिन्छ । तर यो भनाइमा कतिको सत्यता छ, त्यसप्रति चासो पाइँदैन । राजा नरेश मल्ल कमजोर प्रवृत्तिका राजा अवश्य नै थिए । उनको समयमा कान्तिपुरका राजा प्रताप मल्लले पटक पटक भक्तपुरमा आक्रमण गरेको थियो । सम्भवतः त्यतिबेला नरेश मल्ललाई यस्ता आक्रमणबाट जोगाउन यो किंवदन्तिले सहयोग गरेको हुनसक्छ ।

तिलमाधव नारायण हुनु अघि किराँतकालमै यहाँ एउटा कुलो रहेको कुरा माथि गइसकेको छ । टौमढी टोलको वास्तुलाई आकलन गर्दा पनि यो प्रष्ट हुन्छ । क्वाछेँ, साकोठा, बहत्वाः आदि उच्च जमिन भई त्यहाँबाट पानी सोझै यही टौमढी आउँछ । जुन अहिलेको भैरवनाथ मन्दिर अगाडिबाट चलाखुतर्फ बग्छ । चलाखु हुँदै भगवतीस्थान वा लयको दुवै तर्फबाट पसिखेल वा चुपिंघाटमा विर्सजन हुँदै आएको छ । चलाखु शब्दको पछि आएको लखु शब्दले पानी नै जनाउँछ । परापूर्वकालदेखि यसरी नै कुलोमार्फत ढल वा वर्षातको पानी बग्ने सो कुलोलाई संस्कृतमा तीलमक भनिन्छ । सोही तीलमकको नामबाट सो क्षेत्रलाई नै तलमण्डे भनियो । त्यतिमात्र होइन, तीलमकसँगै स्थापना भएको माधव नारायणलाई समेत तीलमक माधव नारायण अर्थात कुलोछेउ रहेको माधव नारायण कहलियो । यसको पछि अपभ्रंश तिलमाधव नारायण बन्न पुग्यो । तिलको थुप्रोबाट उत्पत्ति भएको नारायण भनी कथा बुनियो । यही कथालाई स्थान दिई नेपाल महात्म्यजस्तो ग्रन्थमा समेत तिलमाधव नारायणलाई तिलसँग मात्र सम्बन्धित गरी व्याख्या भएको पाइन्छ ।

**सन्दर्भ श्रोत**


१. गोपाल राजवंशावली
२. भाषा वंशावली
३. लिच्छविकालका अभिलेख– धनवज्र वज्राचार्य
४. अभिलेख, वर्ष १७ अङ्क १७
५. पासुकाका विभिन्न अङ्क
६. नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन– लिलाभक्त मुनंकर्मी
७. हजार वर्ष अघिका कथा– लिलाभक्त मुनंकर्मी
८. नेपाल महात्म्य
९. भक्तपुर शिलालेख सूची




## आफन्तीको कथा



विनय कुमार कसजू

### ईस्वरको लौरो ईस्वरको भक्तको टाउकोमा

एक दिन आफन्तीले आफ्नो बगैँचामा एक जना जोगीले फलफूल चोर्न लागेको देखे । उनले जोगीलाई समात्दै भने, 'जोगी भएर पनि अर्काको बगैँचाको फलफूल चोर्न लाज लाग्दैन ?'

जोगीले आफन्तीलाई सम्झाउँदै भने, 'मेरो केही गल्ती छैन । म ईस्वरको भक्त हुँ । यो फलफूल, यो बगैँचा, यो संसार सबै ईस्वरकै त हो नि । ईस्वरको भक्तले ईस्वरकै फल खानु केको गल्ती ?'

जोगीको कुरा सुनेर आफन्तीले मोटो लौरो लिए र जोगीलाई पिट्न थाले ।

'के गरेको पापी ? ईस्वरको भक्त जोगीमाथि हात उठाउन तँलाई डर लागेन ? तँलाई ईस्वरको कत्ति पनि डर छैन ? पापी ।' जोगीले जङ्गिँदै भन्यो ।

आफन्तीले सफाइ दिँदै भने, 'ईस्वरको बगैँचाको रक्षा गर्न ईस्वरको फलफूलको बोटमुन्तिर बसेर ईस्वरकै लौरोले ईस्वरको भक्तलाई पिट्नु पनि केको पाप ? यो त भगवानकै सेवा भएकोले पुण्यको काम हो ।'

नैतिक कथा

### समय र उर्जाको दुरूपयोग

मानिसहरू एउटै र उस्तै समस्यालाई लिएर एक विद्वान कहाँ आइरहन्थे । एक दिन उनले तिनीहरूलाई एउटा चुट्किला सुनाए । सबैजना मज्जाले हाँसे ।

केही समय पछि त्यही चुटकिला फेरि सुनाए । तर केही जनामात्र मुस्कुराए ।

एक छिन पछि त्यही चुट्किला तेहोऱ्याएर सुनाए । तर कोहिपनि मुस्कुराएनन् ।

विद्वान आफै मुस्कुराउँदै भने– 'एउटै टठ्यौलीमा पटक पटक हाँस्न सकिँदैन भने एउटै समस्यालाई लिएर सधैँ किन चिन्तित हुन्छौ ?'

शिक्षा : चिन्ता गरेर समस्याको समाधान हुँदैन, त्यसो गर्नु केवल समय र उर्जाको दुरूपयोग मात्र हो ।

# ‘मन्दबुद्धि’ का विश्वविख्यात वैज्ञानिक अल्बर्ट आइन्स्टाइन - १





राजेन्द्रबहादुर कायष्ठ

**विषय प्रवेश :** विश्वमा केही मानिसहरू मृत्यु पछि पनि उनीहरूको महान् कार्यले गर्दा सदासर्वदा सम्झनामा रहेका हुन्छन् । उनीहरूले जीवनमा आफ्नो भन्दा विश्वका मानिसहरूको लागि केही न केही गर्ने चाहनाले सधैँ चिन्तन मनन गरिरहे । यस्मा साहित्यकार, समाजसेवी, दार्शनिक, शिक्षाविद्, मनोवैज्ञानिक, राजनेता, वैज्ञानिक आदि पर्दछन् । वैज्ञानिकहरूले पनि आफ्नो अथक प्रयासबाट आजको आधुनिक उपकरणहरू कम्प्युटर, मोवाइल, टेलिफोन, हवाइजहाज, पानी तान्ने पम्प, विभिन्न सवारी साधनहरू आदि आविष्कार गरेर आजका मानिसहरूको जीवन सहज र सरल बनाइदिएको छ । यसै क्रममा अल्वर्ट आइनस्टाइनले यस अघि गरेको आविष्कार भन्दा भिन्न आविष्कार गरेर विश्वलाई चकित र नयाँ आयामको विकास गरे । उनले पदार्थ, शक्ति, समय र अन्तरिक्ष सम्बन्धमा नयाँ दृष्टिकोण प्रस्तुत गरे । यस कार्यबाट उनी बीसौँ शताब्दीका महान् वैज्ञानिकको रूपमा स्थापित भए । उनलाई बीसौँ शताब्दीको सबभन्दा बुद्धिमान मानिस मानिन्छ । अहिलेसम्म पनि भौतिक विज्ञानमा उनको आविष्कारको महत्त्व धेरै छ । आधुनिक विज्ञान पनि उनको आविष्कारको देन अगाडि कमजोर मानिन्छ ।

**बाल्यकाल र शिक्षा :** आइन्स्टाइनको जन्म जर्मनीको प्रसिद्ध शहर म्युनिखबाट ८५ माइल टाढा पश्चिममा रहेको उल्म भन्ने स्थानमा सन् १८७९ मार्च १४ मा यहुदी परिवारमा भएको थियो । उनको बुबाको नाम Hermann Einstein र आमाको नाम Pauline Koch हो । जन्मन्दा उनको टाउकोको आकार अन्य शिशुको तुलनामा धेरै ठूलो थियो । उनी बाल्यकालमा मन्दबुद्धिका थिए । सामान्यतया बच्चाहरू १ देखि २ वर्षको हुँदा बोल्ने गर्दछन् । तर उनी ४ वर्षसम्म राम्रोसँग बोल्न सकेका थिएनन् । उनको बोली पनि ढिलो मात्र फुटेको थियो । उनी ४ वर्षको हुँदा एकदिन बेलुकाको खानासँगै आइन्स्टाइनले सुप खाँदा पहिलो पटक उनले ‘सुप त धेरै तातो छ ।’ भनी बोलेका थिए । यसबाट उनका आमाबुबा धेरै खुशी भएका थिए । साथै उनको आमाबुबाले उनलाई अहिलेसम्म नबोल्नुको कारण सोद्धा उनले गजवको जवाफ दिएका थिए ‘अहिलेसम्म सबै ठीक थियो त्यस्तो भन्नुपर्ने कुरा अनुभव गरेकै थिइँन ।’ सन् १८८० मा उनको परिवार जर्मनीको अर्को शहर म्युनिखमा बसाइ सऱ्यो । त्यहीं उनका पिता र काका Jakob मिलेर विद्युतीय सामान उत्पादन गर्ने कम्पनी Elektrotechnische Fabrik J. Einstein & Cie, खोले ।

आइन्स्टाइनको बोलीको विकास ढिलो भएकोले उनी ५ वर्षको भएपछि Catholic elementary school मा भर्ना भए । उक्त विद्यालयमा आइन्स्टाइनले ३ वर्ष अध्ययन गरे । विद्यालयमा अध्ययन गर्दा उनी मन्दबुद्धिका बच्चाको रूपमा चिनिन्थे । उनलाई शिक्षकहरू पनि वेवकुफ बच्चाको रूपमा लिन्थे । किनकी उनी गणित र विज्ञानबाहेक अन्य विषयहरूमा प्रायः अनुत्तीर्ण हुन्थे । साथै कक्षाकोठामा अनेक प्रश्नहरू सोधेर शिक्षकहरूलाई हायकायल पार्दथे । सोही कारण विद्यालयमा अध्ययनको क्रममा शिक्षकबाट प्रायः पिटाइ खाइरहन्थे । उनी विद्यालयमा विषयबारे बुझाउनुभन्दा घोकाएर कण्ठ पार्न लगाउने तरीका देखेर दिक्क मान्थे । यसले गर्दा उनी अध्ययनमा राम्ररी ध्यान दिँदैनथे । शिक्षकहरू उनलाई सन्काहा र मन्दबुद्धिको बच्चा भन्ने गर्दथे । सबै शिक्षकहरूले आफूलाई मन्दबुद्धि भनेको सुनेर उनले एकदिन एकजना शिक्षकलाई सोधे ‘म तीक्ष्ण बुद्धिको हुन के गर्नुपर्दछ ?’ शिक्षकले एक वाक्यमा जवाफ दिए ‘अभ्यास गर्ने किनकि अभ्यास नै सफलताको मूलमन्त्र हो ।’ त्यसपछि उनले तीक्ष्ण बुद्धिको बन्ने उपाय अभ्यास हो भनी निश्चय गरेर किताब पढ्ने र त्यस सम्बन्धी विभिन्न जिज्ञासाहरू सोच्न थाले । उनको हातमा प्रायः किताब भइरहन्थ्यो । उनी मनमनै शिक्षकले भनेको शब्द निरन्तर अभ्यासले सफलता प्राप्त हुन्छ भन्ने कुरा सम्झने गर्दथे । उनले विस्तारै पढाइमा राम्रो उपलब्धि हासिल गर्न थाले । उनको स्वभाव पनि अनौठो थियो । उनलाई आफ्नो

उमेरका साथीहरूसँग खेल्ने, घुम्ने, कुराकानी गर्ने, रमाउने आदिमा रुचि थिएन । उनी एकान्तमा बसेर विभिन्न रुख विरुवा, जन्तुहरू र ब्रम्हाण्डबारे सोचिरहन्थे । उनको मनमा जहिले पनि यो संसार कसरी चलिरहेको छ भन्ने प्रश्न उठिरहन्थ्यो । उनको यो बानी देखेर आमाचाहिं आइन्स्टाइन भविष्यमा ठूलो मानिस हुनेछ भन्ने गर्दथिन् । उनको साथीभाइहरूसँग कम घुलमिल हुने र गम्भीर स्वभाव देखेर भ्वायलिनका ज्ञाता उनको आमाले उनलाई भ्वायलिन बजाउन सिकाइदिइन् । यसपछि आइन्स्टाइन एकान्तमा बसेर लामो समयसम्म भ्वायलिन बजाएर रमाउने गर्दथे । उनी ८ वर्षको हुँदा Luitpold Gymnasium (हाल Albert Einstein Gymnasium) मा पढ्न गए । उनले यस विद्यालयमा प्राथमिक तह र निम्न माध्यमिक तह गरी ७ वर्ष अध्ययन गरे ।

**विज्ञानप्रति रुचि :** आइन्स्टाइनलाई विज्ञानप्रति रुचि उनी विरामी हुँदा खेलौनाको रूपमा बुबाले दिशा छुट्याउने कम्पास किनेर ल्याइदिएबाट शुरु भएको मानिन्छ । आइन्स्टाइन उक्त कम्पासले सधैँ उत्तर र दक्षिण ध्रुव देखाउने प्रकृति देखेर आर्श्चय भए । उक्त कम्पासले सधैँ एउटैमात्र दिशा किन देखाएको होला भनेर उनमा कौतुहता जगायो । यसको उत्तर पत्ता लगाउन उनले धेरै सोचे र अन्त्यमा यो जिज्ञासा उनका पिता समक्ष राखे । त्यसपछि फेरि यही प्रश्न उनका काका जेकवसँग पनि राखे । जेकव एक इन्जिनियरका साथै कुशल गणितज्ञ पनि थिए । उनले दिएको उत्तरबाट उनको दिमागमा नयाँ उर्जा थप्यो । त्यसपछि उनले हरेक कुरालाइ के, किन र कसरी भनी विचार गर्न र सोच्न थाले । उनको भनाइअनुसार उनै काका जेकवले गर्दा उनलाई गणित विषयप्रति रुचि जागेको थियो । उनलाई शुरुमा धेरैले मन्दबुद्धिका ठाने पनि विस्तारै राम्रा र तेजिला विद्यार्थीको रूपमा आफूलाई प्रस्तुत गर्न थाले । उनको रुचि कठिन विषय गणितमा बढ्न गयो । उनका काका जेकवको प्रेरणाले उनी १२ वर्षको हुँदा युक्लिडको ज्यामितिको अध्ययन गरे । उनीमा गणित र भौतिक विज्ञानमा विशेष चासो र रुचि बढ्दै गयो । यसबाट उनले पढाइमा राम्रो स्थान प्राप्त गर्न सफल हुँदै गए । १६ वर्षको उमेरमा उनले गणितको महत्त्वपूर्ण खण्ड इन्टिग्रल क्यालकुलसको पनि राम्ररी अध्ययन गरे ।

**सङ्घर्ष र सफलता :** सन् १८९४ मा उनको बुबा र काकाले खोलेको कम्पनी ठूलो घाटामा गयो । उनीहरूले आफ्नो कम्पनी बेच्नुपर्ने वाध्यता आयो । त्यसपछि उनको परिवार व्यापारको खोजीमा पहिला इटालीको रोममा गए । त्यहाँ केही महिना बसे त्यसपछि पाभिया सरे । तर उनी विद्यालय तहको पढाइको लागि म्युनिखमा नै बसे । त्यसबेला उनी १५ वर्षका थिए । उनी लगभग एक वर्ष एक्लै म्युनिखमा बसे । त्यसपछि उनी त्यहाँबाट परिवार भएको इटाली पुगे । यसरी उनले पढाइ छाडेर इटाली आएकोमा उनका आमाबुबा दुवै रिसाए । तर उनले आफू इटाली आउनुको कारण त्यसबेलाका जर्मनी शासक बिस्मार्कको नीतिले गर्दा हो भनी बताए । त्यसबेला जर्मनीमा युवाहरूलाई सेनामा भर्ती गर्दथे । आइन्स्टाइन शान्तिप्रिय र एकान्त मनपराउने भएकोले सेनामा भर्ती हुनुपर्ला भनेर इटाली गएका थिए । उनी १६ वर्षको हुँदा उनले अध्ययनको लागि Swiss Federal Polytechnic School in Zürich मा प्रवेश परीक्षा दिए । तर उनी प्रवेश परीक्षाको सामान्य ज्ञानको भागमा असफल भए । तर गणित र भौतिक शास्त्रमा राम्रो अङ्क प्राप्त गरे । उक्त विद्यालयका प्रधानाध्यापकको सिफारीसमा उनी Argovian cantonal school (gymnasium) in Aarau, Switzerland, भर्ना भए । यही विद्यालयमा उनले सन् १८९५ र १८९६ मा माध्यमिक तहको अध्ययन पुरा गरे । सन् १८९६ मा उनले पुन Swiss Federal Polytechnic School in Zürich मा भर्ना हुन सफल भए । त्यहाँ उनले गणित र भौतिकशास्त्र अध्ययन गर्न थाले । उनी प्रायः पुस्तकालयमा गएर लामो समयसम्म अध्ययन गर्ने गर्दथे । सन् १९०० मा उनले विज्ञानमा स्नातक गरे । सन् १९०१ मा उनी स्विटजरल्याण्डको नागरिक बने । स्नातक उत्तीर्ण भए पछि उनी रोजगारीको खोजीमा लागे । यसको लागि विभिन्न स्थानमा प्रयास गरे तर उनी रोजगारी पाउन सफल भएनन् । रोजगारीको लागि दैनिक रूपमा विभिन्न पत्रपत्रिकाहरूमा नोकरीको लागि विज्ञापन पढ्थे । रोजगारीको अभावमा उनलाई हात मुख जोर्न पनि कठिन हुँदै गयो । यसरी रोजगारीको खोजीमा यताउता भौंतारिरहेको बेला एकदिन उनले एक गणितज्ञ साथी ग्रोसमानसँग भेट भयो । ग्रोसमानले आफ्नो बुबालाई अनुरोध गरेर बर्न शहरमा रहेको एक पेटेण्ट कार्यालयमा नोकरी मिलाइदिए ।

आइन्स्टाइन सधैँ नयाँ कुराहरू मात्र सोचिरहन्थे । त्यसैले सधैँ एकैनासको काम गरिरहनु पर्दा दिक्क भइसकेका थिए । कार्यालय समयमा पनि उनी भौतिकवादसम्बन्धी विभिन्न नयाँ कुराहरूको बारेमा कल्पना गरिरहन्थे । उनले जागीरको साथसाथै आफ्नो अध्ययनलाई पनि निरन्तरता दिइरहेका थिए । उनले पी.एच.डी. उपाधी प्राप्त गर्ने क्रममा धेरै शोधपत्रहरू प्रस्तुत गरेका थिए । त्यसमध्ये **सापेक्षवादको सिद्धान्त** पनि एक थियो । सन् १९०५ मा उनले यही शोधपत्रबाट पी.एच.डी. उपाधी प्राप्त गरे । उक्त सिद्धान्तमा $E = mc^2$ सूत्रको पनि व्याख्या गरिएको थियो । उनले आफ्नो सापेक्षवादको सिद्धान्त पत्रपत्रिकाहरूमा छपाएर विभिन्न वैज्ञानिक एवं अन्य व्यक्ति सामु प्रस्तुत गरे । उनको प्रकाशित सिद्धान्तले विश्वभरि नै तहल्का मच्चायो । यसको १ वर्षपछि सन् १९०६ मा क्वाण्टम मेकानिक्सको बारेमा अर्को शोधपत्र प्रस्तुत गरे । यसबाट आइन्स्टाइनको ख्याती विश्वभरि फैलियो । अब उनलाई सबैतिरबाट सम्मानको ओइरो नै लाग्यो । त्यसपछि आफ्नो पुरानो जागिर छोडेर सन् १९०९ मा उनी ज्युरीच विश्वविद्यालयमा सहायक प्रोफेसरमा नियुक्ति भए ।

एउटा समयमा हात मुख जोर्न गाह्रो र रोजगारीको लागि सडकमा भौंतारिएर हिँड्ने आइन्स्टाइन अब विश्व प्रसिद्ध भइसकेका थिए । उनलाई प्रवचनको लागि विभिन्न ठाउँहरूबाट निमन्त्रणा आउने, सडकमा हिँड्दा उनलाई भेट्न मानिसहरूको घुइँचो लाग्न थाल्यो । उनले प्रयोग गरेका सामानहरू मानिसहरूलाई

मूल्यवान हुन थाल्यो। अब उनलाई मानिसहरू अत्यन्त तीक्ष्ण र विलक्षण प्रतिभा भएको मानिसको रूपमा मान्न थाले। एकदिन उनी रेलबाट उत्रँदै थिए त्यहाँ उनलाई हेर्न मानिसहरूको भीड लाग्यो। त्यसैभीडमा एकजना मानिसले आफनो बच्चालाई उचालेर आइन्स्टाइनलाई देखाउँदै भने 'हेर छोरा यो दृश्य अत्यन्त दुर्लभ हो। तिमी अहिलेसम्मको मानव इतिहासमा सबैभन्दा तीक्ष्ण र ठूलो मानव मस्तिष्क भएको मानिसको दर्शन गर्दैछौ।' यस भनाइबाट सिद्ध हुन्छ कि आइन्स्टाइनप्रति मानिसहरू कति आस्था र सम्मान व्यक्त गर्दछन्।



आइन्स्टाइन, सन् १९१२ मा

सन् १९११ मा उनलाई प्राग विश्वविद्यालयमा प्रोफेसर भएर काम गर्न निम्ता आयो। उक्त निमन्त्रणा स्वीकार गरी एकवर्ष प्राग विश्वविद्यालयमा काम गरे। सन् १९१२ मा पुनः ज्युरीच फर्किए। २ वर्ष पछि सन् १९१४ मा बर्लिनको विज्ञान प्रतिष्ठानको निमन्त्रणामा ज्युरीच छोडेर बर्लिन आए। उक्त विज्ञान प्रतिष्ठानमा अन्य प्रसिद्ध वैज्ञानिकहरूसँग काम गर्ने मौका पाए। यसले उनलाई आफनो अनुसन्धान अझ राम्ररी अगाडि बढाउन अनुकूल वातावरण बन्यो।

सन् १९१४ देखि प्रथम विश्वयुद्ध शुरु भइसकेको थियो। उनी शान्तिप्रिय स्वभावका थिए। यसकारण उनले विश्वयुद्ध रोक्नको निम्ति विभिन्न अपिलहरू गरे। सन् १९१५ मा आइन्स्टाइनले सामान्य सापेक्षवादको सिद्धान्त पूर्ण रूपमा प्रकाशमा ल्याए। तर उनलाई सन् १९२१ मा फोटो इलेक्ट्रिक इफेक्टको अध्ययन अनुसन्धानमा नोवेल पुरस्कार प्रदान गरियो। फोटो इलेक्ट्रिक इफेक्टअनुसार नै सौर्य शक्तिलाई विद्युत शक्तिमा रूपान्तरण गरिन्छ। नोवेल पुरस्कारबाट प्राप्त रकम उनले पहिल्यै पारपाचुके गरिसकेकी श्रीमतीलाई दिए। सन् १९३३ मा जर्मनीमा निरंकुश शासक हिटलर सत्तामा आए। हिटलर त्यहाँका अल्पसङ्ख्यक यहुदीलाई देखी सहँदैन थिए। यसैक्रममा हिटलरले जर्मनीमा रहेका यहुदीहरूको नरसंहार गर्न थाले। आइन्स्टाइन पनि यहुदी भएकोले हिटलरको क्रुर आँखा परिसकेको थियो। त्यसपछि आइन्स्टाइन हिटलरको अत्याचारबाट बच्न सन् १९३२ मा सधैँका लागि जर्मनी छाडेर अमेरिकामा शरण लिन पुगे। उनलाई विश्वका विभिन्न विश्वविद्यालयबाट काम गर्नको लागि निमन्त्रणा आए पनि उनले अमेरिकाको प्रिन्सटन विश्वविद्यालयमा काम गर्न रोजे। उक्त विश्वविद्यालयमा उनले जीवनको अन्तिम घडीसम्म काम गरे। उक्त विश्वविद्यालयमा काम गर्न जाँदा शुरुमा उनलाई प्रयोगका लागि आवश्यक वस्तुहरूको सूची माग्दा उनले भने 'एउटा कालो पाटी, केही चकहरू, पेन्सिल, कलम, एउटा टेबुल, दुई चारओटा मेचहरू र टुक्राटाक्री कागजहरू फाल्नको लागि एउटा ठूलो टोकरी।' उनलाई फेरि सोधियो 'किन ठूलो टोकरी ?' आइन्स्टाइनले उत्तर दिए 'तपाईँलाई थाहा नै होला। म धेरै गल्तीहरू गर्ने गर्दछु। यसकारण मेरा घेरै गल्तीहरूको लागि ठूलो टोकरी चाहिन्छ।' आइन्स्टाइन गल्ती स्वीकार्नमा कहिल्यै पनि डराउँदैनथे। उनी भन्ने गर्दथे 'गल्तीबाट डराउने मानिसले कहिल्यै नयाँ कुरा सिक्न सक्दैन।' आइन्स्टाइनको प्रयोगशाला भनेको मस्तिष्क र उपकरण भनेको चक, डस्टर, कालोपाटी, कलम र कागजहरू हुन्थे।

सन् १९३९ तिर दोस्रो विश्वयुद्धको बादल मडारिन थालिसकेको थियो। त्यसै क्रममा अमेरिकी राष्ट्रपति रुजवेल्टले आइन्स्टाइनलाई परमाणु बम बनाउनका निम्ति अनुरोध गरेर पत्र लेखे। धेरै सोच विचार पछि आइन्स्टाइन परमाणु बम बनाउने कुरामा सहयोग गर्न सहमत भए। उक्त बम नै दोस्रो विश्वयुद्धमा जापानको हिरोशिमा र नागासाकीमा खसालिएको थियो। जुन घटनालाई मानव इतिहासमा एउटा कालो दिनको रूपमा लिइन्छ। आइन्स्टाइन उक्त बम बनाउँदा जर्मनी र जापानलाई तर्साउन प्रयोग गर्ने उद्देश्यले बनाएका थिए। तर उक्त बमले लाखौँ मानव संहार भएको देखेर उनको मुटु छियाछिया भयो। पछि आइन्स्टाइनले त्यसलाई 'जीवनमा गरेको सबभन्दा ठूलो गल्ती' माने भने परमाणु बमको योजनामा काम गर्ने आइन्स्टाइनलगायत थुप्रै वैज्ञानिहकहरूले पश्चाताप (regret) गरे।

त्यसपछि उनले जीवनभर आणविक निःशस्त्रीकरणको अभियानमा लागे। सन् १९५२ मा आइन्स्टाइनलाई अमेरिकाले इजरायलको राष्ट्रपति बन्न आग्रह गरियो। तर उनले सो आग्रह स्वीकार गरेनन्। त्यसबेला उनले भनेका थिए 'राजनीति केही समयको लागि मात्र हो जबकि भौतिकवादका सिद्धान्त र सूत्रहरू अनन्त समयसम्म रहिरहन्छन्। अर्को आफू राजनीतिको लागि उपयुक्त मानिस होइन।' (क्रमशः)

चित्र : इन्टरनेट

# ज्यापू जातिले मनाउने विभिन्न चाडपर्वहरु–१



डा. हरिराम सुवाल,
वडाध्यक्ष, भनपा वडा नं. ६

चाडपर्वहरू संस्कारकै अभिन्न अङ्ग हुन् । संसारको जुनसुकै भागमा पनि आ–आफ्नो मौलिक गुणले युक्त भएका चाडपर्वहरू विकसित भएका हुन्छन् । समाजले तिनको संरक्षण र संवर्द्धन गर्दै आएको हुन्छ । त्यसैले ती अनन्तकालसम्म पनि जीवन्त हुन्छन् । हाम्रा धार्मिक, सामाजिक र सांस्कृतिक चाडपर्वहरू पुर्ख्यौली प्रसाद हुन् भने राष्ट्रिय पर्वहरू एकताका प्रतीक । वास्तवमा देशको सांस्कृतिक पक्ष तिनकै भरमा भरिलो हुन्छ । हाम्रो देश नेपालको संस्कार पनि अनेकौं चाडपर्वहरूले भरिपूर्ण रहेको छ । नेपाली संस्कार धर्म प्रधान संस्कार हो र नेपालमा परम्परादेखि मनाइँदै आएका चाडपर्व हो भन्ने कुरामा विवाद छैन । नेपालमा परम्परादेखि मनाइँदै आएका चाडपर्व र जात्राहरू देवी देवता अथवा पवित्रताको भावनासँग जोडिएका छन् । हामी उत्सव मनाउँदा पनि अलौकिक शक्तिको नाम अवश्य लिन्छौं । हाम्रो संस्कारमा एकदम विरोधाभास पनि पाइन्छ । भ्यागुताजस्तो पृथ्वीको तुच्छ प्राणीलाई खेतबाट खोजी खोजी ल्याएर पूजा गरी भोजन गराउँछौं । दानवको कल्पना गरी बोकालाई पोखरीमा फाली मान्छेले टोकेर मारी त्यसैको भोज पनि खान्छौं । देव शक्तिलाई प्रसन्न बनाउन थुप्रै चाडपर्व र जात्रा मनाउँछौं भने अर्कोतिर नरभक्षी पिशाचको पूजा गर्ने परम्परा पनि हामीले साँचेका छौं । देवी र देवताको मीत लगाउने पर्व पनि यहीं छ । महालक्ष्मी, गणेशलगायतका दर्जन देवी देवताको शवयात्रा विलाप गर्दै कालमोचन घाट लगी दाह संस्कार गर्दछन् र मलामीहरू स्नान गरी घर फर्कन्छन् । श्रीगणेशको पूजा गरेर तिनलाई बहिरा गणेश भनेर घच्घच्याउने पर्व पनि हामी मनाउँछौं । यस्ता अनेकौं लोभलाग्दा सांस्कृतिक परम्परा हामीले साँची आएका छौं । साथै भक्तपुर नगर सांस्कृतिक केन्द्र हो भन्ने कुरा पाटनको रातो मच्छिन्द्रनाथको जात्रा दशैंसम्म पनि नसकिएको खण्डमा भक्तपुरमा ल्याएर मनाउने चलनले पनि पुष्टि गर्दछ । अनिकाल कटाएर सहकाल ल्याउन चलेको मच्छिन्द्रनाथको जात्रापनि भक्तपुरबाटै गएको बताइन्छ । पाटनको मच्छिन्द्रनाथको जात्रा शुरु हुनुभन्दा अघि भक्तपुरबाट राजकीय पूजा भागसहितको खड्ग पाटनमा लगेर पूजा गरेपछि मात्र जात्रा शुरू हुने चलन केही वर्ष अघिसम्म चलेको थियो । तर हाल यो चलन हराइसकेको छ ।

नेपालका सबै देवस्थलमा वर्षभरिमा कुनै न कुनै मेला–पर्व पर्दछन् । ती मेला–पर्वहरू बेग्लाबेग्लै समुदायको संस्कारमा आधारित भएकाले नेपाली समाज अन्तर सांस्कृतिक सम्बन्धको ज्वलन्त नमुना पनि हो । धार्मिक सहिष्णुताले भरिपूर्ण हाम्रो समाजमा हिन्दू, बौद्ध, किरात देवी देवतासँग सम्बद्ध चाडपर्वबाट सबै नेपालीहरू मनोरञ्जन प्राप्त गरी लाभान्वित हुन्छन् । Dor Bahadur Bista का अनुसार :

Of all the Nepali people, Newars observe the greatest number of festivals and feasts. They spend a great amount of money and food on such occasions, the food consisting of buffalo meat, beaten rice, vegetables, pickles, curd and large quantities of beer and spirit. They take great pride and pleasure in spending great amounts for good food for the large feasts, more so than for domestic or family needs. Even the Jyapus, who are mainly peasants of small to average menas, spend heavily for feasts and festivals (**Bista,** 2004, p. 30)

(नेवारहरूको धेरै चाडपर्व र भोजहरू छन् । उनीहरू भोजमा धेरै खर्च गर्छन् । मनोरञ्जन गर्छन् । ज्यापूहरू पनि भोज र चाडपर्वमा धेरै खर्च गर्छन्)।

ज्यापू जातिका नेवारहरूमा पनि आफ्नो जीवनकालमा धेरै किसिमका चाडपर्वहरू मनाउने चलन छ । अझ ज्यापू जातिको कतिपय चाडपर्वहरू अन्य जातिको नेवार तथा नेपालीहरूको भन्दा भिन्नै किसिमको रहेको छ । ज्यापू जातिले मात्र मनाउने विभिन्न चाडपर्वहरूलाई यस अध्यायमा चर्चा गरिएको छ ।



गथामुग चऱ्हे

## गथांमुगः चः?हे (घण्टाकर्ण)

नेपालमा प्रचलित अनेकौँ चाडपर्वहरूमध्ये गथांमुगः चः?हे चाड एक रहेको छ। श्रावण कृष्ण चतुर्दशीको दिन मनाइने यो चाड चतुर्दशीका दिन सम्पन्न हुने चार प्रमुख चाडहरूमध्ये एक मानिन्छ (**जोशी**, २०६०, पृ. ६९)। सिथिनखः दक्व नखः क्वचाइगु म्ह्यामचा नखः खः सा गथामुंगः न्हापां वइगु कायमचा नखः खः। दच्छिया दुने दकलय् न्हापां वइगु थ्व नखः बांलाक मानय् मयात धाःसा मेमेगु नखः बांलाक मानय् याये खनीमखु धयातःगुलिं नखः सकल नेवाः तय्सं परम्परानिसे हे बांलाक हनावयाच्वंगु दु (सिथिनखः आइमाईको चाडपर्व हो भने गथामुंगः पर्व पुरूषहरूको पर्व हो। विभिन्न पर्वहरूमध्ये यो पर्व सबभन्दा पहिले आउने भएकाले अरू पनि पर्व राम्रो होस् भनेर यो पर्व राम्रोसँग मनाउने चलन छ) (**ताम्राकार**, ११२९, पृ. ९१)। गथांमगः चः?हेलाई घण्टाकर्ण पनि भनिन्छ। यो चाड कृष्ण चतुर्दशीका दिन मनाइन्छ किसानहरूले रोपाइँ सकाएपछि मनाइने सबभन्दा पहिलो चाड गथांमुगः चः?हे हो। यस दिन ज्यापूहरूले टोल टोलमा छ्वाली र नप (नर्कटको) को गथांमुगः बनाइन्छ (**राजवंशी**, २०६५, पृ. १११)। यस गथांमगः को शिर भागमा नाङ्लोमा घण्टाकर्ण राक्षसको अनुहार लेखी टाँगिन्छ। साथै लामो खालको लिङ्ग राखी हल्लाउँदै भित्र मान्छे बसेर लिएर जान्छन्। बाजागाजासहित पेभौको (सम्भोग गरौँ) नारा लगाउँदै कुनै निश्चित ठाउँको दोबाटो वा खोलामा गएर जलाउने गरिन्छ। बालबच्चा तथा बूढापाका र युवाहरू छ्वाली बाल्दै जान्छन्। नेवार समाजमा व्यापकरूपले प्रचलित लोकोख्यान अनुसार घण्टाकर्ण, जसलाई नेपाल भाषामा गथांमगः भनिन्छ, एक राक्षस थियो भने जनश्रुति रहेको छ (**जोशी**, २०६०, पृ. ६९)। यस दिन घरमा मासु ल्याई भोज खाने चलन पनि छ। साथै यस दिन सिनाज्या बेंकेगु चलन पनि छ। रोपाइँ गर्दा विभिन्न ठाउँमा खाएर आएको र किराहरूलाई मारेको कारण क्षमास्वरूप यस दिन एक छाक खाना छोड्ने र घर घरमा सरसफाइ गर्ने र पश्चाताप गर्ने चलनलाई सिनाज्या बेंकेगु भनिन्छ।

घण्टाकर्ण विषयमा एउटा किंवदन्ती यस्तो छ– 'नेपालमा परापूर्वकालमा एउटा यस्तो राक्षस रहन्थ्यो जसलाई देवताको नाम र धर्मकर्मका कुरा पटक्कै मन पर्दैनथ्यो। त्यस्ता कुरा गर्नेलाई मारिदिन्थ्यो। त्यस्ता कुरा सुन्नुपर्ला भनेर चिन्तित रहन्थ्यो। त्यो राक्षसलाई त्यतिबेला गठामुंगल भनिन्थ्यो। उसले आफ्नो चिन्ता निवारणका लागि आफ्ना दुवै कानमा सोहसत्र धार्नीका घण्टा भुण्ड्यायो र त्यो घण्टाको आवाजले देवताको नाम र धर्मकर्मका कुरा कानमा नपर्ने भएपछि बल्ल ढुक्क भयो। त्यसपछि उसको नाम घण्टाकर्ण रहयो। उसले सुनलाई भन्दा फलामलाई, धनीलाई भन्दा मगन्तेलाई मन पराउँदथ्यो। देवतालाई दुःख दिन्थ्यो। दोबाटो, चौबाटोमा बसेर जे पायो त्यही खान्थ्यो। बाटामा हिँड्नेसँग जगात (कर) माग्दथ्यो। नदिनेलाई मारेर मासु खान्थ्यो। नरभक्षी त्यस राक्षसले महिलालाई बलात्कार गर्थ्यो। सुन्दर महिलालाई आफ्नो पत्नीको रूपमा राख्दथे। आतङ्क उसको दिनचर्या बनेको थियो। एकदिन उसलाई साह्रै भोक लागेको बेला बाहिर बाटोमा निस्कँदा एउटा भ्यागुतोसँग भेट भयो। उसले भ्यागुतोसँग मानव बस्ती कता छ भनी सोध्यो। घण्टाकर्णको आतङ्कदेखि भ्यागुतो रिसाएको थियो। मौका यही हो भनेर उसले धाप (हिलो) तर्फ बाटो देखाउँदै त्यतैबाट जान भन्यो। राक्षस त्यतै लाग्यो। अलिकति पर पुग्नासाथ राक्षस धापमा ग्वाम्मै खस्यो। उसले आफ्नो विशालकाय शरीर कसै गरे पनि बाहिर निकाल्न सकेन। ऊ रातभर त्यहीँ फस्यो। भोक र थकाइले घिटीघिटी अवस्थामा पुगिसकेको थियो। भोलिपल्ट बिहान गाउँलेहरू त्यसलाई त्यस अवस्थामा देखेर खुसी भए। गाउँलेहरू जम्मा भएर ढुङ्गा, मुढा र लट्ठीले हिर्काएर, घोचेर थिलोथिलो पारेर मारे। त्यसरी नरभक्षी राक्षसबाट गाउँलेले मुक्ति पाए। धेरै दिनसम्म त्यसको लास त्यसै रह्यो। कुहिएर टोलै दुर्गन्धित भएपछि गाउँलेले लास झिकेर अन्त्येष्टि गरिदिए। कतैकतै घण्टाकर्णलाई भ्यागुताले कुवामा खसाएर मारेको कथा पनि उल्लेख छ' (**पन्थी**, २०७४, पृ. ३२)। रूद्रया मलतन्त्रमा यस पर्वको बारेमा किंवदन्ती पनि यस्तो छ– 'नेपाललाई ध्वस्त पार्न गठेमङ्गल नाम गरेको एउटा अजङ्गको राक्षस आएर उत्पात मचाउन थाल्यो। त्यसलाई मार्न कसैले पनि सकेनन्। अन्त्यमा एकजना तान्त्रिकले भ्यागुतोको रूप लिई त्यो राक्षसलाई मारी यमलोक पुऱ्याइदिए, त्यो श्रावण कृष्ण चतुर्दशीको दिन परेकाले राक्षससँग मुक्ति पाएको उपलक्ष्यमा नेपालीहरू यो दिन ठूलो उत्सवका साथ मनाउँछन्। यति खेरसम्म कृषकहरूले रोपाइँको काम पनि सकेका हुन्छन्। राक्षसलाई घर आँगन खेत बारीबाट भगाउन पनि यस्तो उत्सव मनाउने गरेको मानिन्छ' (**पन्थी**, २०७४, पृ. ३३)।

## गुंपुन्हि (जनै पूर्णिमा)

श्रावण शुक्ल पक्ष पूर्णिमाका दिनलाई गुंपुन्हि भनिन्छ (**राजवंशी**, २०६५, पृ. ११३)। यस दिन नौ प्रकारका गेडागुडी मिसाएर क्वाँटी पकाई खाने चलन छ। बौद्ध नेवारहरू स्वयम्भू जान्छन्। रसुवाको गोसाईकुण्ड र पाटनको कुम्भेश्वरमा यसै दिन मेला लाग्छ। जनै हुने नेवारहरूले यसै दिन जनै फेर्दछन् र अन्यले ब्राह्मणबाट हातमा रक्षाबन्धन (डोरो) धारण गर्दछन्। ज्यापूहरू पनि यस दिन क्वाँटी खाने गर्दछन्। तर हातमा रक्षाबन्धन गर्ने चलन भने छैन। ज्यापूहरूले यस दिन ब्यांचा जा अर्थात् भ्यागुतोलाई भात खुवाउन जाने चलन छ (**शर्मा**, २०६३, पृ. ५४)। यस दिन घरको मुली महिला आफ्नो खेत

भएको सबै ठाउँमा भ्यागुतोलाई भात, क्वाँटी, मारी, ब्याञ्चाह (तरुलको पात), मुला राख्न जाने चलन छ ।



ब्यांचा जा अर्थात् भ्यागुतोलाई भात खुवाउन जाने चलन

रोपाइँ गर्दा भ्यागुतो मारेकाले भ्यागुताको पैंतालीस दिन मनाउने हिसाबले ब्यांचा जा खुवाउन जाने चलन चलेको विश्वास गरिन्छ । साथै यस दिन इनार तथा धारा भएको ठाउँमा पनि ब्यांचा जा राख्ने चलन छ । प्रत्येक वर्ष श्रावण पूर्णिमाको दिन नेपालका नेवार समाजमा भ्यागुतोलाई भात ख्वाउने एक प्रकारको चाड प्रचलित छ । यो चाडलाई नेपाल भाषामा ब्यांजा नकेगु चाड भने संज्ञा दिइएको छ (**जोशी**, २०६०, पृ. ७८) ।

नेपाली कृषि परम्परा र नेवार समाजमा यसको मौलिक नाम 'ब्यांजा नकेगु' हो । यस दिन भ्यागुतालाई भात अर्पित गरी श्रावण पूर्णिमा मनाइन्छ । नेपाल भाषामा 'ब्यांजा' भनेको भ्यागुतालाई राखिने भाग र 'नकेगु' भनेको खुवाउने काम हो । किसानहरूले यस दिन भ्यागुतालाई पूजा आजा गरी भात खुवाउँछन् (**शर्मा**, २०६३, पृ. ५४) । ब्यांजा नकेगु बारे उल्लिेखित भक्तपुर मालती चोकको नेपाल संवत् ८१८ को अभिलेख र नेपाल संवत् ७९२ को सङ्गीत भाषा/नेपाल भाषा गीत नामका पोथीमा पनि भ्यागुताको बारे उल्लेख भएबाट मध्यकालीन समयमै ब्यांजा नकेगु प्रथा रहेको परिचायक छन् (**जोशी**, २०६०, पृ. ७९) ।

## सापारू (गाईजात्रा)

गुंपुन्हिको भोलिपल्ट सापारू आउँछ । गाईजात्रा जनैपूर्णिमाको भोलिपल्ट अर्थात् श्रावण शुक्ल प्रतिपदाका दिन मनाइन्छ । विक्रम संवत्को पन्ध्रौँ शताब्दीमा लिखित गोपाल राजवंशावलीमा तथा उपत्यकाका तीन मल्ल राजाहरूको पालामा लेखिएको 'ठ्यासफूहरूमा' समेत 'सायात' शब्दको उल्लेख भएबाट प्राचीनकालदेखि नै गाईजात्राले हाम्रो जन जीवनमा ठाउँ ओगटेको कुरा प्रमाणित हुन्छ (**शर्मा**, २०६३, पृ. ६८) यस दिन वर्षभरिमा कसैको घरमा मानिस मरेको छ भने मृतकको आत्मालाई शान्ति दिनको लागि मृतकका नामबाट गाई रूप मानी सानो केटा वा केटीलाई वा ताहामचा बनाई सहर घुमाउने वा माटोको गाई बनाई लाने चलन छ (**राजवंशी** २०६५, पृ. ११३) । जुन घरमा मानिस मरेको छ, त्यस घरमा बिहानबाटै ताहामचा बनाउने



गाईजात्रामा घिन्तागिसी

गरिन्छ । यसरी यात्रा गर्नेहरूलाई ठाउँठाउँमा स्वारी, मालपुवा, फलफूल र दूध खानका लागि दान दिने चलन छ । ताहामचा लाने क्रममा टोलका मानिसहरू घिन्तागिसी खेलेर जाने चलन पनि ज्यापूहरूको रहेको छ । घिन्तागिसीसँगै ताहामचा लाने गरिन्छ । टोल टोलमा नाच देखाउने गरिन्छ । घर घरबाट ताहामचा ल्याउनेक्रम सकिएपछि साँझपख भैरवनाथको रथ ल्याउने चलन पनि छ । काठमाडौँका राजा प्रताप मल्लले आफ्नो छोरा चक्रवर्तेन्द्र मल्लको मृत्युले दुःखी भईबसेकी रानीलाई आफ्नो छोरामात्र मरेको होइन अरूका पनि मरेका छन् भने देखाउनलाई यो जात्रा सुरू गरेको हो भन्ने भनाइ छ (**राजवंशी**, २०६५, पृ. ११३) । पद्म पुराणलाई आधार मान्ने हो भने यस यात्राको प्रारम्भ तेईस चौबीस सय वर्ष पहिले भएको देखिन्छ (**पन्थी**, २०७४, पृ. ३०) ।

## सन्दर्भ सामग्री सूची


जोशी, ह. (२०६०). **नेपालका चाडपर्व**, काठमाडौं, जोशी रिसर्च इन्ष्टिच्यूट ।

पन्थी, ल. (२०७४). **हिन्दू संस्कार परिचय र विमर्श**, काठमाडौं, रत्न पुस्तक भण्डार ।

राजवंशी, ल. (२०६५). **नेवार सांस्कृतिक चिनारी**, ललितपुर, नागार्जुन पब्लिकेशन प्रा. लि. ।

ताम्राकार, र. (११२९). **तजिलजिया न्हायकं**, ञला: विश्वव्यापी शान्ति अभियान ।

Bista, D. B. (2004). **People of Nepal**, Kathmandu, Ratna Pustak Bhandur.


**स्रोत व्यक्तिहरू :** १) तुल्सीनारायण सुवाल, २) पुण्यलक्ष्मी सुवाल, ३) विष्णु सुवाल, ४) विष्णुकेशरी वोयजु, ५) राज्यलक्ष्मी कुम्पाख, ६) डा. सत्यनारायण सुवाल, ७) सुलोचना सुवाल ।

चित्र : लेखक

# अन्तर नगर खेलकुद र भक्तपुर नगरपालिका



श्यामकृष्ण खत्री,
वडाध्यक्ष, भनपा वडा नं. ९

'मित्रता, अनुशासन र जागरुकताको लागि खेलकुद' भन्ने मूल नाराका साथ भक्तपुर नगरपालिकाले २०४३ सालमा स्थापना गरेको नगर खेलकुद समितिले २०५१ सालदेखि ५ ओटा खेलको प्रशिक्षण शुरु गरेको थियो । २०७६ सालमा जिम्नास्तिक खेलको प्रशिक्षण शुरु गरी हाल ६ ओटा खेलको प्रशिक्षण दिँदै आइरहेको छ ।

भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यमा प्राथमिकता दिई कला, संस्कृति र सरसफाइमा नेतृत्व गरिरहेको छ । खेलकुद क्षेत्रबाट पनि भक्तपुर नगरपालिकालाई राष्ट्र तथा अन्तराष्ट्रिय स्तरमा चिनाउने जनप्रतिनिधिको चाहना छ । २०४६ सालको जनआन्दोलनमा शहादत प्राप्त शहीदहरू तथा घाइते योद्धाहरूको सम्मानमा आयोजित अन्तर नगर बुद्धिचाल प्रतियोगिता, २०७७ साल फागुन २९ गतेदेखि चैत्र ३ गतेसम्म सम्पन्न भयो । कोभिडका कारण छोटो समयमा पनि बुद्धिजीवी, बुद्धिचाल सङ्घ, भक्तपुर जिल्लाका विभिन्न खेल सङ्घहरूको रचनात्मक सुझावबाट अन्तर नगर बुद्धिचाल प्रतियोगिता गर्ने सुझाव अनुसार प्रतियोगिता सफलतापूर्वक सम्पन्न भयो ।

'प्रतियोगितामा बसेका खेलाडीले चेस बोर्डलाई विश्वको नक्सा ठानेर, अक्षांश देशान्तरको कल्पना गरी साम्राज्यवादी सेना कुन कुन देशमा छ, त्यसलाई कसरी काउन्टर दिनुपर्छ, दक्षिण एसियामा सेना कहाँकहाँ छ, विस्तारवादी सेनाजस्तो विपक्षको चाल बुझी गोटी चाल्नुपर्ने हुन्छ' भन्ने प्रमुख अतिथि नारायणमान बिजुक्छेँज्यूबाट मार्ग निर्देशन गर्नु भएको प्रतियोगिता ४ दिनसम्म सञ्चालन भएको थियो ।

हरेक वर्ष विद्यालयस्तरको प्रतियोगिता र प्रशिक्षणले नगर भित्रका विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई बिऊ बनाउने, त्यसबाट भोलि मुरीका मुरी खेलाडी उत्पादन गर्ने लक्ष्य राखेको छ ।

खेलमा हार जित स्वभाविक हो । हारेको खण्डमा शिक्षा ग्रहण गरी जितेको खण्डमा अझ थप अगाडि बढ्नका निम्ति अवसर प्राप्त गर्ने उद्देश्यले खेल खेल्नुपर्छ । त्यो सँगसँगै विद्यार्थी भाइबहिनीहरूले खेल खेलेर  शैक्षिक प्रगतिमा कमि हुन दिनुहुँदैन । खेलकुद र शिक्षा सँगसँगै लिएर प्रत्येक विद्यार्थीलाई शारीरिक र मानसिक रूपमा शक्तिशाली बनाउँदै लैजाने उद्देश्य भक्तपुर नपाले राखेको छ ।

भक्तपुर नगरपालिकाले प्रशिक्षणका साथै अन्तर नगर, विद्यालयस्तरको प्रतियोगिता गरी केही खेलहरूमा उत्कृष्ट खेलाडी उत्पादनको सम्भावना देखेको छ । खेलकुदमा नगरपालिकाको लगानीबाट खेलाडी, प्रशिक्षक, निर्णायकहरूलाई दिनुपर्ने मर्यादित जीवनको प्रत्याभूति दिनसके खेलाडी समर्पित भएर देशको लागि, सार्वभौमिकताका लागि खेल्न सक्छन् । भक्तपुरबाट सिकेर सहभागी नगरपालिका र खेलाडीहरूले आ-आफ्नो नगरपालिकामा खेलाडीहरूलाई सिकाउने विश्वास लिएको छ ।

भक्तपुरका खेलाडीहरू, निर्णायकहरू, प्रशिक्षकहरू आ-आफूसँग भएको कलाबाट भक्तपुरलाई चिनाउनुका साथै समाजलाई सुसंस्कृत नागरिक बनाउने, विकृति विसङ्गतिबाट टाढा राख्ने, योग्य नागरिक तयार गर्ने नगरपालिकाको उद्देश्य रहेको छ । काम गरी खाने वर्गका छोरा छोरीहरूले खेलकुद क्षेत्र सञ्चालन गर्न सक्ने प्राविधिकहरू तयार गर्ने उद्देश्यका साथ खेलकुद गतिविधि सञ्चालन गर्दै आइरहेको छ ।

समुदायको हितका लागि नगरपालिकाले सामुदायिकस्तरसम्म खेलले नै औषधीको रूपमा काम गर्न सक्छ भन्ने भावना राख्न प्रचार-प्रसार, छलफल गरी समाजको हितका लागि काम गर्दै आइरहेको छ । नयाँ पुस्तालाई कसरी खेलप्रति आकर्षित गर्ने, कस्तो खालको उपचार गर्ने, खेल क्षेत्रबाट युवा, विद्यार्थीहरूको लागि खेल उपचारको रूपमा लैजाने अर्को उद्देश्य राखेको छ ।

नगर भित्रका पुराना खेलाडीहरू, अभिभावकहरू, शिक्षकहरूको बैठक, छलफल, सेमिनार, तालिमबाट खेलप्रति आकर्षित बनाउँदै लाने प्रयास निरन्तर गरिरहेको छ । भक्तपुर नगरपालिकामा सबै जनप्रतिनिधि नेपाल मजदुर किसान पार्टीका भएको नाताले शिक्षा स्वास्थ्यमा प्राथमिकता दिनुका साथसाथै जनताको स्वास्थ्य-खेलकुद सम्बन्धी क्रियाकलापलाई पनि उच्च प्राथमिकताका साथ अगाडि बढाइराखेको छ ।

भक्तपुर नगरपालिकाको हरेक कामबाट खेलाडीहरूको हौसला बढाउने काम भइआएको छ । जसबाट नगरस्तरीय खेलाडीबाट जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको खेलाडी बन्ने जनप्रतिनिधिहरूले विश्वास लिएको छ ।

भक्तपुर नगरपालिकाले नगर विकासका साथ साथै राष्ट्र विकासमा, आर्थिक रूपमा सक्षम र उन्नति गर्नका लागि खेलकुदमा पनि योगदान गर्ने विश्वासका साथ खेलकुद गतिविधिलाई

प्राथमिकता दिएको छ। खेललाई खेलको रूपमा मात्र नहेरी अनुशासित, सभ्य, सुसंस्कृत नागरिक तयार गरी विभिन्न जात वर्ग समूहबीच एकताबद्ध बनाउँदै लैजाने उद्देश्य राख्दै आएको छ।

खेललाई समृद्ध बनाउँदै लैजान काम गरी खाने वर्गको शासन ल्याउन जरुरी छ। काम गरी खाने वर्गको शासनमा खेलकुद क्षेत्र अनिवार्य हुनेछ। खेलकुद क्षेत्रमा अनियमितता हुने छैन। खेलकुद परिषद् भ्रष्टाचारीहरूको अखडा हुनेछैन, इमानदार, नैतिकवान, गरिब र किसानको छोरा छोरी र मजदुरको छोरा छोरीले खेलकुद परिषद् सञ्चालन गर्ने छन्। भ्रष्टाचारीहरू सबै जेलमा हुनेछन्। राम्रा र योग्य खेलाडीहरूले राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्नेछन्। तिम्रो र मेरो नाताको खेलाडी हुने छैन। खेललाई सुसंस्कृत र मित्रवत व्यवहारबाट प्रेरित गर्दै लैजाने जनप्रतिनिधिहरूको प्रतिबद्धता रहेको छ।

अन्तर नगर खेलकुद प्रतियोगितामा विभिन्न नगरपालिकाबाट आउनु भएका खेलाडी, प्रशिक्षकहरूले भक्तपुर नगरपालिकाले गरेको खेल क्षेत्रमात्र नभई अन्य क्षेत्रका गतिविधि आफ्नै आँखाले हेरेपछि भक्तपुर नगरपालिकाले गरेजति देशका ७५३ ओटा स्थानीय तहहरूले गरेको भए देशको मुहार फेरिने महसुस भएको बताउनु भयो।

भक्तपुर नगरपालिका देशलाई नै दिशा निर्देशन गरी प्रकाशस्तम्भ जस्तै बनेको, ने.म.कि.पा.ले लिएको विचार र कार्यक्रमले त्यो सम्भव भएको प्रशिक्षक तथा खेलाडीहरूले अनुभव गरेर फर्कनुभयो। हामी केही सञ्चार माध्यमबाट भक्तपुर र ने.म.कि.पा.को विरुद्धका आरोप र साँघुरो दृष्टिकोणलाई चिर्ने कोसिस गर्ने छौँ भनेर वहाँहरूले प्रतिवद्धता पनि व्यक्त गर्नु भयो। भक्तपुरको स्वच्छ र सफा हावापानीबारे स्पष्ट पार्नु हाम्रो कर्तव्य हो भनेर खेलाडीहरूले भन्नुभयो।

निश्चय पनि शासक दलको अकर्मन्यता, अदूरदर्शिताले शिक्षा, आर्थिक, खेलकुद, अन्य विभिन्न हिसाबमा पछाडि परिरहेको बेलामा भक्तपुर नगरपालिकाले यस्तो समाजको कल्पना गरेको छ जहाँ शैक्षिक रूपले सक्षम होस्, जनताको सांस्कृतिक स्तर उठेको स्वस्थ समाज बनोस्, देश र जनताको सेवा गर्ने खेलाडी, सीप बोकेको युवा दस्ता सर्वत्र होस्।

भक्तपुर नगरपालिकाले अन्तर नगर प्रतियोगिता र विद्यालयस्तरको खेलकुद प्रतियोगितालाई पुरस्कार प्राप्त गर्नको लागि मात्र नभई अवसरको रूपमा पनि खेल खेल्नुपर्ने र यस प्रतियोगितामा पुरस्कार प्राप्त नभए पनि आगामी दिनहरूमा पुरस्कार प्राप्त गर्छु भन्ने भावनाले खेल खेल्नुपर्ने धारणा राखेको छ। खेलाडी विद्यार्थी होस् वा विद्यार्थी खेलाडी राम्रो र उत्कृष्ट हुन प्रशिक्षकहरूबाट ज्ञान सिक्दै जानुपर्छ। विद्यालयका शिक्षक शिक्षिकाहरूबाट पनि ज्ञान सीप प्रदान गरी धेरै राम्रा खेलाडी उत्पादन गर्ने विश्वास लिएको छ। विद्यार्थी खेलाडी राम्रो हुने भएकोले खेलाडीहरू सुसंस्कृत पनि होस् भन्ने भक्तपुर नगरपालिकाले चाहना राखेको छ।

नेपाल मजदुर किसान पार्टीबाट स्थानीय निर्वाचनको समयमा खेलकुद क्षेत्रमा आकर्षित गरी युवाहरूलाई मद्यपान, धुम्रपान, लागु पदार्थबाट टाढा राख्ने, सार्वभौमिकता रक्षाको लागि युवा परिचालन गर्नेलगायत प्रत्येक वर्ष अन्तर नगर खेलकुद प्रतियोगिता गर्ने प्रतिवद्धता व्यक्त गरिएको थियो। ती प्रतिवद्धता अनुसार पहिलो वर्ष २०७५ सालमा अन्तर नगर भलिबल प्रतियोगिता, दोस्रो वर्ष कराते प्रतियोगिता र तेस्रो वर्ष एथ्लेटिक्स प्रतियोगिता र चौथो वर्ष बुद्धिचाल प्रतियोगिता भव्यताका साथ सम्पन्न गरिएको छ। उक्त प्रतियोगिता सफलतापूर्वक सम्पन्न गर्ने नगरपालिकाबाट २५ लाखको बजेट विनियोजन गरिएको थियो भने प्रत्येक खेलाडीहरूलाई नगद पुरस्कार, मेडलले पुरस्कृत गरिएको थियो। साथै सहभागी नगरपालिकालाई शिल्ड र ३ लाख पचास हजारदेखि ५० हजारसम्म नगद पुरस्कारद्वारा सम्मानित गरिएको थियो।

यसै गरी विद्यालय स्तरको खेलकुद प्रतियोगितामा पहिलो वर्ष ८ ओटा खेल, दोस्रो वर्ष ११ ओटा खेल र तेस्रो वर्ष १४ ओटा खेल तथा चौथो वर्ष कोभिडका कारण १० ओटा खेलको प्रतियोगिता सम्पन्न गरिएको थियो। सहभागी विद्यालयलाई खेलकुद सामग्री, शिल्ड र खेलाडीहरूलाई प्रमाण पत्र, मेडलले पुरस्कृत गरिएको थियो।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष श्री नारायणमान बिजुक्छेँको प्रमुख आतिथ्यमा प्रतियोगिताको समुद्घाटन र नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव श्री प्रेम सुवालको प्रमुख आतिथ्यमा समापन तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भयो। मेयर सुनिल प्रजापतिको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमहरूमा विशेष अतिथि बागमती प्रदेशका सांसदद्वय सुरेन्द्रराज गोसाई र सृजना सैंजु, उप-मेयर रजनी जोशी, एस.पि. तारादेवी थापा, नेपाल बुद्धिचाल सङ्घका अध्यक्ष एकलाल श्रेष्ठ, भक्तपुर जिल्ला सङ्घ, शिक्षक, विद्यार्थी, पत्रकार, बुद्धिजीवी, जनप्रतिनिधि, उद्योगी-व्यापारी, प्रशिक्षक, निर्णायक, प्रहरी, खेलकुद प्रेमीहरूलगायत सम्पूर्णलाई भक्तपुर नगरपालिका युवा तथा खेलकुद समितिको तर्फबाट हार्दिक धन्यवाद दिँदै आगामी दिनहरूमा खेलकुद क्षेत्र राम्रो बनाउनको निम्ति हौसला प्राप्त हुने आशा छ। आगामी दिनहरूमा नगरपालिकाको लगानीको नतिजा आउने आशा एवं विश्वास लिई अन्तर नगर खेलकुद प्रतियोगिता र विद्यालय स्तरको खेलकुद प्रतियोगितामा साथ र सहयोग गर्नुहुने सम्पूर्णलाई भक्तपुर नगरपालिका युवा तथा खेलकुद समिति हार्दिक धन्यवाद व्यक्त गर्दछ।

# सर्वहारा वर्गका महान् लेखक मेक्सिम गोर्की

**नन्दु उप्रेती**

संसारभरका मुक्तिकामी मानिसका मुटुको ढुकढुकी आफ्नो लेखनमा जीवन्त रूपमा उतार्ने लेखक हुन् मेक्सिम गोर्की । उनले लेखेको 'आमा' उपन्यास विश्वमा सर्वाधिक मन पराइएको साहित्यिक रचनामा पर्दछ । उनका अधिकांश रचनाहरू विश्वभरिका शोषित, पीडित एवम् स्वतन्त्रता र मुक्तिका लागि लडिरहेका जनताका लागि प्रेरणाका स्रोत मानिन्छन् । समय र युगको सिमानाले छेक्न नसक्ने कालजयी कृतिका रचनाकार महान् लेखक मेक्सिम गोर्की संसारभरका सर्वहारावादी दृष्टिकोण राख्ने जो कोहीका पनि प्रिय लेखक हुन् र युगयुगसम्म उस्तै रहिरहनेछन् भन्दा अत्युक्ति हुँदैन ।



विश्वसाहित्यमा समाजवादी यथार्थवादका प्रणेता गोर्कीको जन्म एकसय त्रिपन्न वर्ष अगाडि सन् १८६८ मार्च २८ मा भएको थियो । रुसको निझनी नोभगोरोद भन्ने ठाउँमा जन्मिएका महान् समाजवादी लेखकको वास्तविक नाम एलेक्सी म्याक्सिमोभिच पेस्कोभ (Alexei Maximovich Peshkov) हो । विश्व साहित्याकाशमा पछि उनी मेक्सिम गोर्की (Maxim Gorky) बनेर चम्किए ।




'आमा' को पहिलो संस्करण, सन् १९०७

दुःख र जटिलता मेक्सिम गोर्कीको बाल्यकालमा बाढी जसरी आइलागे । चार वर्षको उमेरमै उनले आफ्ना प्रिय पिता माक्सिम पेस्कोभलाई गुमाउनु पर्‍यो । पिताको मृत्युपछि आमाको वात्सल्यता पनि गोर्कीका लागि धेरै समय प्राप्त भएन । सात वर्षको बाल्यकालमै आमा भार्भारा पेस्कोभको साथ सदासदाका लागि छुट्यो । केही समय मावली बाजे बजैसँगै बस्दा पनि सहज दिन आएनन् । बाजेको पेसामा उनी सहयोगी भएका थिए तर बाजेको कपडा रङ्गाउने पेसा नै बन्द भयो । यस्तो अवस्थामा पनि उनी विद्यालयमा पढ्न जाने गर्थे । यो परिवारलाई गरिबीले जोड जोडले अँठ्याउन थाल्यो । विहान बेलुका खाना कै अभाव हुन थाल्यो । कामको खोजीमा बाहिर ननिस्किए गरीबीले भोकै मरिने अवस्था आइलागे पछि आठ वर्षको उमेरमा आफ्नो पढाइ छोडेर मेक्सिम गोर्की कामको खोजीमा घरबाट बाहिर निस्किए । उनले जुत्ता सिलाउने काम त सिके तर त्यो कामले उनलाई खानलाउन पुग्ने आम्दानी दिन सकेन । नौ वर्षको उमेरमा त्यो काम छोडेर उनी आफू जन्मेर हुर्कंदै गरेको ठाउँ छोडेर अन्जान गन्तव्यतर्फ लागे । उनलाई थाहा थिएन अब कता जाने, अब के काम गर्ने, अबका दिन कस्ता होलान् !

मेक्सिम गोर्कीको घुमन्ते फिरन्ते जीवन पनि धेरै कष्टकर बन्यो । उनी घरेलु कामदार बने । अरूका जुठा भाँडा माझ्दै अरूका मैला कपडा धुँदै घर आँगन सफा गर्दै बालक गोर्कीले आफ्नो भोको पेट भर्न थाले । जुनबेला उनी पानीजहाजमा भाँडा माझ्ने काम गर्दै थिए एकजना भान्छेबाट उनले पढ्ने कुराको महत्त्व बुझे । त्यसबेला उनी सामान्य पढ्न लेख्न सक्ने सम्ममात्र थिए तर उनी भित्र पढ्ने चाहना तीव्र थियो । जहाजको भान्सेसँगको सङ्गतले उनलाई पढ्ने लेख्ने कुराको प्यास अझ तीव्र बनाइदियो । पढ्न लेख्न उनका लागि सजिलो थिएन । पढ्ने उपयुक्त वातावरण र पुस्तकहरू पनि थिएनन् । भेटिएका कागज र पुस्तकहरूको स्वअध्ययन नै उनको पाठशाला बन्दै गयो । फोहोरका डङ्गुरमा फालिएका पुस्तकहरू जम्मा गर्न थाले उनी । तिनै चिज उनका पाठ्यसामग्री बने । तिनै पुस्तकहरूको अध्ययनले गोर्कीको ज्ञानको भण्डार फराकिलो हुँदै गयो । स्वअध्ययनकै कारण



लेनिन र गोर्की

उनी सानै उमेरमा धेरै ज्ञान प्राप्त गर्न सफल भएर एउटा असल मानिसका रूपमा विकसित हुन थाले ।

मालिकहरूबाट कामदारहरूले भोग्नुपर्ने सास्ती र यातना, गरिबी र भोक अनि नाङ्गोपन गोर्कीका लागि असाध्यै पीडा दिने कुरा बने । यस्ता ताडना उनी स्वयंले पनि भोगे । उनका दुःखद अनुभव र भोगाइले नै पछि उनलाई आफ्नो नाम गोर्की राख्न उत्प्रेरित गर्‍यो । जसको अर्थ रूसी भाषामा दुःख या दुःखदायी भन्ने हुन्छ ।

न निश्चित घर न निश्चित काम ! उनका लागि सारा संसार खुला थियो । कहिले काम खोज्दै त कहिले अनिश्चित लक्ष्यका साथ उनी देशका विभिन्न ठाउँ डुल्न थाले । आफूजस्तै मान्छेको दुःख देखे, दुःखी मान्छेहरूले भोगेको जस्तै पीडा भोगे । देखाइ, भोगाइ र अध्ययनले उनलाई दुःखी मानिसहरूको जीवनको पीडाले गहिरो गरी छुने बनायो । आफ्नो देशको सामाजिक र भौगोलिक विविधता, जारशाही शासकहरूको दमनकारी नीति, व्यवहार र उनीहरूको दमनकारी व्यवहारबाट आजित भएका रुसी जनतासँगको जीवन्त सम्पर्कले उनको भावनामा गहिरो प्रभाव पार्दै गयो । यस्तैमा उनको सम्पर्क, सम्बन्ध दुनियाँ बदल्ने समाजवादी सोचका मान्छेसँग भयो । जसले उनलाई झन्झन् परिपक्व बन्न सहयोग पुग्यो ।

जस्तै दुःखमा पनि गोर्की स्वअध्ययन कायमै राख्न चुकेनन् । उनी लेख्न पनि थाले । उनको पहिलो कथा 'माकर चुद्र' (Makar Chudra) सन् १८९२ मा प्रकाशित भयो । पाउरोटी कारखानामा काम गर्ने कामदारको श्रमको व्याख्या गरेको कथा 'छब्बिस लोग्नेमान्छे र एउटी केटी' सन् १८९९ मा छापिएपछि गोर्कीको चर्चा एकाएक ब्यापक हुन थाल्यो । धेरै समीक्षक, समालोचक र पाठकहरूले उनलाई लियो तोल्सतोए र आन्तोन चेखबको स्तरको कथाकार भनेर उल्लेख गरे । प्रकाशित उनका कथाहरूले पाठकको मनलाई तुरुन्तै आकर्षित गर्न सक्षम हुन्थे ।



स्तालिन र गोर्की, सन् १९३१ मा

गोर्कीका कृतिहरू छापिँदै जाँदा सन् १९०६ मा 'आमा' उपन्यास प्रकाशित भयो । मजदुर वर्गको जीवन र उनीहरूले क्रान्तिलाई पुर्‍याएको योगदान कथावस्तु भएको यो उपन्यास क्रान्तिको दस्तावेज जस्तै सामग्री बन्न पुग्यो । मेक्सिम गोर्कीको कलम कथा, उपन्यास र नाटक लेखनमा समानान्तर रूपमा चल्दथ्यो । उनले सोभियत क्रान्तिलाई सहयोग पुर्‍याउने धेरै साहित्यिक रचनाहरू सिर्जना गरे ।

गोर्कीले विश्व साहित्यको समाजवादी यथार्थवादी धाराको प्रवर्द्धन र विकासका लागि गरेको योगदान विश्वसाहित्य जगतको उच्च स्थानमा स्थापित छ । महान् लेखक म्याक्सिम गोर्कीले थुप्रै कृतिहरू लेखे । पुस्तक प्रकाशन गर्ने संस्था खोले । आफ्ना र अरूले लेखेका पुस्तकहरू प्रकाशन गर्न थाले । लेखक र प्रकाशकका रूपमा उनले पाउने गरेको आर्थिक लाभले उनको जीवन सम्पन्न र सहज बन्न थाल्यो । यति हुँदाहुँदै पनि पारिवारिक रूपमा भने उनको जीवन सफल रहेको पाइँदैन । अठ्ठाइस वर्षको उमेरमा वैवाहिक जीवन सुरु भएपनि यो जीवन सुखी हुनसकेन । उनी एउटा लेखक र प्रकाशक कै रूपमा निरन्तर क्रियाशीलरहे । जीवनका अन्य पक्षप्रति उनको चासो रहेन ।



वयस्क अवस्थामा गोर्की

महान् समाजवादी लेखक म्याक्सिम गोर्कीको ‘आमा’ उपन्यास विश्वका सबै कुनाहरूमा पुगेको छ। साठी भाषाभन्दा बढी भाषामा अनुदित यो उपन्यास विश्वकै सबैभन्दा बढी बिक्री भएका साहित्यिक कृतिहरू मध्ये पर्दछ। ‘आमा’बाहेक गोर्कीले ‘तीन मान्छेहरू’, ‘स्वीकारोक्ति’, ‘आस्रामोनोभिख व्यवसाय’ आदिजस्ता उपन्यासहरू लेखे। त्यस्तै ‘नुनिलो सिमसारमा’, ‘बाजेको गीत’, ‘आँधीमय पेट्रोल चराको गीत’ जस्ता प्रसिद्ध कथाहरू विश्व समाजवादी साहित्य जगतलाई प्रदान गरे। ‘आरामप्रिय नागरिकहरू’, ‘निकृष्ट खाल्डो’, ‘गृष्मकालीन जनता’ आदि गोर्कीका



गोर्कीको एक प्रतिमा

## Works by Gorky

### Novels

Goremyka Pavel, 1894. Published in English as Orphan Paul
Foma Gordeyev, 1899. Also translated as The Man Who Was Afraid
Three of Them, 1900. Also translated as Three Men
The Mother, 1907. First published in English, in 1906
The Life of a Useless Man, 1908
A Confession, 1908
Okurov City, 1908
The Life of Matvei Kozhemyakin, 1910
The Artamonov Business, 1925
Forty Years: The Life of Klim Samghin, unfinished:
- Bystander, 1927
- The Magnet, 1928
- Other Fires, 1930
- The Specter, 1936

### Novellas

The Orlovs, 1897
Creatures That Once Were Men, 1897
Varenka Olesova, 1898
Summer, 1909
Great Love, 1911

### Short stories

'Makar Chudra', 1892
'Old Izergil', 1895
'Chelkash', 1895
'Konovalov, 1897
'Malva', 1897
'Twenty-six Men and a Girl', 1899
'Song of a Falcon', 1902. Also referred to as a poem in prose

### Drama

The Philistines, translated also as The Smug Citizens and The Petty Bourgeois, 1901
The Lower Depths, 1902
Summerfolk, 1904
Children of the Sun, 1905
Barbarians, 1905
Enemies, 1906.
The Last Ones, 1908. Translated also as Our Father
Children, 1910. Translated also as The Reception
Queer People, 1910. Translated also as Eccentrics
Vassa Zheleznova, 1910, 1935 (revised version)
The Zykovs, 1913
Counterfeit Money, 1913
The Old Man, 1915, Revised 1922, 1924. Translated also as The Judge
Workaholic Slovotekov, 1920
Somov and Others, 1930
Yegor Bulychov and Others , 1932
Dostigayev and Others, 1933

### Non-fiction

Chaliapin, articles in Letopis, 1917
Untimely Thoughts, articles, 1918
My Recollections of Tolstoy, 1919
Reminiscences of Tolstoy, Chekhov, and Andreyev, 1920–1928
V.I. Lenin, reminiscence, 1924–1931
The I.V. Stalin White Sea – Baltic Sea Canal, 1934 (editor-in-chief)
Literary Portraits [c.1935].

### Poems

'The Song of the Stormy Petrel', 1901

### Autobiography

My Childhood, Part I, 1913–1914
In the World, Part II, 1916
My Universities, Part III, 1923

### Collections

Sketches and Stories, three volumes, 1898–1899
Creatures That Once Were Men, stories in English translation (1905).
Tales of Italy, 1911–1913
Through Russia, 1923
Stories 1922-1924, 1925
Fragments from My Diary, 1925

विश्वप्रसिद्ध नाटकहरू हुन् । गोर्कीका आत्म जीवनीहरू 'मेरो बाल्यकाल', 'मान्छेहरूका माझमा', र 'मेरो विश्वविद्यालय' विश्व साहित्य जगतका अत्यन्तै मन पराइने कृतिहरू हुन् ।

राजनीतिक चेतनाको हिसाबले मेक्सिम गोर्की सर्वहारावादी दृष्टिकोणले सुसज्जित थिए । गोर्कीको समाजवादीहरूसँगको सम्पर्कले मस्कोको बसाइमा सन् १८९९ देखि सन् १९०६ सम्म उनी सामाजिक प्रजातन्त्रवादी पार्टीको निकटमा रहे भने मार्क्सवादी विचारबाट अभिप्रेरित रहे । सामाजिक प्रजातन्त्रवादीहरूसँग विचार नमिलेपछि गोर्की रुसी कम्युनिष्ट पार्टी बोल्सेभिकको नजिक पुगे जुन पार्टीको नेतृत्व भी.आइ. लेनिनले गरेका थिए । लेनिनको निकटस्थ भएपनि बोल्सेभिक पार्टीलाई पूर्ण समर्थन, सहयोग गरे पनि बोल्सेभिक पार्टीका लागि निरन्तर काम गरेपनि उनले स्वइच्छाले पार्टीको सदस्यता भने लिएनन् । पुस्तक प्रकाशन र बिक्रीबाट गोर्कीलाई धेरै नै आम्दानी हुन्थ्यो । आफ्नो आम्दानीको ठूलो अंश उनले बोल्सेभिक पार्टी सञ्चालन र रुसी क्रान्ति विस्तारका लागि प्रदान गर्दथे ।

सन् १९०१ मा गोर्कीको 'आँधीमय पेट्रोल चराको गीत' कविता प्रकाशित भएपछि उक्त रचना प्रकाशित भएको कम्युनिष्ट मुखपत्र 'जीवन' पत्रिकामाथि घोर दमन भयो र गोर्कीलाई समेत गिरफ्तार गरियो । त्यसपछि पनि गोर्कीलाई कम्युनिष्ट पार्टीलाई सहयोग गरेको र सहयोग पुग्ने किसिमको साहित्य रचना गरेको कारण पटकपटक गिरफ्तार गर्दै छोड्ने गरियो ।

जारशाही शासनका विरुद्ध लेख्ने गरेकै कारण गोर्कीले सन् १९०६ देखि सातवर्ष इटालीमा निर्वासित जीवन बिताउनु पर्‍यो । जहाँ भएपनि उनले रुसी क्रान्तिका लागि सहयोग गरिरहे । सर्वहारा वर्गका लागि साहित्यिक रचना लेखिरहे । रुसी क्रान्ति सम्पन्न भएपछि उनी निरन्तर लेखनमा लागिरहे । रुसी क्रान्तिका नायक लेलिनले पटकपटक रुसी क्रान्ति सम्पन्न गर्न मेक्सिम गोर्कीको ठूलो योगदान छ भन्दै मुक्तकण्ठले प्रशंसा गरे । रुसी जनताले उनलाई आफ्नो प्रिय लेखक माने । विश्व सर्वहारा क्रान्तिका अभियन्ताहरूले गोर्कीलाई आफ्नो क्रान्ति प्रेरणाको स्रोत ठाने । यस्ता महान् लेखकको मृत्यु अठ्सट्ठी वर्षको उमेरमा सन् १९३६ जुन १४ मा भयो । भौतिक जीवनको अन्त्यपछि विश्वभर झन् झन् जीवन्त बन्दै आफ्ना कृतिहरूमार्फत बाँचिरहेका महान् लेखक मेक्सिम गोर्कीलाई उनको एकसय चौवन्नौँ जन्म दिवसको अवसरमा धेरै धेरै सम्मान एवम् सम्झना ।



पुस्तक समीक्षा

# हेनरी किसिञ्जरको आँखामा चीन (४)

● एक शिक्षक



### राष्ट्रपति निक्सन चीनमा : अध्यक्ष माओसँग भेट

अमेरिकी टोलीले गुप्त ढङ्गमा चीन भ्रमण गरेको सात महिनापछि अर्थात सन् १९७२ को फेब्रुअरी २१ को दिन **राष्ट्रपति निक्सन पेचिङ पुगे**। विश्व राजनीतिमा त्यो एउटा विशिष्ट घटना थियो। एकजना कम्युनिस्टविरोधी अमेरिकी राष्ट्रपति कम्युनिस्ट नेता भेट्न चीन पुगेका थिए। विश्वले आश्चर्यपूर्वक हेर्दै थियो। दुई देशको लामो शत्रुतापूर्ण स्थितिलाई चिर्दै संरा अमेरिका र चीनबीच नयाँ खालको मित्रता पुनः सुरु हुँदै थियो।

राष्ट्रपति निक्सन विमानबाट एक्लै छिट्टै प्रम चाउलाई भेट्न चाहन्थे। अमेरिकी विदेशमन्त्री डलेसले गरेको अपमानजनक व्यवहार (प्रम चाउसँग जेनेभा सम्मेलनमा हात मिलाउन अस्वीकार) को राष्ट्रपति निक्सन क्षतिपूर्ति दिन चाहन्थे। निक्सनले प्रम चाउतिर सर्वप्रथम हात बढाए। शिष्टताका कारण चीनले त्यो विषयबारे धेरै ठूलो होहल्ला गरेन।

चिनियाँ कारमा बसेर निक्सन अध्यक्ष माओलाई भेट्न उहाँको निवासमा गए। अमेरिकी सुरक्षाकर्मीलाई प्रवेश अनुमति दिइएको थिएन। सञ्चारकर्मीलाई पनि अनुमति थिएन। अध्यक्ष माओ सामान्य कुर्सीमा हुनुहुन्थ्यो। पुस्तक नै पुस्तकले भरिएको कोठामा भेटघाट भयो। अध्यक्ष माओ फोक्सोको समस्याबाट पीडित हुनुहुन्थ्यो। यताउति हिँड्न असजिलो थियो। तर, उहाँको उत्साह, इच्छाशक्ति र प्रतिबद्धता पटक्कै कमजोर थिएन। अध्यक्ष माओले आफ्ना दुई हातले निक्सनको हात लिनुभयो। अध्यक्ष माओको अनुहार मुस्कानले उज्यालो थियो। त्यो पहिलो भेटको फोटो सम्पूर्ण चिनियाँ सञ्चारमाध्यममा विशेष महत्त्वका साथ प्रकाशित भयो।



राष्ट्रपति निक्सन र प्रम चाउ

अध्यक्ष माओले चीन र संरा अमेरिकाबीच युद्धको स्थिति नरहेको स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, *'तपाईं आफ्ना केही फौज फिर्ता बोलाउन चाहनु हुन्छ, हाम्रो त बाहिर जाँदै जाँदैन।'* उहाँले चीन र संरा अमेरिकाबीचको सम्बन्धमा विचारधाराले त्यति महत्त्व नराख्ने स्पष्ट पार्नुभयो। अमेरिकी प्रतिनिधिमण्डलले बैठक, वार्ता, दृश्यावलोकन र रात्रीभोज गर्दै पाँच दिन बितायो।



अध्यक्ष माओ र राष्ट्रपति निक्सन

### निक्सन-चाउ वार्ता र साङ्घाइ वक्तव्य

प्रम चाउसँगको भेटमा राष्ट्रपति निक्सनले हाल केही समस्या भए पनि चीन एक दिन पहिलो नम्बरको विश्वशक्ति बन्ने अनुमान गर्नुभयो। उहाँले दुवै देश आ-आफ्नो सिद्धान्तमा अडिग रहने र सिद्धान्तमा सम्झौता गर्न आवश्यक नहुने स्पष्ट पार्नुभयो।

निक्सन भ्रमणको चार महिनापछि मात्र साङ्घाई वक्तव्य पारित भयो। वक्तव्यमा संरा अमेरिकाले एक चीन नीति मान्ने, थाइवानको स्वतन्त्रता आन्दोलनमा नसघाउने, पेचिङ र थाइपेइबीच हुने शान्तिपूर्ण सम्झौताको समर्थन गर्ने आदि त्यसमा उल्लेख गरिएको थियो।

### अध्यक्ष माओसँग कुराकानी

किसिञ्जरको गुप्त चीन भ्रमणले दुई देशबीच सम्बन्ध पुनः स्थापित गऱ्यो। निक्सनको भ्रमणले रणनीतिक सहकार्य सुरु गऱ्यो। सहकार्यको सैद्धान्तिक ढाँचा बनाउनै बाँकी थियो। साङ्घाइ वक्तव्यले दुई देशबीच एकप्रकारको गठबन्धन तयार गरेको थियो। आधुनिक



अध्यक्ष माओ र राष्ट्रपति निक्सनबीच कुराकानी

चीन स्थापना भएपछि चीन र सोभियत सङ्घबीच गठबन्धन बनेको थियो । उत्तर कोरियासँग सन् १९६१ मा मित्रता, सहकार्य तथा आपसी सहयोग सन्धि सम्पन्न भयो । यथार्थमा निक्सनको भ्रमणपछि अनौपचारिक सहमतिबाट अघोषित गठबन्धन निर्माण भएको थियो । अध्यक्ष माओ र प्रम चाउसँग सन् १९७३ को फेब्रुअरी र नोभेम्बरमा भएको कुराकानीबमोजिम दुई देश अगाडि बढेका थिए ।



'सैद्धान्तिक सङ्घर्ष पुस्तौं पुस्तासम्म चल्ने'

दुई देशबीचको सम्बन्धको सुरुआती वर्षहरूमा चिनियाँ नेताहरूले संरा अमेरिकी साम्राज्यवादविरुद्ध सैद्धान्तिक हमला गर्न छोडेका थिएनन् । किसिञ्जरसँगको कुराकानीमा अध्यक्ष माओले आफूलाई सोभियत नेताहरूले सैद्धान्तिक सङ्घर्ष रोक्न अनुरोध गरेको तर त्यो पुस्तौं पुस्तासम्म जाने बताएको उल्लेख गर्नुभयो । रसिलो पारामा उहाँले सैद्धान्तिक सङ्घर्ष दस हजार वर्षसम्म चल्ने बताउनुभएको थियो । अध्यक्ष माओले थाइवानको समस्या शान्तिपूर्ण ढङ्गमा समाधान हुनेमा कममात्र विश्वास भएको बताउनुभयो । कुनै दिन शक्ति प्रयोगको आवश्यकता हुनसक्ने तर एक सय वर्षसम्म कुर्न पनि चीन तयार हुने स्पष्ट पार्नुभयो ।

चीनले **'अन्तरविरोधको उपयोग र शत्रुलाई एक एक गरी परास्त गर्ने'** नीति अवलम्बन गरेको थियो । दुई परमाणु महाशक्ति राष्ट्रलाई चीनविरुद्ध मिल्न नदिने चीनको योजना थियो । चीन र संरा अमेरिकाबीच मित्रता बढेपछि सोभियत सङ्घको शङ्का बढ्ने, संरा अमेरिका र सोभियत सङ्घबीच तनाव या मनमुटाव बढ्ने अध्यक्ष माओको अनुमान थियो । अघिल्लो अनुमान मिलेता पनि पछिल्लो सही हुन सकेन । मस्कोले पनि वाशिङटनसँग सम्बन्ध विकास गर्न ताकेता गऱ्यो । संरा अमेरिकाले सोभियत सङ्घबाट चीनविरुद्ध दबाब बढाइएको खण्डमा चीनलाई सहयोग गर्ने घोषणा गऱ्यो ।

अध्यक्ष माओले परमाणु हतियार प्रयोग गरी चिनियाँ जनतालाई मार्न खोजे पनि चीन नयाँ ढङ्गमा उठ्ने विश्वास व्यक्त गर्नुभयो । चिनियाँ जनताले नझुक्ने आत्मविश्वास व्यक्त गर्नुका साथै आफू र आफ्नो सेनामा विश्वास गुमाएकाले मात्र परमाणु हतियारमा बढ्ता विश्वास गर्ने चर्चा गर्नुभयो । कसैको परमाणु हतियारको छाता ओढ्न पनि चीनका निम्ति स्वीकार्य नहुने घोषणा गर्नुभयो ।

सन् १९७४ को अगष्ट ८ मा वाटरगेट काण्डका कारण राष्ट्रपति निक्सनले राजिनामा दिए । पेचिङले वाशिङटनसँग सम्बन्ध बढाउनुको खास कारण सोभियत विस्तारवादलाई रोक्नका निम्ति थियो । तर, अध्यक्ष माओ र प्रम चाउले सोभियत सङ्घ र चीनलाई आपसमा भिडाउन खोजेको र दुवैलाई सिध्याउन गम्भीर खेल खेलिरहेको चाल पाउनुभयो । संरा अमेरिकाले ठूलो धोका दिएको चीनको आरोप थियो ।

## प्रधानमन्त्री चाउ एनलाइका अन्तिम दिन

सन् १९७२ देखि नै अध्यक्ष माओको स्वास्थ्य कमजोर हुन थालिसकेको थियो । उहाँको स्वास्थ्यमा समस्या देखिन थालेसँगै चीनको नयाँ नेतृत्वबारे छलफल सुरु भयो । त्यस क्रममा आन्तरिक सङ्घर्ष सुरु भएको र त्यसले चीन - संरा अमेरिका सम्बन्धको विकासमा पनि प्रभाव पारेको किसिञ्जर लेख्छन् । चिनियाँ कम्युनिस्ट पार्टीको आन्तरिक जटिलता बढेसँगै अध्यक्ष माओले अन्तरविरोध साम्य पार्न कोसिस गर्नुभएको प्रस्ट पार्नुहुन्छ किसिञ्जर ।

प्रम चाउ एनलाइलाई क्यान्सर रोगले च्याप्न थाल्यो । दैनिक कामबाट उहाँ विस्तारै टाढा बस्न थाल्नुभयो । सन् १९७४ को प्रारम्भदेखि उहाँ नीति निर्माणको क्षेत्रबाट लगभग अलग्ग बस्नुभयो । किसिञ्जरले प्रम चाउसँग अन्तिम पटक भेटेको भनेको

सन् १९७४ को डिसेम्बरमा थियो। त्यतिखेर उनी परिवारका सदस्यहरूसँग पेचिङ पुगेका थिए। त्यो औपचारिक भ्रमण नै थियो। किसिञ्जर परिवारलाई भेटघाटका निम्ति प्रम चाउले आमन्त्रण गर्नुभयो। त्यसबेला उहाँ अस्पतालमा हुनुहुन्थ्यो। झट्ट हेर्दा त्यो अस्पताल नभई राज्यको आवासगृहझैँ देखिन्थ्यो। प्रम चाउले चिकित्सकहरूको सल्लाहमा राजनीतिक तथा कूटनीतिक भेट बन्द गर्नुभएको थियो। भेटघाट बीस मिनेटभन्दा थोरै बढी भएको थियो। त्यो भेटले प्रम चाउसँग चीन-संरा अमेरिका सम्बन्धबारे प्रम चाउसँगको भेट अन्तिमतिर आइरहेको आभास दिँदै थियो।

बाहिरी समारोहमा प्रम चाउको अन्तिम औपचारिक उपस्थिति सन् १९७५ को जनवरीमा थियो। चीनको राष्ट्रिय जन काङ्ग्रेसमा उहाँले मन्तव्य दिनुभयो। त्यतिञ्जेलसम्म प्राविधिकरूपमा उहाँ नै प्रम हुनुहुन्थ्यो। उहाँले तौलीतौली बोल्नुभयो। सांस्कृतिक क्रान्तिको महानताबारे भनाइ राख्नुभयो। उहाँले **'चार आधुनिकीकरण'** अर्थात कृषि, उद्योग, रक्षा र विज्ञान तथा प्रविधिको क्षेत्रमा व्यापक आधुनिकीकरण हासिल गर्नेबारे भनाइ राख्नुभयो। **'चार आधुनिकीकरण'** बीसौँ शताब्दीको अन्त्यसम्ममा हासिल गर्न सम्भव हुने उहाँको विश्वास थियो। प्रधानमन्त्री चाउले त्यही मन्तव्यमा बीसौँ शताब्दीको अन्तिमसम्ममा चीनको अर्थतन्त्र विश्वमा प्रथम स्थानतर्फ उन्मुख हुने भविष्यवाणी प्रस्तुत गर्नुभयो।

## अध्यक्ष माओसँग अन्तिम भेट

प्रम चाउ अस्वस्थ हुन थालेपछि वार्ता, भेटघाटका निम्ति सम्पर्क व्यक्तिको रूपमा चीनले तङ् स्याउ पिङलाई अगाडि सार्‍यो। उनलाई कार्यकारी उपप्रधानमन्त्री घोषणा गरिएको थियो। किसिञ्जरले सन् १९७५ को अक्टोबर र डिसेम्बरमा अध्यक्ष माओसँग गर्नुभएको कुराकानी नै अन्तिम बन्यो। संरा अमेरिकी **राष्ट्रपति फोर्ड** र अध्यक्ष माओबीचको भेटवार्ता र त्यसको पूर्वतयारीको क्रममा किसिञ्जरले भेटेका थिए। राष्ट्रपति निक्सन भेट्नु हुँदा अध्यक्ष माओलाई सञ्चो थिएन भने फोर्डसँगको भेटमा साऱ्है बिरामी हुनुहुन्थ्यो। कुर्सीबाट उठ्न दुईजना नर्सको सहायता चाहिन्थ्यो। बोल्न पनि गाऱ्हो थियो।

कुराकानीको क्रममा अनुवादकले अध्यक्ष माओका कुरा लेख्थे र उहाँलाई देखाउँथे। त्यो पढेर टाउको हल्लाएर हुन्छ या हुँदैन भन्नुहुन्थ्यो। दुवै पटकको भेटमा अध्यक्ष माओले स्पष्ट धारणा राख्नुभयो। थाइवान, कोरियाको प्रसङ्गमा छलफल चल्यो। थाइवान मुख्य भूमि फिर्ता गर्ने र उत्तर कोरियामा चीनले हस्तक्षेप गऱ्यो भन्ने आरोपका विषयमा अध्यक्ष माओले आफ्नो भनाइ राख्नुभयो।

किसिञ्जरले अध्यक्ष माओ भेटेको पाँच हप्तापछि राष्ट्रपति फोर्ड चीन भ्रमणमा पुगे। समय डिसेम्बरको पहिलो हप्ता थियो। त्यतिञ्जेलसम्ममा



अध्यक्ष माओ, राष्ट्रपति फोर्ड (बीचमा), किसिञ्जर र फोर्ड पुत्री

अध्यक्ष माओ केही हप्ता अगाडिभन्दा निकै गलिसक्नुभएको थियो। कुराकानीको सुरुआत अध्यक्ष माओले ठट्यौलो पारामा गर्नुभयो, *'तपाइँको विदेशमन्त्रीले मेरो व्यक्तिगत मामिलामा हस्तक्षेप गर्दै छन्।' माओले भन्नुभयो, 'म जान्छु भन्छु तर जान दिँदैन।' नजानु भन्दै छ।'*

कुराकानीको क्रममा अध्यक्ष माओले सन् १९७६ सम्म चीन-संरा अमेरिका सम्बन्धमा उल्लेख्य केही नभए पनि राष्ट्रपति निर्वाचनपछि सकारात्मक अपेक्षा गर्न सकिने विश्वास व्यक्त गर्नुभयो।

**प्रम चाउ एनलाइको निधन ८ जनवरी १९७६ मा भयो।** लाखौँ चिनियाँ जनता श्रद्धाञ्जली अर्पण गर्न थिआनमन स्क्वायर पुगे।

**सेप्टेम्बर ९, १९७६ मा अध्यक्ष माओको पनि देहावसान भयो।** यसरी आठ महिनाको अन्तरालमा दुई प्रमुख चिनियाँ नेताको निधनले चिनियाँ जनतालाई गहिरो शोकमा डुबायो। चीनले अपूरणीय क्षति बेहोऱ्यो।

अध्यक्ष माओ र प्रम चाउको असामयिक निधनपछि **तङ स्याओ पिङ** नेतृत्वमा देखिए। सन् १९७३ मा चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिमा उनी पुनःस्थापित भए। सन् १९७४ मा उनी चीन-संरा अमेरिका सम्बन्ध विकासका निम्ति वार्तामा प्रतिनिधित्व गर्थे।

प्रम चाउको निधनपश्चात् अध्यक्ष माओले **हुवा कोफङ** (Hua Guofeng) लाई प्रधानमन्त्री नियुक्त गर्नुभयो। अध्यक्ष माओ पनि बित्नुभएपछि केन्द्रीय सैन्य कमिसनको प्रमुख र पार्टी अध्यक्षमा हुवा आए। हुवाले अध्यक्ष माओका नीति तथा निर्देशन पूर्णरूपमा पालन गर्ने उद्घोष गरे। किसिञ्जर र हुवाबीच सन् १९७९ को अप्रिल र सन् १९७९ कै अक्टोबरमा गरी दुई पटक भेट भयो। हुवा अचानक नेतृत्वमा आए र अचानकनै बिदा भए। **त्यसपछि तङ् स्याओ पिङले पार्टी र सरकारको नेतृत्व गरे।** उनले आर्थिक विकासको तीव्रतामा जोड दिए। शासन प्रणालीमा विकेन्द्रीकरण लागू गरे। आधुनिक प्रविधिको प्रयोग, हजारौँ - लाखौँ चिनियाँ विद्यार्थीलाई विदेशमा अध्ययनका लागि पठाउने कार्य थाले। पश्चिमा शिक्षासँग डराउन नहुने उनले बताए। आधुनिकीकरणका निम्ति विज्ञान तथा प्रविधि आवश्यक हुने र त्यसका निम्ति शिक्षामा जोड दिनुपर्ने उनको

धारणा थियो । उनले **'सुधार तथा खुलापन'** लाई अगाडि सारे । विदेशी प्रविधि, ज्ञान र पूँजी भित्र्याएर गरीबीसँग लड्ने नीति अघि सारे ।

**चीन र भियतनाम**

'लामो समयदेखि संरा अमेरिका चीनलाई घेरा हाल्दै छ । अहिले सोभियत सङ्घ पनि चीनलाई घेरा हाल्दै छ । भियतनाम भूभागतिर बाहेक सबैतिर घेरा पूरा भइसकेको छ ।' प्रधानमन्त्री चाउ एनलाइले उत्तर भियतनामी प्रधानमन्त्री फाम भान डोङ (Pham Van Dong) सँग सन् १९६८ को अप्रिलमा भएको कुराकानीमा व्यक्त गर्नुभयो । प्रम फामले भियतनामी भूभागमा संरा अमेरिकी साम्राज्यवादीलाई हराएरै छोड्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । साथै, त्यस विजयले एसिया महादेशमा सकारात्मक प्रभाव पार्ने र अकल्पनीय नतिजा ल्याउने विश्वास गर्नुभयो । चीनले उत्तर भियतनामको भौतिक पूर्वाधार निर्माण तथा बन्दोबस्तीका निम्ति सहयोग गर्न एक लाख गैरलडाकू सेना पठायो । त्यसपछि भियतनाम-चीनबीच बढेको असमझदारी र त्यसले तयार पारेको नयाँ परिस्थितिबारे छलफल गरिएको थियो । सोभियत सङ्घकै कारण त्यस क्षेत्रमा युद्धको परिस्थिति तयार भएको बुझ्न गाह्रो छैन ।

**तङ स्याओ पिङको विदेश नीति**

तङले आफू शक्तिमा पुगेपछि अध्यक्ष माओको घरेलु नीति बदले भने उहाँको विदेश नीति त्यागे । उत्तर र दक्षिणमा सोभियत सङ्घको दबाब बाँकी नै थियो । संरा अमेरिकाले थाइवानी सरकारलाई अधिकार र ताइपेइलाई राजधानीकै मान्यता दिइरहेको थियो । चिनियाँ नेतृत्व रणनीतिक चुनौती बढ्दै गएकोमा गम्भीर ढङ्गमा सचेत थिए । परिस्थितिको मुल्याङ्कन गर्दै चिनियाँ विदेश मन्त्री **हुवाङ हुवा** (Huang Hua) ले सोभियत सङ्घ युद्धको खतरनाक स्रोत भएको विश्लेषण गरे । उनले भने, *'सोभियत सङ्घ बाहिर बलियो तर भित्रभित्रै कमजोर छ । कमजोरलाई पेल्छ र बलियोसँग डराउँछ ।'* क्षेत्रीय प्रभुत्वको समस्याबारे बोल्दै उनले भने, *'हिन्द चिनियाँ महासङ्घ बनाउन भियतनामले कम्बोडिया र लाओसलाई दबाउँदै थियो । पर्दा पछाडि सोभियत सङ्घ थियो ।'*

संरा अमेरिकामा **जिम्मी कार्टर** नयाँ राष्ट्रपति बनेपछि चीन – संरा अमेरिका सम्बन्ध सामान्यीकरण गर्ने प्रयास अगाडि बढ्यो । सन् १९७७ अगस्टमा अमेरिकी विदेशमन्त्री **साइरस भान्स** पेचिङ पुगे तर संवाद फलदायी हुनसकेन । राष्ट्रपति कार्टरले थाइवान प्रसङ्गमा राष्ट्रपति निक्सनले प्रधानमन्त्री चाउलाई दिनुभएको वचन र गर्नुभएको सहमति आफ्नो निम्ति पनि स्वीकार्य भएको सन्देश पठाए । सन् १९७८ मा राष्ट्रपति कार्टरले थाइवान समस्या समाधानका उपायहरू प्रस्ताव गरे ।

सन् १९७८ र १९७९ मा तङले विभिन्न देशको भ्रमण गरे । भेटघाटमा तङले विकसित मुलुकबाट प्रविधि, ज्ञान तथा कौशल लिन चाहेको स्पष्ट पारे । तङले जापानबाट भ्रमणको आरम्भ गरे । सोभियत सङ्घ र भियतनामलाई एक्ल्याउने योजना थियो । सन् १९७८ को नोभेम्बरमा मलेसिया, सिङ्गापुर र थाइल्यान्डको भ्रमण गरी चीनको अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सम्बन्ध बलियो पारे । उनले चीनको धारणा स्पष्ट पारे ।

सन् १९७९ को जनवरीमा नेता तङले संरा अमेरिकाको औपचारिक भ्रमण गरे । उनले औद्योगिक विकास तथा आर्थिक प्रगतिबारे अभिरुचिपूर्वक अवलोकन गरे । चीनका लागि शान्तिपूर्ण वातावरण आवश्यक भएको र त्यो नै आर्थिक विकासको अनिवार्य शर्त भएको प्रस्ट पारे । राष्ट्रपति कार्टर र राष्ट्रपति तङबीचको भेटमा कार्टर स्वयम्ले लेखेको चिठी नेता तङलाई दिएका थिए जुन आजसम्म अप्रकाशित नै छ ।

राष्ट्रपति तङ ६ महिनाभित्र दुई पटक जापान पुगे । उनले कम्बोडियामाथि हमला गरिरहेको भियतनामलाई पाठ सिकाइनुपर्ने बताए । तङले वर्मा र नेपालको पनि भ्रमण गरे ।




सन् १९७९ को फेब्रुअरी १७ मा **चीनले आत्मरक्षा सुनिश्चित पार्ने उद्देश्यले भियतनाममाथि कारबाही थाल्यो ।** त्यस कारबाहीमा झन्डै चार लाख सेना परिचालित गरिएको बताइन्छ । चीनले स्थल, जल तथा हवाई सेना परिचालन गरेको थियो । चीनले त्यसलाई **'आत्मरक्षाका लागि भियतनाममाथि प्रत्याक्रमण'** अथवा **'चीन-भियतनामी सीमामा आत्मरक्षाका लागि प्रत्याक्रमण'** बतायो । चिनियाँ सेना एक महिनापछि फिर्ता भयो । त्यस द्वन्द्वमा वास्तविक हार सोभियत सङ्घले बेहोर्‍यो । **'तेस्रो भियतनाम युद्ध' समेत भनिने त्यस द्वन्द्व नै सोभियत सङ्घको पतनको सुरुआत मानिन्छ ।** सोभियत सामाजिक साम्राज्यवादको सीमितता उदाङ्गो पार्न चीन सफल भएको बताइन्छ । सिङ्गापुरका प्रम लि क्वान युले भने, *'पश्चिमा सञ्चारमाध्यमले चिनियाँ दण्डात्मक कारबाहीलाई असफल भनी लेखे । मलाई विश्वास छ, त्यसले पूर्वी एसियाको इतिहास बदल्यो ।'* (क्रमशः)

*मजदुर दैनिकबाट*

# चीनको हरित अर्थतन्त्रबारे केही कुरा



सबिन ख्याजू




'पर्यावरणीय सभ्यता' चीनको विकास मोडल

जलवायु परिवर्तन, ओजनमा क्षयीकरण, उत्तरी र दक्षिणी ध्रुवीय हिमखण्डहरु पग्लिने र समुद्री सतह बढ्नुलगायतका समस्याहरु मानव जीवनका समस्याहरु भएका छन्। यसको प्रमुख कारण विकसित देशको आद्योगिक कारखानाबाट निस्कने प्रदूषण हो। अहिले विश्व समुदाय वायु, जल र माटो प्रदूषणबाट वातावरण संरक्षण अभियानमा लागिरहेको छ।

युएनइपीका अनुसार हरित अर्थतन्त्र भन्नाले त्यस्तो अर्थतन्त्र हो जसले मानवीय जीवनशैलीमा सुधार ल्याउँछ, दूरगामी रुपमा असमानता नल्याउने र भविष्यको पुस्तालाई वातावरणीय जोखिम र पर्यावरणीय अभावबाट जोगाउने सकियोस्। हाल, यो व्याख्या चीनको अवस्थासँग तुलना गरेर अध्ययन गर्न योग्य भएको छ।

चीन विश्वको दोस्रो ठूलो अर्थतन्त्र भएको देश हो। चीनको विकासले सबैको ध्यान आकृष्ट गरिरहेको छ। कुनै समय एसियाको अँध्यारो देशको रुपमा परिचित चीनले निकै कठिन मार्ग भोगेर अहिलेको स्थान पुग्न सफल भएको हो। विकासको परिभाषामा चीन संसारको लागि आवश्यक सामग्री उत्पादन गर्ने कारखाना बन्ने अवस्थामा पुगिसकेको छ। तर विकाससँगै बिग्रँदो वातावरण र जलवायु परिवर्तन सँगसँगै आइरहेका समस्याहरु हुन्। औद्योगिक उत्पादनमा कोइला उर्जाको प्रमुख स्रोत हो। सन् २०१९ मा चीनलाई हावा प्रदूषणमा विश्वमा ११ औँ स्थानमा राखिएको र २५ प्रतिशत सतही पानी निकै प्रदूषित रहेको देखाइएको थियो। यसरी चीनको हावा, पानी र जमिनको प्रदूषणमा वृद्धि हुँदै गयो।

यी यावत् समस्या हल गर्न चीनको भूमिकालाई विश्व जनमानसले नियालिरहेको छ। चीनले दीगो अर्थतन्त्र निर्माण र वातावरण संरक्षण गर्न निरन्तरको खोज र अनुसन्धानलाई व्यापकता दिइरहेको छ। सन् २०१९ को मध्यसम्म हरित वित्तमा मात्रै १ खर्ब ४४ अर्ब चिनियाँ युआन लगानी गरिएको थियो। सन् २००५ देखि २०१५ सम्ममा हरित प्रविधि विकासका ४२ हजारभन्दा बढी चिनियाँ प्याटेन्टहरु दर्ता भए।

आधुनिक समाजवादी देश निर्माणको पहिलो पञ्चवर्षीय योजना (सन् २०२१-२०२५) को पहिलो वर्ष शुरु भएको छ। प्रतिस्पर्धी र हरित अर्थतन्त्रलाई प्राथमिकता दिइएको छ। यसको प्रभाव चीनको १ अर्ब ४० करोड जनसङ्ख्यालाई मात्र नभएर सारा संसारलाई नै पर्ने देखिन्छ। हरित अर्थतन्त्रको अवधारणाले दीगो विकास, जलवायु परिवर्तन र उच्च गुणस्तरयुक्त विकासको मोडलको निर्माणको लागि बाटो बनाएको छ। 'पर्यावरणीय सभ्यता' (Ecological Civilization) चीनको विकास मोडलको मौलिक शब्दावली बनेकोले पनि संसारले चीनको हरित अर्थतन्त्रबारे चासो थाहा नपाएको हुन सक्छ। चीन र बाँकी विश्वबीच विकासको यो अवधारणाको बारेमा छलफल र बहस हुनु त्यत्तिकै जरुरी छ। मानव सभ्यतालाई एक कदम अगाडि लान्छ भने किन अगाडि नबढ्ने ?

चीनको योजनामा न्यून कार्बनडाइअक्साइड उत्सर्जनलाई जोड दिने कार्यक्रम प्राथमिकतासाथ राखिएको छ। पेट्रोलियम, प्राकृतिक ग्यास, जलविद्युत, वायु र न्युक्लिएर शक्तिको प्रयोगलाई बढाइएको छ। सन् २०११ मा कोइलाको प्रयोग ७०.२ प्रतिशत रहेकोमा सन् २०१९ सम्ममा ५७.७ प्रतिशतमा झारिएको छ। प्राकृतिक ग्यासको प्रयोग १६.८ प्रतिशतबाट १८.९ प्रतिशत बढेको छ। जलविद्युत, वायु र न्युक्लिएर शक्ति ८.४ प्रतिशतबाट १५.३ प्रतिशत पुऱ्याइएको छ। यसरी चीनले नवीकरणीय उर्जाको प्रयोगलाई प्राथमिकता, गैर नवीकरणीय उर्जा जस्तै कोइला प्रयोगलाई निरुत्साहित गर्ने कार्य गरिरहेको छ। यसर्थ, प्राकृतिक ग्यास, जलविद्युत, वायु र न्युक्लिएर शक्तिको प्रयोगको वृद्धिलाई राम्रो सङ्केत मान्न सकिन्छ। साथै, सौर्य उर्जा उत्सर्जनमा व्यापकता दिइएको छ।

चीनमा हरित अर्थतन्त्र विकासलाई पाँच चरणहरुमा विभाजन गर्न गरिएको छ :

- वातावरण संरक्षण (Environmental Protection), १९७० र १९८० को दशक
- दीगो विकास (Sustainable Development), १९९० को दशक
- मानिस र प्रकृतिबीच सन्तुलन (Harmony between

man and nature), २००० देखि २००६ सम्म

- ☐ वैज्ञानिक विकास रणनीति (Scientific Development Strategy), २००३ देखि २०१२ सम्म
- ☐ पर्यावरणीय सभ्यता (Ecological Civilization), २००७ देखि अहिलेसम्म ।

सन् १९७० को दशकमा आर्थिक सुधार र खुल्लापनको अवधारणा लागू भइरहँदा आर्थिक विकास र वातावरण संरक्षणको सन्तुलन मिलाउन चीनलाई हम्मेहम्मे भइरहेको थियो । यहीँबाट शुरु भयो वातावरण संरक्षण गर्नुपर्ने आवाज । शुरुवातको अवस्थामा 'इन्ड अफ पाइप'को मोडल प्रयोग गरिएको थियो जहाँ उत्पादन र व्यवस्थापन पक्षमा सफाइ प्रविधि जोडिएको थियो, आधारभूत नियम परिवर्तन गर्नेमा थिएन । नेपालको औद्योगिक उत्पादन शैली चीनको पुरानो अवधारणाभन्दा अगाडि बढ्न सकेको देखिन्न ।

सन् २००५ मा पूर्वराष्ट्रपति हु जिन्ताओले पहिलोपटक 'चक्रीय अर्थतन्त्र' (Circular Economy) को गतिलाई बढाउने प्रस्तावलाई अगाडि सार्नुभएको थियो । सम्भव भएसम्म स्रोतसाधनको पुनः प्रयोग र पुनः प्रशोधनलाई कार्यान्वय गरिएको थियो । विकासमा स्रोतसाधनको बचावट र वातावरणमैत्री हुनु नै यसको विशेषता थियो । कोइलाको प्रयोगमा कटौती गर्ने र नवीकरणीय उर्जाको स्रोत प्रयोग बढाउने नीति ११ औँ पञ्चवर्षीय योजनाबाट नै प्राथमिकतामा राखिएको थियो । यसरी विकासमा 'वैज्ञानिक दृष्टिकोणको अवधारणा' विकसित हुँदै गयो । चिनियाँ कम्युनिष्ट पार्टीको लागि यस अवधारणाले लामो समयसम्म मार्गनिर्देशन गरिरह्यो ।

चीनले हरित प्रविधिको विकास र दीगो समाधानका उपायहरुमा नेतृत्व गर्ने आकलन गरिएको छ । संयुक्त राष्ट्र सङ्घको एक सभामा राष्ट्रपति सी चिनफिङले सन् २०६० सम्ममा कार्बन डाइअक्साइड उत्सर्जनलाई तटस्थतामा पुऱ्याउने बताएका थिए । सन् २०३० अगाडि चीनमा कार्बन डाइअक्साइडको उत्सर्जन उच्च स्थानमा पुग्ने र त्यसपछिको ३० वर्षमा कार्बनडाइअक्साइडको उत्सर्जन तटस्थ अवस्थामा पुऱ्याउने योजना राखिएको छ । चीनको अर्थतन्त्रको मोडलबारे यस प्रतिबद्धताले स्पष्ट सन्देश प्रदान गरेको बुझ्न सकिन्छ । सन् २०१५ मा 'पर्यावरणीय सभ्यता' को शब्दावलीलाई चिनियाँ कम्युनिष्ट पार्टीको सचिवालय बैठकमा पेश गरी सन् २०१८ मा चिनियाँ संविधानमा उल्लेख गरिएको छ । यसर्थ, वातावरण संरक्षणमा चीन पूर्ण प्रतिबद्ध भएको बुझ्न सकिन्छ ।

सोलार प्रविधिले प्राप्त गरेको सफलतालाई चीन अझै प्रोत्साहन गरिरहेको छ । सन् २००५ मा ८४ जिगावाट सौर्य उर्जा उत्पादन सन् २०१९ मा २,२४,१०० पुग्यो । सन् २००५ मा २,०२८ जिगावाट हावाबाट निस्केको उर्जा सन् २०१९



सौर्य र वायु उर्जा जस्ता वैकल्पिक उर्जा उत्पादनलाई प्रोत्साहन र विकास

मा ४,०५,७०० पुग्यो । सन् २००५ मा न्युक्लियर उर्जा ५३,०८८ रहेकोमा सन् २०१९ मा ३,४८,७०० जिगावाट पुग्यो । यसरी चीनले हरित अवधारणाअनुसार नवीकरणीय उर्जाको उत्पादनलाई व्यवस्थित तवरले विकास गरिरहेको छ । विद्युतीय गाडीहरुमा लगानी वृद्धि गरिएको छ ।

सफा, समृद्ध र पूर्ण विकसित चीन अर्थ्याउने 'सुन्दर चीन' (Beautiful China) को परिकल्पना सन् २०४९ सम्ममा पूरा गर्ने चीनको उद्देश्य छ । १४ औँ पञ्चवर्षीय योजनाले यी उद्देश्य पूर्ति गर्ने आशा गरिएको छ । प्राकृतिक ग्यासको भूमिगत भण्डारणमा चीन अगाडि बढिरहेको छ । ग्यासको अभाव हुन नदिन वा सन्तुलन कायम राख्न यो विधि एउटा राम्रो उपाय मान्न सकिन्छ ।

सन् २०१५ डिसेम्बर १२ मा पेरिसमा सम्पन्न जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौताले पूर्व औद्योगिक समयकै आधारमा विश्व तापमानमा २ डिग्री सेल्सियसले कमी ल्याउने उल्लेख छ । चीन सरकारले हरित प्रविधि विकासमा लाग्ने कार्यलाई प्रोत्साहन गरेको छ । कार्बनको उत्सर्जनमा कमी ल्याउने, वातावरण संरक्षण गर्ने र उद्योगमा हरित रुपान्तरण गर्ने उद्देश्यलाई स्पष्ट पारेको छ । यो त्यत्ति सजिलो कार्य होइन । विकास र वातावरण संरक्षणलाई सन्तुलित किसिमले अगाडि बढाउनु आवश्यक छ । चीनले आर्थिक विकासको मोडलमा हरित प्रणाली लागू गर्न थाल्दा व्यापारमा प्रत्यक्ष असर पर्न जानेछ । यद्यपि चीनले दीगो विकासको रणनीतिलाई अङ्गालेको छ ।

**सन्दर्भ सामग्री** :


१) Holzmann, A and N. Grunberg. 2021. **Greening China.: An analysis of Beijing's sustainable development strategies**.

२) Weng, X, et. al. 2015. **China's path to a green economy.**

३) Hepbur, C. et. al. 2021. **Towards carbon neutrality and China's 14th five-Year Plan.**


(khyajusabin@gmail.com)

चित्र : इन्टरनेट

# कसरी पाउने कोभिड १९ को अपडेट



न्हुःज किजु

सन् २०२० को आगमनदेखि नै नोवेल कोरोना भाइरस (कोभिड १९) का कारण विश्वमा कहाली लाग्दो अवस्था आयो। यस भाइरसले विश्वका सम्पूर्ण मानव समुदायलाई नै नराम्ररी सतायो। लाखौँको सङ्ख्याले ज्यान गुमाउनु पर्‍यो। यस भाइरसको सङ्क्रमणबाट बच्न खोपको आविष्कार भएता पनि अहिले फेरि दोस्रो चरणको सङ्क्रमण देखापर्न थालेको छ। अब हामीसँग सुरक्षित रहनुको कुनै विकल्प छैन। समाजमा कोरोना भाइरस फैलिएसँगै योसँग सम्बन्धित भ्रामक कुराहरू पनि त्यत्तिकै तीव्र गतिमा फैलिरहेको छ। यस विषयमा हामी चनाखो हुन जरुरी छ। कतिपयलाई अझै पनि कोरोना भाइरससँग सम्बन्धित आधिकारिक जानकारी र त्यसको अपडेटहरू कहाँबाट कसरी लिन सकिन्छ भन्ने ज्ञानको कमी छ। यस लेखमार्फत मैले थाहा पाएअनुसार कोभिड १९ को अपडेट र आधिकारिक सूचनाहरू कुन कुन श्रोतबाट कसरी लिन सकिन्छ भन्नेबारे जानकारी गराउन चाहन्छु।

नोवेल कोरोना भाइरस (कोभिड १९) विश्वव्यापी रूपमा फैलिएको रोग हुनाले हामीले विश्वमै के कस्तो अवस्था छ भनेर बुझ्न जरुरी छ। यसको आधिकारिक सूचना, समाचार तथा अपडेटको लागि निम्न वेबसाइटहरू प्रयोग गर्न सकिन्छ –

- www.covid19.who.int
- www.worldometers.info/coronavirus

त्यसै गरी नेपालको सन्दर्भमा नेपाल सरकारले कोभिड १९ बारे सुसूचित गर्न विभिन्न माध्यमहरू प्रयोगमा ल्याएको छ। तीमध्ये ५ ओटा माध्यमहरू हुन् : क) वेबसाइट, ख) हटलाइन नम्बर, ग) भाइबर, घ) सामाजिक सञ्जाल र ङ) मोबाइल एप्लिकेसन।

**क) वेबसाइट** – निम्न वेबसाइटहरूबाट कोभिड १९ को दिनानुदिनको सङ्ख्या, आधिकारिक सूचना तथा समाचार र आवश्यक जानकारीहरू लिन सकिन्छ –

- Covid19.mohp.gov.np
- Heoc.mohp.gov.np
- Portal.edcd.gov.np/covid19
- Covid19.ndrrma.gov.np
- Covidnepal.org

**ख) हटलाइन नम्बर** – ईन्टरनेटको पहुँच नपुगेका र नहुने, अन्य माध्यमहरूको जानकारी नहुने र प्रयोग गर्न नजान्नेलाई हटलाइन नम्बर एकदम उपयोगी माध्यम हुनसक्दछ। नेपाल सरकारद्वारा जारी गरिएका निम्न नम्बरहरूमा कल गरी हामीले कोभिड १९ सम्बन्धी जानकारी तथा सोधपुछ गर्न सकिन्छ।

- 1133 यो सेवा सातदिन २४ सै घण्टा उपलब्ध छ।
- 1115 यो सेवा विहान ६ बजेदेखि राति ८ बजेसम्म उपलब्ध छ।
- 9851255837 र 9851255834 यो सेवा विहान ८ बजेदेखि राति ८ बजेसम्म उपलब्ध छ।

**ग) भाइबर** – नेपालमा भाइबर प्रयोगकर्ताहरूको सङ्ख्या धेरै भएको हुनाले नेपाल सरकारले भाइबर मार्फत पनि कोभिड १९ को जानकारी र अपडेट दिने गरेको छ। यो सुविधा उपयोग गर्नको लागि भाइबर प्रयोगकर्ताहरूले सर्च बारमा गई 'MoHP Nepal CoVID-19' टाइप गरी नेपाल सरकारद्वारा बनाइएको आधिकारिक भाइबर कम्युनिटीमा सामेल हुन सकिन्छ। यस कम्युनिटी मार्फत हरेक दिनको कोभिड १९ अपडेट र आवश्यक जानकारीहरू प्राप्त गर्न सकिन्छ।

**घ) सामाजिक सञ्जाल** – सामाजिक सञ्जालका प्रयोगकर्ताहरू दिनानुदिन बढ्दै छ। अझ विशेषगरि फेसबुक। यसैलाई दृष्टिगतगरि नेपाल सरकारले पनि निम्न फेसबुक पेजहरूमार्फत पनि प्रेस विज्ञप्तीलगायत अन्य कोभिड १९ सँग सम्बन्धित जानकारी तथा सूचनाहरू प्रवाह गर्दै आइरहेको छ –

- Fb.com/mohpnep
- Fb.com/edcdnepal
- Fb.com/HEOCMoHP

**ङ) मोबाइल एप्लिकेसन** – आजभोलि एन्ड्रोइड मोबाइल नहुने त सायदै होलान्। एन्ड्रोइड मोबाइल तथा आइफोन बोक्नेहरूका निम्ति सरकारले विशेष एप्लिकेसन नै तयार गरेको छ, जसमा हरेक अपडेट आउनेदेखि लिएर कन्ट्याक्ट ट्रेसिङसम्मका सुविधाहरू छन्। एन्ड्रोइड प्रयोगकर्ताले गुगल प्ले स्टोरमा र आइफोन प्रयोगकर्ताले एप्पल स्टोरमा गई 'Hamro Swasthya' लेखेर खोजी गरे विविध जानकारी पाउन सकिन्छ।

# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासी स्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## मिति २०७७ चैत्र २३ गते, सोमबार

### उपस्थिति

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. सचिव श्री रामलाल श्रेष्ठ | ऐ |

## निर्णयहरू

### कर्मचारी वृत्ति विकास

यस नगरपालिकामा विगत लामो समयदेखि अविच्छिन्न रूपमा सेवारत कर्मचारीहरूको वृत्ति विकास गर्ने सम्बन्धमा आवश्यक गृहकार्य गरी नगर कार्यपालिकामा सो सम्बन्धी विधेयक पेश गर्न विधायन समितिलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

### शैक्षिक ऋण प्रदान गर्ने

देशका विभिन्न विश्वविद्यालय तथा शैक्षिक संस्थाहरूमा उच्च शिक्षा अध्ययन गरिरहेका/गर्न चाहने नगरवासी विद्यार्थीहरूलाई नगरपालिकाको तर्फबाट शैक्ष्कि ऋण प्रदान गर्ने सम्बन्धमा शैक्षिक ऋण दिने सम्बन्धमा बनेको निर्देशिका २०७५ को बुंदा नं. ४.५ मा 'शैक्षिक ऋण प्रत्येक वडाबाट दश जना विद्यार्थीलाई मात्र दिन सकिनेछ' भन्ने व्यवस्थालाई संशोधन गरी 'शैक्षिक ऋण नगरपालिकामा आवेदन पर्न आएकामध्ये अन्तरवार्ताबाट छनौट भई कार्यपालिकाले तोकेको सङ्ख्यामा दिन सकिनेछ' भन्ने प्रावधान राखी यस आ.व.मा देहाय बमोजिमका विद्यार्थीहरूलाई २०७७ चैत्र २५ गते एक कार्यक्रम गरी शैक्षिक ऋण प्रदान गर्ने निर्णय गरियो ।

शैक्षिक ऋण प्राप्त गर्न योग्य आवेदक विद्यार्थीहरूको नामावली यसैसाथ टाँस गरिएको छ ।***(११९ जनाको नामावली पेज नं.५८ मा छ)***

### कोभिड-१९ जोखिम न्यूनिकरण

भक्तपुर क्षेत्र नं. १ बाट निर्वाचित प्रतिनिधि सभा सदस्य माननीय प्रेम सुवालज्यूको नाममा स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम अन्तर्गत भक्तपुर नगरवासीहरूलाई कोभिड–१९ रोग सङ्क्रमणको जोखिम न्यूनिकरणका लागि जनचेतनामूलक गतिविधि सञ्चालन गर्न तथा नगरवासीहरूलाई मास्क र साबुन वितरण गर्ने कार्यमा नगरपालिकाको तर्फबाट आवश्यक समन्वय एवं सहयोग गर्ने निर्णय गरियो । उक्त कार्यका लागि नपुग रकम यस नगरपालिका अन्तर्गत प्रकोप व्यवस्थापन समितिको कोषबाट व्यहोर्ने निर्णय गरियो ।

### समितिको निर्णय अनुमोदन

विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो–

#### क. युवा तथा खेलकुद समिति

**मिति २०७७ चैत्र १ गते**

१. भक्तपुर नगरपालिकाको आयोजनामा २०७८ सालको नयाँ वर्षको उपलक्ष्यमा २०७७/०७८ सालमा विभिन्न खेलकुद प्रतियोगितामा सहभागी भई पदक प्राप्त गर्नु हुने भक्तपुर जिल्लाका उत्कृष्ट पुरुष तथा महिला खेलाडीहरूलाई बधाई एवं रेफ्री, निर्णायकहरूलाई **सम्मान कार्यक्रम आयोजना** गर्ने र उक्त कार्यक्रमको लागि २०७७ चैत्र २५ गतेभित्र प्रमाण पत्र सङ्कलन गर्ने निर्णय गरियो ।

**मिति २०७७ चैत्र २ गते**

१.भक्तपुर नगरपालिकाको आयोजनामा भइरहेको

अन्तर नगर बुद्धिचाल तथा विद्यालय स्तरीय खेलकुद प्रतियोगितामा सहभागी विभिन्न जिल्लाका खेलाडीहरूसँग **परिचयात्मक कार्यक्रम** नेपाल मजदुर किसान पार्टीका अध्यक्ष श्री नारायणमान बिजुक्छेंज्यूको प्रमुख आतिथ्यमा मिति २०७७।१२।२ गते गर्ने निर्णय गरियो ।

**मिति २०७७ चैत्र ६ गते**

मकवानपुर जिल्ला बुद्धिचाल सङ्घको मुख्य आयोजना तथा हेटौंडा चेस क्लवको सहआयोजनामा २०७७ चैत्र ११-१४ गतेसम्म बागमती प्रदेशको राजधानी शहर हेटौंडामा हुने अन्तर नगर टिम बुद्धिचाल प्रतियोगितामा यस नगरपालिकाबाट एक टिम सहभागी गराउने र उक्त **प्रतियोगितामा सहभागी हुने** खेलाडीहरू र अफिसियलहरूलाई ट्याक सेट १/१ दिने र आवश्यक खर्चको व्यवस्था गर्ने निर्णय गरियो ।

**मिति २०७७ चैत्र १७ गते**

१. भक्तपुर नगरपालिकाको आयोजनामा शहीद दिवसको अवसरमा २०७७ फागुन २९-चैत्र ३ गतेसम्म भएको अन्तर नगर बुद्धिचाल प्रतियोगिता र भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिताका आर्विट, रेफ्री, निर्णायकहरूलाई चैत्र ३० गते **धन्यवाद ज्ञापन** कार्यक्रम गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिकाको आयोजनामा शहीद दिवसको अवसरमा २०७७ फागुन २९-चैत्र ३ गतेसम्म भएको अन्तर नगर बुद्धिचाल प्रतियोगिता र भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिताको लागि आवश्यक मेडल, ट्रफी, शिल्ड, प्रमाण पत्र बनाउनको लागि कोटेशन माग गर्ने र सोको लागि कोटेशन माग गर्दा परेको तीन ओटा कोटेशनमध्ये सबभन्दा कम दररेटमा परेको इन्द्रेणी छापाखानाको कोटेशन अनुसार पेश गरेको दररेटलाई **भुक्तानी दिने** निर्णय गरियो ।

## शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति

**मिति २०७७ चैत्र ६ गते**

१. नेपालमा चैत्र ९ गतेबाट देखिएसँगै २०७६ चैत्र ११ गतेदेखि विश्वमा देखिएको कोभिड-१९ को सङ्क्रमणबाट नेपाल सरकारले घोषणा गरेको बन्दाबन्दी (लकडाउन) को कारणबाट सर्वसाधारण जनताको लागि अवलोकन गर्न खोलिराखेको विश्व सम्पदामा सूचिकृत ५५ झ्याल दरबार बन्द गरेको थियो । सो दरबार २०७७ चैत्र १० गतेदेखि हप्ताको मंगलबार र शुक्रबार दुई दिन सर्वसाधारणको लागि पुनः **अवलोकनको लागि खोल्ने** निर्णय गरियो ।

२. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङ्ग र ख्वप इन्जिनियरिङ्ग कलेजलाई प्रयोजनको लागि न.पा.द्वारा प्रकाशित 'भक्तपुर सम्पदा पुनः निर्माण र जीर्णोद्धार' पुस्तक ५५ प्रति माग गरे बमोजम **उपलब्ध गराउने** निर्णय गरियो ।

## कृषि समिति

**मिति २०७७ चैत्र २० गते**

१. भक्तपुर नगरमा छाडा कुकुरले टोकेर नगरवासीहरूमा आतङ्कित भइरहेको जनगुनासो आएकोले छाडा कुकुरहरूलाई रेबिज विरुद्धको खोप, बन्ध्याकरण तथा व्यवस्थापन कार्यलाई अगाडि बढाउने तथा सो कार्यक्रमका लागि समितिका अध्यक्ष राजकृष्ण गोरालाई रु.५,००,०००।- (अक्षेरूपी पाँच लाख) **पेश्की** लिन लगाउने निर्णय गरियो ।

## बजार अनुगमन समिति

**मिति २०७७ चैत्र ५ गते**

१. दूषित तेल जाँच्ने (Raino Meter) यन्त्र खरिद गर्न र अनुगमन टोलीमा आउने सहभागीहरूलाई उक्त दिन खाजा खर्च दिनको लागि रु.१,००,०००।- (अक्षेरूपी एक लाख) **पेश्की** वडा नं. ६ का वडाअध्यक्ष हरिराम सुवालाई लिन लगाउने निर्णय गरियो ।


**'भक्तपुर' मासिकलाई**

नगर र नगरवासीको हित हुने ऐतिहासिक, सांस्कृतिक एवम् समसामयिक लेख रचना दिई सहयोग गर्नुहोस् ।

साथमा सम्बन्धित तस्बिरहरू भए प्राथमिकतासाथ स्थान दिइनेछ । लेखकहरूले सम्पर्क फोन नं. पनि दिनुहोला ।

**रचना पठाउने ठेगानाः**

- भक्तपुर नगरपालिका कार्यालय भवन
- email-bhaktapurmasik@gmail.com

## निर्माण समिति

### मिति २०७७/११/२६ गते

| क्र. सं. | योजनाका बिवरण | वडा नं. | बजेट | ल.ई.रकम | रि.ल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | उ.स.अ. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **रिभाइज ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | लिबाली कभर्ड हल निर्माण कार्य | ८ | लिबाली कभर्ड हल | ७,९३४,०३०।०० | ९,९९२,५२५।२९ | | | | | | रामसुन्दर बासी | |
| **पेश्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | ब्यासी टुरिष्ट बसपार्कमा स्वचालित सार्वजनिक शौचालयको लागि अण्डरग्राउण्ड पानी ट्याङ्की तथा टहरा निर्माण कार्य | २ | न.पा. | ७,०४२,६५६।४७ | | १,०००,०००।०० | २,०४४,१२९।६२ | १,०४४,१२९।६२ | २,१९७,४३३।९८ | आंशिक सम्पन्न | सिताराम कोजू | |
| २ | क्वाछेँदेखि गणेश पाटीसम्म ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ५ | सडक बोर्ड र न.पा. | १०,४१,९५९।१८ | प्रथम पे.फ. | ३३०,०००।०० | ४६२,४२६।८२ | १३२,४२६।८२ | ४९१,९४५।०१ | सम्पन्न | तुल्सीनारायण दण्डेख्या | |
| | | | | | दोस्रो पे.फ. | ४४०,०००।०० | ५३७,४६६।९४ | ९७,४६६।९४ | ६३४,००३।५१ | | | |
| | | | | | **जम्मा** | **७७०,०००।००** | **९९९,८९३।७६** | **२२९,८९३।७६** | **१,१२५,९४८।५२** | | | |
| **मर्मत शाखा तर्फ** | | | | | | | | | | | | |
| | **ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | |
| १ | भक्तपुर नगरपालिका क्षेत्रभित्र जडित सडक बत्ती नियमित मर्मत सम्भार | १-१० | सडक बत्ती मर्मत सम्भार | ५९३,९९६।१५ | | | | | | | | |
| २ | भ.न.पा. भवनमा पिउने पानीको फिल्टर जडान कार्य | २ | मर्मत सम्भार | १०,२०७।८७ | | | | | | | | |
| **भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | फलामको कार्य Tree guard निर्माण कार्य) | १ | मर्मत सम्भार | २६२,०१८।४० | | प्रथम आंशिक भुक्तानी | २६,४५०।०० (ज्याला मात्र) | २६,४५०।०० | २६२,०१८।४० | | | सामान जिन्सी शाखाबाट प्राप्त |

**प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ**

**ल.ई. स्वीकृत सम्बन्धमा**

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कालदह गल्ली र शहीद स्मृति खेल मैदान सँगैको ठाउँमा वातावरण सुधार तथा सरसफाइ कार्य | २ | प्रधानमन्त्री रोजगार | ९६६,२२२।२८ | | | | | | | | |
| २ | थंथु दरबार चोकमा सरसफाई कार्य (दोस्रो चरण) | ३ | प्रधानमन्त्री रोजगार | ४६२,५९९।३९ | | | | | | | | |
| ३ | मंगलतीर्थ र माकचो गणेशमा सरसफाइ कार्य | ४ | प्रधानमन्त्री रोजगार | ४६३,६०४।७५ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **भुक्तानी सम्बन्धमा** | | | प्रधानमन्त्री रोजगार | | | | | | | | | |
| १ | भाजु पोखरीमा सफाइ गर्ने कार्य | १ | प्रधानमन्त्री रोजगार | ६३०,४९९।०० | | प्रथम आंशिक भुक्तानी | ३२२,०९१।०० (ज्याला मात्र) | ३२२,०९१।०० | ३३०,०००।०० | | | |
| २ | चुपिंघाट स्थित शिवालय तथा केटामरू घाट बाटो सरसफाइ कार्य | ५ | प्रधानमन्त्री रोजगार | १,०१६,५०९।२६ | | प्रथम आंशिक भुक्तानी | ६,२०४ (ज्याला मात्र) | ६,२०४।०० | ८,१११।२५ | | | |
| ३ | वडाको विभिन्न स्थानमा मर्मत र सरसफाइ कार्य | ७ | प्रधानमन्त्री रोजगार | ५२०,२८९।४१ | | प्रथम आंशिक भुक्तानी | २९,९८६।०० (ज्याला मात्र) | २९,९८६।०० | ४७,७४०।५० | | | |
| ४ | तुमचो दुगुरे चोखा प्लानिङ क्षेत्रको १ च र ५ मा बाटोको दुवै पेटीतर्फ सफाइ कार्य | ९ | प्रधानमन्त्री रोजगार | ४९९,४८८।६८ | | प्रथम आंशिक भुक्तानी | ४०,३२६।०० (ज्याला मात्र) | ४०,३२६।०० | ४१,६००।०० | | | |

**२०७७/१२/१३ गते**
**ल.ई. स्वीकृति सम्बन्धी**

| क्र.सं. | योजनाका बिवरण | वडा | बजेट | ल.ई.रकम | रि.ल.ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | उ.स.अ. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बाल विकास स्कूल परिसरको उत्तरतर्फ खुला क्षेत्रमा ढुङ्गा छपाइ र उद्यान निर्माण कार्य | ८ | वाग्मती प्रदेश सांसद कोषमा २० लाख विनियोजित | २,०२७,८८८।२४ | | | | | | | | |
| **भेरियसन अर्डर सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | बाराही पुल पुन:निर्माण कार्य (पहिलो चरण) | | बागमती प्रदेश समपुरक बजेट | २२,४१९,७३८।१६ | २३,८५५,०३३।९० | | | | | | | |
| **पेश्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | बाराही पुल पुन:निर्माण कार्य (पहिलो चरण) | | | २२,४१९,७३८।१६ | २३,८५५,०३३।९० | २,९५५,०००।०० | १५,०१५,५८२।६६ | १२,०६०,५८२।६६ | १५,०१५,५८२।६६ | सम्पन्न | जागृति निर्माण सेवा प्रा.लि. | |
| २ | इखालाछी मठ पुन:निर्माण कार्य | ४ | इखालाछी मठ | १९,०५४,३००।७६ | | ३,०००,०००।०० | ४,३०३,९२४।५२ | १,३०३,९२४।५२ | ४,३७९,२७२।०७ | चालू | पुरूषोत्तम तमखु | थप रू. ११ लाख ७५ हजार पेश्की दिने |
| ३ | सल्लाघारी नपलीमा आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण कार्य | १ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | ६,१७४,७२१।३९ | पहिलो फछ्र्यौट | २,०००,०००।०० | २,१६७,१९३।१७ | १६७,१९३।१७ | ३,१८६,०७७।६० | आंशिक सम्पन्न | सम्झना प्रेमी | थप रू. २० लाख पेश्की दिने |
| | | | | | दोस्रो फछ्र्यौट | **३३२,८००।००** | **३४४,१११।०४** | **११,३११।०४** | **३७९,४५२।४६** | | | |
| | | | | | जम्मा | २,३३२,८००।०० | २,५११,३०४।२१ | १७८,५०४।२१ | ३,५६५,५३०।०६ | | | |
| **उपभोक्ता समिति गठन सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | कमलविनायक कभर्ड हल छाना तथा रङरोगन कार्य | १० | खेलकुद समिति | १,३२५,६१४।१२ | | उ.स.अ. : माधवप्रसाद सुवाल<br>अ.स.स. : ज्ञानकुमार मगजू | | | | | | |

| | | | | |
|---|---|---|---|---|
| **ठेक्का स्वीकृति सम्बन्धमा** | | | | |
| १ | ठेक्का नं. bktmun/NCB/works/04/077/78 (भ.न.पा. वडा नं १० बेखालस्थित कमलविनायक स्वास्थ्य चौकी भवन निर्माण कार्य) का लागि म्यादभित्र प्राप्त भएका बोलपत्रहरूमध्ये भ्याटसहित रू. २१,९५,२१३।७१ (अक्षरेपि एकाइस लाख पन्चानब्बे हजार दुई सय तेह्र रूपैयाँ एकहत्तर पैसा) कबोल गर्ने श्री के.बी. सन्स् कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. को प्रस्ताव न्यूनत्तम मूल्याङ्कीत सारभूत रूपमा प्रभावग्राही देखिएकोले स्वीकृत गर्ने निर्णय गरियो । | | | |
| २ | ठेक्का नं. bktmun/NCB/works/01/077/78 (भ.न.पा. वडा नं ४, ७ र ८ राममन्दिर, जगाती, लिबाली सडक पीच गर्न बाग्मति प्रदेश समपुरक अनुदान बजेट र नपाको संयुक्त लगानीबाट व्यहोर्ने गरी न्यूनत्तम अङ्क कबोल गर्ने अत्रेय निर्माण सेवा प्रा.लि.बाट मिति २०७७/१०/१३ गते सम्झौता भई काम कार्यवाही अगाडि बढिरहेकोले आत्रेय निर्माण सेवा प्रा.लि.ले खरिद सम्झौताको ८.८१ प्रतिशत (१२,००,०००।००) अग्रीम बैङ्क जमानत नेपाल बंगलादेश बैङ्कमा जमानत राखिएकोले काम कारबाही अगाडि बढाउन सार्वजनिक खरिद नियमावली अनुसार अग्रीम पेश्की दिन सकिने भएकोले ८.८१ प्रतिशत अर्थात् रू. १२,००,०००।०० अग्रीम पेश्की दिने निर्णय गरियो । | | | |

**भुक्तानी सम्बन्धमा**

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ब्रम्हायणी बहुउद्देश्यीय भवन निर्माण कार्यको लागि Ramp मा RCC गर्ने कार्य | ९ | | | | | | ८१,०९१।०० | | | | |
| २ | ब्रम्हायणी बहुउद्देश्यीय भवन निर्माण कार्यको लागि भेन्टिलेशनमा सिसा राख्ने कार्य | ९ | | | | | | १८,५४४।५० | | | | |
| ३ | ब्रम्हायणी बहुउद्देश्यीय भवन निर्माण कार्यको लागि कौसीमा कोटा स्टोन राख्ने कार्य | ९ | | | | | | ३१,७७० ८५ | | | | |
| ४ | ब्रम्हायणी बहुउद्देश्यीय भवन निर्माण कार्यको लागि भऱ्याङमा मार्वल लगाउने कार्यको ज्याला | ९ | | | | | | १६७,०००।०० | २५९,२२९।९८ | | | |
| **मर्मत सम्बन्धी** | | | | | | | | | | | | |
| **ल.ई. स्वीकृति सम्बन्धी** | | | | | | | | | | | | |
| १ | कोसेली घरको पश्चिमतर्फको कम्पाउण्ड वालको नयाँ गेट बनाउने कार्य | २ | मर्मत | ५०,५२४।९१ | | | | | | | | |
| २ | १ देखि १० वडासम्म विभिन्न ठाउँमा सिभिल कार्य | १–१० | मर्मत | ९७,५९०।६६ | | | | | | | | |
| ३ | १ देखि १० वडासम्म विभिन्न टोलमा १०० ओटा सानोइन्लेट (12"x16")मर्मत सम्भार | १–१० | मर्मत | ८३,९७५।७६ | | | | | | | | |
| ४ | १ देखि १० वडासम्म विभिन्न टोलमा २३ ओटा ठूलो रेनइन्लेट (18"x36" मर्मत सम्भार | १–१० | मर्मत | १०१,७९७।७९ | | | | | | | | |
| ५ | १ देखि १० वडासम्म वृक्षरोपण भएको रूख बिरूवा सुरक्षाका लागि tree guard ( जाली) मा रङरोगन गर्ने कार्य | १–१० | मर्मत | ९२,७६१।५० | | | | | | | | |

| क्र.सं. | योजनाका विवरण | वडा नं. | बजेट | ल.ई.रकम | रिल.ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | उ.स.अ. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | मंगल तीर्थको शिशुस्याहार केन्द्रको झिँगटी छाना मर्मत कार्य | ४ | मर्मत | ९७,४२४।६७ | | | | | | | | |

मिति २०७७/१२/२० गते

| क्र.सं. | योजनाका विवरण | वडा नं. | बजेट | ल.ई.रकम | रिल.ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | उ.स.अ. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **उपभोक्ता समिति गठन सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | दुबेंकीगु फल्चा पुन:निर्माण कार्य | ८ | टीभी, एफएम रिकर्डिंग केन्द्र निर्माण कार्य | ४,८२०,४३७।५० | | उ.स.अ.:लक्ष्मण फेलू अ.स.स.:कृष्णप्रसाद कोजू | | | | | | |
| **पेश्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | कुमारी पाटी पुन:निर्माण कार्य | २ | आ.व. २०७६/७७ को सशर्त | ५,०१२,८०९।१३ | पहिलो फछ्र्यौट | १,६५०,०००।०० | १,६८४,९४९।०७ | ३४,९४९।०७ | २,४४४,४५१।४० | सम्पन्न | रामप्रसाद ग्योला | रू८३,२३०।५४ उपभोक्ता समितिको आर्थिक सहयोगमा सम्पन्न । |
| | | | | | दोस्रो फछ्र्यौट | **३,३१५,०५०।००** | **३,३९८,२८०।५४** | | **३,९३१,३१२।०६** | | | |
| | | | | | जम्मा | ४,९६५,०५०।०० | ५,०८३,२२९।६१ | ३४,९४९।०७ | ६,३७५,७६३।४६ | | | |
| **मर्मत शाखा अन्तर्गत** | | | | | | | | | | | | |
| **ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | पशु सेवा शाखा डिस्पेन्सरीको ढोका फेर्ने कार्य | १ | मर्मत | २५,९१०।९६ | | | | | | | | |
| २ | फ्ल्ड लाईट तथा सि.सि.टि.भि. Serveillance मर्मत तथा नयाँ जडान कार्य (बिस्का जात्रा) | १,३ | मर्मत | ५७२,०८८।०० | | | | | | | | भार्वाचो देखि दत्तात्रय सम्म |
| **भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | भ.न.पा. कार्यालयको ट्याङ्की सरसफाइ कार्य | २ | मर्मत | | | | | ७,०००।०० | | | | |
| २ | विभिन्न वडाहरूमा प्लम्विंग कार्य | १–१० | मर्मत | | | | | ३,५००।०० | | | | |

मिति २०७७/१२/२२ गते

| क्र.सं. | योजनाका विवरण | वडा नं. | बजेट | ल.ई.रकम | रि.ल.ई. | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | उ.स.अ. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | खानेपानी वितरण (ट्याङ्करबाट) कार्य | **१–१०** | खानेपानी समिति | ४९७,७७६।३० | | | | | | सूचना प्रकाशन गर्ने निर्णय | | |
| **पेश्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | च्यासिलिंग मण्डप पुन:निर्माण कार्य | ५ | च्यासिलिंग मण्डप | ३,२७०,१७०।०० | ४,८११,७०६।१३ | १,५००,०००।०० | ३,२०२,२९८।०० | १,७०२,२९८।०० | ३,३९२,८१७।०० | पहिलो | राजाराम चवाल | सम्पन्न |
| | | | | | | | **१,४३०,३११।००** | **१,४३०,३११।००** | **१,४४६,७४८।००** | **दोस्रो** | | |
| | | | | | | १,५००,०००।०० | ४,६३२,६०९।०० | ३,१३२,६०९।०० | ४,८३९,५६५।०० | जम्मा | | |
| २ | कोभिड–१९ सङ्क्रमण रोकथाम सामग्री वितरण कार्यक्रम | **१–१०** | सङ्घीय सरकार सांसद कोष | १,०९७,५००।०० | १,०९७,६६९।५४ | ३५०,०००।०० | ७०३,८०६।०८ | ३५३,८०६।०८ | ८७५,८०५।५० | | | |

**विविध**

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो-

क. नपाको बा ३४ प ८८२० को मोटरसाइकल मर्मत गराए वापत रु. ५२५०।-; बा २ प ३८५८ को माटरसाइकल मर्मत गराए वापत रु.१४६०।-; को १ स १६७८ को ट्राइसाइकल मर्मत गराए वापतको रु.५७५०।- र बा ३४ प ८६३० को मोटर साइकलको मर्मत गराए बापतको रु. ३२००।- गरी कुल रु. १५,६६०।- लक्ष्मी अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ख. नपाको बा १ क ९०२५ को गाडी मर्मत गराए वापत रु.३९,०००।- तुल्सी अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ग. नपाको बा १ क ९०२५ को गाडी मर्मत गराए वापत रु. ४४,०७०।- र बा ३ च ७१४९ को एम्बुलेन्स मर्मत गराए वापत रु.२८,२५०।- गरी कुल रु.७२,३२०।- भक्तपुर अटो पार्टस्लाई **भुक्तानी दिने** निर्णय गरियो ।

घ. नपाको बा ३ च ८७८ को फोहोर सङ्कलन गर्ने गाडी मर्मत गराए वापत रु. ७६,४१४।२५ अजिमा अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ङ. नपाको बा १ ग २९४१ को गाडी मर्मत गराए वापत रु.३४,९१७।-; बा १ क ८१५६ को एस्काभेटर गाडी मर्मत गराए वापत रु.१,९३,००४।- गरी कुल रु.२,२७,९२१।- निर्भिक मोटर पार्टस्लाई **भुक्तानी दिने** निर्णय गरियो ।

च. नपाको बा २ च ९८०८ को गाडी मर्मत गराए वापत रु.६,८९१।३५ र बा १ क ९०२५ को गाडी मर्मत गराए वापत रु.२१,१७३।०६ गरी कुल रु.२८,०६४।४१ नेपाल अटो इलेक्ट्रिक ट्रेड लिंकलाई **भुक्तानी दिने** निर्णय गरियो ।

छ. नपाको बा ५ च २५२८ को गाडी मर्मत गराए वापत रु. ४,५००।- गाडी चालक मनोज कुमार छुकांलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ज. मिति २०७७।११।१७ गते, मिति २०७७११।२१ गते र २०७७।१२।१४ गतेको नगर कार्यपालिकाको बैठकहरूमा जलपान उपलब्ध गराए वापत रु.२२,६००।- सूर्यविनायक पार्टी भेनुलाई **भुक्तानी दिने** निर्णय गरियो ।

झ. नपामा विभिन्न समयमा जलपान उपलब्ध गराए वापत रु.११,६७०।- झछेँ नेवारी खाजा घरलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ञ. नपामा विभिन्न समयमा जलपान उपलब्ध गराए वापत रु.२३,४५०।- दिव्या स्वीट्सलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ट. वडा नं. १० का राधेश्याम दुमरुले वडा नं. १० थालाछेँस्थित आफ्नो निजी जग्गामा घर बनाउन नक्सा पास गर्ने सिलसिलामा नक्सा पास दस्तुरमा भूकम्प पीडित सहुलियत रकम छुट हुन गई निजले नपालाई रु.३,५०२।८३ बढी तिरेकोमा निजको भुकम्प पीडित सहुलियत **रकम फिर्ता दिने** निर्णय गरियो ।

ठ. मिति २०७७ फागुन २९ गतेदेखि चैत्र ३ गतेसम्म सम्पन्न भएको अन्तर नगर बुद्धिचाल प्रतियोगिताको प्रचार प्रसारका लागि वडा नं. ९ का वडाअध्यक्ष रबिन्द्र ज्याख्वले अध्ययन भ्रमणका लागि रु. ५०,०००।- पेश्की लिएकोमा रु. ५,२००।- बराबरको बिल भर्पाई पेश गरी बाँकी रकम बैंक दाखिला गरी निजको नाममा रहेको **पे.फ.** गरियो ।

ड. वडा नं. ९ का वडाअध्यक्ष रबिन्द्र ज्याख्वले मिति २०७७ फागुन २१ गतेदेखि चैत्र १० गतेसम्म कर्णाली प्रदेश र सुदूर पश्चिम प्रदेशका विभिन्न जिल्लाका स्थानीय पालिकाहरूको अध्ययन भ्रमणका लागि रु. ५०,०००।- पेश्की लिएकोमा रु.४०,८००।- बराबरको बिल भपाई पेश गरी बाँकी बैंक रकम दाखिला गरी निजको नाममा रहेको **पे.फ.** गरियो ।

ढ. नपाद्वारा सिद्धपोखरीमा सञ्चालित ३ ओटा डुङ्गाको पाइदल बिग्रिएकोले सोको मर्मत वापत रु. १०,१९९।७६ गुर्जु ट्रेड हाउसलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ण. भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने सम्बन्धमा गठित नेपाल सरकार, भूमि सम्बन्धी समस्या समाधान आयोग काठमाण्डौ र भक्तपुर नगरपालिकाको बीच समझदारी पत्रमा हस्तक्षर गर्न आवश्यक भएकोले यस नगरपालिकाको तर्फबाट उक्त समझदारी पत्रमा हस्ताक्षर गर्न प्रमुख प्रशासकीय अधिकृतलाई **अख्तियारी प्रदान** गर्ने निर्णय गरियो ।

त. मिति २०७७।११।१७ गतेको कार्यपालिकाको निर्णयानुसार देको-मिवा-इतापाके जग्गा एकीकरण आयोजनाको लागि मिति २०७७।१२।२ गते नगर विकास कोष, बानेश्वर काठमाण्डौ र भक्तपुर नगरपालिकाबीच सम्पन्न भएको ऋण सम्झौता र पहिलो किस्ता वापत रु.५,००,०००,००।- (अक्षरूपी पाँच करोड) निकासाको लागि नगर विकास कोषमा गरिएको **पत्राचारको बारेमा जानकारी** गराइयो ।

## मिति २०७७ चैत्र २६ गते, विहीबार

### निर्णयहरू

**बिस्का जात्राबारे**

१) प्रसिद्ध बिस्क जात्रा सभ्य, अनुशासित र मर्यादित ढङ्गबाट स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरेर मनाउन सम्पूर्ण नगरवासीहरू एवं सरोकारवाला सबै पक्षमा आग्रहसहित २०७७ चैत्र २७ गते,तौमढीमा सद्भाव सभा आयोजना गर्ने निर्णय गरियो ।

२) भैरवनाथको रथ तान्ने तथा योसिंद्यो उभ्याउने र ढाल्ने जात्राको विभिन्न सञ्चार माध्यमहरूमार्फत प्रत्यक्ष प्रसारण गर्न आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

**विविध**

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

क. न.पा. को बा ३ च ८७६ को गाडीसँग ००८ प ४३१४ नं. को स्कुटर ठोकिन्दा स्कुटरको मर्मत गरे वापतको क्षतिपूर्ति रु.४,३५०|- जीवन लागेलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ख. चालू आ.व. ०७७/०७८ मा सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, स्थानीय तहमा विनियोजित सशर्त अनुदानको वार्षिक कार्यक्रम अन्तर्गत एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन भ.न.पा. वडा नं. २ स्थित बासु माध्यमिक विद्यालयमा सञ्चालन गर्ने निर्णयअनुसार **नर्सिङ्ग कक्ष व्यवस्थापन**का लागि उक्त विद्यालयमा स्वास्थ्य उपचार अनुसूची २ बमोजिमका सामग्रीहरू खरिद गर्न मिति २०७७|१२|१६ मा रु.२,८५,५६२|०० बराबरको अनुमानित लागत स्वीकृत भएको र सो सामानहरू खरिदको लागि सूचीकृत कम्पनीहरूसँग दररेट माग गरिएकोमा सारभूत रूपमा सबभन्दा कम दररेट पेश गर्ने फर्म/कम्पनी श्री न्हुः इन्टरप्राइजेज, भक्तपुरबाट रु.२,६९,५६१|५० (भ्याटसहित) हुन आएको हुँदा उक्त कम्पनीको दरभाउ स्वीकृत गरिएकोमा सोको अनुमोदन गर्ने र सो सामानहरू बासु मा.वि. भक्तपुरलाई **हस्तान्तरण गर्ने** निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | सामानको नाम | परिमाण | इकाई | न्हुः इन्टरप्राइजेज, भक्तपुर | |
|---|---|---|---|---|---|
| | | | | दर | जम्मा |
| १ | कुर्सी (घुम्ने मेच) | १ | थान | ६,०००|०० | ६,०००|०० |
| २ | टेवल | १ | थान | ६,०००|०० | ६,०००|०० |
| ३ | दराज | १ | थान | १६,०००|०० | १६,०००|०० |
| ४ | ल्यापटप | १ | थान | ११२,०००|०० | ११२,०००|०० |
| ५ | प्रिन्टर (मल्टीफङ्क्सन) | १ | थान | २७,०००|०० | २७,०००|०० |
| ६ | Examination Bed | १ | थान | ९,५००|०० | ९,५००|०० |
| ७ | Foot Step (Steel tray with trolly) | १ | थान | ३,५००|०० | ३,५००|०० |
| ८ | Electric Boiler (Hot and cold water) with dispenser | १ | थान | ४,४००|०० | ४,४००|०० |
| ९ | Hot water Bag Electric | २ | ओटा | ३५०|०० | ७००|०० |
| १० | Dressing Set | १ | सेट | २,०००|०० | २,०००|०० |
| ११ | Kindney Tray | १ | थान | ३००|०० | ३००|०० |
| १२ | Non Tooth dissecting forcep | १ | सेट | २५०|०० | २५०|०० |
| १३ | Tooth dissecting forcep (155mm) | १ | सेट | २००|०० | २००|०० |
| १४ | Tooth Extraction Set (Uper and Lower 12 forcep) with Mirror, oxygen meter | १ | सेट | ८,५००|०० | ८,५००|०० |
| १५ | Suture Cutting scissors (140mm) | १ | पीस | ३००|०० | ३००|०० |
| १६ | Plain scissor | १ | पीस | २००|०० | २००|०० |
| १७ | Pediatric BP set | १ | पीस | ३,०००|०० | ३,०००|०० |
| १८ | weigth Machine | १ | थान | १,७००|०० | १,७००|०० |
| १९ | Height Scale | १ | थान | ४,५००|०० | ४,५००|०० |
| २० | oxygen soluation prof (oxymeter) | १ | थान | १,२००|०० | १,२००|०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | Portable tourch light | १ | ओटा | ३००।०० | ३००।०० |
| २२ | Wrapper (1 meter cotton green colour | ८ | पीस | २५०।०० | २,०००।०० |
| २३ | Autoclave (Electric 12x12) | १ | थान | ११,०००।०० | ११,०००।०० |
| २४ | Autoclave Drum | १ | सेट | १,४००।०० | १,४००।०० |
| २५ | Cheatleforcep with Jar | १ | थान | १,२००।०० | १,२००।०० |
| २६ | I /V Stand (Metal Double instrument) | १ | सेट | २,४००।०० | २,४००।०० |
| २७ | ENT Examination Set | १ | सेट | ४,५००।०० | ४,५००।०० |
| २८ | Foreigln body remover hook (Ear) | १ | सेट | ५००।०० | ५००।०० |
| २९ | Tongue depresser | १ | थान | २५०।०० | २५०।०० |
| ३० | Coded Plastic Buckets of 30 lt (Green,Red,Blue) | ५ | ओटा | ९५०।०० | ४,७५०।०० |
| ३१ | Protective Devices (Gloves, Apron, Goggles) | १ | सेट | ३,०००।०० | ३,०००।०० |
| | **जम्मा:** | | | | **२३८,५५०।००** |
| | १३% भ्याट | | | | ३१,०११।५० |
| | **कुल जम्मा:** | | | | **२६९,५६१।५०** |

# विभिन्न समितिका निर्णय अनुमोदन

## निर्माण समिति

## २०७७।१२।२६ गते

| क्र.सं. | योजनाको विवरण | वडा नं. | बजेट | ल.ई.रकम | रि.ल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | उ.स.अ. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **उपभोक्ता समिति गठन सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | सांस्कृतिक प्रदर्शन केन्द्र (हस्तकला प्रदर्शनी केन्द्र) निर्माण कार्य | २ | बागमती प्रदेश सशर्त अनुदान | ६,१७६,१३७।४२ | | उ.स.अ.: गणेशप्रसाद सुवाल अ.स.स.:श्यामसुन्दर मातां | | | | | | |
| **पेश्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | सांस्कृतिक प्रदर्शन केन्द्र (हस्तकला प्रदर्शनी केन्द्र) निर्माण कार्य | २ | बागमती प्रदेश सशर्त अनुदान | ६,१७६,१३७।४२ | | ३,०००,०००।०० | ११०,०००।०० | | १२७,०७४।२० | सम्पन्न | न्हुछे कोजू | |
| १ | नपली पुलदेखि नपली चोकसम्म रिटेनिंग वाल निर्माण तथा पीच गर्ने कार्य | १ | बागमती प्रदेश सांसद कोष | २,७६८,९२६।५५ | | ८००,०००।०० | १,०६६,९२६।५० | २६६,९२६।५० | १,५८५,९४६।०२ | आंशिक सम्पन्न | हिराकाजी निरौला | थप पेश्की रू. ८ लाख प्रदान गर्ने |
| २ | लिबाली कभर्ड हल निर्माण कार्य | ८ | लिबाली कभर्ड हल | ७,९३४,०२९।०० | ९,९९२,५२५।२९ | ३,०००,०००।०० | ४,३००,०६४।६५ | १,३००,०६४।६५ | ५,३४८,८१६।३५ | आंशिक सम्पन्न | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | ब्रम्हायणी स्थित बहुउद्देश्यीय भवन निर्माण कार्यमा बुट्टा ढोका र प्लाई ढोका तथा ट्वाइलेटको ढोकाहरूमा मेलामाइन रंग लगाउने कार्यबापत ज्याला | ९ | ब्रम्हायणी स्थित बहुउद्देश्यीय भवन निर्माण कार्य | | | | | ६०,०००।०० | ६०,३९९।३३ | सम्पन्न | निवेदक अनिल न्हेम्हाफुकी | |
| २ | ब्रम्हायणी स्थित बहुउद्देश्यीय भवन निर्माण कार्यअन्तर्गत कौसी तलामा कोटा स्टोन छापे बापतको ज्याला | ९ | ब्रम्हायणी स्थित बहुउद्देश्यीय भवन निर्माण कार्य | | | | | २१,०००।०० | २२,८४७।३२ | सम्पन्न | निवेदक अनिल न्हेम्हाफुकी | |
| **मर्मत शाखा सम्बन्धी** | | | | | | | | | | | | |
| **ल.ई. स्वीकृति सम्बन्धी** | | | | | | | | | | | | |
| १ | १–१० वडा सम्म विभिन्न नियमित मर्मत कार्य (२०७७ मंसिर महिनाको) | १–१० | मर्मत | २१४,७१२।२५ | | | | | | | | |
| २ | बाराही हलदेखि घलांटेसम्म हनुमन्ते खोलाको ह्युम पाइप बिछ्याउने कार्य | १–३ | मर्मत | ९५,४५१।६० | | | | | | | | |
| | **पेश्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | | | |
| १ | १–१० वडा सम्म विभिन्न नियमित मर्मत कार्य (२०७७ मंसिर महिनाको) | १–१० | मर्मत | १४६,००३।२४ | | | १४६,००३।२४ (सामान तर्फ) | १४६,००३।२४ (सामानतर्फ) | ४६,००३।२४ (सामान तर्फ) | | | सामान जिन्सीबाट प्राप्त |
| | | | | ६८,७०९।०१ | | | ६५,८२५।०० (ज्याला तर्फ) | ६५,८२५।०० (ज्यालातर्फ) | ६६,६८४।०१ (ज्याला तर्फ) | | | |
| | | | | २१४,७१२।२५ | | | **२११,८२८।२४** | **२११,८२८।२४** | **२१२,६८७।२५** | | | |
| **भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | भक्तपुर नगरपालिका क्षेत्रभित्र जडित सडक बत्ती नियमित मर्मत सम्भार (फागुन र चैत महिनाको) | ९ | सडक बत्ती मर्मत सम्भार | ४९५,१३७।२० | | | पहिलो चरण सामान तर्फ | | ९१,६५३।२७ | आंशिक सम्पन्न | | सामान जिन्सी शाखा बाट प्राप्त |
| | | | | | | | दोस्रो चरण ज्याला भुक्तानी मात्र | ५८,७२५।०० | १५९,४९१।७३ | | | |
| **प्रधनमन्त्री रोजगार कार्यक्रम तर्फ** | | | | | | | | | | | | |
| **ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | रानीपोखरीमा माटो भर्ने कार्य | १ | प्रधानमन्त्री रोजगार | ५१२,८२०।०० | | | | | | | | |
| २ | लिबाली पेटी पानीपास, दुबेंकिगु फल्चा परिसर, विभिन्न स्थानमा सरसफाइ कार्य | ८ | प्रधानमन्त्री रोजगार | ८४२,५२६।२० | | | | | | | | |

## तस्बिरमा केही गतिविधि



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा नपास्तरीय प्रकोप व्यवस्थापन केन्द्र (सीएमसी) को बैठक (वैशाख १५ गते)



भक्तपुर नपाबाट ११९ जना जेहेनदार तथा विपन्न विद्यार्थीहरूलाई स्वदेशमै उच्च शिक्षा अध्ययन गर्न सहुलियत ब्याजदरमा शैक्षिक ऋण वितरण (चैत्र २५ गते)






भक्तपुर नपाको आयोजनामा फागुन २९–चैत्र ३ गतेसम्म सम्पन्न अन्तर नगर बुद्धिचाल र भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताका निर्णायक, आर्बिटर र रेफ्रीहरूलाई धन्यवाद एवम् प्रशंसापत्र वितरण (चैत्र ३० गते)

## तस्बिरमा केही गतिविधि



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति र युवा तथा खेलकुद मन्त्री दावा तामाङबीच नपाको सभाकक्षमा भेट (वैशाख ४ गते)



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति र राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव रमेशकुमार सिलवालबीच खेलकुद क्षेत्र विकास र खेलमैदानहरुको स्तरोन्नति गर्ने विषयमा छलफल (वैशाख १२ गते)



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति नेतृत्वको टोलीबाट ललितपुर महानपाका सम्पदा, ज्यापु प्रज्ञा भवन र सङ्ग्रहालयको अवलोकन भ्रमण (वैशाख ७ गते)



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिसँग पाल्पाको तानसेन नगरपालिकाका वडाध्यक्ष लोचनप्रसाद तिमिल्सिनासहितको प्रतिनिधिमण्डल टोली (वैशाख ९ गते)

## तस्बिरमा केही गतिविधि





भक्तपुर नपाबाट सञ्चालित एचडीयु र आइसोलेशन कक्ष



भक्तपुर नपाको आयोजनामा भएको बुटिक, उन्नत र आधारभूत सिलाइ तालिमका प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण (चैत्र २० गते)



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा नेपाल नगरपालिका कर्मचारी एशोसिएसन, भक्तपुर नपा समितिको आयोजनामा नव वर्षको शुभकामना आदानप्रदान कार्यक्रम (चैत्र ३० गते)

## तस्विरमा केही गतिविधि



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीलगायतबाट भाजुपोखरी (माथि) र रानी पोखरी (तल) मा भइरहेको पुन:निर्माण कार्यको स्थलगत अवलोकन (वैशाख ८ गते)





ऐतिहासिक एवं पुरातात्त्विक विश्वकर्मा आगंछेँ (टेराकोटा झ्याल) वडा नं. ६ स्थितको लई रु.९९,६८,५२६।२४ मा पुन:निर्माण कार्य जारी



वडा नं. १० स्थित नास देग:को जीर्णोद्धार कार्य जारी

# नगरपालिका गतिविधि

नगरपालिका गतिविधि

## भक्तपुर नपाबाट शैक्षिक ऋण प्रदान

### ११९ जना लाभान्वित




भक्तपुर नगरपालिकाले नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास गरेका ११९ जना जेहेनदार तथा विपन्न विद्यार्थीहरूलाई शैक्षिक योग्यताको (एकेडेमिक सर्टिफिकेट) धितो राखेर स्वदेशमै उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूको लागि सहुलियत ब्याजदरमा चैत्र २५ गते शैक्षिक ऋण वितरण प्रदान गर्न सम्झौता गरेको छ ।

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा ख्वप कलेजको सभाहलमा शैक्षिक ऋणको लागि आवेदन परेकामध्ये अन्तवार्ताबाट छनोट भएका सफल विद्यार्थीहरूलाई शैक्षिक ऋण वितरण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रमको शुभारम्भ गर्नुहुँदै नगर प्रमुख प्रजापतिले ऋणको सही सदुपयोग गर्न विद्यार्थी एवम् अभिभावकहरूलाई आग्रह गर्नुभयो । भक्तपुर नपाले शैक्षिक विकासको लागि गरेको प्रयासहरूबारे विद्यार्थीहरूलाई अवगत गराउनुहुँदै उहाँले भक्तपुर शैक्षिक केन्द्रको रूपमा विकास हुन सफल भएकोमा नपाले सञ्चालन गरेका कलेजहरू र यहाँका शैक्षिक संस्थाहरूको ठूलो भूमिका र योगदान रहेको बताउनुभयो ।



उहाँले आर्थिक कारणले गर्दा कोही पनि नगरवासी पढाइबाट वञ्चित हुन नपरोस् भनी शैक्षिक ऋणको अवधारणा अगाडि सारेको बताउनुहुँदै आफ्नो विषयमा दक्षता हासिल गरी देश र समाजको सेवाको लागि काम गर्न मार्गनिर्देश गर्नुभयो ।

जनताको आधारभूत आवश्यकताभित्र पर्ने शिक्षा र स्वास्थ्य निकै महँगिँदै गएको वर्तमान अवस्थामा नगरपालिकाले गरिब तथा जेहेनदार विद्यार्थीको निम्ति छात्रवृत्तिको पनि व्यवस्था गरेको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपा ख्वप विश्वविद्यालय सञ्चालन स्वीकृतिको पर्खाइमा रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले भक्तपुर नपाले शिक्षालाई उच्च प्राथमिकतामा राख्दै शैक्षिक ऋण, छात्रवृत्तिलगायत प्रदान गर्दै आइरहेको चर्चा गर्नुहुँदै भक्तपुर नपाले सञ्चालन गरेका शैक्षिक संस्थामा अध्ययन गर्न चाहने विद्यार्थीहरूमा निकै प्रतिस्पर्धा हुने गरेको बताउनुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठले शैक्षिक योग्यताको प्रमाणपत्र धितो राखेर न्यून ब्याजदरमा रु. पाँच लाख सम्मको रकम वितरण कार्य अरू स्थानीय तहको लागि सिक्न योग्य भएको बताउनुहुँदै भक्तपुर नपाको यो कदमले देशको सेवामा समर्पित सभ्य, सुसंस्कृत र सक्षम नागरिक तयार गर्न महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका कार्यपालिका सदस्य, वडाध्यक्षहरूको पनि सहभागिता रहेको थियो भने शैक्षिक ऋण लिने विद्यार्थीहरू आफ्ना अभिभावकहरूसहित उक्त कार्यक्रममा सहभागी भएका थिए ।

## आ.व. २०७७/०७८ को लागि भक्तपुर नपाबाट शैक्षिक ऋण प्राप्त गर्ने विद्यार्थीहरूको विवरण

| क्र.सं. | नाम थर | वडा नं | अभिभावकको नामथर |
|---|---|---|---|
| १ | मन्दिल मुनंकर्मी | १ | महेश र लक्ष्मीप्रभा कायष्ठ, मुनंकर्मी |
| २ | अनिल कोजु | १ | गणेशभक्त र ललित कोजु |
| ३ | विवेक हाकुदुवाल | १ | कृष्णगोपाल र रिना दुवाल |
| ४ | सुनेना कोजु | १ | रामसुन्दर र पूर्णमाया कोजु |
| ५ | मनोज सुवाल | २ | रामसुन्दर र न्हुछेमाया धौबन्जार |
| ६ | श्रीगण कोजु | २ | राजेन्द र दयालक्ष्मी कोजु |
| ७ | अनमोल कायस्थ | २ | विष्णुप्रसाद कायस्थ र अंजली मुनंकर्मी |
| ८ | पूजा सुवाल | २ | आसबहादुर र कृष्णप्यारी सुवाल |
| ९ | सबिना सुवाल | २ | सुन्दरीमैया सुवाल |
| १० | अनु दुवाल | २ | आसकुमार दुवाल |
| ११ | सुरज खर्बुजा | २ | आसकुमार र केशरीमाया |
| १२ | एनिस ग्वाँपाला | २ | पूर्णमाया र सुशील ग्वाँपाला |
| १३ | उमेश ग्वाँपाला | २ | रमेश र कल्पना ग्वाँपाला |
| १४ | सुजन खर्बुजा | २ | कृष्णगोपाल र विष्णुमाया खर्बुजा |
| १५ | अनिस पही | २ | नारायाणभक्त र समिला पही |
| १६ | विक्रम बाटी | ३ | विष्णुप्रसाद बाटी |
| १७ | दिपिका सैंजु | ३ | शिवप्रसाद र नारायणदेवी सैंजु |
| १८ | सुजन चौगुठी | ३ | जुनुकिरी र सुमन चौगठी |
| १९ | नबिना भैल | ३ | कृष्ण र बुद्धलक्ष्मी भैल |
| २० | सरिना अवाल | ३ | नभएको |
| २१ | रबिन ठिमी | ३ | रत्नगोपाल र माइली कोजु |
| २२ | समन चौगुठी | ३ | संजिव र समिला चौगुठी |
| २३ | सुमन वैद्य | ३ | लोकनाथ र कन्यालक्ष्मी वैद्य |
| २४ | युरिका प्रजापति | ४ | विजयप्रकाश र नानीमयजु बहोना |
| २५ | कृपेश भेले | ४ | पुण्यराम र कृष्णमाया भेले |
| २६ | अनु जाकिबन्जार | ४ | गोपालकृष्ण र नारायणदेवी जाकिबन्जार |
| २७ | निशा प्रजापति | ४ | राम र सुनकेशरी प्रजापति |
| २८ | रचना सैंजु | ४ | नरोत्तमराज र गंगा सैंजु |
| २९ | रुक्साल दुवाल | ४ | रमेश र संगिता दुवाल |
| ३० | राज सुवाल | ४ | दयाराम र सरिता सुवाल |
| ३१ | रिया सिंह राठौर | ४ | रविजितसिंह राठौर र सरिना ह्योजु |
| ३२ | विप्लव सिंह राठौर | ४ | डिगम्बरसिंह र कमला सिंह राठौर |
| ३३ | संयम प्रजापति | ४ | श्यामसुन्दर र रामकेशरी प्रजापति |
| ३४ | जिना प्रजापति | ४ | मंगललक्ष्मी र मनिष प्रजापति |
| ३५ | सागर सुवाल | ४ | रमेश र चन्द्रमाया सुवाल |
| ३६ | सुरेन्द्र प्रजापति | ४ | राजाराम र नानीमैया प्रजापति |
| ३७ | जेनिस भुजु | ४ | गणेशभक्त र मनिषा भुजु |
| ३८ | सगुन सिंख्वाल | ४ | रामहरि र गुणलक्ष्मी सिंख्वाल |
| ३९ | पुष्पा कर्माचार्य | ४ | विष्णुहरि र रञ्जना कर्माचार्य |
| ४० | सूर्यकिरण छुकां | ४ | माधवराम र पुन्यश्वरी छुकां |
| ४१ | मिरा प्रजापति | ४ | गणेशराम र लक्ष्मीकेशरी प्रजापति |
| ४२ | गौरङ्ग तिमिला | ५ | गौत्तम तिमिला र निलम प्रधानाङ्ग |
| ४३ | रोशन त्वानाबासु | ५ | लक्ष्मीप्रसाद त्वानाबासु |
| ४४ | निशाल चिकंबन्जार | ५ | नभएको |
| ४५ | आस्था रजितकार | ५ | श्यामकृष्ण र लक्ष्मी रजितकार |
| ४६ | रशहल ध्वजु | ५ | हरिरत्न र महेलेश्वर ध्वजु |
| ४७ | कशिष सुवाल | ५ | न्हुछेराम सुवाल र बुद्धलक्ष्मी त्वानाबासु |
| ४८ | राजिव डण्डेख्या | ५ | राजेन्द्र र कृष्णशोभा डण्डेख्या |
| ४९ | लक्ष्मी त्वानाबासु | ५ | पंचकुमारी फैंजु |
| ५० | आकाश खाइजु | ५ | विहिन्द्र र बुद्धलक्ष्मी कोजु |
| ५१ | ग्रीष्मा लोहला | ५ | नभएको |
| ५२ | विशाल कारंजित | ५ | नभएको |
| ५३ | बिनी खिम्बाजा | ६ | |
| ५४ | उर्बि सुवाल | ६ | चन्द्रकेशरी सुवाल र विश्वराम सुवाल |
| ५५ | मलिका शिल्पकार | ६ | महेन्द्र शिल्पकार |
| ५६ | सुमिला ग्वाछा | ६ | |
| ५७ | सुनयना दुवाल | ६ | रोशनी त्याईत्व्याई र विश्वराम दुवाल |
| ५८ | रीना सितिखु | ६ | गोपालकृष्ण सितिखु र नानीछोरी सितिखु |
| ५९ | गरिमा फैंजु | ६ | राधामैया मधिकर्मी र धिरज फैंजु |
| ६० | कविता कोजु | ६ | कल्पना कैंटी कोजु र लक्ष्मीप्रसाद कोजु |
| ६१ | मनिषा अवाल | ६ | मधुराम अवाल र मिठु अवाल |
| ६२ | इशान प्रधानाङ्ग | ६ | कृष्णमन्जु प्रधानाङ्ग र कुतम प्रधानाङ्ग |
| ६३ | विनोद थुसा | ६ | गाविन्द राम थुसा र रामदेवी थुसा |
| ६४ | उषा सांद | ७ | विष्णुभक्त सांद र विष्णुकेशरी सांद |
| ६५ | सम्झना ज्याखो | ७ | संगिता ज्याखो र लक्ष्मीसुन्दर ज्याखो |
| ६६ | अनिश मचामसी | ७ | कृष्ण मचामसी सम्झना मचामसी |
| ६७ | रुस्तम तचामो | ७ | पुरुषोतम तचामो र रीना तचामो |
| ६८ | नविन कवां | ७ | विष्णुकेशरी कवां |
| ६९ | रजिप तुईंतुई | ७ | राजु तुईंतुई र मैया तुईंतुई |
| ७० | सोनिका ख्याजु | ७ | हेरा ख्याजु र पुनकेशरी ख्याजु |
| ७१ | सेशन मचामसी | ७ | वीरेन्द्रप्रसाद मचामसी र सितालक्ष्मी मचामसी |
| ७२ | संगिता चोलेखो | ७ | पंचबहादुर चोलेखो र सुमन चोलेखो |
| ७३ | रुपेश कवां | ७ | राजाराम कवां र मैया सुवाल |
| ७४ | रेजिना तचामो | ७ | कृष्णभक्त तचामो पुण्यश्वरी तचामो |
| ७५ | सुमिता चोलेखो | ७ | पंचबहादुर चोलेखो र सुमन चोलेखो |
| ७६ | सरिना गोसाईं | ८ | बालदेव गुसाईं र संगिता लवजु |
| ७७ | सुनिता ग्वाछा | ८ | विकुमाया ग्वाछा र सुशील ग्वाछा |
| ७८ | आदिश प्रजापति | ८ | सुलोचना अवाल र दिपेन्द्र प्रजापति |
| ७९ | सनिस गोसाईं | ८ | |
| ८० | बिनिता गोसाईं | ८ | विवेक गोसाईं र प्रजित गोसाईं |
| ८१ | रुजन दुवाल | ८ | |
| ८२ | रमेश प्रजापति | ९ | विष्णु प्रजापति र तुल्सीदेवी प्रजापति |
| ८३ | प्रविना प्रजापति | ९ | चन्द्रलक्ष्मी प्रजापति र सानु प्रजापति |
| ८४ | निलम प्याठ | ९ | तुल्सीराम प्याठ र लक्ष्मीकेशरी प्याठ |
| ८५ | सरिता प्रजापति | ९ | रामकृष्ण प्रजापति र कृष्णकेशरी प्रजापति |
| ८६ | निमा प्रजापति | ९ | बुद्धलक्ष्मी प्रजापति र प्रविश प्रजापति |
| ८७ | सुजना प्रजापति | ९ | सीतालक्ष्मी प्रजापति र ज्ञानु प्रजापति |
| ८८ | प्रशान्त लाखेमरु | ९ | रामसुन्दर लाखेमरु र कृष्णश्वरी लाखेमरु |
| ८९ | सुसन ह्योंगोजु | ९ | रामकृष्ण ह्योंगोजु र नारायणदेवी ह्योंगोजु |
| ९० | रजिना भैनात्व | ९ | राज्यलक्ष्मी भैनात्व र राज भैनात्व |
| ९१ | उज्वल प्रजापति | ९ | राजेन्द्र प्रजापति र सतलक्ष्मी प्रजापति |
| ९२ | सिजन प्रजापति | ९ | राजाराम प्रजापति र सुलोचना प्रजापति |
| ९३ | ज्योति प्रजापति | ९ | जगतलक्ष्मी कुटु प्रजापति |
| ९४ | कबिन प्रजापति | ९ | सुकुराम प्रजापति र कल्पना प्रजापति |
| ९५ | सिमल साख | ९ | श्यामप्रसाद साख र ऐश्वर्य भोमी |
| ९६ | उज्वल साखकर्मी | ९ | राजेश साखकर्मी र सरिता साखकर्मी |
| ९७ | प्रविन प्रजापति | ९ | काशीलाल प्रजापति र लक्ष्मीकेशरी प्रजापति |
| ९८ | कृशा ज्याख्व | ९ | कर्ण ज्याख्व र मोहनकेशरी ज्याख्व |
| ९९ | कृतिका लाखे | ९ | विष्णुप्रसाद लाखे र रिमा श्रेष्ठ |
| १०० | निश्चल कासिछ्वा | ९ | आशाकृष्ण कासिछ्वा र जमुना कासिछ्वा |
| १०१ | सरु फैंजु | ९ | विष्णु प्रसाद फैंजु र सुजिता फैंजु |
| १०२ | रसिक प्रजापति | ९ | लक्ष्मीप्रसाद प्रजापति र रामशोभा प्रजापति |
| १०३ | प्रमेश कासिछ्वा | ९ | सुरेन्द्र कासिछ्वा र अर्पणा कासिछ्वा |
| १०४ | मीनु गाईंजु | ९ | इन्द्रप्रसाद गाईंजु र विष्णुकमल गाईंजु |
| १०५ | सुदिप कासिछ्वा | ९ | राकेश कासिछ्वा र कृष्णलक्ष्मी कासिछ्वा |
| १०६ | आश्मा गोसाईं | ९ | पुण्यराम गोसाईं र रविना गोसाईं |
| १०७ | कृति झामरु | ९ | लक्ष्मीप्रसाद झामरु र गणेशमाया धौबन्जार |
| १०८ | रोजन श्रेष्ठ | ९ | राजन श्रेष्ठ र सर्यमिला श्रेष्ठ |
| १०९ | रोशिका दुवाल | ९ | कृष्णराम दुवाल र लक्ष्मीकेशरी दुवाल |
| ११० | सुशील लवजु | ९ | श्यामकृष्ण लवजु |
| १११ | रसिला प्रजापति | ९ | जुना प्रजापति र रामप्रसाद प्रजापति |
| ११२ | सुभाष झामरु | ९ | सत्यराम झामरु र सुनिता झामरु |
| ११३ | सोनिसा दुमरु | १० | सुर्यलक्ष्मी त्वायनावासु र मनिषा दुमरु |
| ११४ | रोजिना गपी | १० | रामकृष्ण गपी र राज्येलक्ष्मी गपी |
| ११५ | रशिला दुवाल | १० | राधेश्याम दुवाल र राजमाया दुवाल |
| ११६ | रुबिन वैद्य | १० | पुरुषोत्तम वैद्य र रामप्यारी वैद्य |
| ११७ | सांयण्डी छुस्याबाग | १० | रामकृष्ण छुस्याबाग र अमिता कवां छुस्याबाग |
| ११८ | प्रवेश मारिखु | १० | पूर्णभक्त मारिखु र नारनदेवी सुवाल |
| ११९ | यमन मुलगुठी | १० | गंगानाथ मुलगुठी र लक्ष्मी मुलगुठी |

# भूकम्पबाट भत्केका सम्पदा पुन:निर्माणमा भक्तपुर नपाको काम उल्लेखनीय

'सांस्कृतिक नगर भक्तपुरको मौलिक सहर जोगाउन पुरानो सम्पदा क्षेत्रमा घर निर्माण गर्ने घरधनीहरूको लागि मोहडामा लाग्ने इँटा, झिँगटी र काठको लागि लाग्ने खर्चको ३५ प्रतिशत अनुदानको व्यवस्था गरेका छौं।'




उक्त कुरा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भूकम्प दिवसको अवसरमा डीसी नेपाल डटकमका प्रस्तोता उपेन्द्र शाहीसँगको अन्तरसंवादमा वैशाख १२ गते बताउनुभएको हो।

भूकम्प गएको ६ वर्ष बितिसक्दा पनि भूकम्पबाट भत्केका संरचनाको पुन:निर्माणको कार्य प्रगति सन्तोषजनक नरहेको बताउनुहुँदै उहाँले पुराना वास्तुकला र सीपलाई उपेक्षा गरी नयाँ ठाउँमा निर्माण गरिएको धरहरा पुन:निर्माण नभई नवनिर्माण भएको बताउनुभयो।

भूकम्पले सम्पदा क्षेत्रमा पुऱ्याएको क्षतिलाई भक्तपुर नपाले सम्पदा पुन:निर्माणको अवसरको रूपमा लिएको बताउनुहुँदै भक्तपुर नपाले युवाहरूलाई डकर्मी, सिकर्मीलगायत थुप्रै सीपमूलक तालिमहरू सञ्चालनमा जोड दिँदै आएको उहाँले बताउनुभयो। भक्तपुर नपाले निर्माण गरेका सम्पदाहरूमा कुनै पनि विदेशी सङ्घ संस्थाहरूको सहयोग नरहेको बताउनुहुँदै उहाँले विदेशी सहयोगविना नै भक्तपुर नपाले आफ्ना सम्पदाहरूको पुन:निर्माणमा जोड दिइरहेको बताउनुभयो।

२०७२ सालको भूकम्पमा भक्तपुरका हजारौं निजी घर र ११५ ओटा भन्दा बढी सम्पदाहरूमा पुगेको क्षति प्रष्ट पार्नुहुँदै उहाँले नपाले हालसम्ममा मन्दिर, पाटी, प्रवेशद्वार, पोखरी, इनार, सत्तल आदि गरी १०८ ओटा सम्पन्न गरिसकेको र बाँकी चालु अवस्थामा रहेको बताउनुभयो।

भक्तपुरका सम्पदा पुन:निर्माण तथा जीर्णोद्धारमा उल्लेखनीय रूपमा स्थानीय जनताको आर्थिक, भौतिक र नैतिक सहयोग प्राप्त भएको र यहाँका सम्पदाहरू उपभोक्ता समितिमार्फत निर्माण भइरहेको र सम्पदा पुन:निर्माणजस्तो संवेदनशील विषयको जिम्मा ठेकेदारहरूलाई दिन नहुनेमा नपाले जोड दिँदै आएको बताउनुभयो।

# कोभिड सङ्क्रमण न्युनीकरणको लागि भक्तपुर नपास्तरीय सीएमसी बैठक

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा नगरपालिकास्तरीय प्रकोप व्यवस्थापन केन्द्र (सीएमसी) को बैठक वैशाख १५ गते नपाको सभाकक्षमा बस्यो।

बैठकमा नगर प्रमुख प्रजापतिले कोभिड १९ सङ्क्रमण न्युनीकरण प्रयासको क्रममा नगरपालिकाको तर्फबाट सामान्य सङ्क्रमितहरूका लागि ५० बेडको आइसोलेसन केन्द्र र जटिल बिरामीहरूको उपचारको लागि २५ बेडको एचडीयु (HDU) सञ्चालनको लागि तयारी अवस्थामा रहेको जानकारी गराउनुभयो।

उक्त बैठकले विश्वव्यापी रूपमा नयाँ भेरियन्टसहित कोभिड १९ को महामारी फैलिरहेको संवेदनशील अवस्थामा कोभिड सङ्क्रमण रोकथामको लागि नगरभित्र क्रियाशील राजनैतिक दलहरू, विभिन्न सङ्घ संस्था, व्यवसायिक तथा सामाजिक सङ्गठनहरू, टीम/क्लब, पुस्तकालय, सहकारी तथा वित्तीय संस्थालगायत सरोकारवाला सबैमा जनचेतनामूलक गतिविधि गरी सहयोग गर्न आह्वान गर्ने निर्णय गऱ्यो।

साथै नगरभित्र रहेका सबै पार्टी प्यालेसहरू, सङ्ग्रहालय, सिनेमा हल, प्रशिक्षण केन्द्रहरू, जिमखाना, मनोरञ्जन स्थलहरूलगायत बन्द गर्ने र कुनै पनि किसिमको भीडभाड हुने भोजभतेर, चाड, पर्व वा मेला नगर्न तथा विवाह व्रतबन्धको



हकमा जिल्ला प्रशासन कार्यालयको स्वीकृति लिएर मात्र र यस्ता कार्यमा १५ जनाभन्दा बढी सहभागिता नहुने गरी कार्य सम्पन्न गर्न सम्पूर्ण नगरवासीहरूमा आग्रह गर्ने निर्णय पनि उक्त बैठकले गऱ्यो ।

बैठकले कोभिड सङ्क्रमणबाट जनतालाई सुरक्षित गर्न प्रत्येक नागरिक घरबाट बाहिर निस्कँदा मास्क लगाएरमात्र निस्कन र सरकारले तोकेको स्वास्थ्य मापदण्डको पालना गर्न माइकिङलगायत सञ्चार माध्यमबाट सम्पूर्ण नागरिकहरूलाई आग्रह गर्ने निर्णय गऱ्यो ।

कोभिड नियन्त्रण र रोकथामको लागि आवश्यक आर्थिक एवं भौतिक सहयोगको लागि नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय तथा बागमती प्रदेश सरकारसँग माग गर्ने निर्णय बैठकले गऱ्यो ।

नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाबाट सञ्चालित जनस्वास्थ्य केन्द्रबाट कोभिड-१९ विरुद्धको भेरोसेल खोप १७,७०८ जनाले र कोभिसिल्ड दोस्रो डोज ७०१ जनालाई दिइसकेको बैठकमा जानकारी गराउनुभयो ।

बैठकपश्चात भक्तपुर नगरपालिकास्तरीय प्रकोप व्यवस्थापन केन्द्रका पदाधिकारीहरूले भक्तपुर नपा वडा नं. ९ ब्रम्हायणीस्थित आइसोलेसन केन्द्र र एचडीयूको स्थलगत निरीक्षण पनि गर्नुभयो ।

## नपाको आइसोलेसन केन्द्रको निरीक्षण

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा नगरपालिकास्तरीय प्रकोप व्यवस्थापन केन्द्र (सीएमसी) का पदाधिकारीहरू सम्मिलित टोलीले कोभिड १९ सङ्क्रमण न्युनीकरण प्रयासको क्रममा नगरपालिकाको तर्फबाट वैशाख १७ गतेदेखि सञ्चालनमा ल्याइने सामान्य सङ्क्रमितहरूका लागि ५० बेडको आइसोलेसन केन्द्र र जटिल बिरामीहरूको




उपचारको लागि २५ बेडको हाई डिपेन्डेनसी युनिट (एचडीयु) को वैशाख १५ गते स्थलगत निरीक्षण गर्नुभयो ।

## भक्तपुर अस्पतालको आइसोलेसन कक्षको निरीक्षण



कोरोना सङ्क्रमितको सङ्ख्या बढ्दै गएकोले भक्तपुर अस्पतालले पुनः आइसोलेसन सञ्चालनमा ल्याएको छ । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले वैशाख १५ गते अस्पताल र आइसोलेसन कक्षको स्थलगत निरीक्षण गर्नुभयो ।

सोही क्रममा भक्तपुर अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट सुमित्रा गौतमले भक्तपुरमा कोभिडको बिरामीहरूको उपचारको लागि सबै स्वास्थ्यकर्मी तथा सहकर्मीहरू लागिपरेको बताउनुहुँदै अहिलेलाई आइसोलेसन सञ्चालनमा ल्याएको र सङ्ख्या बढ्दै गएको अवस्थामा बेडहरू बढाउँदै व्यवस्थित गर्दै जाने बताउनुभयो ।

निरीक्षणमा भक्तपुर नपाका वडाध्यक्ष द्वय श्यामकृष्ण खत्री र रबिन्द्र ज्याख्व पनि सहभागी हुनुहुन्थ्यो ।

## कोभिड-१९ रोकथामका लागि सहकारीकर्मी भेला

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगरपालिकाको सभाकक्षमा भक्तपुर जिल्लास्थित प्रतिनिधि सहकारीकर्मीहरुसँग वैशाख १७ गते एक छलफल कार्यक्रम भयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को दोस्रो लहर अहिले भक्तपुरमा पनि जनस्तरमा फैलिने जोखिम बढिरहेको सन्दर्भमा भक्तपुर नगरपालिकाले २५ बेड एचडियूसहितको ७५ बेडको

आइसोलेसन केन्द्र वैशाख १७ गतेबाट सञ्चालन रहेको बताउनुहुँदै भक्तपुर नगरपालिकास्तरीय विपद् व्यवस्थापन केन्द्रबाट निर्णय भए बमोजिम भक्तपुर नगरपालिकाले कोभिड–१९ रोकथामको लागि नियमित माइकिङ, विभिन्न एफ.एम. लगायत सामाजिक सञ्जालबाट जनचेतनामूलक कार्यक्रम निरन्तर गरिरहेको जानकारी दिनुभयो ।

छलफलमा उपप्रमुख रजनी जोशी, आर्थिक समितिका संयोजक एवं भनपा–२ का वडाध्यक्ष हरिप्रसाद बासुकला, भनपा–९ का वडाध्यक्ष रविन्द्र ज्याख्व, भनपा–७ का वडाध्यक्ष उकेश



कवां, भनपा–८ का वडाध्यक्ष महेन्द्र खायमली, भनपा–५ का वडाध्यक्ष प्रेमगोपाल कर्माचार्य, कार्यपालिका सदस्य सुनिता अवाल, जिल्ला बचत तथा ऋण सहकारी सङ्घका अध्यक्ष कृष्णगोविन्द लाखा लगायत विभिन्न सहकारीका सहकारीकर्मीहरुले आ–आफ्नो राय सुझाव प्रस्तुत गर्नुभएको थियो ।

**बैठकबाट निम्न निर्णय गरियो –**

१) विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड–१९ को दोस्रो लहर अहिले भक्तपुरमा पनि जनस्तरमा फैलिने जोखिम बढिरहेको सन्दर्भमा नगरपालिका क्षेत्रभित्र कृयाशील सबै सहकारी संस्थाहरुमार्फत आ–आफ्ना सदस्य तथा सर्वसाधारण जनतामा रोग सङ्क्रमणबाट जोगिन स्वास्थ्य सुरक्षा मापदण्ड अपनाउन जनचेतनामूलक गतिविधि गर्ने ।

२) नगरपालिका क्षेत्रभित्र सञ्चालित सबै सहकारी संस्थाहरुले दैनिक विहान ७:०० बजेदेखि १०:०० बजेसम्म कार्यालय सञ्चालन गरी अत्यावश्यक सेवा मात्र प्रदान गर्ने ।

३) कोभिड सङ्क्रमणको जोखिम न्यूनीकरणका लागि सहकारी संस्थाहरुमार्फत विहे, ब्रतबन्ध, चाडपर्व, मेलालगायत सामाजिक सांस्कृतिक क्रियाकलापमा भीडभाड हुने गरी कार्य नगर्न तथा विहे, ब्रतबन्धका लागि जिल्ला प्रशासन कार्यालयसँग स्वीकृति लिन अनुरोध गर्ने ।

४) सहकारी संस्थाहरुबाट हुने बैठक, भेला, तालिम तथा गोष्ठीहरु प्रत्यक्ष उपस्थितिमा नगरी विद्युतीय अनलाईनमार्फत गर्ने ।

# भक्तपुर नपाको टोली ललितपुर महानपामा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति नेतृत्वको टोलीले वैशाख ७ गते ललितपुर महानपाका सांस्कृतिक सम्पदाहरू, ज्यापु प्रज्ञा भवन अर्थात् यल दरबार (संसा भवन) र पाटन दरबार क्षेत्रस्थित भीमसेन मन्दिर र सङ्ग्रहालयको स्थलगत अवलोकन गऱ्यो ।

भक्तपुर र ललितपुरबीच अनुभव आदानप्रदानको क्रममा ललितपुर महानपा पुग्नुभएका नगर प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा उपप्रमुख रजनी जोशी, वडाध्यक्ष र कार्यपालिका सदस्यसहित जनप्रतिनिधि टोलीलाई ललितपुर महानपाका प्रमुख चिरिबाबु महर्जनले खादा ओढाई स्वागत गर्नुभएको थियो ।

टोलीले ललितपुर महानपा वडा नं. ९ शंखमुल पुल नजिक गछैं टोलमा अवस्थित परम्परागत मौलिक कला, संस्कृति र सम्पदाको संरक्षण गर्ने उद्देश्यले खोलिएको ज्यापु प्रज्ञा भवन र त्यहाँस्थित मानव सभ्यता झल्कने सङ्ग्रहालयको पनि अवलोकन गर्नुभयो । उक्त सङ्ग्रहालयमा मानव सभ्यता झल्कने वस्तुहरू जस्तै ज्यापु जातिको भेषभूषा, गरगहना, बाजागाजा, जीवनशैली एवम् घरायसी प्रयोगमा आउने औजार, भाँडावर्तनलगायत सामग्रीहरू राखिएको थियो ।

सङ्ग्रहालय अवलोकनपश्चात ज्यापु समाजका प्रतिनिधिहरूसँगको भेटमा नगर प्रमुख प्रजापतिले नेवार समुदायको जीवन्त सङ्ग्रहालय अवलोकन गर्ने अवसर पाएकोमा आभार व्यक्त गर्नुभयो । उहाँले भक्तपुर नपाले पनि भक्तपुरको मौलिकता झल्किने सङ्ग्रहालय बनाउने सोचका साथ अगाडि बढिरहेको बताउनुभयो । दुई नगरपालिकाबीचको अध्ययन भ्रमण र अनुभव आदानप्रदानबाट अझ सशक्त ढङ्गले अगाडि बढ्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नुहुँदै उहाँले नगरवासी जनतालाई अधिकत्तम सेवा दिने उद्देश्यले नगरपालिका अगाडि बढिरहेको बताउनुभयो ।

भक्तपुर र ललितपुरले कला संस्कृति संरक्षणमा गरेको काम निकै महत्त्वपूर्ण विषय बन्ने गरेको छ भन्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपाले ज्येष्ठ नागरिकहरूको लागि आदर निकेतन सञ्चालन गर्ने तयारी गरिरहेको बताउनुभयो ।

नेमकिपाको सिद्धान्त, नीति र अडानकै कारण भक्तपुरले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइलगायतमा अग्रता पाएको बताउनुहुँदै उहाँले पुराना वस्तुहरू विस्तारै लोप हुँदै गएको अवस्थामा मौलिक सामग्री सङ्कलन गरी सङ्ग्रहालय सञ्चालन निकै प्रशंसनीय भएको बताउनुभयो ।



सोही क्रममा ललितपुर महानपाका प्रमुख महर्जनले भक्तपुर नपाका जनप्रतिनिधि टोलीलाई महानपामा स्वागत गर्न पाउनु गौरवको विषय भएको बताउनुहुँदै सङ्ग्रहालय सञ्चालनले संस्कृतिप्रेमी स्वदेशी तथा विदेशी पर्यटकहरूको लागि समेत आकर्षण र चासोको विषय बन्दै आएको बताउनुभयो । प्रमुख महर्जनले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सरसफाइ, विकास निर्माणलगायतका धेरै क्षेत्रमा निकै प्रशंसनीय कार्यहरू गर्दै आएको र आफूहरू त्यस कार्यबाट प्रभावित भएको बताउनुभयो ।



भक्तपुर नपाको टोली सङ्ग्रहालयको अवलोकनमा

भेटमा ज्यापु समाजका अध्यक्ष चन्द्र महर्जनले ज्यापु प्रज्ञा भवन र त्यहाँ अवस्थित सङ्ग्रहालय स्थापनाको उद्देश्यबारे प्रष्ट पार्नुहुँदै भक्तपुर नपाका जनप्रतिनिधि टोलीबाट भएको अध्ययन भ्रमणबाट निकै हौसला मिलेको बताउनुभयो ।

उक्त भेटका क्रममा ललितपुर महानपाका प्रमुख महर्जनले भक्तपुर नपाका जनप्रतिनिधि टोलीलाई सत्यमोहन जोशीबाट लिखित महानगरबाट प्रकाशित पुस्तक र सत्यमोहन जोशीको तस्बिर अङ्कित सिक्का उपहार प्रदान गर्नुभएको थियो । साथै नगर प्रमुख प्रजापतिले ज्यापु समाजका अध्यक्ष चन्द्र महर्जनलाई भक्तपुर नपाको प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो भने अध्यक्ष महर्जनले पनि प्रमुख प्रजापति र उपप्रमुख जोशीलाई मायाको चिनो प्रदान गर्नुभएको थियो ।

भ्रमण टोलीमा भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकला, ७ का वडाध्यक्ष उकेश कवां, ५ का वडाध्यक्ष प्रेमगोपाल कर्माचार्य र कार्यपालिका सदस्यहरू छोरीमैयाँ सुजखु र सरिना द्योला सहभागी थिए ।

# la:sf hfqf @)&&






यस वर्षको बिस्का जात्रा के हुन्छ भन्ने बारे व्यापक कौतुहलता थियो । गतवर्ष भक्तपुर नगरपालिकाले विभिन्न चरणमा सरोकारवालाहरूसँग छलफल गरी सबैजसो जात्रा-पर्व औपचारिकतामा सम्पन्न गरिएको थियो । त्यसैले भक्तपुर नपाले यस वर्षको बिस्काजात्राबारे पनि विभिन्न चरणमा बैठक राखी छलफल गरी आवश्यक निर्णय गरेको छ ।

## टोलटोलमा हुने स्थानीय जात्राहरू नरोकिने

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुरको प्रसिद्ध बिस्केट जात्रा सञ्चालनसम्बन्धी सरोकारवालाहरूसँगको बैठक चैत्र २३ गते बस्यो ।

बैठकमा नगर प्रमुख प्रजापतिले जात्रा अवधिभर भीड जम्मा नगर्न तथा आवश्यक स्वास्थ्य मापदण्ड अपनाउन नगरपालिकाले जनचेतनामूलक गतिविधि गर्ने, बिस्केटको क्रममा टोलटोलमा मनाइने विभिन्न जात्रामा भीडभाड कम गर्न स्वयम्सेवक परिचालन गर्ने तथा जनताको घरदैलोमा साबुन, मास्क वितरण गर्नेलगायतका तयारीहरू गरिरहेको बताउनुभयो ।

जिल्ला प्रशासन कार्यालय भक्तपुरका सहायक प्रजिअ मुकेशकुमार केशरीले मानव जीवन रक्षा नै प्रमुख कारण



भएकोले यस वर्षको बिस्केट जात्रा सामान्य पूजाआजामा सीमित गर्ने निर्णय भइसकेको बताउनुहुँदै कोभिड सङ्क्रमण जोखिमका कारण जात्राहरूमा भीडभाड हुने कार्य नगरिदिन आग्रह गर्नुभयो ।

महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक तारादेवी थापाले सदियौँदेखि चलिआएको जात्रा र परम्पराहरूको विशेष महत्त्व हुने बताउनुहुँदै सन्तुलित ढङ्गबाट नजिकिँदै गरेको बिस्केट जात्रा सम्पन्न गर्न सबैको सहकार्य आवश्यक भएको बताउनुभयो ।

त्यस्तै गुठी संस्थान भक्तपुरका कार्यालय प्रमुख आनन्दप्रसाद कर्माचार्यले संस्थानले बिस्केट जात्रासँग सम्बन्धित सम्पूर्ण दायित्व पूरा गरेको बताउनुहुँदै जात्राको समयमा कुनै पनि किसिमको लापरबाही गर्न नहुने बताउनुभयो ।

जनस्वास्थ्य सेवा केन्द्र भक्तपुरका प्रमुख डा. रत्नसुन्दर लासिवाले छिमेकी मुलुकबाट नेपाल भित्रिनेहरूबाट कोभिड सङ्क्रमण बढिरहेको अवस्थामा भीडभाड हुने जात्रा पर्वको समयमा सबैजना सुरक्षित रहन आग्रह गर्नुभयो ।

बैठकमा भक्तपुर नपाका जनप्रतिनिधि, सूर्यविनायक ब्यारेकका प्रमुख सेनानी सामन्तध्वज खाँड, सशस्त्र प्रहरी उपरीक्षक लीलाबहादुर कार्की, राष्ट्रिय अनुन्धान विभागका उपनिर्देशक विकास पाण्डे, तलेजु भवानीका पुजारी प्रजेश राजोपाध्याय, नेपाल विद्युत प्राधिकरण, ख्वप मिनिबस सेवा प्रा.लि., भक्तपुर उद्योग वाणिज्य सङ्घ, घरेलु तथा साना उद्योग कार्यालयबाट प्रतिनिधिहरूलगायतको उपस्थिति थियो ।

साथै बिस्केट जात्रासँग सम्बन्धित इन्द्रायणी, बाराही,

ज्याथा गणेश, भैरवनाथ, ब्रम्हायणी, माहेश्वरी, कुटी प्वाक गणेशलगायतका सरोकारवालाहरूले यस वर्षको बिस्केट र बिस्केटसँग सम्बन्धित स्थानीय जात्राहरू शान्तिपूर्ण, व्यवस्थित र सुरक्षित ढङ्गले सञ्चालन गर्ने विषयमा आ–आफ्नो राय–सुझावहरू दिनुभएको थियो ।

## भक्तपुर नगरपालिका प्रकोप व्यवस्थापन समितिको निर्णय

यसअघि बिस्केट जात्रा सञ्चालन विषयमा भक्तपुर नगरपालिका प्रकोप व्यवस्थापन समितिको मिति २०७७ चैत्र १७ र १९ गतेको बैठकले जात्रासँग सम्बन्धित सरोकारवाला विभिन्न पक्षसँग राय सुझाव लिई निर्णय गरेअनुसार २०७७ चैत्र २३ गते सरोकारवाला सबै पक्षबीचको छलफलले गरेका महत्त्वपूर्ण निर्णयहरू :

१) बैठकले जिल्लास्तरीय कोभिड १९ सङ्कट व्यवस्थापन सञ्चालन केन्द्र (डीसीसीएमसी) भक्तपुरको मिति २०७७।१२।२२ गते बसेको बैठकले 'यस वर्षको बिस्केट जात्रामा पुजारीलाई मात्र राखेर पूजा गर्ने तथा रथ तान्ने र लिङ्गो ठड्याउने जात्रा गत वर्ष जस्तै यस वर्ष पनि नगर्ने' भन्ने निर्णय गरिसेकेकोले ऐतिहासिक एवं सांस्कृतिक महत्त्वको भक्तपुरको प्रमुख बिस्केट जात्रासँग सम्बन्धित टोलटोलमा हुने जात्राहरूलाई स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरी सामान्य रूपमा सञ्चालन गर्न सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूलाई अनुरोध गर्ने निर्णय गऱ्यो ।



निर्णय

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) रोगको दोश्रो लहर छिमेकी मुलुक भारतमा तिव्र रुपमा फैलिएर समुदायस्तरमा पुगिसकेको र काठमाडौं उपत्यकामा समेत दिनानुदिन संक्रमितहरुको संख्या बढीरहेको वर्तमान जटिल अवस्थालाई मध्यनजर गर्दै नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भिडभाड हुने ठूला सभा, सम्मेलन, जात्रा र पर्व नगर्नुहुन आग्रह गरेको विषयलाईसमेत ध्यानमा राखी भक्तपुर नगरपालिका प्रकोप व्यवस्थापन समितिको मिति २०७७ चैत्र १७ गते बसेको बैठकले जात्रासँग सम्बन्धित सरोकारवालाहरुको राय सुझाव संकलन गर्ने निर्णय अनुसार सरोकारवाला सबै पक्षबीच छलफल हुँदा देहाय बमोजिम गर्ने निर्णय गरियो । -

१. जिल्लास्तरीय कोभिड १९ संकट व्यवस्थापन संचालन केन्द्र (DCCMC) भक्तपुरको मिति २०७७।१२।२२ गते बसेको बैठकले यस वर्षको बिस्केट जात्रामा पुजारीलाई मात्र राखेर पुजा गर्ने तथा रथ तान्ने र लिङ्गो ठड्याउने जात्रा गत वर्ष जस्तै यस वर्ष पनि नगर्ने भन्ने निर्णय गरिसेकेकोले ऐतिहासिक एवं साँस्कृतिक महत्वको भक्तपुरको प्रमुख बिस्केट जात्रासँग सम्बन्धित टोलटोलमा हुने जात्राहरुलाई स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरी सामान्य रुपमा संचालन गर्न सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुलाई अनुरोध गर्ने ।

२. कोभिड १९ रोकथाम र नियन्त्रणको लागि भक्तपुर नगरवासीहरुको स्वास्थ्य सुरक्षालाई दृष्टिगत गरी भक्तपुर नगरपालिकाले नगरवासीहरुलाई स्वास्थ्य सुरक्षा सम्बन्धी सामाग्री घर-घरमा गई वितरण गर्ने र जनचेतनामूलक माइकिङ, पर्चा वितरण तथा सूचना प्रकाशन गर्ने ।

३. यस वर्षको बिस्केट जात्रा अवधिभर भक्तपुर नगर क्षेत्रमा कुनै किसिमको हुलहुज्जत हुन नदिई शान्तिपूर्ण तरिकाले सामान्य रुपमा जात्रा सम्पन्न गर्न सुरक्षा एवम् आवश्यक बन्दोबस्त जिल्ला प्रशासन कार्यालय, भक्तपुरलगायत जिल्लाका सबै सुरक्षा निकायले गर्ने ।

४. बिस्केट जात्रासँग सम्बन्धित जात्रा व्यवस्थापनको लागि गुठी संस्थान, भक्तपुरले आवश्यक सहयोग गर्ने ।

२) कोभिड १९ रोकथाम र नियन्त्रणको लागि भक्तपुर नगरवासीहरूको स्वास्थ्य सुरक्षालाई दृष्टिगत गरी भक्तपुर नगरपालिकाले नगरवासीहरूलाई स्वास्थ्य सुरक्षा सम्बन्धी सामग्री घर-घरमा गई वितरण गर्ने र जनचेतनामूलक माइकिङ, पर्चा वितरण तथा सूचना प्रकाशन गर्ने निर्णय बैठकले गऱ्यो ।

३) बैठकले यस वर्षको बिस्केट जात्रा अवधिभर भक्तपुर नगरक्षेत्रमा कुनै किसिमको हुलहुज्जत हुन नदिई शान्तिपूर्ण तरिकाले सामान्य रूपमा जात्रा सम्पन्न गर्न सुरक्षा एवम् आवश्यक बन्दोबस्त जिल्ला प्रशासन कार्यालय, भक्तपुरलगायत जिल्लाका सबै सुरक्षा निकायले गर्ने निर्णय गऱ्यो ।

४) बिस्केट जात्रासँग सम्बन्धित जात्रा व्यवस्थापनको लागि गुठी संस्थान, भक्तपुरले आवश्यक सहयोग गर्ने निर्णय पनि सोही बैठकले गरेको थियो ।

## प्रसिद्ध बिस्का जात्राबारे भक्तपुर नगरपालिकाको सन्देश



**आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरू,**

बिस्का जात्रा नजिकिँदै छ । यसैबीच चैत्र २२ गते बसेको जिल्ला प्रकोप व्यवस्थापन समिति (डीसीसीएमसी) को बैठकले गरेको 'भैरवनाथको रथ तान्ने र लिङ्गो ठड्याउने जात्रा नहुने' निर्णय सार्वजनिक भयो । यो निर्णयबाट असहज परिस्थिति उत्पन्न भयो । यो स्थितिप्रति हाम्रो गम्भीर ध्यान गएको छ ।

भक्तपुर नगर कला र संस्कृतिले सम्पन्न सांस्कृतिक नगर हो । यो नगरले कला र संस्कृति तथा सम्पदा संरक्षणमा अग्रणी भूमिका खेल्दै आएको छ । वर्षैभरि चलिरहने विभिन्न जात्रा सांस्कृतिक गतिविधिहरूले यो नगरलाई सधैँ जीवन्त बनाइ राखेको सबैलाई थाहा भएको कुरा हो ।

भक्तपुरमा मनाउने जात्राहरूमध्ये बिस्का जात्रा सबैभन्दा महत्त्वपूर्ण जात्रा हो । भक्तपुरमा मनाइने भए पनि यो जात्रा राष्ट्रिय महत्त्व बोकेको जात्रा हो । नयाँ वर्षको आगमनसँगै स्वदेश र विदेशमा बस्ने लाखौँ नागरिकहरूले प्रविधिको माध्यमबाट प्रत्यक्ष जात्रा हेर्ने गर्दछन् । त्यसैले यस जात्रा सञ्चालन र व्यवस्थापनप्रति भक्तपुर नगरपालिका अत्यन्त संवेदनशील छ ।

प्राचीनकालदेखि निरन्तर सञ्चालन हुँदै आएको बिस्का जात्रा गतवर्ष कोभिड–१९ को कारण बन्द भयो । लकडाउनको कारण बिस्का जात्रासँगै झन्डै आठ महिना हामीले हरेक जात्रालाई औपचारिकतामा मात्रै सीमित गर्नुपर्‍यो । नगरपालिकाले जात्रा, पूजासँग सम्बन्धित दाफा, भजन, गुठीलगायत सरोकारवालाहरूसँग नियमित छलफल गरी निर्णय गर्दै आएको हुँदा हरेक गतिविधिहरू सफलताका साथ सम्पन्न भयो । नगरपालिकाको हरेक कदमलाई साथ र सहयोग गर्ने आम जनसमुदायमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ ।

यो वर्षको बिस्का जात्रा शान्तिपूर्ण रूपमा सम्पन्न गर्न भैरवनाथको रथ निर्माण कार्यको थालनीदेखि नै गुठी संस्थान कार्यालय भक्तपुरका प्रमुख समेतसँग समन्वय र छलफल गर्दै अगाडि बढिरहेको पनि सम्पूर्ण जनसमुदायमा जानकारी गराउन चाहन्छौँ ।

२०७७ साल चैत्र १७ गते प्रकोप व्यवस्थापन समिति भक्तपुर (सीएमसी) को बैठक बसी यो वर्षको बिस्का जात्रा शान्तिपूर्ण र मर्यादित ढङ्गबाट सामान्य रूपमा सम्पन्न गर्न जात्रासँग सम्बन्धित सरोकारवालाहरूसँग राय सुझाव लिई अगाडि बढ्ने निर्णय गरेको थियो । सोही निर्णयअनुसार चैत्र १९ गते भैरवनाथ जात्रा र लिङ्गो उभ्याउने र ढाल्ने जात्रासँग सम्बन्धित दाफा, भजन, गुठी, टीम, क्लब, जात्रा व्यवस्थापन समितिलगायतको संयुक्त बैठकमा यो वर्ष कोभिड १९ सङ्क्रमणको जोखिमलाई ध्यानमा राखी सामान्य रूपमा मनाउने राय प्राप्त भएको थियो ।

सरोकावालाहरूको राय सुझावलाई ध्यानमा राखेर निर्णय गर्न अर्को बैठक बोलाउने तयारी गरिरहेकै अवस्थामा भक्तपुरका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको जिल्ला प्रकोप व्यवस्थापन समितिको बैठकले 'भैरवनाथको रथ तान्ने जात्रा र लिङ्गो उठाउने र ढाल्ने जात्रा नगर्ने' निर्णय गरेको सार्वजनिक भयो । भक्तपुरमा हुने जात्रासम्बन्धी महत्त्वपूर्ण निर्णय गर्न स्थानीय तहसँग छलफल वा समन्वय भएको भए यस्तो खालको असहज स्थिति उत्पन्न नहुने स्पष्ट छ ।

जिल्ला प्रकोप व्यवस्थापन समितिको निर्णय सार्वजनिक भएपछि तत्काल चैत्र २३ गते बिस्का जात्रासँग सरोकार राख्ने सरोकारवाला सबैको बैठक राखी 'भैरवनाथको रथ तान्ने र लिङ्गो जात्रा' को बारे छुट्टै छलफल गर्ने गरी टोल टोलमा हुने जात्रालाई स्वास्थ्य सुरक्षा मापदण्डको प्रबन्ध गरी सञ्चालन गर्ने निर्णय गर्‍यौँ । हामी रथ तान्ने र लिङ्गो जात्राबारे जनताको तर्फबाट सार्वजनिक रूपमा व्यक्त अभिव्यक्तिप्रति अत्यन्त संवेदनशील छौँ ।

लाखौँ जनतासँग सरोकार राख्ने रथ तान्ने र लिङ्गो उठाउने र ढाल्ने जात्राबारे जिल्ला प्रकोप व्यवस्थापनको निर्णय सच्याउन आजै मात्र माननीय प्रेम सुवालका साथ हामी जनप्रतिनिधिहरूको एउटा टोली प्रमुख जिल्ला अधिकारीसँग भेट गरी छलफल गर्‍यौँ । उहाँ यस विषयमा अत्यन्त सकारात्मक हुनुभयो । यस विषयमा निकास दिन जति ढिलो भयो त्यति नै समस्या झन् जटिल हुनसक्ने विषयलाई ध्यानमा राखी आजै बसेको प्रकोप व्यवस्थापन नगर समितिलगायत जात्रासँग सरोकार राख्नेहरूसँगको बैठकले निम्न लिखित निर्णय गरेको जानकारी गराउन चाहन्छौँ –

१) प्रसिद्ध बिस्का जात्राअन्तर्गतको भैरवनाथको रथ तान्ने, लिङ्गो उभ्याउने र ढाल्ने जात्रा कोभिड १९ रोग सङ्क्रमणको जोखिमलाई ध्यानमा राखी आवश्यक स्वास्थ्य मापदण्ड अपनाई सभ्य र शान्तिपूर्ण तरिकाले सञ्चालन गर्ने ।
२) जात्रा सञ्चालनको प्रत्यक्ष प्रसारण टेलिभिजन, रेडियो, एफ.एम. र सामाजिक सञ्जालमार्फत् गर्ने ।
३) अनुशासित र मर्यादित रूपमा स्वास्थ्य मापदण्ड पालना गरी सभ्य रूपमा जात्रा सम्पन्न गर्न माइकिङ गरी सबैसँग आग्रह गर्ने ।
४) बिस्का जात्रा सञ्चालनको लागि आवश्यक तयारी गर्न सरोकारवाला सबै पक्षसँग आग्रह गर्ने ।
५) जात्राको अवधिमा शान्ति सुरक्षाको सबै बन्दोबस्त जिल्लास्थित सुरक्षा निकायमार्फत गर्ने ।

**आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरू,**

मौलिक प्रविधिमा धनी भक्तपुर नगरपालिकाभित्र हुने हरेक कार्य हाम्रै सीप र प्रविधिको आधारमा अघि बढ्न भक्तपुर नगरपालिकाले जोड दिइरहेको छ । वैकल्पिक विधिबाट

रथ निर्माण गर्ने, जात्रा सञ्चालन गर्नेजस्ता प्रक्रियाले कतै हाम्रो मौलिक परम्परागत विधि र सीप लोप हुने त होइन भन्नेबारे हामी अत्यन्त सचेत छौं ।

भक्तपुर नगरपालिका सधैं नगरवासीहरूको साथमा छ । विगतका दिनहरूमा जस्तै यहाँहरूले रचनात्मक सल्लाह र सुझाव दिएर अझ व्यवस्थित रूपमा अगाडि बढ्न सहयोग गर्नुहुनेछ भन्ने आशा गर्दछौं । बिस्का जात्रा अरूको होइन, हाम्रो आफ्नै जात्रा हो । हाम्रो जात्रा राम्रो, सभ्य र सुसंस्कृत रूपमा सम्पन्न गरौं ! नयाँ वर्ष २०७८ सालको उपलक्ष्यमा तमाम नगरवासी तथा समस्त देश विदेशमा रहनुभएका नागरिकहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

***सुनिल प्रजापति***
*नगर प्रमुख*
*२०७७ चैत्र २५ गते, बुधबार*

# बिस्का जात्रा सभ्य र शान्तिपूर्ण तरिकाले सञ्चालन गर्ने निर्णय

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगरपालिका नगरस्तरीय नगर प्रकोप व्यवस्थापन समिति (सीएमसी) र भक्तपुरको प्रसिद्ध बिस्केट जात्रासँग सम्बन्धित सरकोकावालाहरूको बैठक चैत्र २५ गते बस्यो ।



बैठकमा बोल्नुहुँदै सांसद सुवालले नजिकिँदै गरेको भक्तपुरको प्रसिद्ध बिस्का जात्राबारे जनताको मनोभावना समेटिने ढङ्गले जात्रा सञ्चालन गर्नुपर्नेमा जोड दिनुहुँदै छिमेकी देश भारतमा कोभिड १९ को नयाँ प्रजातिले महामारीको रूप लिएको र केही स्थानहरूमा कर्फ्युसमेत लगाइसकेको अवस्थामा नेपाल–भारतबीचको खुला सीमाका कारण नेपालमा पनि सङ्क्रमण दर बढ्न सक्नेतर्फ सबैजना सचेत रहनुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिले विगतका दिनदेखि नै भक्तपुर नपाले बिस्केट जात्रासँग सम्बन्धित दाफा, भजन, गुठीलगायत सरोकारवालाहरूसँग नियमित छलफल गरी निर्णय गर्दै आएको बताउनुहुँदै यस वर्ष पनि जनताको भावनालाई सम्मान गर्दै अगाडि बढ्ने बताउनुभयो ।



निर्णयहरू :

१) प्रसिद्ध बिस्का जात्राअन्तर्गतको भैरवनाथको रथ तान्ने, लिंगो उभ्याउने र ढाल्ने जात्रा कोभिड १९ रोग संक्रमणको जोखिमलाई ध्यानमा राखी आवश्यक स्वास्थ्य मापदण्ड अपनाई सभ्य र शान्तिपूर्ण तरिकाले सञ्चालन गर्ने ।
२) जात्रा सञ्चालनको प्रत्यक्ष प्रसारण टेलिभिजन, रेडियो, एफ.एम, र सामाजिक सञ्जालमार्फत गर्ने ।
३) अनुशासित र मर्यादित रुपमा स्वास्थ्य मापदण्ड पालना गरी सभ्य रुपमा जात्रा सम्पन्न गर्न माइकिङ गरी सबैसँग आग्रहगर्ने ।
४) बिस्का जात्रा सञ्चालनको लागि आवश्यक तयारी गर्न सरोकारवाला सबै पक्षसँग आग्रह गर्ने ।
५) जात्राको अवधिमा शान्ति सुरक्षाको सबै बन्दोवस्त जिल्लास्थित सुरक्षा निकायमार्फत गर्ने ।

बैठकमा भक्तपुर जिल्लाका प्रजिअ प्रेम प्रसाद भट्टराईले जनताको स्वास्थ्य सुरक्षालाई ध्यानमा राखी यस वर्षको 'भैरवनाथको रथ तान्ने जात्रा र लिङ्गो उठाउने र ढाल्ने जात्रालाई प्रशासनले केही कडाइ गरेको स्वीकार्दै जनभावनाअनुरूप नगरपालिकाले गर्ने निर्णयमा आफू सकारात्मक रहेको बताउनुभयो ।

बैठकमा गुठी संस्थान भक्तपुरका कार्यालय प्रमुख अनन्दप्रसाद कर्माचार्य र जात्रासँग सम्बन्धित सरोकारवालाहरूले पनि आ–आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

जात्रासँग सम्बन्धित सरोकारवालाहरूसँगको उक्त बैठकले बिस्का जात्रा सञ्चालन गर्ने विषयमा केही महत्त्वपूर्ण निर्णयहरू गरेको छ ।

बैठकले नजिकिँदै गरेको भक्तपुरको प्रसिद्ध बिस्का जात्राअन्तर्गतको भैरवनाथको रथ तान्ने, लिङ्गो उभ्याउने र ढाल्ने जात्रा कोभिड १९ रोग सङ्क्रमणको जोखिमलाई ध्यानमा

राखी आवश्यक स्वास्थ्य मापदण्ड अपनाई सभ्य र शान्तिपूर्ण तरिकाले सञ्चालन गर्ने निर्णय गर्‍यो ।

बैठकले जात्रा सञ्चालनको प्रत्यक्ष प्रसारण टेलिभिजन, रेडियो, एफ.एम. र सामाजिक सञ्जालमार्फत् गर्ने र अनुशासित र मर्यादित रूपमा स्वास्थ्य मापदण्ड पालना गरी सभ्य रूपमा जात्रा सम्पन्न गर्न माइकिङ गरी सबैसँग आग्रह गर्ने निर्णय गर्‍यो ।

साथै बिस्का जात्रा सञ्चालनको लागि आवश्यक तयारी गर्न सरोकारवाला सबै पक्षसँग आग्रह गर्ने र जात्राको अवधिमा शान्ति सुरक्षाको सबै बन्दोबस्त जिल्लास्थित सुरक्षा निकायमार्फत् गर्ने निर्णय उक्त बैठकले गर्‍यो ।

## सरोकारवालाहरूको बैठकका निर्णयहरू

नजिकिँदै गरेको भक्तपुरको प्रसिद्ध बिस्का जात्रा व्यवस्थित र शान्तिपूर्ण तरिकाले सम्पन्न गर्न भक्तपुर नपाको आयोजनामा चैत्र २६ गते नगरपालिकामा बोलाइएको सरोकारवालाहरूको बैठकले महत्त्वपूर्ण निर्णयहरू गरेको छ ।

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा बसेको बैठकले भैरवनाथको रथ दिनको २ बजे तान्न सुरु गर्ने र उक्त रथ टौमढीबाट पूर्वमा बढीमा बुलबुल हिटी (सुकुलढोका) र पश्चिममा बढीमा नासमनासम्म मात्र लग्न तथा रथमा जुसी बजु, कर्माचार्य, तलेजुको मूल पुजारी,



निर्णय

१. गुठी संस्थान भक्तपुरका कार्यालय प्रमुख आनन्द प्रसाद कर्माचार्यबाट मिति २०७७ चैत्र २८ गतेदेखि २०७८ वैशाख ५ गतेसम्मको कार्यसूची प्रस्ताव गरिएकोमा संशोधनसहित पारित गरियो ।
२. भैरवनाथको रथ टौमढीबाट पूर्वमा बढीमा बुलबुलु हिटी (सुकुलढोका) र पश्चिममा बढीमा नासमनासम्म मात्र लग्नुहुन जात्रालुहरुमा अनुरोध गर्ने निर्णय गरियो ।
३. भैरवनाथको रथमा जुसी बजु, कर्माचार्य, तलेजुको मूल पुजारी, गुठी नाइके, भैरव नाइके, कर्मी नाइके चौगुठीलगायत तोकिएका आवश्यक व्यक्तिहरु बाहेक अन्य व्यक्तिहरु अनाधिकृत रुपमा नचढ्न अनुरोध गर्ने निर्णय गरियो ।
४. जात्रा अवधिभर भक्तपुर नगरक्षेत्रमा खानेपानीको आवश्यक व्यवस्था मिलाउन का.उ.खा.लि, भक्तपुरलाई जिम्मा दिने निर्णय गरियो ।
५. जात्रा अवधिभर भक्तपुर नगरक्षेत्रभित्र विद्युत प्रसारण सुचारु गर्न विद्युत प्राधिकरण, भक्तपुर वितरण शाखालाई जिम्मा दिने निर्णय गरियो ।
६. जात्रा अवधिभर भक्तपुर नगरक्षेत्र भित्र टेलिफोन र इन्टरनेट सुचारु गर्न नेपाल टेलिकम, भक्तपुरलाई जिम्मा दिने निर्णय गरियो ।
७. जात्रा अवधिभर भक्तपुर नगरका विभिन्न क्षेत्रमा आकस्मिक स्वास्थ्य सुविधाको लागि स्वास्थ्य शिविर व्यवस्थापन गर्न जनस्वास्थ्य केन्द्र, ब्याम्हासिंह, भक्तपुरस्थित अस्पतालहरु र नेपाल रेडक्रस सोसाइटी, भक्तपुरलाई जिम्मा दिने निर्णय गरियो ।
८. यो वर्ष चैत्र २८ गते यो क्वँविन्याइगु जात्रासँगै पशा:चर्‍हे पनि परेको अवस्थामा उक्त दिन भैरवनाथ मन्दिर भित्र पूजा आजा मात्र गर्ने र मन्दिर अगाडि विराजमान भैरवनाथ र वीर बेताल रहेको स्थानमा बली दिने कार्य गराउने निर्णय गरियो ।

गुठी नाइके, भैरव नाइके, कर्मी नाइके, चौगुठीलगायत तोकिएका आवश्यक व्यक्तिहरू बाहेक अन्य व्यक्तिहरू अनधिकृत रूपमा नचढ्न अनुरोध गर्ने निर्णय गर्‍यो ।

जात्रा अवधिभर भक्तपुर नगरक्षेत्रमा खानेपानीको आवश्यक व्यवस्था मिलाउन काठमाडौं उपत्यका खानेपानी लिमिटेड, भक्तपुरलाई, विद्युत प्रसारण सुचारु गर्न विद्युत प्राधिकरण, भक्तपुर वितरण शाखा र टेलिफोन र इन्टरनेट सेवा सुचारु गर्न नेपाल टेलिकम, भक्तपुरलाई जिम्मा दिने निर्णय गर्‍यो ।



जात्रा अवधिभर भक्तपुर नगरका विभिन्न क्षेत्रमा आकस्मिक स्वास्थ्य उपचारको लागि स्वास्थ्य शिविर व्यवस्थापन गर्न नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्र, च्याम्हासिंह, यहाँका विभिन्न अस्पतालहरू र नेपाल रेडक्रस सोसाइटी, भक्तपुरलाई जिम्मा दिने निर्णय बैठकले गऱ्यो ।

यो वर्ष चैत्र २८ गते द्यो क्वँबिज्याइगु जात्रासँगै पशाःचऱ्हे पनि परेको अवस्थामा उक्त दिन भैरवनाथ मन्दिरभित्र पूजाआजा मात्र गर्ने र मन्दिर अगाडिको भैरवनाथ र वीर बेताल रहेको स्थानमा बलि दिने कार्य गराउने निर्णय गऱ्यो ।

बैठकले गुठी संस्थान भक्तपुरका कार्यालय प्रमुख आनन्दप्रसाद कर्माचार्यबाट प्रस्तुत २०७७ चैत्र २८ गतेदेखि २०७८ वैशाख ५ गतेसम्मको जात्राको कार्यसूची पारित गरेको छ ।

बैठकमा नगरपालिकाका जनप्रतिनिधिहरू, गुठी संस्थान प्रमुख, सुरक्षा निकायका प्रतिनिधिहरू, विद्युत प्राधिकरण, नेपाल टेलिकम, का.उ.खा.लि. भक्तपुरलगायतका कार्यालयका प्रमुखहरू, जात्रासँग सम्बन्धित गुठी नाइके, भैल नाइके, जुसी बजुलगायतको उपस्थिति थियो ।

बैठकले पारित गरेको बिस्का जात्रासम्बन्धी कार्यतालिका निम्नबमोजिम रहेको छ :

## बिस्का जात्रासम्बन्धी कार्यतालिका

**मिति : २०७७ चैत्र २७ गते**

१) बाजा, सुकुन्दा पूजा सामानसमेत लिई भ.पु. सल्लाघारीबाट खड्ग गुठी संस्थान भक्तपुर शाखा कार्यालयमा भित्र्याउने ।

**मिति : २०७७ चैत्र २८ गते**

१) बिहान ५ बजे भैरवनाथको महास्नान पूजा र ५:३० बजे बालकृष्ण कर्माचार्यबाट नित्य पूजा सम्पन्न गर्ने,

२) बिहान ६ बजेदेखि ८ बजेसम्ममा स्थानीय टोलवासीहरूले पूजा सम्पन्न गर्ने,

३) बिहान ८ देखि ९ बजेसम्ममा नौ बाजा भजनका गुठीयार ज्ञानेन्द्रनाथ कायष्ठ समेतको टोलीबाट पूजा सम्पन्न गर्ने,

४) बिहान ९ बजेदेखि ९:३० बजेसम्ममा भैरवनाथ र बेताल देवतामा जगतबहादुर मानन्धर समेतको टोलीबाट पूजा सम्पन्न गर्ने,

५) बिहान ९:३० बजेदेखि १० बजेसम्ममा गुठी संस्थान कार्यालय र सिकर्मी नाइकेसमेत भएर पूजा सम्पन्न गर्ने,

६) बिहान १० बजे बेताल झिक्ने, जगतबहादुर मानन्धर र गंगालाल कुस्मासमेतबाट पूजा सम्पन्न गर्ने,

७) १० बजेदेखि ११ बजेसम्म बेताल सफा गर्ने र रथमा राखी सिङ्गार्ने,

८) दिनको ११ बजेदेखि १२ बजेसम्म भैरवनाथको मूल नाइके लक्ष्मीभक्त घेमोसूसमेतले श्रीको पूजा सुरु गर्ने,

९) दिनको १२ बजे गुठी संस्थान भक्तपुरका कार्यालय प्रमुखले तलेजु पूजारी प्रजेश राजोपाध्यायलाई खड्ग बुझाउने,

१०) दिनको १ बजे सम्ममा पूजारी प्रजेश राजोपाध्यायसमेत दुई जना र हपः दिने चौगुठीहरू दुई जना तलेजुमा उपस्थित हुने, तलेजुका मूल नाइके नरेन्द्रप्रसाद जोशी र गुठी कार्यालयले बाजा बन्दोबस्त गरी टौमढीमा आउने,

११) दिनको १२–१ बजे भैरव नाइके लक्ष्मीभक्त घेमोसूसमेत गुठीयारले गुह्य पूजा सिध्याई देवता रथमा राख्ने,

१२) दिनको १ देखि १:३० बजे भद्रकालीको रथलाई घट्खामा पठाई भद्रकालीलाई रथमा बिराजमान गर्ने गरी भद्रकालीको रथमा पूजा सम्पन्न गर्ने,

१३) दिनको १:३० बजेदेखि २ बजेसम्म भद्रकालीको रथलाई टौमढीको पुबहालको अगाडि ल्याउने,

१४) दिनको २:०० बजेदेखि भैरवनाथको रथ तान्न सुरु गर्ने गरी दिनको ५:३० बजेसम्म भैरवनाथको रथ गःहितिमा खः थाते लाकेगु (रथ ठाउँमा राख्ने) ।

**मिति : २०७७ चैत्र ३० गते**

१) भेलुखेलमा विहान १०:०० बजेसम्म लिङ्गो उठाउने कैंचीमा डोरी बाँध्ने कार्य दाफा भजनतर्फबाट नारायण चवाल र कृष्णभक्त चवालसमेतबाट सम्पन्न गराउने ।

**मिति : २०७७ चैत्र ३१ गते**

१) बिहान १०:०० बजे श्री भैरवनाथको रथ गःहितिबाट भेलुखेल ल्याउने,

२) भद्रकालीको नाइकेबाट भद्रकालीको पूजा सम्पन्न गर्ने,

क) बिहान १०:०० बजे भित्रमा भद्रकालीमा राँगो बलि दिएपछि बाजागाजासहित भाद्रकालीको पाटीमा राँगाको टाउको राख्ने ।

ख) राँगोको टाउको राखिसकेपछि समयबजी खाएपछि लिङ्गो प्वालमा राख्न लिङ्गो मिलाउने काम दिलबहादुर

माताङ्गीले गर्ने ।

ग) बिहान १०:०० बजे गुठी संस्थान शाखा कार्यालयबाट स्याउला काटी लिङ्गोमा टाउको बाँधनको लागि भेलुखेलमा पुऱ्याउने ।

३) गुठी संस्थान शाखा कार्यालयबाट डोरी र कपडा बिहान ८–१२ बजे सम्ममा भेलुखेलमा पुऱ्याइदिने ।

४) दिउँसो १२–२ बजेसम्म लिङ्गोमा डोरी बाँध्ने कार्य नारायण चवाल, कृष्णभक्तलगायतबाट सम्पन्न गर्ने ।

५) प्रहरीहरू बैण्ड बाजासहित २:०० बजे भेलुखेलमा उपस्थित हुने ।

६) दिउसाँ २–३ बजेसम्म डोरी बाँध्ने काम भएपछि ग:हितिबाट भैरवनाथको रथ र श्री भद्रकालीको रथ भेलुखेलमा पुऱ्याउने ।

७) दिनको ५:०० बजेभित्र लिङ्गो उभ्याउने कार्य सम्पन्न गर्ने ।

**मिति : २०७८ वैशाख १ गते**

१) बिहान नगरवासीहरूबाट ६:०० बजेदेखि ११:०० बजेसम्म भैरवनाथको पूजा सम्पन्न गराउने ।

२) बिहान ११–१२ बजेसम्म श्री इन्द्रायणीको पूजा जात्रा सम्पन्न गर्ने ।

३) दिनको १२–४ बजेसम्म गुठी संस्थान कार्यालयबाट श्री इन्द्रायणीबाट बत्ती बाली दुईमाजु चोकमा खड्ग पुजारीलाई बुझाई मूल चोक पुजारीले कुसुलेहरूलाई हासापा (नाङ्लो) बुझाई दिई सुनको ढोका अगाडि श्री इन्द्रायणीको पूजा गरी श्रीको प्रसाद लिई भेलुखेल प्रस्थान गर्ने र त्यहाँको आवश्यक पूजा गरी ५:०० बजे भित्र लिङ्गो ढाल्ने ।

४) भैरवनाथको रथ ग:हितिमा ल्याउने, त्यसपछि भद्रकालीको रथ ल्याई ग:हितिमा जुधाउने ।

**मिति : २०७८ वैशाख ५ गते**

१) दिनको १२:०० बजेसम्म गुठी संस्थान कार्यालयबाट भैरव, भैरवीको पूजा सम्पन्न गर्ने ।

२) दिनको १:०० बजेसम्ममा रथमा डोरी बाँध्न लगाउने ।

३) दिनको २:०० बजे बाजागाजासहित खड्ग तलेजुका पूजारीलाई बुझाउने ।

४) दिनको ४:०० बजे भैरवनाथ रथमा राखी ग:हितिबाट परिक्रमा गराउने ।

५) दिनको ५:०० बजेसम्म परिक्रमा सिध्याई खड्ग र श्री भैरवनाथलाई भित्र्याई जात्रा सम्पन्न गर्ने ।


# कोभिड-१९ को उग्र रूपको

# ; a\qmd0faf6

## आफू बचौँ र अरूलाई बचाऔँ

**कोभिड-१९ ले फेरि उग्र रुप लिन थालेको छ । तर अस्पताल र स्वास्थ्य सेवाको अवस्था सहज र सुलभ छैन । त्यसैले कोरोनासँग निहुँ खोजेर होइन सतर्क भएर स्वस्थ रहौं ।**

**कोभिड-१९ का लक्षण**

- रुघाका साथै सुख्खा खोकी लाग्ने
- टाउको दुख्ने
- ज्वरो १००.४° भन्दा बढी आउने
- घाँटी दुख्ने
- सास फेर्न अप्ठेरो वा गाह्रो हुने ।

**बच्ने उपाय**

- हात नमिलाउने, त्यसको सट्टा नमस्कार गर्ने ।
- साबुन–पानीले कम्तिमा २० सकेण्डसम्म पटक–पटक हात धुने ।
- नधोइएका हातले आँखा, मुख र नाक नछुने ।
- बाहिरबाट आएपछि राम्रोसँग साबुन पानीले अनिवार्य हात धुने ।
- अनावश्यक बाहिरी वस्तु केही नछुने, छोएपछि हात धुने ।
- शारीरिक दूरी कायम गर्ने ।
- रुघा खोकी लागेका, ज्वरो आएका मान्छेसँग एउटै कोठामा नबस्ने ।
- भीडभाडमा नजाने ।
- खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख रुमालले छोप्ने वा कुहिना दोब्र्याएर छेक्ने ।
- पाएसम्म राम्रो मास्क प्रयोग गर्ने ।
- **खोकी, ज्वरो र श्वास फेर्न गाह्रो भएमा तुरुन्त अस्पताल जाने ।**

नियमित रूपमा प्रक्रिया पुऱ्याएर साबुन पानीले राम्ररी हात धुने गरेमा कोरोना भाइरस लाग्न नपाउने अनुसन्धान तथा प्रयोगशालाबाट प्रमाणित भएको छ । साबुन पानीले बरोबर हात धुँदा कोरोनामात्र होइन मौसमी रुघाखोकी, श्वासप्रश्वासबाट हुने सङ्क्रमण, टाइफाइड, झाडापखालालगायतका थुप्रै सङ्क्रमणबाट बच्न सकिन्छ ।

त्यसैले नियमित हात धुने गरौँ ।

# बिस्का जात्राबारे सद्भाव सभा




भक्तपुर नगरपालिकाको आयोजनामा चैत्र २८ गतेबाट सुरु हुने ऐतिहासिक एवम् सांस्कृतिक बिस्का जात्रा शान्तिपूर्ण, मर्यादित र सुरक्षित ढङ्गले मनाउन भक्तपुरको टौमढीमा चैत्र २७ गते सद्भाव सभाको आयोजना गरियो ।



सांसद प्रेम सुवाल

सभाका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालले नेपालमा कोभिड सङ्क्रमणको दोस्रो लहरको खतरा बढ्दै गएको र वायु प्रदूषणबाट जनस्वास्थ्यमा पर्न सक्ने गम्भीर असरबारे जनता सचेत हुनुपर्ने बताउनुभयो ।

नेपाल र भारतबीचको खुला सीमाका कारण छिमेकी देशमा पछिल्लो समय छिमेकी देश भारतमा कोभिड सङ्क्रमणको दोस्रो लहर तीव्ररूपमा फैलिएपछि नेपालमा पनि सङ्क्रमणको दोस्रो लहरको खतरा देखिन थालेको बताउनुहुँदै जात्राको समयमा नेपाल सरकारले जारी गरेको स्वास्थ्य सुरक्षासँग सम्बन्धित मापदण्ड पालना गर्न जनसमुदायमाझ अनुरोध गर्नुभयो ।

भक्तपुरको प्रसिद्ध बिस्का जात्रा सञ्चालन विषयमा सम्बन्धित निकायले समयमै निर्णय गर्न नसक्दा जनतामाझ असन्तोष बढेको बताउनुहुँदै सांसद सुवालले बिस्का जात्रा शान्तिपूर्ण र मर्यादित ढङ्गले सम्पन्न गर्न स्थानीय जनता नै निर्णायक हुने हुँदा सभ्यता र संस्कृति झल्किने ढङ्गले यस वर्षको बिस्का जात्रा सम्पन्न गर्न अपिल गर्नुभयो ।

विश्व सम्पदा सूचीभित्र पर्ने चाँगुनारायण मन्दिर र त्यहाँ वरपरको मानव बस्ती र खानेपानी मुहान जोखिममा पर्ने गरी क्रिकेट मैदान बनाउने नाममा अनियमित तरिकाले बालुवा उत्खननका कारण ती क्षेत्रहरू जोखिममा परेको बताउनुहुँदै उहाँले नेपाल सरकारले काठमाडौं उपत्यकामा थप सहरहरूको विकास गरी उपत्यकालाई बस्न अयोग्य सहरको रूपमा विकास गर्न खोजिरहेको बताउनुभयो ।




प्रमुख सुनिल प्रजापति

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नजिकिँदै गरेको बिस्का जात्राबारे देखिएको अन्योल र अस्पष्ट स्थितिबारे प्रष्ट पार्नुहुँदै जात्रा मनाउनुपर्छ भन्ने जनताको भावनाअनुरूप जात्रासँग सम्बन्धित विभिन्न सरोकारवालाहरूको रायसुझावअनुरूप भक्तपुर नगरपालिकाले यस वर्षको बिस्का जात्रा स्वास्थ्य सुरक्षा मापदण्ड अपनाई उल्लासमय र मर्यादित रूपमा सम्पन्न गर्ने निर्णय गरेको बताउनुभयो ।

उहाँले जात्राको नाममा धमिलो पानीमा माछा मार्ने षड्यन्त्रकारीहरूबाट भक्तपुरवासी जनता सचेत हुनुपर्ने बताउनुहुँदै भक्तपुर नपाले कोभिड सङ्क्रमणबाट जनतालाई



उपप्रमुख रजनी जोशी

सचेत र सुरक्षित पार्न घरघरमा साबुन र मास्क वितरण कार्यलाई तीव्रता दिइरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुरमा मात्र मनाइने प्रसिद्ध बिस्का जात्रा धार्मिक, राजनीतिक, सामाजिक र आर्थिक रूपले महत्त्वपूर्ण जात्रा भएको औँल्याउनुहुँदै जात्रामा समाजका सबै वर्ग तथा समुदायको सक्रिय सहभागिता रहनु नै यस जात्राको विशेषता भएको बताउनुभयो ।



गुठी संस्थानका प्रमुख आनन्दप्रसाद कर्माचार्य

सभामा गुठी संस्थान भक्तपुरका कार्यालय प्रमुख आनन्दप्रसाद कर्माचार्यले चैत्र २८ गतेबाट सुरु हुने बिस्का जात्राबारे कार्यतालिका प्रस्तुत गर्नुहुँदै सदियौँदेखि चलिआएको जात्रा पनि गर्ने र जात्रा अवधिभर सुरक्षित पनि रहन अनुरोध गर्नुभयो ।



प्रहरी नायब उपरीक्षक दिपक गिरी

त्यसैगरी महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी नायब उपरीक्षक दिपक गिरीले सांस्कृतिक एवम् ऐतिहासिक बिस्का जात्रा शान्तिपूर्ण रूपमा मनाउन अपिल गर्नुहुँदै बिस्का जात्रा अवधिभर नगरभित्र अमनचयन कायम गर्न सुरक्षाकर्मीहरू परिचालन हुने प्रतिबद्धता जनाउनुभयो ।



प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ



वडाध्यक्ष रबिन्द्र ज्याख्व

सभामा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठले धन्यवाद ज्ञापन मन्तव्य दिनुभएको थियो भने भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले संवेदनशील घडीमा हुन लागेको बिस्का जात्रालाई सभ्य, भव्य, सुरक्षित, शान्तिपूर्ण र मर्यादित ढङ्गले मनाउन भक्तपुर नपाले प्रकाशन गरेको अपिल सभामा वाचन गर्नुभएको थियो ।



# खेलकुदमन्त्री दावा तामाङ भक्तपुर नपामा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र युवा तथा खेलकुद मन्त्री दावा तामाङबीच वैशाख ४ गते नगरपालिकाको सभाकक्षमा भेट भयो ।

नगर प्रमुख प्रजापतिले मन्त्री तामाङलाई भक्तपुरको मौलिक भादगाउँले टोपी लगाइ नगरपालिकामा स्वागत गर्नुभएको थियो । भेटका क्रममा उहाँहरूबीच नेपालमा खेलकुद क्षेत्रको विकास, सम्भाव्यता, चुनौती र भक्तपुरस्थित माहेश्वरी तथा शहीद स्मृति खेलमैदानको स्तरोन्नति गर्ने विषयमा छलफल भयो ।



भेटमा प्रमुख प्रजापतिले भक्तपुरको ऐतिहासिक तथा सांस्कृतिक विशेषताबारे अवगत गराउनुहुँदै भक्तपुर नपालाई खेलकुद क्षेत्रमा अगाडि बढाउन नगरपालिका क्रियाशील रहेको र नगरपालिका आफैले विभिन्न खेलको प्रशिक्षण, प्रत्येक वर्ष अन्तरनगर तथा विद्यालयस्तरीय प्रतियोगिता आदि सञ्चालन गर्दै खेलाडीहरूलाई उत्साहित पार्ने गतिविधिमा जोड दिँदै आएको बताउनुभयो । उहाँले मन्त्रीहरू स्थानीय तहहरूमा प्रत्यक्ष पुगेर त्यहाँको आवश्यकतालाई प्राथमिकता दिएर बजेट विनियोजन गर्दा राम्रो हुने बताउनुभयो ।

भक्तपुरमा खेलमैदानको उचित व्यवस्था हुन नसक्दा खेलकुदले राम्रो फड्को मार्न नसकेको बताउनुहुँदै उहाँले भक्तपुर नपाभित्र अवस्थित माहेश्वरी र शहीद स्मृति खेलमैदान जग्गा स्वामित्वका कारण अगाडि बढाउन समस्या भइरहेको जानकारी दिनुभयो । उहाँले खेलमैदानको व्यवस्थासँगै भक्तपुरको खेलकुद क्षेत्र विकास स्वत:स्फूर्त ढङ्गले हुने आशा व्यक्त गर्नुहुँदै भक्तपुर नपाले व्यवस्थित र योजनाबद्ध ढङ्गले खेलकुद गतिविधिलाई अगाडि बढाइरहेको बताउनुभयो ।

भेटमा मन्त्री तामाङले सांस्कृतिक नगर भक्तपुरको भ्रमण गर्न पाएकोमा खुशी व्यक्त गर्नुहुँदै भक्तपुरमा खेलकुद क्षेत्र विकासको निम्ति सहकार्य गर्न मन्त्रालय सकारात्मक रहेको बताउनुभयो । भक्तपुरको खेलमैदानको जग्गा स्वामित्वबारे आवश्यक समन्वयको खाँचो रहेको बताउनुहुँदै उहाँले खेलकुद क्षेत्र विकासको निम्ति पूर्वाधार निर्माणमा आवश्यक सहयोग गर्ने बताउनुभयो ।

नेपालमा खेलकुदको समग्र विकासका सम्भावनाहरूबारे अवगत गराउनुहुँदै उहाँले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, विकास निर्माणलगायतमा गरेको रूपान्तरणमा नेमकिपाको ठूलो भूमिका रहेको र नेमकिपा विचार र सिद्धान्तमा प्रतिबद्ध पार्टी भएको बताउनुभयो ।

भेटका क्रममा नगर प्रमुख प्रजापतिले मन्त्री तामाङलाई भक्तपुरको प्रसिद्ध मयूरको झ्याल र भक्तपुर नपाका प्रकाशनहरू मायाको चिनो स्वरूप प्रदान गर्नुभएको थियो ।

# नगर प्रमुख प्रजापति र राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव सिलवालबीच भेट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव रमेशकुमार सिलवालबीच भक्तपुरको खेलकुद क्षेत्र विकास र खेलमैदानहरूको स्तरोन्नति गर्ने विषयमा वैशाख १२ गते परिषद्को कार्यालय काठमाडौंमा छलफल भयो ।

उहाँहरूबीच भएको भेटमा नगर प्रमुख प्रजापतिले भक्तपुरमा खेलकुद क्षेत्रको विकास र खेलाडीहरूको सम्मानको लागि नियमित रूपमा विभिन्न खेलका प्रशिक्षण सञ्चालन गर्नुका साथै विभिन्न खेलकुद प्रतियोगिताका विजयी खेलाडी र प्रशिक्षकहरूलाई प्रोत्साहित गर्ने उद्देश्यले खेलाडीहरूको सम्मान कार्यक्रमलाई जोडदिँदै आइरहेको बताउनुभयो ।

भक्तपुर नपाले नगरको विभिन्न वडामा व्यायाम स्थल स्थापना गर्नुका साथै नपाद्वारा सञ्चालित कलेजहरूको



शैक्षिक विशेषताबारे उहाँले प्रष्ट पार्नुभयो । खेलकुदको पूर्वाधार विकासको लागि प्राविधिक समस्या भइरहेको हुँदा त्यसलाई खेलकुद परिषद्ले फुकाइ दिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

भक्तपुरका खेलमैदानहरू स्तरीय भए यहाँका खेलाडीहरू लाभान्वित हुने र देशको लागि आवश्यक दक्ष खेलाडीहरू उत्पादनमा पनि टेवा पुग्ने बताउनुहुँदै उहाँले नगरपालिकाले किशोरीहरूलाई लक्षित गर्दै आत्मरक्षा तालिम र सबै वडाहरूमा छिपोङ शारीरिक खेल अभ्यासको पनि प्रशिक्षण दिँदै आएको बताउनुभयो ।

सदस्य सचिव सिलवालले खेल क्षेत्रको विकासमा भक्तपुर नपाको प्रयास र पहल निकै सराहनीय र सकारात्मक रहेको बताउनुहुँदै सबै जिल्लामा खेलकुदका पूर्वाधार निर्माणमा परिषद्ले आवश्यक पहल गरिरहेको बताउनुभयो ।

भक्तपुरमा खेलकुदको सम्भाव्यताबारे आफ्नो धारणा राख्नुहुँदै उहाँले खेलमैदान र खेलकुद प्रशिक्षण केन्द्र (कभर्ड हल), स्टेडियम निर्माण आदि गतिविधिले खेलाडीहरूलाई दिगो रूपमा प्रोत्साहन मिल्ने बताउनुभयो ।

उक्त भेटमा भक्तपुर नपा खेलकुद समिति संयोजक श्यामकृष्ण खत्री, सदस्यद्वय उकेश कवां र हरिप्रसाद बासुकला र जिल्ला फुटबल सङ्घ, भक्तपुरका अध्यक्ष गौतम सुजखुको पनि उपस्थिति थियो ।

## तानसेन नपाका प्रतिनिधिमण्डल टोली भक्तपुर नपामा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग पाल्पाको तानसेन नगरपालिका वडा नं. १० का वडाध्यक्ष लोचनप्रसाद तिमिल्सिनासहितको प्रतिनिधिमण्डल टोलीले वैशाख ९ गते भेट गऱ्यो । नगर प्रमुख प्रजापतिले तानसेनका प्रतिनिधिमण्डल टोलीलाई सांस्कृतिक नगर भक्तपुरमा खादा र भादगाउँले टोपी लगाई स्वागत गर्नुभयो ।



भेटमा उहाँहरूबीच भक्तपुरको शिक्षा, स्वास्थ्य, विकास निर्माण तथा भक्तपुर नपाद्वारा निर्मित स्थानीय पाठ्यक्रमबारे छलफल भयो ।

नगर प्रमुख प्रजापतिले भक्तपुरको इतिहास, भूगोल, जातजाति, संस्कृति, कला सम्पदा, सीप, स्थानीय खेल, पर्यटनलगायत विविध विषयमा केन्द्रित शिक्षक र विद्यार्थीहरूको लागि अत्यन्त उपयोगी स्थानीय पाठ्यक्रम सन्दर्भ सामग्री र ख्वपको पहिचान प्रकाशनमा ल्याएको अवगत गराउनुभयो ।

भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउने उद्देश्यले नगरपालिका शैक्षिक क्षेत्रका गतिविधिमा तीव्रताका साथ अगाडि बढिरहेको बताउनुहुँदै उहाँले भक्तपुरका विद्यालयहरूमा पाठ्यक्रमको आधारमा पठनपाठन गराउने नयाँ अभ्यासको थालनी भएको बताउनुभयो ।

तानसेन नपा वडा नं. १० का वडाध्यक्ष लोचनप्रसाद तिमिल्सिनाले भक्तपुर नपाले शिक्षा क्षेत्रमा गरिरहेको गतिविधि प्रशंसनीय रहेको बताउनुहुँदै तानसेन नपामा स्थानीय पाठ्यक्रम निर्माण गर्ने सिलसिलामा कार्यदलसहितको टोली भक्तपुर नपाको अध्ययन भ्रमणमा आएको बताउनुभयो ।

तानसेन नपाका प्रतिनिधिमण्डल टोलीमा तानसेन नपाका कार्यकारी प्रमुख पिताम्बर पाण्डे, शिक्षा शाखा प्रमुख रेशमलाल न्यौपाने, शिक्षा शाखा सदस्यहरू कृष्णबहादुर थापा, भेषराज सुवेदी, तीर्थप्रसाद गौतमको सहभागिता थियो ।

भेटको अवसरमा नगर प्रमुख प्रजापतिले टोलीलाई नगरपालिकाका प्रकाशनहरू र भित्तेपात्रो उपहारस्वरूप प्रदान गर्नुभयो ।

## कीर्तिपुरका सांस्कृतिक प्रतिनिधिमण्डल टोली भक्तपुर नपामा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपाका सांस्कृतिक सम्पदाहरूको स्थलगत अवलोकनको लागि भक्तपुर आउनुभएका कीर्तिपुर नगरपालिकाका सांस्कृतिक प्रतिनिधिमण्डल टोलीलाई वैशाख १० गते नगरपालिकामा स्वागत



गर्नुभयो । सोही क्रममा नगर प्रमुख प्रजापतिले भक्तपुरको कला–संस्कृति, सांस्कृतिक तथा ऐतिहासिक महत्त्वका सम्पदाहरू संरक्षण र जीर्णोद्धारमा भइरहेको गतिविधि र विकास निर्माणका कार्यहरूबारे अवगत गराउनुभयो ।

प्रमुख प्रजापतिले प्रतिनिधिमण्डललाई नपाका प्रकाशनहरू उपहार प्रदान गर्नुभयो ।

## मेलम्चीको पानी भक्तपुर नगर क्षेत्रमा वितरण गर्न सहमति

भक्तपुर नगरपालिकामा खानेपानी वितरणको अर्को व्यवस्था नभएसम्म मेलम्चीको पानी पुरानै वितरण प्रणालीमार्फत एक महिनाभित्र भक्तपुर नगर क्षेत्रमा वितरण गर्ने विषयमा सहमति भएको छ ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डका प्रमुख कार्यकारी निर्देशक डा. ई. सञ्जीवबिक्रम राणा, काठमाडौं उपत्यका खानेपानी लिमिटेडका कार्यकारी अधिकृत मिलनकुमार शाक्य, आयोजना कार्यान्वयन परियोजना (पीआईडी) का प्रोजेक्ट इन्जिनियर लोकेन्द्र यादव, आयोजना निर्देशक कमलराज श्रेष्ठ, केयुकेएल भक्तपुर शाखा प्रमुख सुरेन्द्र हिमालय समेतको उपस्थितिमा नगरपालिकाको सभाकक्षमा वैशाख १३ गते बसेको बैठकले उक्त लिखित सहमति गरेको हो ।

बैठकले भक्तपुर नगर क्षेत्रमा मेलम्चीको पानी वितरण नहुन्जेलसम्म हाल बोडेबाट वितरण गर्दै आएको खानेपानी समय बढाई वितरण गर्ने र भक्तपुर नगरपालिका क्षेत्रमा हालको खानेपानी वितरण प्रणालीमा विद्यमान चुहावटहरू नियन्त्रण गर्न काठमाडौं उपत्यका खानेपानी लि., काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड र भक्तपुर नगरपालिकाले संयुक्त पहल गर्ने निर्णय गरेको छ ।

बैठकमा नगर प्रमुख प्रजापतिले सुख्खायामको सुरुवातसँगै काठमाडौं उपत्यका खानेपानी लि.बाट घरघरमा धाराबाट वितरण गर्ने पानीको परिमाणमा कमी आई नगरवासीहरूलाई खानेपानीको समस्या भएकाले नपाले ३ वटा ट्यांकरमार्फत निःशुल्क रुपमा खानेपानीको वितरण गरिरहेको जानकारी गराउनुभयो ।

बैठकमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, भक्तपुर नपा खानेपानी समितिका संयोजक महेन्द्र खायमली, सदस्यहरू उकेश कवां, हरिप्रसाद बासुकला, श्यामकृष्ण खत्री, प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ, केयुकेएल भक्तपुरका इन्जिनियर चैतबहादुर ऐर, केयुकेएल भक्तपुरका सुपरभाइजर शालिकराम श्रेष्ठ, भक्तपुर नपाका प्रशासकीय अधिकृत दामोदर सुवाललगायतको उपस्थिति रहेको थियो ।

बैठकपश्चात उहाँहरूले भक्तपुरको खानेपानी ट्यांकी स्थल कटुञ्जेको स्थलगत निरीक्षण गर्नुभएको थियो ।

बैठकमा निम्न विषयहरूमा छलफल गरी सहमति गरियो–

१. सुख्खायामको शुरुवातसँगै काठमाडौं उपत्यका खानेपानी लि. बाट घरघरमा धाराबाट वितरण गर्ने पानीको परिमाणमा कमी आइ नगरवासीहरूलाई खानेपानीको समस्या भएकोले नगरपालिकाबाट ३ वटा ट्याङ्कर व्यवस्था गरी निःशुल्क खानेपानी वितरण गरिरहेको बैठकमा जानकारी गराइयो ।



२. खानेपानी वितरणको अर्को व्यवस्था नभएसम्म मेलम्चीको पानी पुरानै वितरण प्रणालीमार्फत १ महिनाभित्र भक्तपुर नगरक्षेत्रमा वितरण गर्ने ।

३. भक्तपुर नगरक्षेत्रमा मेलम्चीको पानी वितरण नहुन्जेलसम्म हाल बोडेबाट वितरण गर्दै आएको खानेपानी समय बढाई वितरण गर्ने ।

४. भक्तपुर नगरपालिका क्षेत्रमा हालको खानेपानी वितरण प्रणालीमा विद्यमान चुहावटहरू नियन्त्रण गर्न का.उ.खा.लि., का उ.खा. व्य. बो. र भक्तपुर नगरपालिकाले संयुक्त पहल गर्ने ।



यसैबीच भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा भक्तपुर नपा खानेपानी समितिको प्रतिनिधिमण्डल टोलीले वैशाख ९ गते काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) का प्रमुख मिलनकुमार शाक्यसँगको भेटमा भक्तपुरमा मेलम्चीको पानी एक महिनाभित्र पठाइने र हाललाई बोडेको खानेपानी ट्यांकीमार्फत वितरण गर्न सकिने विषयमा छलफल भयो ।

# मैत्रीपूर्ण कबड्डी प्रतियोगिता एवम् बधाई ज्ञापन

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नपा २ नं. वडा खेलकुद समितिको आयोजनामा २ नं. वडाव्यापी मैत्रीपूर्ण कबड्डी प्रतियोगिता एवम् बधाई ज्ञापन तथा नव वर्ष २०७८ सालको शुभकामना आदानप्रदान कार्यक्रम चैत्र २८ गते शहीद स्मृति खेल मैदानमा भयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले वडास्तरीय रूपमा आयोजना गरिने खेलकुद प्रतियोगिताले नगरस्तरीय, जिल्लास्तरीय हुँदै राष्ट्रिय स्तरका खेलाडीहरू उत्पादनमा टेवा पुऱ्याउने बताउनुहुँदै खेलकुदलाई सभ्य र अनुशासित ढङ्गले खेलिनुपर्ने बताउनुभयो ।

नव वर्ष २०७८ सालको शुभकामना व्यक्त गर्नुहुँदै उहाँले समाज परिवर्तनको निम्ति अनुशासित खेलाडीहरू महत्त्वपूर्ण हुने बताउनुहुँदै आफूसँग भएको दक्षता र सीपलाई सही ठाउँमा उपयोग गर्नुपर्ने बताउनुभयो । भक्तपुरको ऐतिहासिक बिस्का जात्रा भव्य रूपमा सम्पन्न गर्न नगरवासी जनताको साथ र सहयोगको अपेक्षा गर्नुहुँदै उहाँले कोभिडबाट सुरक्षित रही जात्रा मनाउन पनि आग्रह गर्नुभयो ।

भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले भक्तपुर नपाले खेलकुदलाई प्राथमिकतामा राख्दै वर्सेनी विभिन्न खेलकुद प्रतियोगिता आयोजना गर्दै आएको बताउनुहुँदै खेलाडी सम्मानलाई पनि उत्तिकै जोड दिइँदै आएको बताउनुभयो ।



भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष एवम् खेलकुद समिति संयोजक श्यामकृष्ण खत्रीले खेल सामग्री हस्तान्तरण गर्नुहुँदै खेलाडीहरूलाई शुभकामना दिनुभयो ।

कार्यक्रममा पूर्व वडाध्यक्ष रबिन्द्र खर्बुजा, अखिल नेपाल कबड्डी सङ्घका महासचिव विनोद प्रजापति, भनपा वडा नं. २ खेलकुद समितिका गणेशप्रसाद सुवालले पनि बोल्नुभएको थियो ।

आज सम्पन्न मैत्रीपूर्ण कबड्डी प्रतियोगितामा मिलेनियम फेन्सी प्रथम, युनिक युनिटी दोस्रो र भक्तपुर युथ सर्कल टीमले तेस्रो स्थान हासिल गरेका थिए ।




कार्यक्रमका प्रमुख अतिथि प्रजापतिले कबड्डी प्रतियोगितामा विजयी खेलाडी र निर्णायकहरूलाई ट्रफी, मेडल र प्रमाणपत्र वितरण गर्नुभयो भने राष्ट्रव्यापी टेबलटेनिस प्रतियोगिताका टीम इभेन्टमा दोस्रो स्थान हासिल गरेका खेलाडीहरूलाई पनि सोही अवसरमा पुरस्कार वितरण गर्नुभएको थियो ।

# ख्वप कलेज अफ इन्जिनियरिङमा नवनियुक्त शिक्षकहरूलाई नियुक्ति पत्र हस्तान्तरण

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङमा नवनियुक्त शिक्षकहरूलाई वैशाख १५ गते नियुक्ति पत्र हस्तान्तरण गरियो । कार्यक्रममा कलेज व्यवस्थापन समितिका अध्यक्ष एवम् नगर प्रमुख सुनिल प्रजापतिले कलेजमा नव नियुक्त शिक्षकहरूलाई नियुक्ति पत्र हस्तान्तरण गर्नुभयो ।



कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले भक्तपुर नपाबाट सञ्चालित कलेजहरूको मुख्य उद्देश्य व्यापक जनताको सेवा गर्नु र राज्यको निम्ति आवश्यक दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्नु हो भन्नुभयो ।

नगरपालिकाले सञ्चालन गरेका कलेजहरू आज देशकै नमुना कलेजको रूपमा स्थापित भएको र यसमा व्यवस्थापन समिति, स्थानीय जनता, शिक्षक–कर्मचारीहरूलगायतको भूमिका उल्लेखनीय भएको बताउनुभयो ।

इन्जिनियरिङ शिक्षा देशको समृद्धिसँग गाँसिएको संवेदनशील विषय भएको बताउनुहुँदै उहाँले इन्जिनियरहरूको सानो गल्तीले देशलाई ठूलो नोक्सानी पुग्नेतर्फ सचेत हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवालले कलेज स्थापनाको उद्देश्यमाथि प्रष्ट पार्नुहुँदै कलेजले देश र जनतामा समर्पित इन्जिनियर उत्पादन गरिरहेको बताउनुभयो । कोभिड जोखिमबीच कलेजले अनलाइनमार्फत व्यवस्थित ढङ्गले कक्षाहरू सञ्चालन गरिरहेको अवगत गराउनुहुँदै उहाँले इन्जिनियरिङ शिक्षाको महत्त्वमाथि प्रष्ट पार्नुभयो ।

कार्यक्रममा कलेजका उपप्राचार्य रत्नशोभा प्रजापति र कर्मचारी सन्जय मानन्धरले पनि बोल्नुभएको थियो ।

# निर्णायक, आर्बिटर र रेफ्रीहरूमा धन्यवाद एवम् प्रशंसापत्र वितरण

भक्तपुर नगरपालिकाको आयोजनामा २०७७ फागुन २९ देखि चैत्र ३ गतेसम्म सम्पन्न अन्तर नगर बुद्धिचाल र भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताका निर्णायक, आर्बिटर र रेफ्रीहरूमा धन्यवाद एवम् प्रशंसापत्र चैत्र ३० गते एक कार्यक्रम गरी वितरण गरियो ।



कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले खेलकुद कुनै पनि राष्ट्रको सम्मान र गौरव बढाउने विषय भएको औँल्याउनुहुँदै नेपाललाई विश्वमा चिनाउने खेलकुदले नै हो र खेलाडीहरू भनेका देशकै सम्पत्ति हुन् भन्नुभयो ।

उहाँले दुई देशबीचको सम्बन्ध बढाउन खेलकुदले महत्त्वपूर्ण भूमिका खेलेको उदाहरणहरू दिनुहुँदै नगरपालिकाको आयोजनामा भएको अन्तरनगर बुद्धिचाल र नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगितामा सहयोग गर्ने सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

भक्तपुर नगरपालिकाले खेलकुद क्षेत्रमा आवश्यकताअनुसार पूर्वाधार विकास गर्दै विभिन्न खेलका खेलाडी तथा प्रशिक्षकहरूलाई प्रोत्साहित गर्ने उद्देश्यले खेलाडी सम्मान, खेलकुद प्रतियोगिता र प्रशिक्षणलाई निरन्तरता दिँदै आइरहेको छ – उहाँले भन्नुभयो ।

सरकारले खेलकुदलाई जसरी प्राथमिकतामा राख्नुपर्ने हो त्यो भएको छैन भन्नुहुँदै प्रमुख प्रजापतिले खेलकुद क्षेत्रभित्रको बेथितिले खेलाडीहरूको मनोबल कमजोर हुँदै गएको बताउनुभयो । नव वर्ष २०७८ सालको शुभकामना व्यक्त गर्नुहुँदै उहाँले भन्नुभयो– भक्तपुरको प्रसिद्ध बिस्का जात्रा यहाँका जनताको भावनासँग जोडिएको जात्रा हो । बिस्कालाई सभ्य, भव्य, शान्तिपूर्ण र मर्यादित ढङ्गले सम्पन्न गर्नु हामी सबैको कर्तव्य भएको उहाँले बताउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले भक्तपुर

नगरपालिकाले आगामी दिनहरूमा पनि खेलकुद प्रतियोगितालाई प्राथमिकताका साथ अगाडि बढाउने बताउनुहुँदै भक्तपुरलाई सभ्य र सांस्कृतिक नगरको रूपमा परिचित गर्न यहाँ मनाइने जात्रा तथा पर्वहरू पनि शान्तिपूर्ण र मर्यादित हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष एवम् युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले भक्तपुर नपाको आयोजनामा भएको खेलकुद प्रतियोगिता सफलतापूर्वक सम्पन्न भएकोमा सहयोगी सबैमा धन्यवाद ज्ञापन गर्नुहुँदै खेलको माध्यमबाट सभ्य र अनुशासित नागरिक तयार गर्न मद्दत पुऱ्याउने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर जिल्ला भलिबल सङ्घका अध्यक्ष विनोदचरण रायले विद्यार्थीहरूलाई पढाइ सँगसँगै कुनै न कुनै खेलमा सहभागी गराउनु औचित्यपूर्ण भएको र भक्तपुर जिल्ला बुद्धिचाल सङ्घका अध्यक्ष निरन्जन प्रजापतिले नपाको आयोजनामा भएको बुद्धिचाल प्रतियोगितामा नेपालका च्याम्पियन खेलाडीहरूको उत्साहपूर्वक सहभागिता रहेको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले धन्यवाद ज्ञापन मन्तव्य राख्नुभएको उक्त कार्यक्रमको सञ्चालन भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले गर्नुभएको थियो ।

सोही क्रममा नगर प्रमुख प्रजापतिले २०७७ फागुन २९ देखि चैत्र ३ गतेसम्म सम्पन्न अन्तरनगर बुद्धिचाल र भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताका निर्णायक, आर्बिटर, रेफ्री, स्वयम्सेवक र भक्तपुर नपाको आयोजनामा पुस १० गतेदेखि सञ्चालित छिपुङ खेलका प्रशिक्षकहरूलाई प्रशंशा पत्र वितरण गर्नुभयो ।

# विभिन्न वडामा स्वास्थ्य शिविर

## २ वडामा पाठेघर तथा स्तन क्यान्सर परीक्षण

भक्तपुर नपाको आयोजनामा वडा नं. २ मा एकदिने निःशुल्क पाठेघर तथा स्तन क्यान्सर परीक्षण शिविर चैत्र २१ गते जेसिज इङ्गलिस स्कुलको प्राङ्गणमा भयो । स्तन क्यान्सर र पाठेघर क्यान्सरबाट धेरै महिलाहरू पीडित बनिरहेको अवस्थामा नगरवासी महिलाहरूलाई लक्षित गरी भक्तपुर नगरपालिकाले उक्त शिविर सञ्चालन गरिएको हो ।

शिविरको उद्घाटन कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले क्यान्सर उपचार निकै महँगो भएका कारण समयमै यो रोगको पहिचानको लागि भक्तपुर नपाले नगरका सबै वडाहरूमा निःशुल्क रूपमा परीक्षण शिविर सञ्चालन गर्दै आएको बताउनुभयो ।

रोगले व्यक्तिमा शारीरिक र मानसिक असर पुऱ्याउने हुँदा समयमै आफूसँग रोग भए/नभएको परीक्षणहरू गरिरहनुपर्ने बताउनुहुँदै नगर प्रमुख प्रजापतिले मानिस धनीभन्दा पनि स्वस्थ हुनुपर्नेमा जोड दिनुभयो ।



भक्तपुर नपाले जनस्वास्थ्य सेवा केन्द्रमार्फत् निरन्तर जनतालाई सेवा प्रदान गर्दै आइरहेको बताउनुहुँदै उहाँले निर्माणाधीन ख्वप अस्पतालले स्तरीय र सुविधासम्पन्न स्वास्थ्य सेवाहरू प्रदान गर्ने उद्देश्य नगरपालिकाको रहेको बताउनुभयो ।

भनपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले वडावासीको स्वास्थ्य अवस्था बुझ्न र निःशुल्क स्वास्थ्य जाँचका लागि शिविरको आयोजना गरिएको बताउनुहुँदै भक्तपुर नपाले गरिब जनतालाई लक्षित गर्दै निःशुल्क स्वास्थ्य शिविर, शैक्षिक ऋण तथा छात्रवृत्ति, कृषि प्राविधिक तालिम, घरदैलो नर्सिङ सेवालगायतका कार्यहरूमा जोड दिँदै आएको छ भन्नुभयो ।

कार्यक्रममा वडा सदस्य तुल्सीलक्ष्मी दुमरुले स्वस्थ रहनु भनेकै धनी हुनु हो भन्नुहुँदै नियमित ब्यायाम र नियमित स्वास्थ्य जाँचका कारण महिलाहरू सम्भावित रोगहरूबाट बच्न सकिने बताउनुभयो ।

वडा नं. २ का स्थानीय राजन जतिले कोभिड महामारीको रूपमा फैलिएको समयमा राम्रोसँग उपचार नपाएका धेरै अहिले स्वास्थ्य समस्याबाट ग्रसित रहेको बताउनुहुँदै वडाले सञ्चालन गर्ने गतिविधिहरूमा वडावासीहरूको सक्रिय सहभागिता रहनु सकारात्मक रहेको बताउनुभयो ।

शिविरमा भक्तपुर क्यान्सर अस्पतालका डाक्टर रोशनी छुकांले महिलाको पाठेघरको मुखको क्यान्सर जाँच गरेर क्यान्सर भए–नभएको पत्ता लगाइने र व्यक्तिगत सरसफाइमा ध्यान दिन सकेमात्रै पनि धेरै रोगबाट बच्न सकिने बताउनुभयो ।

कार्यक्रमको सञ्चालन वडा सदस्य श्यामसुन्दर मातांले गर्नुभएको थियो ।

शिविरमा २२८ जनाको परीक्षण गरिएको थियो ।

## ६ नं वडामा आँखा शिविर

भक्तपुर नपाका उपप्रमुख श्री रजनी जोशीको प्रमुख आतिथ्यमा ६ नं वडा समितिको आयोजनामा जनस्वास्थ्य कार्यालय च्याम्हासिंह भक्तपुरको प्राविधिक सहयोगमा निःशुल्क आँखा शिविर चैत्र २१ गते सम्पन्न भयो ।

कार्यक्रमका उपप्रमुख जोशीले निर्वाचन घोषणा पत्रअनुसार भक्तपुर नगरपालिकाले नगरवासीहरूको शिक्षा र स्वास्थ्यमा जोड दिँदै आइरहेको छ जस अन्तर्गत प्रत्येक वडाहरूमा निःशुल्क स्वास्थ्य शिविरहरू सञ्चालन गरिरहेको छ भन्नुभयो । काठमाडौं उपत्यकाको वातावरण अत्यन्त दूषित र विषालु भएकोले

सचेत रहन आग्रह गर्नुहुँदै कोरोना भाइरसको सङ्क्रमणबाट जोगीन पर्व तथा जात्राहरू भिडभाड नगरी संयमित तरिकाले मनाउन उहाँले आग्रह गर्नुभयो ।

उहाँले विभिन्न नगरपालिकाबाट अवलोकन भ्रमणमा आउनु भएका जनप्रतिनिधिहरूले भक्तपुर नगरपालिकामा साञ्चै समाजवादी व्यवस्थाअनुसार काम कार्यबाही भइरहेकोमा खुशी व्यक्त गर्नु भएको कुरा बताउनु भयो ।

कार्यक्रमका सभापति एवं ६ नं वडा अध्यक्ष डा. हरिराम सुवालले वडामा भएका विकास निर्माण, निःशुल्क स्वास्थ्य शिविर, खेलकुद प्रतियोगितालगायत विभिन्न गतिविधिका बारेमा जानकारी दिनुहुँदै कम्युनिस्ट सिद्धान्तअनुसार सोभियत सङ्घ, चीन लगायतका समाजवादी देशहरूमा घर घरमा डाक्टरको परिचालन गरी जनताको सेवा गरिरहेको बारेमा चर्चा गर्नुभयो ।

कार्यक्रममा वडा सदस्य गोविन्द दुवालले यस्ता शिविरहरू सञ्चालन गर्नुको मुख्य उद्देश्य नै रोग पत्ता लगाउनु भएकोले रोग लाग्नुलाई कर्मको फल ठान्नु गलत हो भन्नुभयो ।



उहाँले नेपाल मजदुर किसान पार्टीले जस्तै सरकारमा गएका पार्टीहरूले सत्ताको स्वार्थ त्यागी, पद र पैसाको लोभमा नलागी देश र जनताको पक्षमा कम्युनिस्ट सिद्धान्तअनुसार काम गरेको भए आज देश धेरै विकसित भइसक्ने थियो भन्नुभयो ।

कार्यपालिका सदस्य रोशनमैया सुवालले हामीहरूले चुनाव जितेपछि जनताको मतअनुसार र पार्टीको घोषणापत्रअनुसार विभिन्न जनहितका कार्यक्रमहरू सञ्चालन गर्दै आएको चर्चा गर्नुहुँदै शिक्षा, स्वास्थ्य, खेलकुद, विकास निर्माणलगायतका गतिविधिहरू निरन्तरताको लागि जनताको साथ र सहयोगको अपेक्षा गर्नुभयो ।

कार्यक्रममा गणेश मा.वि.का प्र.अ. गणेशराम थुसाले भक्तपुर नगरपालिकाले निःशुल्क स्वास्थ्य शिविर, पर्यटन विकासको लागि सम्पदा संरक्षण लगायत विभिन्न गतिविधिहरू गरी जनताको सेवा गर्दै आएकोमा खुशी व्यक्त गनुहुँदै नगरवासीहरूले पनि विकृति र विसंगतिविरुद्ध एकजुट भई नगरपालिकालाई सहयोग पुऱ्याउनु पर्ने कुरा बताउनु भयो ।

कार्यक्रममा वडा सदस्य सिद्धिराम अवाल र ६ नं वडा घरदैलो नर्सिङ सेवाका नर्स रुसा बासुकलाले पनि बोल्नुभएको थियो ।

आँखा शिविरमा २८३ जनाको परीक्षण गरिएको थियो ।

# स्वास्थ्यबारे थाहापाइ राखौँ

## मिर्गौला रोगबारे

चिकित्सकहरूका अनुसार धेरैजसो मिर्गौला रोगी अन्तिम अवस्थामा पुगेपछि उपचारका लागि अस्पताल पुग्ने गरेका छन् र उनीहरूलाई जस्तै विशेषज्ञहरूले पनि बचाउन सक्दैनन् ।

मिर्गौला रोग लाग्ने धेरै कारण हुन्छन् । विशेष गरेर मधुमेह र उच्च रक्तचाप हुनेलाई मिर्गौला रोग लाग्न सक्छ ।

दुखाइ कम गर्ने नाममा जथाभावी विभिन्न प्रकारका पेनकिलर सेवन गर्न हुँदैन । जस्तै निम्स, फ्लेक्सन, भोभेरानजस्ता औषधिको धेरै सेवन गर्नाले मिर्गौलालाई हानि गर्छ । सन्तुलित आहार नहुने, नियमित शारीरिक अभ्यास नगर्दा क्रमशः मिर्गौलासम्बन्धी समस्या देखिन्छ ।

धेरैलाई थाहा नपाइकन मिर्गौला रोग लाग्छ । तर, केही लक्षणले सङ्केत गरिरहेको हुन्छ । जस्तै, बिहान उठ्दा आँखाको डिल सुन्निने, धेरै कोखा दुख्ने, छिनछिनमा पिसाब फेर्न आउने, पिसाबमा फिँज आउने, पिसाब धमिलो हुने आदि मिर्गौला रोगका प्रारम्भिक लक्षण हुनसक्छ । थोरै हिँड्दा थकाइ लागेको महसुस हुने, छाला सुक्खा हुने, चिलाउने, उच्च रक्तचाप हुने, शरीरका विभिन्न अङ्ग सुन्निने, शरीर दुब्लाउँदै जाने आदि लक्षण देखिएमा तत्काल मिर्गौला जाँच गर्न अस्पताल जानुपर्छ । रोग समयमै पहिचान गर्न सकिएमा उपचार गरी अकाल मृत्युबाट जोगिन सकिन्छ ।

## पाठेघर र स्तनबारे

चिकित्सकहरूका अनुसार पाठेघर र स्तनमा लाग्ने रोगका मुख्य कारण हाम्रो खानपिन, वंशाणु र बानी व्यहोरा भएकोले सचेत हुन आवश्यक छ ।

स्तन र पाठेघरको समयमै उपचार भए रोकथाम गर्न सकिने र पाठेघरको क्यान्सर १० वर्षअगाडि नै लक्षण देखापर्ने भएकोले स्वास्थ्य परीक्षण नियमित गर्नुपर्दछ ।

क्यान्सर अस्पतालका डा. श्रेया श्रेष्ठका अनुसार महिलाहरूको पाठेघर र स्तन क्यान्सरमा विभिन्न सङ्केतहरू देखापर्दछ जस्तै पाठेघरबाट गन्हाएको पानी बग्ने, रगत मिसिएको बग्ने, पटक-पटक रगत बग्ने, धेरै चिलाउने, महिनावारी गडबडी हुने र स्तनमा पनि गाँठागुँठी, मुन्टोबाट रगत मिसिएको बग्ने, दुख्नेजस्तो भएमा तुरुन्त परीक्षण गर्नुपर्दछ ।

# घरघरमा मास्क र साबुन वितरण



प्रतिनिधि सभा सदस्य प्रेम सुवाललाई स्थानीय पूर्वाधार साझेदारी कार्यक्रमअन्तर्गत भक्तपुर नगरवासीहरूलाई कोभिड–१९ रोग सङ्क्रमणको जोखिम न्यूनीकरणका लागि प्राप्त मास्क र साबुन एक कार्यक्रममा भक्तपुर नपाका वडा नं १ देखि १० सम्मका वडाध्यक्षहरूलाई हस्तान्तरण गरियो । नगरका प्रत्येक घरमा वितरण गर्न नपुग उक्त सामग्री भक्तपुर नगरपालिका प्रकोप व्यवस्थापन कोषबाट व्यहोरिएको थियो । नगरका सबै वडाका हरेक घरमा स्थानीय समाजसेवी, स्वास्थ्य स्वयंसेविकामार्फत वितरण गरिएको छ । सम्रणीय छ भक्तपुर नपाले यसअघि पनि मास्क, साबुन र घरबाहिर निस्कन अनुमतिपत्र वितरण गरेको थियो ।

# टेबलटेनिसको कभर्ड हलको शिलान्यास

भक्तपुर नगरपालिकाले बेखालमा टेबलटेनिसको कभर्ड हलको १० नं. का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखाले एक समारोहबीच वैशाख ११ गते शिलान्यास गर्नुभयो ।

कार्यक्रममा वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखाले घोषणापत्र अनुसार नै आज हामी खेलकुदको कभर्डहल बनाउन लागेको बताउनुहुँदै जनताको शिक्षा र स्वास्थ्यलाई दृष्टिगत गरी छिट्टै बेखाल मै जनस्वास्थ्य भवन पनि बनाउन टेण्डर



भइसकेको बताउनुभयो ।

उहाँले नगरपालिकाले खानेपानी समस्या समाधानको लागि काठमाण्डौ उपत्यका खानेपानी लि.लाई घच्चघच्याइ रहेको बताउनुहुँदै भक्तपुर अस्पताललाई व्यवस्थित गर्ने कार्यमा समेत हामीले जोड दिइरहेकोमा अहिले सुधार हुँदै आएको बताउनुभयो ।

उहाँले हाम्रो नगरलाई हामीले नै सफा र व्यवस्थित बनाउनु पर्छ भन्नुहुँदै भक्तपुर नगरभित्रको संस्कृति सम्पदा संरक्षणदेखि सबै क्षेत्रको विकास हुनुमा नगरवासीको सहयोग र उपभोक्ता समितिको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो ।

निर्माण अनुगमन समितिका सदस्य एवम् ख्वप ईन्जिनियरिङ कलेजका प्रचार्य सुनिल दुवालले कभर्ड हल भित्र अलि बढी ठाउँ बढाउनको लागि प्यारापिटलाई व्यवस्थितसँग नयाँ प्रविधि प्रयोग गरिएको बताउनुहुँदै नगरपालिकाको कामलाई आफ्नै सम्झी बलियो र सस्तोमा निर्माण सम्पन्न गर्नुपर्ने बताउनुभयो ।

उहाँले ख्वप ईन्जिनिरिङ कलेलमा अध्ययनरत उपत्यका बाहिरका विद्यार्थी अभिभावकहरू जनस्वास्थ्यको सेवाबाट प्रभावित भएको उदाहरण प्रस्तुत गर्नुभयो ।

भक्तपुर जिल्ला टेबुलटेनिस सङ्घका अध्यक्ष प्रेमकृष्ण खर्बुजाले भक्तपुर नगरपालिकाबाट सञ्चालित प्रशिक्षणको कारण भक्तपुरका टेबुलटेनिस खेलाडीहरूलाई उत्साह बढेको बताउनुहुँदै स्तरीय खेलाडी उत्पादन भएकोले कुनै पनि प्रतियोगितामा भक्तपुरका खेलाडीसँग प्रतिस्पर्धा गर्न अरु हच्कने बताउनुभयो ।

कार्यक्रम उपभोक्ता समितिका अध्यक्ष लक्ष्मीप्रसाद चवालको सभापतित्वमा सम्पन्न कार्यक्रममा टेबुलटेनिसका प्रशिक्षक मुना बासुकलाले पनि बोल्नुभएको थियो ।

भक्तपुर नगरपालिकाबाट टेबुलटेनिस प्रशिक्षण हुँदै आएको बेखालस्थित कभर्ड हल भत्काई दर्शकहरू प्यारापिटमा बसेर हेर्न मिल्ने, करिब दुई सय दर्शक हेर्न सक्ने पारापिट (मुभेबल) सहित निर्माण हुन लागेको हो । प्रतियोगिता नभएको बेला प्यारापिटलाई खुम्चाई दश ओटा टेबुलटेनिस बोर्ड राखी प्रशिक्षण दिन सक्ने र प्रतियोगितामा करिव चार ओटा बोर्ड राखी प्रतियोगिता सञ्चालन गर्न सक्ने गरी उक्त कभर्ड हल बागमती प्रदेशको सशर्त बजेट अन्तर्गत दुई करोड त्रीहत्तर लाख लागत ईष्टिमेटमा बन्नलागेकोमा यो वर्ष उन्नान्पचास लाख विनियोजन भएको वडा निरीक्षक रामकृष्ण प्रजापतिले जानकारी दिनुभयो ।

# सिलाइ र बुटिकका प्रशिक्षार्थीलाई प्रमाणपत्र वितरण

भक्तपुर नगरपालिकाको आयोजनामा भएको ४ महिने बुटिक, ३ महिने उन्नत र चार महिने आधारभूत सिलाइ तालिमका प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण कार्यक्रम चैत्र २० गते सम्पन्न भयो।



कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले आफूसँग सीप भएका युवाहरू कहिल्यै बेरोजगार बस्न नपर्ने बताउनुहुँदै वैदेशिक रोजगारमा गएका युवाहरू कम ज्यालामा खतरनाक काम गर्न बाध्य बनेको बताउनुभयो।

सीप सिक्नुको अनेक फाइदाहरू रहेको बताउनुहुँदै प्रमुख प्रजापतिले आधुनिक प्रविधिले मौलिक सीपहरू हराउँदै जाने खतरा भएको र युवाहरू परिवर्तित समयअनुसार प्रविधिमैत्री हुनुपर्नेमा जोड दिनुभयो।

शिक्षाको अभावका कारण समाजमा हुने गरेका अन्धविश्वासका कारण अप्रिय घटनाहरू घटेका छन् भन्नुहुँदै उहाँले अन्धविश्वासलाई उन्मूलन गर्न जनतामा शिक्षा र चेतनाको स्तर बढाउँदै लानुपर्छ भन्नुभयो।

भक्तपुर नपाले नगरवासीहरूको लागि विभिन्न सीपमूलक तालिम सञ्चालन गरी आत्मनिर्भर बनाउन सहयोगी भूमिका खेलिरहेको औँल्याउनुहुँदै उहाँले व्यक्तिको रूप भन्दा उसको सीप र गुणको महत्त्व धेरै हुने बताउनुभयो।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले भक्तपुर शैक्षिक रूपले अगाडि बढेकै कारण यहाँका नागरिकहरू शिक्षित र जागरुक भएको बताउनुहुँदै महिलाहरूलाई आरक्षणभन्दा पनि हातमा सीप र अवसर दिनु जरुरी रहेको बताउनुभयो।

उहाँले महिला–पुरुषबीचको भेद समाजबाट विस्तारै हट्दै गएको बताउनुहुँदै सीप सिकेका महिलाहरू आर्थिक रूपबाट सबल हुने बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले धन्यवाद ज्ञापन गर्नुहुँदै आफ्नो सीप र आफूले प्राप्त गरेको प्रमाणपत्रको सही सदुपयोगको लागि आग्रह गर्नुभयो।

प्रमाणपत्र वितरण कार्यक्रममा कार्यपालिका सदस्यद्वय रोशनमैया सुवाल र कृष्णलक्ष्मी दुवालले भक्तपुर नपाबाट सञ्चालित विभिन्न तालिमहरूबारे अवगत गराउनुहुँदै जीवनउपयोगी सीपमूलक तालिमले नागरिकलाई आत्मनिर्भर बनाउन मद्दत पुऱ्याएको बताउनुभयो।

नगर प्रमुख प्रजापतिले ४ महिने बुटिक तालिमका १५ जना, ३ महिने उन्नत सिलाइका १३ जना र चार महिने आधारभूत सिलाइका १६ गरी ४४ जना प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो।

कार्यक्रममा भक्तपुर नपा कार्यपालिका सदस्य सरिना द्योला र सिलाइ तालिमका प्रशिक्षक धर्मलक्ष्मी लघुले पनि आ–आफ्नो धारणा व्यक्त गर्नुभएको थियो।

# नगर प्रमुखसँग विद्यार्थीहरूको साक्षात्कार कार्यक्रम



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग भक्तपुर नपा वडा नं. १ सल्लाघारीस्थित निकल्सन माविका विद्यार्थीहरूको साक्षात्कार कार्यक्रम चैत्र १९ गते भयो।

निकल्सन मावि कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरूलाई स्थानीय सरकारको संरचना, विकास निर्माणका गतिविधि तथा

कार्यक्रमहरूबारे परिचित गर्ने उद्देश्यका साथ आयोजित उक्त कार्यक्रममा नगर प्रमुख प्रजापति र विद्यार्थीहरूबीच भक्तपुर नगरपालिकाले गरिरहेका विविध गतिविधि तथा कार्यक्रमहरूबारे अन्तरक्रिया भयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले स्थानीय तहको काम, कर्तव्यबारे विद्यार्थीहरूलाई अवगत गराउनुहुँदै भक्तपुर नपाले कानुनी अधिकारभित्र रही आफ्नो कार्य सम्पादन गर्दै आइरहेको प्रष्ट पार्नुभयो ।

भक्तपुर नपाले छिमेकी नगरपालिकाहरूसँग पनि आवश्यक समन्वय र देशका विभिन्न स्थानीय तहहरूसँग पनि अनुभव आदानप्रदान गर्दै अगाडि बढिरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले 'एक घर एक स्नातक' अभियानबाट भक्तपुरमा शैक्षिक परिवर्तन आएको बताउनुभयो । उहाँले भक्तपुरलाई नमुना स्थानीय तहको रूपमा परिचित गराउन नगरपालिका क्रियाशील रहेको बताउनुभयो ।

योग्य र सक्षम व्यक्तिलाई कहिल्यै पनि रोजगारीको समस्या नहुने औँल्याउनुहुँदै उहाँले विद्यार्थीहरूमा नैतिक शिक्षाको खाँचो रहेको बताउनुभयो । साथै शिक्षा र स्वास्थ्यको समस्या समाधान भए जनताको आधा समस्या समाधान हुने बताउनुहुँदै देश सञ्चालनको लागि सबै खालका जनशक्तिहरूको उत्तिकै महत्त्व हुने बताउनुभयो ।

कार्यक्रममा उपस्थित विद्यार्थीहरू भक्तपुर नपाको शिक्षा, स्वास्थ्य, सरसफाइ, विकास निर्माण, खेलकुद, कृषिलगायतका विविध क्षेत्रमा भए-गरेका कार्यहरूबारे आ-आफ्नो जिज्ञासा नगर प्रमुख समक्ष राखेका थिए ।

कार्यक्रमको सञ्चालन भक्तपुर नपाका प्रशासकीय अधिकृत दामोदर सुवालले गर्नुभएको थियो ।

# भक्तपुर नपाको अनुगमन

## सहकारी संस्थाको अनुगमन

भक्तपुर नगरपालिकाको सहकारी संस्था अनुगमन समितिका संयोजक हरिप्रसाद बासुकलाको नेतृत्वको टोलीबाट कमलविनायक मूलढोकामा रहेका सहकारी संस्थाहरूमा वैशाख १३ गते अनुगमन गरियो ।

सहकारीको प्रदेश ऐनअनुसार स्थानीय सरकारको स्वीकृति लिएरमात्र सञ्चालन गर्न पाउने व्यवस्था भएपनि अधिकांश सहकारीहरूले नगरपालिकाको स्वीकृतिविना सञ्चालन गरेको पाइएको, नगरवासीहरूको रकम सङ्कलन गरी आ-आफू मै सीमित गरी लगानी गरेको, नगरपालिकाको स्वीकृतिविना सञ्चालित सहकारीहरू भागे अप्ठ्यारो हुने भएकोले



नगरपालिकाको स्वीकृतिविना सञ्चालित सहकारीमा रकम जम्मा गर्न सचेत हुनुपर्ने देखिएको छ ।

टोलीले शिव शिखर बहुद्देश्यीय सहकारी संस्था लि., अभियान कृषि सहकारी संस्था लि., कल्याण उपकार सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. र शुभज्योति बचत तथा ऋण सहकारी संस्था लि. को अनुगमन गऱ्यो ।

ती सहकारी नगरपालिकाको स्वीकृतिविना वडामा व्यवसाय दर्ता गरी सञ्चालन गरेको, भक्तपुर नगरको छुट्टै सदस्य सङ्ख्या, कारोबारहरू देखाउन नसकेको, कृषि सहकारीले बचत तथा ऋणको कारोबार गर्न नपाउने सहकारी ऐनमा भएता पनि कृषि सहकारीले बचत तथा ऋणको मात्र कारोबार गरेको देखिएको तथा कृषिसम्बन्धी भक्तपुरमा कुनै कार्यक्रम नगरेको, नियमित सदस्य नभएको दैनिक बचत कर्ता मात्र भएको, सञ्चालक र ऋणको बैठक पुस्तिका देखाउन अनुरोध गर्दा पनि नदेखाएको पाइएको छ ।

टोलीले ती सहकारी संस्थाहरूलाई नगरपालिकाको स्वीकृति लिन, मासिक रूपमा रिपोर्ट नगरपालिकामा बुझाउन तथा नगरपालिकामा उपस्थित हुन निर्देशन दिएको छ ।

अनुगमनमा समितिका सदस्य हरिरत्न गोर्खाली, श्याम मातां, रञ्जना त्वाती र भनपा सहकारी प्रमुख रेभिड कुस्मा र वडा निरिक्षक रामकृष्ण प्रजापतिको सहभागीता रहेको थियो ।

## कमलविनायकमा

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा कमलविनायकका मासु पसलहरूको चैत्र २६ गते अनुगमन गरियो । अनुगमनमा मासु पसलहरू सुधार हुँदै आएको देखिएको छ ।

अनुगमनको क्रममा सम्बन्धित पसललाई वधस्थल अझ बढी सफा गर्न, मासु जालीले छोप्न वा सिसाको बाकस

बनाई धूलो र झिँगा नभन्किने गरी व्यवस्था गर्न, सरसफाइमा ध्यान दिन, एप्रोन सेतो प्रयोग गर्न निर्देशन दिइयो ।

केही पसललाई तराजु नापतौल विभागमा नवीकरण गर्न, मूल्य सूची राख्न, एक मासु पसल अर्कैको नाममा दर्ता गरिराखेकोले तीन दिन भित्र आफ्नै नाममा दर्ता गर्न, अर्को एक पसल दुई वर्षदेखि नवीकरण नभएकोले छिटो नवीकरण गर्न, टोलीबाट निर्देशन दिइयो ।

## मासु व्यवसायीहरूको भेला

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा कृषि समिति र बजार अनुगमन समितिको संयुक्त आयोजनामा मासु व्यवसायीहरूको भेला भनपा सभाकक्षमा चैत्र २६ गते सम्पन्न भयो ।

प्रमुख सुनिल प्रजापतिले प्रतिस्पर्धात्मक युगमा गुणस्तरबिना व्यवसायीहरू टिक्न नसक्ने बताउनुहुँदै गलत र बेइमानीपूर्वक कार्य गरे एक पटकलाई मात्र हुने र इमानदारी पूर्वक व्यवसाय सञ्चालन गरे इज्जतका साथ आय आर्जन गर्न सक्ने बताउनुभयो ।

उहाँले पैसाको निम्ति खराब काम कहिल्यै गर्न नहुने बताउनुहुँदै जनताको स्वास्थ्यमा खेलवाड कुनै हालतमा गर्न नहुने, गरे कानुनी दायरामा ल्याउनु पर्ने हुनाले त्यस्तो खराब काम नगर्न अनुरोध गर्नुभयो ।

व्यवसायीहरूले सरसफाइ, गुणस्तर, तौलमा खुल्ला हृदयले इमानदारीपूर्वक स्वच्छ मासु बेचे विज्ञापन नै त्यही हुने उहाँले बताउनुभयो ।

उहाँले बिस्केट जात्रा व्यवस्थित, सभ्य, भव्य र शान्तपूर्वक सम्पन्न गर्न सरोकारवालाहरूको बैठक राखेको जानकारी दिनुहुँदै भक्तपुरको विकास निर्माण लगायत स्वास्थ्य र शिक्षामा गरेको कार्यले भक्तपुर अवलोकन गर्न र भेटघाट गर्न आउनेहरूको उदाहरण प्रस्तुत गर्नुभयो ।

कार्यक्रमका सभापतिको आशनबाट कृषि समिति र अनुगमन समितिका संयोजक एवम् वडा नं. ३ का अध्यक्ष राजकृष्ण गोराले बिस्केट जात्रामा मासुको खपट बढी हुने भएकोले उपभोक्ताहरूलाई स्वच्छ र स्वस्थकर मासु खुवाउन अनुरोध गर्नुभयो । उहाँले उपभोक्ता र व्यवसायी नङ र मासुजस्तै मिलेर काम गर्नुपर्ने बताउनुभयो ।

कृषि समितिका सदस्य एवम् १० नं. का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौमिखाले कोभिड १९ मा जसरी सबैको साथ सहयोगले व्यवस्थित रूपमा काम गर्‍यौं त्यस्तै शिक्षा स्वास्थ्यमा जस्तै मासु व्यवसाय पनि राम्रो बनाउन अनुरोध गर्नुभयो ।

अनुगमन समितिका सदस्य एवम् ६ नं वडाका वडाध्यक्ष हरिराम सुवालले इटापाके मिवा आवास योजनाको गुनासोबारे जानकारी दिनुभयो ।

कार्यक्रममा अनुगमन समितिका सदस्य रोशनमैया सुवाल र वडा निरिक्षक रामकृष्ण प्रजापतिले पनि बोल्नु भएको थियो ।

## वन्ति र देकोचामा

चैत्र २७ गते अनुगमन टोलीले वन्तिका वधस्थल र मासु पसलहरूको अनुगमन गर्‍यो । यहाँका वधस्थल खासै सुधार नभएको पाइयो ।

अनुगमनमा सम्बन्धित पसलहरूलाई मासु खुल्ला रूपमा राखी नबेच्न, रातो कपडाले मात्र छोपिराख्दा मासु बिग्रने सम्भावना बढी भएकोले धूलो र झिँगाले नभन्किने गरी सिसाको बाकसमा जालीले छोपी सुरक्षित र स्वस्थ मासु बिक्री वितरण गर्न, मूल्य सूची राख्न, सरसफाइमा ध्यान दिन, एप्रोन सेतो प्रयोग गर्न निर्देशन दिइयो ।

वधस्थलमा मल थुपारी नराख्न, फोहर पानी सडकमा नबगाई निकास व्यवस्थित गर्न, वधस्थलको भुइँ भित्ता सफा गर्न मिल्ने गरी मार्वल वा टायल वा कार्पेट राख्न, मासु काट्ने औजार, भाँडा बर्तन सफा राख्न, एप्रोन सेतो प्रयोग गर्न र पसल व्यवस्थित सञ्चालन गर्न सम्बन्धितलाई निर्देशन दिइयो ।

अनुगमनको क्रममा एक पसललाई आ.व. २०७३/०७४ देखि नवीकरण नभएकोले तीन दिन भित्र नवीकरण गर्न, अन्यलाई समयमै वधस्थल नवीकरण गर्न, ढक तराजू नापतौल विभागमा नवीकरण गर्न, निर्देशन दियो एक पसल अति अव्यवस्थित भएकोले ठूलो चुपि एक जफत गरी कार्यालयमा उपस्थित हुन निर्देशन दियो ।

उक्त अनुगमनहरूको टोलीमा सदस्य रोशन मैया सुवाल, भनपा श्यानिटेशका व.नि.रामकृष्ण प्रजापति, कर शाखाका अर्जुन खाईतु, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक छत्रबहादुर थापा, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका रूपालक्ष्मी प्रजापति र राष्ट्रिय उपभोक्ता मञ्चका लक्ष्मी भण्डारी सहभागी थिए ।

**आफू बस्ने घर, चोक, टोल र नगर**
**हाम्रो लागि हामी आफै सफा गरौं ।**
**सफाइ गर्दा इज्जत घट्दैन**
**बरु सभ्य भइन्छ र**
**रोगबाट समेत मुक्त हुन्छ ।**

# विविध समाचार

## प्राधिकरणले मौलिक प्रविधि र शैलीमा सम्पदा पुन:निर्माण गर्न जोड दिनुपर्ने

सहरी आवास पुन:निर्माणका रणनीतिक मुद्दाहरू र भावी कार्यदिशाको विषयमा चैत्र २० गते एकदिने कार्यशाला गोष्ठी कार्यक्रम काठमाडौंमा भयो ।




सो कार्यक्रमका विशेष अतिथि भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाभित्र २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त निजी आवासतर्फका भूकम्प पीडित लाभग्राहीमा पहिलो किस्ता पाउने ५,६८०, दोस्रो किस्ता प्राप्त गर्ने २,२६१ र तेस्रो किस्ता लिने २,०३४ रहेको तथ्याङ्क प्रस्तुत गर्नुहुँदै भूकम्पले १२० भन्दा बढी सम्पदामा क्षति पुगेकोमा नगरपालिकाले १०८ ओटा सम्पन्न गरिसकेको र बाँकी चालु अवस्थामा रहेको बताउनुभयो ।

उहाँले ठेकेदारले सम्पदाको महत्त्वभन्दा नाफालाई प्राथमिकतामा राख्ने हुँदा सम्पदा निर्माण वा जीर्णोद्धारको कार्य ठेक्कामा दिनु गलत भएको बताउनुभयो ।

भक्तपुरका केही सम्पदाहरू पुन:निर्माणको लागि प्राधिकरणबाट विनियोजित भनिएको रकम हालसम्म प्राप्त नभएकोबारे प्रश्न गर्नुहुँदै प्रमुख प्रजापतिले रु. १० करोडसम्म उपभोक्ता वा लाभग्राहीबाट पुन:निर्माण कार्य गर्न भक्तपुर नपाले पटक पटक सिफारिस गर्दा समेत स्वीकृति नहुनुको कारणबारे स्पष्ट पार्न प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीसँग आग्रह गर्नुभयो ।

भक्तपुर नपामा अझै ६० प्रतिशतभन्दा बढी निजी घरहरू पुन:निर्माण हुन बाँकी रहेको बताउनुहुँदै उहाँले भूकम्प लाभग्राहीहरूलाई एकमुष्ट अनुदानको व्यवस्था गर्नुपर्ने, अनुदान रकम वृद्धि गर्नुपर्ने, बहुस्वामित्व र पूर्जा नभएकाहरूको समस्या समाधानमा पहल गर्नुपर्ने बताउनुभयो ।

उहाँले सम्पदा पुन:निर्माणको लागि राज्यले आवश्यक काठ उपलब्ध गराउनुपर्नेमा जोड दिनुहुँदै सम्पदा पुन:निर्माण गर्दा मौलिक प्रविधि र शैली प्रयोग गरी स्थानीय निर्माण सामग्रीको प्रयोग गर्नुपर्ने बताउनुभयो ।

गोष्ठीमा विज्ञद्वय सूर्यभक्त साँगाछेँ र सूर्यनारायण श्रेष्ठले (Taking forward the urban housing strategic issues) विषयमा प्रस्तुतीकरण देखाउनुभएको थियो ।

उक्त कार्यशाला गोष्ठी राष्ट्रिय पुन:निर्माण प्राधिकरणका कार्यकारी निर्देशक सुशील ज्ञवालीको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो ।

## बीबीएमका नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत तथा अभिमुखीकरण

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेजमा शैक्षिक वर्ष २०७७/७८ मा बीबीएम कार्यक्रममा भर्ना भएका नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत तथा अभिमुखीकरण कार्यक्रम चैत्र २२ गते कलेजको सभाहलमा सम्पन्न भयो ।




कार्यक्रममा कलेज सञ्चालक समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नवआगन्तुक विद्यार्थीहरूलाई ख्वपमा स्वागत गर्नुहुँदै भविष्यको लागि सभ्य र सुसंस्कृत नागरिक तयार गर्न भक्तपुर नपाले शैक्षिक संस्थाहरूको स्थापना गरेको बताउनुभयो ।

शिक्षा र देशको राजनीतिबीच अन्तरसम्बन्ध रहेको

बताउनुहुँदै उहाँले समाज रूपान्तरणको निम्ति राजनीतिक चेतनाले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

विद्यार्थीहरू राजनैतिक रूपले सचेत र सङ्गठित भए कुनै पनि अनियमितताविरुद्ध लड्ने जोश उनीहरूमा पैदा हुने बताउनुहुँदै प्रमुख प्रजापतिले इमानदार राजनीतिक नेतृत्व र सिद्धान्तप्रति प्रतिबद्ध राजनीतिक पार्टीले देशलाई अगाडि बढाउन मद्दत पुऱ्याउने बताउनुभयो ।

नवआगन्तुक विद्यार्थीहरूलाई आफूले पढेको विषयमा दक्षता र विशेषज्ञता हासिल गर्नुपर्नेमा जोड दिनुहुँदै उहाँले विद्यार्थीहरूलाई अनैतिक कार्यहरूबाट टाढा रहन र ख्वपमा अध्ययन गर्न पाउनु आफैमा गौरवको विषय भएको बताउनुभयो ।

ख्वप कलेजका प्राचार्य रूपक जोशीले नवआगन्तुक विद्यार्थीहरूलाई भक्तपुर नपाले सञ्चालन गरेको ख्वप कलेजको गरिमा कायम गर्न अनुशासित ढङ्गले अध्ययन गर्न मार्गनिर्देश गर्नुहुँदै कलेज स्थापनाको मुख्य उद्देश्य भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउँदै सभ्य र सुसंस्कृत नागरिक तयार गर्नु रहेको बताउनुभयो ।

ख्वप माविका प्राचार्य प्रकाशकुमार श्रेष्ठले शिक्षक र विद्यार्थीको सम्बन्ध राम्रो भए मात्र पढाइ प्रभावकारी हुनसक्ने बताउनुहुँदै उहाँले विद्यार्थी सफल हुनुमा शिक्षकको निकै ठूलो भूमिका रहने र शिक्षक विद्यार्थीको सकारात्मक सम्बन्धले विद्यार्थीहरूलाई उत्साहित र प्रोत्साहित गर्ने बताउनुभयो ।



कार्यक्रममा ख्वप कलेजका उपप्राचार्य डा. राजेशकुमार श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुभएको उक्त कार्यक्रममा बीबीएम कार्यक्रमका इन्चार्ज सुनिल सुवाल र शिक्षक कमिनिका न्याइच्याइँले पनि बोल्नुभएको थियो ।

साथै बीबीएम सङ्काय प्रथम वर्षका अल्का मानन्धर र दोस्रो वर्षका सुवेच्छा था श्रेष्ठले ख्वपमा अध्ययन गर्दाको आफ्नो अनुभव सुनाउनुभयो ।

## विश्व सम्पदा दिवसमा प्रवचन

# सम्पदा संरक्षणको लक्ष्य जनताको भावना, कानुन र त्यसको प्रभावकारी कार्यान्वयनबाट हासिल हुने




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजको आयोजनामा विश्व सम्पदा दिवसको अवसर पारेर वैशाख ५ गते कलेजको सभाहलमा शिक्षक र विद्यार्थीहरूबीच प्रवचन कार्यक्रम भयो ।

विश्वभर हरेक वर्ष अप्रिल महिनाको १८ तारिखमा विश्व सम्पदा दिवस मनाइँदै आएको छ ।

कार्यक्रममा बोल्नुहुँदै कलेज सञ्चालक समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विश्व सम्पदा दिवसलाई सम्पदा संरक्षणका नारामा मात्र सीमित नगरी संरक्षणको भावना, कानुन निर्माण र प्रभावकारी कार्यान्वयनबाट मात्र वास्तविक लक्ष्य हासिल गर्न सकिने बताउनुभयो ।

भक्तपुर नपाले २०७२ सालको भूकम्पले क्षति पुऱ्याएको भक्तपुरका महत्त्वपूर्ण सांस्कृतिक सम्पदा पुनःनिर्माण र जीर्णोद्धारलाई प्राथमिकता राख्दै अगाडि बढेको र भक्तपुर नपाभित्रका १०८ ओटाभन्दा बढी सम्पदाहरूको संरक्षण सम्पन्न भइसकेको उहाँले जानकारी गराउनुभयो ।

कतिपय सम्पदाहरू संरक्षणको अभावमा जीर्ण अवस्थामा रहेको बताउनुहुँदै उहाँले भन्नुभयो – 'देशको मौलिक सम्पदाहरू हाम्रो सम्पत्ति भएको हुँदा यसको संरक्षणमा हामी स्वयम् क्रियाशील हुनुपर्छ ।'

भक्तपुर नपाले यहाँका ऐतिहासिक नाच, सम्पदा, वस्तुलगायत संरक्षण गर्न प्रयासरत रहेको बताउनुहुँदै भक्तपुर

नपाले नेपालको कुनै पनि ठाउँको पुराना तथा ऐतिहासिक सम्पदा निर्माण गर्न आवश्यक जनशक्ति पठाउने क्षमता विकास गरेका छौँ – उहाँले भन्नुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले भक्तपुरको सम्पदा संरक्षण र भक्तपुर नपालाई ज्ञानविज्ञानको केन्द्र बनाउने लक्ष्यकासाथ भक्तपुर नपाले स्थापना गरेका कलेजहरूबाट मूर्त रूप लिइरहेको बताउनुहुँदै देशको सांस्कृतिक तथा ऐतिहासिक महत्त्व बोकेका ठाउँहरूबारे थप अध्ययन र अनुसन्धानको खाँचो रहेको औँल्याउनुभयो । उहाँले सम्पदा संरक्षणमा स्थानीय समुदायलाई सचेत र सङ्गठित बनाउनुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

कार्यक्रम आयोजक ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माकले ख्वप इन्जिनियरिङ कलेजले यहाँ अध्ययनरत विद्यार्थीहरूलाई सम्पदा संरक्षण गर्न वैज्ञानिक ढङ्गले शिक्षा दिएका कारण नयाँ पुस्ताका विद्यार्थीहरूमा सम्पदाप्रतिको अपनत्व बढेको छ भन्नुभयो ।

कार्यक्रममा ख्वप कलेज अफ इन्जिनियरिङ कलेजका प्राचार्य सुनिल दुवालले उपत्यकाका पुरानो सम्पदा बस्तीहरूमा विकासको नाममा विनासको स्थिति निम्तिएको चिन्ताजनक भएको बताउनुहुँदै भक्तपुर नपाले सम्पदा संरक्षण व्यवस्थित र वैज्ञानिक ढङ्गले अगाडि बढाइरहेकै कारण यहाँका सांस्कृतिक तथा ऐतिहासिक महत्त्वका सम्पदाहरूको जगेर्ना सम्भव भएको बताउनुभयो ।

कार्यक्रममा कलेजका पद्मसुन्दर महर्जन, प्रमिला शिल्पकार, इरा श्रेष्ठ, रबिता शिल्पकार र आर्किटेक्चर विद्यार्थीको तर्फबाट सोना तजलेले विभिन्न विषयमा सम्पदा संरक्षणबारे प्रस्तुतीकरण देखाउनुभएको थियो ।

नगर प्रमुख प्रजापतिले प्रस्तुतकर्ताहरूलाई कलेजको तर्फबाट प्रशंसापत्र वितरण गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन शिक्षिका लिवास फैजुले गर्नुभएको थियो ।

## भक्तपुरको जिल्ला सदरमुकाम सार्ने प्रस्तावको विरोध

दरबार क्षेत्रसँगै रहेको जिल्ला प्रशासन कार्यालय, महानगरीय प्रहरी परिसर, जिल्ला जनसम्पर्क कार्यालय, जिल्ला समन्वय समितिको कार्यालयसहित जिल्ला सदरमुकाम सूर्यविनायक नगरपालिकाको भक्तपुर इँटा तथा टायल कारखानाको जग्गामा स्थानान्तरण गरिने समाचार प्रकाशित भएपछि भक्तपुरका स्थानीयले विरोध जनाएका छन् ।

नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला समितिका अध्यक्ष न्हुछेभक्त फोजूको नेतृत्वमा गएको टोलीले जिल्ला प्रशासन कार्यालय अन्यत्र नसार्न माग गर्दै भक्तपुरका सहायक प्रमुख जिल्ला अधिकारी मुकेशकुमार केशरीलाई वैशाख १३ गते निवेदन बुझायो ।

निवेदनमा आ.व. २०७३।७४ को नेपाल सरकारको बजेट वक्तव्यमा दरबार क्षेत्रसँगै जोडिएको ७१ रोपनी क्षेत्रमा फैलिएको भक्तपुर साना उद्योग क्षेत्र (हाल भक्तपुर औद्योगिक क्षेत्र) लाई काठमाडौं उपत्यकाबाहिर स्थानान्तरण गर्ने प्रतिबद्धताअनुसार उपत्यकाबाहिर स्थानान्तरण गरी यस क्षेत्रमा राख्नुपर्ने माग गरिएको छ ।

## 'स्मार्ट सिटी' खारेज गराउन भक्तपुरका जनताले बुझाए विरोधपत्र

नेपाल सरकारले काठमाडौं उपत्यका विकास प्राधिकरणमार्फत काठमाडौं उपत्यकामा चारवटा 'स्मार्ट सिटी' बनाउने निर्णयविरुद्ध भक्तपुरका जनताले हस्ताक्षर सङ्कलन गरी विरोध जनाएका छन् ।

काठमाडौं उपत्यकाको कृषि भूमि सुरक्षित राख्न, यहाँ बसोबास गरेका जनतालाई स्वच्छ वातावरणसहित पर्याप्त खुला क्षेत्र र हरियाली व्यवस्थित गर्न, सांस्कृतिक तथा प्राकृतिक सम्पदा एवम् भूबनोट संरक्षण गर्न काठमाडौं उपत्यकामा प्रस्तावित 'स्मार्ट सिटी' को नाउँमा बनाइने चारवटा ठूला सहरको प्रस्ताव खारेज गर्ने माग विरोधपत्रमा उल्लेख छ ।

भक्तपुरका स्थानीय जनताको तर्फबाट नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला समितिका अध्यक्ष न्हुछेभक्त फोजूको नेतृत्वको टोलीले वैशाख ३ गते प्रतिनिधिसभा सभामुखको कार्यालय काठमाडौं, राज्य व्यवस्था तथा सुशासन समितिको कार्यालय काठमाडौं, राष्ट्रिय सभा अध्यक्षको कार्यालय काठमाडौं, सहरी विकास मन्त्रालय काठमाडौं र राष्ट्रिय योजना आयोगको कार्यालय काठमाडौंमा उक्त विरोध पत्र बुझाएको हो ।

## राष्ट्रियसभा सदस्यको उपनिर्वाचनमा नेमकिपा

नेपाल मजदुर किसान पार्टीले आगामी जेठ ६ गते हुने बाग्मती प्रदेशअन्तर्गत अन्य समूहबाट राष्ट्रियसभा सदस्य पद एकको उपनिर्वाचनमा भाग लिन निर्वाचन आयोगमा वैशाख १३ गते पार्टी दर्ता गरेको छ ।

माओवादी पार्टीबाट निष्काशनमा परेका गृहमन्त्री रामबहादुर थापाको राष्ट्रियसभा सदस्य रिक्त भएपछि यो

उपनिर्वाचन हुन गइरहेको हो । उपनिर्वाचनमा बाग्मती प्रदेश सभाका सदस्य र स्थानीय तहका प्रमुख एवम् उपप्रमुख मतदाता हुने कानुनी प्रावधान छ भने बाग्मती प्रदेशका मतदाता हुने व्यवस्था छ ।

राष्ट्रियसभामा सदस्य रिक्त भएको ३५ दिनभित्र उपनिर्वाचन हुनुपर्ने प्रावधान छ । उम्मेदवारी दर्ता वैशाख २४ गते १० बजेदेखि ४ बजेसम्म हुने कार्यक्रम छ ।

## भूमिसम्बन्धी समस्या समाधानबारे अभिमुखीकरण



नेपाल सरकारले भूमिसम्बन्धी समस्या समाधान गर्न आयोग गठन गरेको छ । सोही विषयमा भूमिसम्बन्धी समस्या समाधान आयोग जिल्ला समिति भक्तपुरको आयोजनामा भक्तपुर नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूबीच अभिमुखीकरण कार्यक्रम वैशाख १४ गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले जुन वर्गलाई लक्षित गरी आयोग गठन भएको हो, ती वर्गको हितका निम्ति आयोगले काम गर्नुपर्ने बताउनुभयो ।

भूमिसम्बन्धी समस्या समाधान गर्ने नाममा विभिन्न चलखेलहरू हुने गरेको बताउनुहुँदै उहाँले आयोगले न्यायोचित ढङ्गले लक्षित वर्गलाई फाइदा पुग्ने गरी आफ्नो कार्य अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो । भूमिहीन सुकुमबासीलाई जग्गा वितरण गर्ने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थित गर्ने आयोगको उद्देश्य सकारात्मक रहेको उहाँले बताउनुभयो ।

सरकारले कमैया मुक्तिको नाममा कमैयाहरूलाई विस्थापित गरेको उदाहरण दिनुहुँदै प्रमुख प्रजापतिले मनोहरा तथा खोला किनाराहरूमा अव्यवस्थित तरिकाले बसेकाहरूलाई पनि व्यवस्थित गर्नुपर्ने बताउनुभयो ।

अभिमुखीकरण कार्यक्रममा भूमिसम्बन्धी समस्या समाधान आयोगका सदस्य सचिव जगन्नाथ लामिछानेले आयोगको उद्देश्यमाथि प्रष्ट पार्नुहुँदै लामो समयदेखि भूमिबाट वञ्जित रहँदै आएको उत्पीडित वर्गको पक्षमा काम गर्नका लागि आयोगको गठन भएको बताउनुभयो ।

कार्यक्रममा आयोगका सदस्य उत्तरा नेपालले स्वागत मन्तव्य दिनुभएको थियो भने आयोगका तर्फबाट प्रशिक्षक अन्जन न्यौपानेले आयोगको काम–कारबाहीबारे प्रस्तुतिकरण देखाउनुभएको थियो ।

अभिमुखीकरण कार्यक्रममा भूमिसम्बन्धी समस्या समाधान आयोग जिल्ला समिति भक्तपुरका अध्यक्ष मोहनवीर श्रेष्ठको अध्यक्षतामा भएको थियो ।

## अवकाश प्राप्त तथा नवनियुक्त प्रअ तथा शिक्षकहरूको सम्मान

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा आधारभूत विद्यालय समिति भक्तपुरको आयोजनामा भएको अवकाश प्राप्त र नवनियुक्त प्रअ तथा शिक्षकहरूलाई बधाईज्ञापन, सम्मान तथा पुरस्कार वितरण कार्यक्रम चैत्र २० गते सम्पन्न भयो ।




कार्यक्रममा अवकाश प्राप्त प्रअ तथा शिक्षकलाई बधाईज्ञापन गर्नुहुँदै नगर प्रमुख प्रजापतिले पुरानो पुस्ताको शैक्षिक अनुभव र नयाँ पुस्ताको जोश–जाँगरले शैक्षिक संस्थाहरूलाई व्यवस्थित ढङ्गले अगाडि बढाउन मद्दत पुऱ्याउने बताउनुभयो ।

अवकाश प्राप्त प्रअ तथा शिक्षकहरूले आफ्नो शैक्षिक अनुभव सङ्ग्रहित गरी नयाँ पुस्तामाझ ल्याउनुपर्नेमा जोड दिनुहुँदै प्रमुख प्रजापतिले असल नेतृत्व र अनुशासनले संस्थाको प्रगतिमा सकारात्मक भूमिका खेल्ने बताउनुभयो ।

नगर प्रमुख प्रजापतिले भन्नुभयो – 'भक्तपुरको सामुदायिक तथा संस्थागत विद्यालयहरूबीचको गुणस्तरमा समानता ल्याउने उद्देश्यका साथ अगाडि बढिरहेका छौं । सोको

लागि भौतिक संरचना निर्माण तथा मर्मतको लागि विद्यालयहरूलाई आर्थिक सहयोग पनि गर्दै आइरहेका छौं ।'

भक्तपुरको शैक्षिक रूपान्तरणमा शिक्षक तथा प्रअहरूको योगदान र भूमिका प्रशंसनीय रहेको उल्लेख गर्नुहुँदै उहाँले शिक्षकहरू प्रविधि मैत्री हुनुपर्ने र नयाँ नयाँ कुरा सिक्न जहिल्यै क्रियाशील रहनुपर्ने बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् समितिका अध्यक्ष दीपक माकले आधारभूत विद्यालय समितिको वार्षिक प्रगति प्रतिवेदन वाचन गर्नुहुँदै शिक्षित समाजविना कुनै पनि क्षेत्रको विकास सम्भव नभएको बताउनुभयो । सरकारले शिक्षामा पर्याप्त लगानी गर्नुपर्ने आवश्यकता औँयाउनुहुँदै उहाँले समितिले शिक्षक तथा विद्यार्थीहरूको विकास तथा प्रगतिको निम्ति विविध गतिविधि गर्दै आइरहेको बताउनुभयो ।

कार्यक्रममा आधारभूत विद्यालयका समितिका संस्थापक सदस्य लक्ष्मीनारायण दुवालले अवकाश भनेको कानुनी र प्राकृतिक नियम भएको बताउनुहुँदै अवकाश प्राप्त शिक्षक तथा कर्मचारीहरूले समाजका विविध क्षेत्रमा सक्रिय भई लाग्नुपर्नेमा जोड दिनुभयो ।

समितिका निवर्तमान अध्यक्ष तुल्सीराम ग्वाछा र संस्थापक सदस्य पुष्पलाल सुजखुले पनि कार्यक्रममा आफ्नो शैक्षिक अनुभव सुनाउनुभएको थियो ।

कार्यक्रममा समितिका उपाध्यक्ष सर्मिला कसजूले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन शिक्षक सूर्यबहादुर फाँजुले गर्नुभएको थियो ।



सम्मानित शिक्षकहरू

कार्यक्रममा नगर प्रमुख प्रजापतिले विभिन्न विद्यालयबाट अवकाश प्राप्त शिक्षकहरूलाई सम्मान गर्नुका साथै आधारभूत विद्यालय समितिको आयोजनामा भएको विविध खेलकुद प्रतियोगिताका विजयी खेलाडीहरूको प्रमाणपत्र सम्बन्धित विद्यालयका शिक्षकलाई वितरण गर्नुभएको थियो भने समितिका अध्यक्ष माकले नवनियुक्त प्रअ तथा शिक्षकहरूलाई बधाईज्ञापन गर्नुभएको थियो ।

## नर्सिङका विद्यार्थीबाट जनचेतनामूलक प्रदर्शनी

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा दोस्रो वर्षमा अध्ययनरत नर्सिङका विद्यार्थीहरूले चैत्र २१ गते विभिन्न खोप, लिटो र सर्वोत्तम पीठो बनाउने तरिका, मधुमेह, उच्च रक्तचाप आदिबारे जानकारी दिने उद्देश्यले कलेजको प्राङ्गणमा प्रदर्शन गरे ।

प्रदर्शनीमा क्षयरोगबाट बचाउन बीसीजी, भ्यागुते रोग, लहरेखोकी र निमोनिया रोगबाट बचाउन डीपीटी, झाडापखालाबाट बचाउन रोटा भाइरस, मेनिन्जाइटिस र निमोनियाबाट बचाउन पीभीसी, इक्सेफ्लाइटिक्सबाट बचाउन जेई, दादुराबाट बचाउन दिइने टीडीबारे नर्सहरूले प्रदर्शनी हेर्न आएका महिलाहरूलाई जानकारी दिए ।

बीसीजी खोप बच्चा जन्मनेबित्तिकै दिइन्छ । रोटा भाइरस ६ र १० हप्तामा, पीभीसी ६ र १० हप्ता तथा ९ महिनामा, दादुरा रूबेला ९ र १५ महिना तथा जेई १२ महिनामा लगाइन्छ ।

त्यस्तै प्रदर्शनीमा सुईबाट पर्ने असरहरू रातोपना हुने, ज्वरो आउने, सुन्निने आदिबारे पनि जानकारी दिइएको थियो । मधुमेह हुँदा मानिसले सेवन गर्ने आहार, उच्च रक्तचाप हुने व्यक्तिले खाने आहार र सुत्केरी अवस्थामा खाने आहारबारे, अन्य गेडागुडी, फलफुल र तरकारीको महत्त्वबारे पनि जानकारी दिइएको थियो ।

शरीर सुरक्षा गर्ने, शरीर विकास गर्ने, शक्ति प्रदान गर्ने आहार र ५ वर्षमुनिका बालबालिकालाई खुवाइने आहारबारे पनि प्रदर्शनीमा जानकारी दिइएको थियो ।

प्रदर्शनी जानकारीमूलक थियो । प्रदर्शनीमा अधिकांश महिलाहरू सहभागी थिए । नर्सहरूले सहभागी दर्शकहरूलाई खोप, विभिन्न रोग, सुई लिँदा पर्ने असर, परिवार नियोजनका साधन, रोगीले खाने आहार र लिटो र सर्वोत्तम पिठोबारे जानकारी दिएका थिए । प्रदर्शनीमा रहेका नर्सहरू प्रदर्शनीको आवश्यकताबारे जानकारी दिन उत्साहित देखिन्थे । आफ्ले अध्ययन गर्दाको अनुभव र अध्ययनलाई अभ्यास गर्ने या जानकारी दिने उद्देश्यले उक्त प्रदर्शनी गरेको नर्सहरूले बताए ।

*– सुधा*

भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु
हामी सबै असल नगरवासीको कर्तव्य हो ।

# भक्तपुर नगरपालिकामा नववर्षको शुभकामना आदानप्रदान




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा नेपाल नगरपालिका कर्मचारी एशोसिएसन, भक्तपुर नगरपालिका समिति भक्तपुरको आयोजनामा नव वर्ष २०७८ सालको शुभकामना आदानप्रदान कार्यक्रम चैत्र ३० गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले धेरै क्षेत्रमा नयाँ ढङ्गले काम सुरु गरेको बताउनुहुँदै यहाँको शिक्षा, स्वास्थ्य, सम्पदा पुनःनिर्माण तथा सरसफाइलगायतमा भइरहेको काम देशकै लागि उदाहरणीय हुन सफल भएको बताउनुभयो ।

कोरोना महामारीका कारण नेपालको पर्यटनमा अबौँको क्षति पुगेको र भक्तपुर पनि त्यसबाट अछुतो नरहेको बताउनुहुँदै उहाँले सङ्कटले नागरिकहरूमा सङ्घर्षको भावनालाई अझ सशक्त बनाउने बताउनुभयो ।

नयाँ वर्षको सुरुवातसँगै कर्मचारीहरूमा नयाँ सङ्घर्षको भावनाले काम गर्न प्रेरणा मिल्ने अपेक्षा व्यक्त गर्नुहुँदै उहाँले सबैको साझा प्रयासका कारण भक्तपुर नगरपालिकाले उत्कृष्टता हासिल गरेको बताउनुभयो ।

समाजवादी देशमा महिलाहरू कसरी अगाडि बढ्छन् भन्ने पाठ समाजवादी देश क्युबाबाट सिक्न जरुरी रहेको बताउनुहुँदै उहाँले समाज रूपान्तरणमा महिला शिक्षा निकै नै महत्त्वपूर्ण भएको बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष गौतमप्रसाद लासिवाले नव वर्षको शुभकामना व्यक्त गर्नुहुँदै कोभिड महामारीको समयमा भक्तपुर नगरपालिकाका कर्मचारीहरू नगरवासीहरूको सेवामा समर्पित भएर लागेको र बिस्का जात्रा विकृति र विसंगतिरहित ढङ्गले मनाउन आग्रह गर्नुभयो । उहाँले कर्मचारीहरूको हक हित सुरक्षा, वृत्ति विकास र स्तरोन्नतिको लागि समितिले निरन्तर पहल गर्दै आइरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रशासकीय अधिकृत दामोदर सुवालले कर्मचारीहरूको व्यक्तिगत आचरण, स्वभाव र व्यवहार नगरपालिकाको पहिचानसँग जोडिएको हुन्छ भन्दै कर्मचारीहरूमा नागरिक भावना र संस्थागत जिम्मेवारीबोधको आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका कर्मचारी विद्यालक्ष्मी प्रजापतिले स्वागत मन्तव्य राख्नुभएको थियो भने विकास प्रजापतिले पनि बोल्नुभएको थियो ।

सोही अवसरमा नगर प्रमुख प्रजापतिले नेपाल नगरपालिका कर्मचारी एशोसिएसन, भक्तपुर नगरपालिका समिति भक्तपुरद्वारा प्रकाशित २०७८ सालको भित्ते पात्रो सार्वजनिकीकरण गर्नुभयो ।

# नेक्रामहिला सङ्घको आयोजनामा शुभकामना आदानप्रदान

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा नेपाल क्रान्तिकारी महिला सङ्घ, भनपा वडा नं. २ को आयोजनामा नयाँ वर्ष २०७८ सालको शुभकामना आदानप्रदान कार्यक्रम वैशाख २ गते भयो ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले समाज विकासको निम्ति युवा पुस्ताले निरन्तर अध्ययनलाई जोड दिनुपर्ने बताउनुहुँदै युवाहरूलाई समयमै समाजमा भएका विकृति विसंगतिबारे सचेत गराउनुपर्ने बताउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले आफ्ना नगरवासीहरूलाई नैतिक शिक्षा र रोजगारमूलक सीप दिने उद्देश्यका साथ विभिन्न गतिविधि र तालिमहरू सञ्चालनमा ल्याएको बताउनुहुँदै समाजवादी देश क्युबामा हरेक क्षेत्रमा



महिलाहरू अगाडि परेको र नम्र, सरल, विचारप्रति प्रतिबद्ध राजनैतिक कार्यकर्ताहरूले देशको उन्नतिमा सकारात्मक भूमिका खेल्ने बताउनुभयो ।

रोजगार र पैसा कमाउने लोभमा विदेशिएका युवाहरू अधिकांशले भोग्नुपरेको दुःख र सङ्घर्षबारे प्रष्ट पार्नुहुँदै उहाँले शिक्षित व्यक्तिहरूमा भएको अहङ्कार र घमण्ड नै पारिवारिक झगडाको प्रमुख कारण बनिरहेको छ भन्नुभयो ।

भक्तपुर नपाले भक्तपुरको शिक्षा, स्वास्थ्य, सरसफाइ तथा कला संस्कृति संरक्षणमा रूपान्तरण ल्याउन निरन्तर पहल गर्दै आइरहेको बताउनुहुँदै नगर प्रमुख प्रजापतिले भक्तपुर नपाको प्रयासबाट यहाँ सांस्कृतिक समूहहरूको पनि विकास भएको बताउनुभयो ।

नेमकिपा भक्तपुर नगर समितिका अध्यक्ष नारायणबहादुर दुवालले कामदार वर्गका महिलाहरू शैक्षिक रूपमा अगाडि बढे समाज स्वतः अगाडि बढ्ने र महिलाहरू राजनैतिक रूपले सचेत र सङ्गठित हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेपाल कर्मचारी समाजका केन्द्रीय अध्यक्ष गौतमप्रसाद लासिवाले देशको प्रमुख पदहरूमा महिलाहरू तुलनात्मक रूपमा अगाडि बढ्नु देश र समाज विकासको निम्ति सकारात्मक पक्ष रहेको बताउनुहुँदै समाजमा महिला पुरुषबीच विभेद् बिस्तारै कम हुँदैजानु सुखद् पक्ष भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकला, नेमकिपा चिह्नां ब्यासी समितिका अध्यक्ष रत्नकाजी नायभारी, नेत्रामहिला सङ्घ वडा नं. २ का अध्यक्ष बद्रीलक्ष्मी कोजु र आयशा नायभारीले पनि बोल्नुभएको थियो ।

# विश्व प्रसिद्ध चाँगुनाराण मन्दिर उच्च जोखिममा



नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिको चैत २४ गतेको बैठकमा भक्तपुरस्थित विश्व सम्पदा सूचीभित्रको चाँगुनारायण मन्दिर र मानव बस्ती रहेको डाँडो नै भासिने गरी चाँगुनारायण नगरपालिकाले ठेकेदारमार्फत् क्रिकेट मैदानको लागि जग्गा सम्याउने निहुँमा २५–३० फिट गहिराइ पानीमुनिको बालुवा उत्खनन गरी बेच्न लगाउने कार्य अविलम्ब रोक्नुपर्नेतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

उहाँले चाँगुनारायण मन्दिर भासिने गरी भइरहेको बालुवा उत्खननसँग सम्बन्धित निकाय र अधिकारीहरूलाई बोलाएर बालुवा उत्खनन नगर्न/नगराउन समितिबाट निर्देशन हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

विश्वसम्पदा सूचीमा सूचीकृत चाँगुनारायण मन्दिर वर्षौंदेखि उच्च जोखिममा रहेको छ । पहिरो र बालुवा चोरी निकासीबाट जोखिममा पर्दै आएको उक्त क्षेत्र 'सिंहदरबार गाउँमा' पुगेपछि खेल मैदानको नाममा थप जोखिममा परेको छ र स्थानीय शासकहरूको अवैध 'कमाइ खाने भाँडो' बनेकोमा सर्वत्र चिन्ता व्यक्त गरिएकोछ ।

लामो समयदेखि सत्ताधारी दलका आउरेबाउरेको संलग्नतामा मनोहरा खोलामा भइरहेको बालुवा चोरी निकासी, मन्दिर रहेको ठूलो थुम्काको तल आडका रूपमा रहेका ससाना ढिस्का, पहाडलाई खोस्रेर बालुवा खानी सञ्चालन र जग्गा चक्लाबन्दी गरेर बिक्री गर्न थालेपछि मन्दिर थप जोखिममा परेको स्थानीयवासीले बताएका छन् ।

त्यसो त २०७१ फागुन १५ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले छानबिनका लागि जिल्लामा सञ्चालित बालुवा, माटो, ढुङ्गा, पाँगोमाटोलगायत २६ खानीको फाइल कब्जामा लिएको थियो । अख्तियारले फाइल नियन्त्रणमा लिएलगत्तै साबिक जिल्ला विकास समितिले भक्तपुरमा सञ्चालनमा रहेका सम्पूर्ण खानी बन्द गराएको थियो ।

अवैध रूपमा बालुवा उत्खनन भएको सार्वजनिक क्षेत्रलाई व्यवस्थापन गर्न नगरपालिकाको पहिलो नगरसभाले गौतमेश्वर क्षेत्रको सार्वजनिक जग्गालाई व्यवस्थित गरी खेलमैदान निर्माणका लागि ५० लाख रूपैयाँ विनियोजन गरेको थियो । तर जोखिम घट्नुको साटो बढेको छ ।

मन्दिरका पुजारी चक्रधरानन्द राजोपाध्यायले मन्दिर उच्च जोखिममा पर्दा पनि यसलाई जोगाउन सम्बन्धित निकायले चासो नदिएको गुनासो गर्नुभयो ।

यस विषयमा नेपाल मजदुर किसान पार्टीका सांसदहरूले संसदमा र अन्य मञ्चमा निरन्तर आवाज राखे पनि सरकार र प्रशासन निरुत्तर देखिएका छन् ।



अहिले ९३ रोपनी क्षेत्रफल ओगटेको डाँडो सम्याउन जमिनको सतहभन्दा २५ फिटसम्म गहिरो खन्दा भक्तपुरको चाँगुनारायण मन्दिरसहित बुढाथोकी गाउँ भासिने थप जोखिममा परेको छ ।

अन्तर्राष्ट्रिय क्रिकेट मैदानस्थल निर्माणका लागि नगरपालिकाले ९३ रोपनी क्षेत्रफल ओगटेको डाँडो सम्याउन आयठेक्कामा आगन्जा कन्स्ट्रक्सन कम्पनी प्रालिलाई दिएको छ । निर्माण कम्पनीले सम्झौताविपरीत बालुवा उत्खनन गर्दा चाँगुनारायण मन्दिरसहित बुढाथोकी गाउँको जमिन भासिने जोखिम बढेको हो ।

आठ करोड ६३ लाख ५५ हजार ६५ रूपैयाँ मुआब्जा करबाहेक किस्तामा बुझाउने गरी ठेक्का सम्झौता भएको हो । तर, ठेकेदार कम्पनीले भने सम्झौताविपरीत जमिनको सतहभन्दा तलबाट बालुवा उत्खनन गर्दा स्थानीय बस्ती, खानेपानीका मुहान र चाँगुनारायणको मन्दिर रहेको स्थानसमेतमा असर परेकोले स्थानीयले विरोध गरेका छन् ।

नगरपालिकासँग गरिएको सम्झौतामा खेतको सतहसम्म मात्रै बालुवा उत्खनन गर्न पाउने उल्लेख छ । तर, ठेकेदार कम्पनीले भने जमिनको सतहमुनि २० देखि २५ फिट गहिरो खनी बालुवा निकालेको स्थानीयले गुनासो गरेका छन् ।

नगरभित्र ठूलो क्षेत्रमा २५–३० फीट गहिरो खनेर बालुवा झिकेको नगरपालिकाले नदेख्नु, तर स्थानीयबाट गुनासो **आउनेबित्तिकै** हामीले तत्काल अनुगमन गरेर पुर्न लगाएको, एक महिना अगाडि जिल्ला प्रशासन कार्यालयमार्फत पत्र आएपछि सम्झौताअनुसार काम गर्न निर्देशन दिएको भनाइले अव्यक्त रूपमै धेरै कुरा बुझ्नेले बुझिसकेका छन् ।

स्थानीय हरिकृष्ण बुढाथोकी भन्छन्, 'जमिनमुनि पानीबाट बालुवा निकालेर माटोले पुरिएको छ, अन्तर्राष्ट्रिय खेल मैदान बनाउने भनेर बोर्ड टाँसेका छन्, पानीमुनिबाट बालुवा निकालेर भौतिक संरचनाको जग कसरी बलियो हुन्छ ?'

पाँच वर्षअघिको भूकम्पमा जमिन भासिएकाले चाँगुनारायण मन्दिर थप पहिरोको जोखिममा परेको थियो ।

२०७२ को भूकम्पपछि युनेस्कोले गरेको रियाक्टिभ मोनिटरिङमा चाँगुनारायण मन्दिर रहेको जमिन भासिएको देखाएको थियो ।

युनेस्को वर्ल्ड हेरिटेज सेक्सनमा कार्यरत मितुना श्रेष्ठका अनुसार हालसम्म सरकारीस्तर र विज्ञहरूले गरेका सर्वेक्षण हेर्दा जङ्गल फँडानी, बालुवा खानीलाई मुख्य कारण मानिएको छ । चाँगुनारायण मन्दिरमात्र नभई नजिकै रहेको ऐतिहासिक महत्त्व बोकेको शंख दह पनि जमिन भासिँदै गएकाले पुरिने अवस्थामा छ ।

स्थानीयले घरजग्गासहित चाँगुनारायण मन्दिर रहेको सिङ्गो डाँडोलाई नै असर गर्ने गरी भूक्षयको सम्भावना भएकाले खानी तत्कालै अनुगमन गरिदिन २६ माघमा जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएका थिए । जिल्ला प्रशासनले नगरपालिकालाई पत्र पठाएपछि नगरपालिकाले १९ चैतमा अनुगमन गरेको थियो । स्थानीयको निवेदन र अनुगमनको 'प्रक्रिया' पुऱ्याउन झन्डै दुई महिना लागेको देखियो ।

नगरपालिकाका कर्मचारीले 'हामी अनुगमनमा जाँदा सम्झौताविपरीत जमिनको सतहमुनि गएर उत्खनन गरेको भेटिएकाले पुर्न लगाएका छौँ' भन्दै हामीले खेलमैदानका लागि **मात्रै** नियमित अनुगमन गर्न सक्दैनौँ, स्थानीयको गुनासो आएमा फेरि अनुगमन गर्छौं, पनि भन्छन् ।

तर, स्थानीयले ठेकेदार कम्पनीले रातिको समयमा बालुवा निकालेर बिहान माटोले पुर्दै आएको बताएका छन् ।

देशको अमूल्य सम्पदा, मानव बस्ती, पानीको मुहान बचाउन 'आज सम्म कसैले नगरेको काम गरेको' दाबी गर्ने सरकारले आफ्नो अस्तित्व देखाउँछ कि चुट्किला भनेरै माना पचाउँछ सर्वत्र जिज्ञासा भएको छ ।

*चित्र : इन्टरनेट*

# नेपालको ६६८ ठाउँमा भारतीय अतिक्रमण

भारतसँग नेपालको सिमाना करिब १ हजार ८ सय ८० किमि लम्बाइ छ । सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकबाट हालै अवकाश पाएका पूर्वएआईजी नारायणबाबु थापाका अनुसार भारतसँग नेपालको पूर्वी सीमा करिब २ सय ३५.२ किमि, दक्षिणी सीमा करिब १ हजार ३ सय ७०.२४ किमि र पश्चिमी सिमाना करिब २ सय ७० किमि लम्बाइमा छ ।

भारतीय पक्षले नेपालका सीमावर्ती ६ सय ६८ ठाउँको जमिन भोगचलन गरिरहेको पाइएको छ । पूर्वको इलामदेखि सुदूरपश्चिमको कञ्चनपुरसम्म १५ जिल्लाका हजारौँ

हेक्टर नेपालीभूमि भारतीयले भोगचलन गरेको पाइएको हो ।

इलाममा १४ ठाउँ, झापामा ४०, मोरङमा १८, सुनसरीमा २४, सप्तरीमा ११, सिरहामा २९, धनुषामा ३९, महोत्तरीमा २५, सर्लाहीमा १ सय २, रौतहटमा ६, बारामा ११, पर्सामा ३ सय २६, रूपन्देही, बाँके र दार्चुलामा १/१, बर्दियामा ९ र कञ्चनपुरमा ११ स्थान गरी ६ सय ६८ ठाउँमा भारतीयको बलमिचाइँ छ । यसैगरी चितवन, दार्चुला र पश्चिम नवलपरासीमा १/१ गरी ३ ठाउँ, कपिलवस्तुमा ३, कञ्चनपुरमा ७ र कैलालीका २ गरी १५ स्थानमा भारतीय अतिक्रमण छ ।

यसबाहेक सुस्ता र कालापानीसहित ६ जिल्लाका १५ स्थानको नेपालीभूमि भारतले अतिक्रमण गरी सुरक्षा फौज राख्दै आएको छ ।

स्मरणीय छ यसअघि सीमाविद्हरूले नेपालको ७१ ठाउँमा ६० हजार हेक्टरभन्दा बढी नेपाली भूभाग भारतको अतिक्रमणमा परेको बताएका थिए ।

### "क्रस बोर्डर अकुपेसन"

भारतीयले नेपालमा आएर र नेपाली भारतमा गएर भोगचलन गरिरहेको जग्गाजमिनलाई 'क्रस बोर्डर अकुपेसन' का रूपमा व्याख्या गर्दै दुवै देशको सहमतिमा समस्या समाधान गर्ने भनिएको थियो । तर समाधान भएको छैन ।

यसक्रममा नेपालबाट भारतीय भूभागमा गएर खेतीपाती/भोगचलन भएको प्रदेश १ का इलाम, झापा, मोरङ र सुनसरीका ४३ स्थान, प्रदेश २ का ८ जिल्लामा २ सय ११ स्थान, लुम्बिनी प्रदेशको बाँकेमा १ र सुदूरपश्चिमको कञ्चनपुरमा १९ ठाउँ गरी २७४ स्थान रहेका छन् ।

नापी विभागका निर्देशक दामोदर ढकालले 'क्रस बोर्डर अकुपेसन' को यकिन विवरण र सुस्ता/कालापानीबाहेकका स्थानको सीमा विवाद टुङ्गो लगाउन दुवै देशका अधिकारी सम्मिलित संयुक्त संयन्त्रले ७ वर्षदेखि काम गरिरहेको बताए । नेपाल-भारत प्रबुद्ध समूहका सदस्यसमेत रहेका पूर्वसचिव सूर्यनाथ उपाध्यायले 'नेपालले आफ्नो सिमानालाई अब काँडेतारले घेरेर सुरक्षित राख्नुपर्छ, हाम्रा लागि यो अपरिहार्य भइसकेको छ,' उनले भने, 'भारतका लागि यो अप्रिय हुन सक्छ, काँडेतार नलगाउन दबाब दिन सक्छ, तर हाम्रा लागि यो नै राष्ट्रको हितमा हुन्छ, अब सीमा व्यवस्थापन र नियमन तथा सुरक्षालाई हामीले कडाइका साथ लिनुपर्छ ।'

कतिपय ठाउँमा सरकारले सीमा सुरक्षार्थ सशस्त्र प्रहरीको उपस्थिति बढाउन नसक्दा भारतीय अतिक्रमण र अनधिकृत रूपमा नेपाली जग्गा भोगचलन हुने गरेको छ ।

*– मातृका दाहाल, कान्तिपुर, चैत्र ८, २०७७ बाट*

# नपाको कदरयोग्य समन्वय

भक्तपुर जिल्ला विपद् व्यवस्थापन केन्द्रले आइतबार हठात् ऐतिहासिक बिस्का जात्रा यो वर्ष पनि गत वर्षको जस्तै औपचारिकतामा मात्र सीमित राख्ने निर्णय गरेपछि फैलिएको जनअसन्तोष बुधबार भक्तपुर नगरपालिकाको अगुवाइमा सम्बोधन भएको छ । ऐतिहासिक बिस्का जात्राअन्तर्गत रथ तान्ने र लिङ्गो उठाउने/ढाल्ने काम नगर्ने कुराले भक्तपुरका संस्कृतिप्रेमी जनतालाई आक्रोशित बनाएको थियो । संस्कृतिप्रेमी जनताले सो निर्णयको विरोधमा प्रदर्शनहरू गरेका थिए । जिल्ला विपद् व्यवस्थापन केन्द्रका पदाधिकारीहरूले स्थानीय तहसँग आवश्यक परामर्शसमेत नगरी निर्णय गर्दा बिस्का जात्रा तनावपूर्ण बन्ने सम्भावना बढेको थियो ।

तर, बुधबार भक्तपुर नपाले कोभिड-१९ को सङ्क्रमणलाई ध्यानमा राखी सावधानीका सबै उपायको पालना गरी बिस्का जात्राका सबै सांस्कृतिक गतिविधिलाई निरन्तरता दिने निर्णय गरेसँगै ऐतिहासिक जात्रा मनाउने जनभावना सम्बोधन भएको छ । भक्तपुर नपाले जिल्ला प्रशासन, सुरक्षा निकाय, गुठी संस्थानका पदाधिकारी, बिस्का जात्रा सम्पन्न गर्न विभिन्न भूमिकामा रहेका सांस्कृतिककर्मीहरू समेतको परामर्श लिएर यस्तो निर्णय गरेको हो । जनताको जीवनचर्या बनिसकेको यो ऐतिहासिक जात्राको विषयमा कसैले पनि एकलौटी निर्णय गर्न सक्दैन । सम्बन्धित सबै पक्षसँगको गहन परामर्श र छलफलपछि मात्र सांस्कृतिक विषयमा कुनै पनि निष्कर्षमा पुग्नु उपयुक्त हुनसक्छ । कुनै पनि हठात् र हचुवा निर्णयले समाजमा द्वन्द्व चर्काउने गर्छ । भक्तपुर नगरपालिकाको समन्वयकारी भूमिकाको कारण बिस्का जात्रामा हुन सक्ने सम्भावित द्वन्द्व टरेको छ ।

तर, यसपालिको बिस्का जात्राप्रति भक्तपुरका जनताको जिम्मेवारी अझ बढेको छ । कोभिड-१९ को महामारी सत्य हो र अहिले छिमेकी देश भारतमा कोभिड-१९ का बिरामीको सङ्ख्या एकाएक बढेबाट नेपालमा यसको जोखिम बढेको पनि सत्य हो । त्यसकारण महामारी फैलिएर पुग्न सक्ने क्षतिप्रति पनि जनता सजग हुन जरुरी छ । बिस्का जात्रा मनाउँदै गर्दा भक्तपुरका जनताले अझ जिम्मेवारीबोधका साथ सावधानीका सबै उपायको आत्मपालना गर्नुपर्छ । सरकार र स्थानीय तहले पूरा गर्नुपर्ने जिम्मेवारी आफ्नो ठाउँमा छँदै छ । जनताले आफैं पनि बिस्का जात्रा भव्य र कुनै क्षति नपुग्ने ढङ्गले मनाउन जरुरी छ । त्यसकारण जात्रालाई आवेश र आक्रोशमा होइन, बुद्धिमत्तापूर्वक र संयमित ढङ्गले मान्न जरुरी छ ।

विगतमा बिस्का जात्रा मनाउने क्रममा हुने गरेका केही नकारात्मक पक्षलाई यो वर्ष मेटाउन सबै जुट्न जरुरी

छ। मुढेबल र जिद्दी गरेर नभई संयमका साथ जात्रा मनाउन सके जात्रा शोभायमानमात्र होइन, सम्भावित स्वास्थ्य क्षतिबाट जनता जोगिन सकिन्छ।

भक्तपुरका क्रियाशील विभिन्न टीम–क्लब, सामाजिक एवम् राजनीतिक युवा सङ्गठनहरू र सामाजिक संस्थाहरूले बिस्का जात्रा पनि मान्ने तर नेपालमा फैलिरहेको कोरोनाको दोस्रो लहरबाट पनि जोगिने ढङ्गले परिचालन भई नगरवासी जनतालाई सजग बनाउने जिम्मेवारी पूरा गर्नुपर्छ। कुत्सित मनसाय बोकेका तत्वहरू जनताबीच सधैँ विभाजन ल्याएर फाइदा उठाउन खोज्छन्। कतिपय धूर्त मानिसहरू जनता लडाएर तर मार्न मन पराउँछन्। त्यस्ता व्यक्ति र समूहबाट सजग भई ऐतिहासिक बिस्का जात्रा स्वास्थ्य सजगता र शालिनता मनाउन उचित हुन्छ।

साभार : **मजदुर दैनिक**को सम्पादकीय, २०७७।१२।२६

## काठमाडौं उपत्यकाका प्रजिअहरूको आदेश

काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूले वैशाख १३ गते एक आदेश जारी गरी वैशाख १६ गते बिहान ६ बजेदेखि वैशाख २२ गते राति १२ बजेसम्म काठमाडौं उपत्यकामा अत्यावश्यक बाहेकका सेवा र यातायात बन्द गरिएको छ।

त्यसको केही घण्टापछि मन्त्रिपरिषद्को बैठकले वैशाख १६ गतेदेखि १५ दिन निषेधाज्ञा लागु गर्ने निर्णय गरेको छ।

### के के बन्द ?

जारी गरेको आदेशअनुसार खाद्य सामग्री, औषधि तथा स्वास्थ्य सामग्रीका पसलबाहेक सबै पसल बन्द हुनेछन्।

सबै प्रकारका सभा सम्मेलन, गोष्ठी, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, स्वीमिङ पुल, सपिङ मल, मनोरञ्जनस्थल, सैलुन, ब्युटी पार्लर, जिमखाना, समूहमा खेलिने खेल, पुस्तकालय, सङ्ग्रहालय, चिडियाखाना बन्द गरिएको छ।

### के के खुल्ला ?

आदेशअनुसार खाद्य सामग्रीको पसल बिहान १० बजेसम्म र बेलुका ५ देखि ७ बजेसम्म खुला हुनेछ। डिपार्टमेन्ट स्टोरको ग्रोसरी कक्ष बिहान १० देखि बेलुका ५ बजेसम्म सञ्चालन गर्न पाइनेछ।

सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था र अरू अत्यावश्यक सेवा दिने कार्यालय सञ्चालन हुनेछ। सरकारी कर्मचारी, बैंक तथा वित्तीय संस्था र अरू अत्यावश्यक सेवामा कार्यरत कर्मचारीले परिचयपत्र देखाएर आवतजावत गर्न सक्नेछन्।

विवाह ब्रतबन्धको हकमा भने स्वास्थ्य मापदण्ड पालना गर्ने गरी प्रशासन कार्यालयको अनुमति लिएर १५ जनासम्म सहभागी हुन पाइने आदेशमा उल्लेख छ।

अत्यावश्यक सामग्री बोकेका ढुवानीका साधन, बिरामी तथा कुरुवा बोकेका एम्बुलेन्स, स्वास्थ्यकर्मी र सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन चल्न पाउनेछन्।

त्यस्तै एम्बुलेन्स, खानेपानी, स्वास्थ्य, खाद्यान्न, तरकारी, फलफूल, दुग्धजन्य पदार्थ, बैंक, वित्तीय संस्था दूरसञ्चार, इन्टरनेट, क्वारेन्टिन, आइसोलेसन, फोहोरमैला व्यवस्थापनलगायत ढुवानीका साधन पनि चल्न पाउनेछन्।

सरकारी कार्यालयका गाडी सम्बन्धित विभागबाट अनुमति लिएर सञ्चालन हुन पाउनेछन्। विकास निर्माण कार्यमा प्रयोग हुने जनशक्ति र सामग्री ढुवानीका गाडी चलाउने पास सम्बन्धित आयोजना वा कार्यालय प्रमुखको सिफारिशका आधारमा प्रमुख जिल्ला अधिकारीले दिनेछन्।

अन्तर्राष्ट्रिय उडानबाट विदेश जाने यात्रुले हवाई टिकट, पासपोर्ट, भिसा देखाएमा एयरपोर्ट जाने गाडी चलाउन पाइनेछ।

## महामारी रोकथाम तथा नियन्त्रणका लागि

'विश्वभरि फैलिँदै गइरहेको नयाँ भेरियन्टसहितको कोभिड–१९ महामारी नेपालमा समेत सङ्क्रमण बढ्दै गएको सन्दर्भमा सोको रोकथाम तथा नियन्त्रणका लागि' मन्त्रिपरिषद्को बैठकले वैशाख ६ गते विभिन्न आदेश जारी गरेको छ।

उक्त आदेशअनुसार काठमाडौं उपत्यकाका सबै महानगरपालिका र नगरपालिका तथा उपत्यका बाहिरका महा, उपमहा र नपा गरी ४० ओटा स्थानीय तहमा वैशाख मसान्तसम्म शैक्षिक संस्था बन्द गर्ने; वैशाख मसान्तसम्म सिनेमा हल, पार्टी प्यालेस, डान्सबार, दोहोरी नाचघर, हेल्थ क्लब, जिमखाना, स्वीमिङपुल, फुटसल, आमसभा, जुलुस, हाटबजार, रंगशालामा हुने दर्शकसहितको खेलकुद र मानिसको भिडभाड हुने सबै कार्यक्रम बन्द गर्ने; मठ मन्दिर, मस्जिद, चर्च, गुम्बाजस्ता धार्मिकस्थलमा वैशाख मसान्तसम्म नित्यपूजामात्र सञ्चालन गर्ने; एक पटकमा सपिङ मल, मेला, महोत्सव, जात्रा, पर्व, विवाह, न्वारान, पास्नी, ब्रतबन्ध, धार्मिक अनुष्ठान मलामीलगायत अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक काममा तथा सभा सम्मेलन, गोष्ठी सेमिनार, समीक्षा बैठक, तालिम, प्रशिक्षण आदि भर्चुअल माध्यमबाट गर्ने र भौतिक रूपमा गर्नुपरे २५

जनाभन्दा बढी भेला हुन नपाउने गरिएको छ ।

त्यतै सार्वजनिक यातायात, पसल र सार्वजनिक कार्यालयमा मास्क नलगाई प्रवेश गर्न नपाउने; बसमा सिटभरि मात्र यात्रु राख्नुपर्नेछ भने लामो दूरीका बसमा बीच बाटोमा यात्रु चढाउन नपाइने, आन्तरिक हवाई उडानमा पनि मास्क र सेनिटाइजर अनिवार्य गरिएको छ ।

होटल रेस्टुरेन्टहरू विहान ८ देखि बेलुका ८ बजेसम्म मात्र सञ्चालन गर्ने; बैंक तथा वित्तीय संस्थामा सेवा शुल्क र महशुल अग्रिम र एकमुष्ट बुझाउन चाहनेलाई सहज व्यवस्था मिलाउन आदेशमा भनिएको छ ।

सरकारले कोरोना सङ्क्रमितको उपचार गर्ने भनी सूचिकृत भएका संस्थागत आइसोलेसन र अस्पतालको उपचार शुल्क पनि तोकिदिएअनुसार संस्थागत आइसोलेसनले प्रतिव्यक्ति प्रतिदिन रु. २०००।- तथा अस्पतालले आइसोलेसनवापत रु. ३५००।- लिन पाउने व्यवस्था गरेकोछ ।

त्यस्तै मध्यम खालको विरामी उपचार गरेवापत रु. ७०००।- र आईसीयू भेन्टिलेटरसहितको उपचारका लागि रु. १५०००।- लिन पाउनेछन् ।

मन्त्रिपरिषद् बैठकले प्रदेश सरकारले सीमा नाकाहरूमा १००० जना अटाउने होल्डिङ सेन्टर बनाउनुपर्ने निर्णय पनि गरेको छ ।

सरकारले जारी गरेको आदेशमा सर्वसाधारणले स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्नुपर्ने, घरबाहिर निस्कँदा मास्क लगाउनुपर्ने, बिसर्जन गरिएका मास्क डस्टविन र प्लास्टिक झोलामा राख्नुपर्ने उल्लेख छ ।

त्यस्तै विदेशबाट आउँदा कन्ट्याक्ट ट्रेसिङमा परेमा १० दिन क्वारेन्टिन बस्नुपर्ने नागरिकको दायित्व तोकिएको छ ।

## माथिल्लो तामाकोशीबाट विद्युत् उत्पादन सुरु

उखान बनेको मेलम्चीको पानी दुई दसकपछि काठमाडौं उपत्यका आइपुगेको लगत्तै बहुप्रतिक्षित माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाबाट निर्धारित समयभन्दा दोब्बर समयपछि विद्युत उत्पादन भएको छ । मेलम्चीको पानीमा जस पाउन सत्तामा जाने दलहरू तँछाडमछाड गरिरहेको बेला माथिल्लो तामाकोशीमा को को अघि सर्ने हो हेर्न बाकी छ ।

दोलखाको विगु गाउँपालिका-१, लामाबगरमा स्वदेशी लगानीमा निर्माण भइरहेको मुलुककै सबैभन्दा ठूलो आयोजना सम्पन्नतामा पुऱ्याउन योगदान गर्ने मजदुर, प्राविधिक, शेयरकर्ता



धन्यवादका पहिलो पात्र हुन् ।

दिनको झन्डै २० घण्टा अँध्यारोमा बसेका नेपालीले ४ सय ५६ मेगावाटको माथिल्लो तामाकोशी जलविद्युत् आयोजना ठूलो राहत हुने आशा गरेका छन् ।

आयोजनाका प्रवक्ता डा. गणेश न्यौपानेका अनुसार मुख्य सुरुङ र पेनस्टकमा जम्मा भएको पानीले भूमिगत विद्युत्गृहमा जडान गरिएका ६ वटा टर्बाइन र त्यति नै जेनेरेटरको क्रमैसँग परीक्षण र कमिसनिङ कार्य प्रारम्भ हुनेछ । यस क्रममा पहिलो युनिटबाट २०७८ वैशाख महिनाभित्र विद्युत् उत्पादन सुरु हुने छ । पहिलो युनिटबाट विद्युत् उत्पादन भएपछि बाँकी युनिटबाट क्रमशः विद्युत् उत्पादन हुनेछ ।

त्यस्तै चालू आर्थिक वर्षभित्रमा सम्पूर्ण निर्माण सम्पन्न गरी ४ सय ५६ मेगावाट विद्युत् उत्पादन हुने कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले बताए । आयोजनामा ७६/७६ मेगावाटका ६ ओटा युनिट रहेका छन् ।

पाँच वर्षमा अर्थात असार ०७२ मा सम्पन्न गर्ने लक्ष्यसहित साउन २०६७ मा सुरु गरिएको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको निर्माण थालिएको १० वर्ष नौ महिनामा पूरा हुनै लागेको छ ।

ढिलाइ हुनुलाई आयोजना व्यवस्थापनले २०७२ को विनाशकारी भूकम्प र त्यसपछिका पराकम्पन तथा बाढी पहिरोले पुऱ्याएको क्षति तथा अवरोध, मधेस आन्दोलनको नाममा भएको भारतको नाकाबन्दी, भारतीय एक ठेकेदार कम्पनी टेक्सम्याको कमजोर कार्यसम्पादनलगायतका कारण देखाउँदै आएका छन् । यसमा विश्वव्यापी कोभिड-१९ को महामारी पनि थपिएको छ ।

भूकम्पले गर्दा झण्डै दुई वर्ष काम रोकिएको, बाँधस्थलतर्फ जाने सुरुङमार्ग बनाउनुपरेको, थप ६ महिना ढिला हुने भएकाले संरचनाको डिजाइन नै परिवर्तन गरिएकोले आयोजनाको निर्माणमा केही ढिलाइ भए पनि 'विभिन्न समस्याबाट तङ्ग्रिँदै विद्युत् उत्पादनको चरणमा पुगेको छ , यो सबैका लागि खुसीको विषय हो' कम्पनीका प्रमुख कार्यकारी अधिकृत विज्ञानप्रसाद श्रेष्ठले बताए ।

जतिसुकै ठूला आयोजना पनि ५ वर्षमा सम्पन्न हुन्छन्, तर माथिल्लो तामाकोशीको समयावधि मात्रै होइन, लागत पनि दोब्बरभन्दा बढी भएको छ ।

आर्थिक वर्ष ०६५/६६ मा आयोजनाको अनुमानित लागत ब्याजबाहेक ३५ अर्ब रूपैयाँ र ब्याजसहित ४८ अर्ब रूपैयाँ पुग्ने प्रक्षेपण गरिएको थियो ।

निर्माण अवधि दोब्बरभन्दा बढीले बढेको आयोजनाको लागत ८३ अर्ब रूपैयाँ पुग्दै छ । चालू आवको दोस्रो चौमासिकसम्मको खर्च ८२ अर्ब रूपैयाँ पुगेको थियो । वैशाखसम्म करिब ८३ अर्ब रूपैयाँ खर्च हुने आयोजना प्रवक्ता डा. न्यौपानेले जानकारी दिए । 'त्यसमा ५३ अर्ब साँवा र ३० अर्ब ब्याज रहेको छ,' उनले भने ।

यही आयोजनाको पूर्वाधारलाई प्रयोग गरी तामाकोशी नदी बेसिनमा पर्ने विभिन्न खोलामा माथिल्लो तामाकोशीबाहेक सानाठूला गरी करिब ७०० मेगावाट जम्मा क्षमताबराबरका २१ जलविद्युत् आयोजना अगाडि बढेको आयोजना कार्यालयको भनाइ छ ।

आयोजनाले सडक बनाइदिएपछि दोलखाको उत्तरी क्षेत्रमा पर्ने साविकका २० गाविसका जनतालाई आवतजावतमा सहज भएको छ ।

*चित्र : इन्टरनेट*

## अन्नपूर्ण हिमालमा पहिलो नेपाली महिला

विश्वको दसौँ अग्लो ८ हजार ९१ मिटर उचाइको अन्नपूर्ण (प्रथम) हिमालको पहिलो नेपाली महिलाले सफल आरोहण गरेका छन् । यो चुचुरोमा मानव पाइला पुगेको ७१ वर्षपछि पहिलोपटक ६ नेपाली महिलाले पनि वैशाख ३ गते आरोहण गरेका छन् । यस हिमाललाई कठिन र ज्यानमारा हिमाल भनेर चिनिन्छ । तथ्याङ्कअनुसार यसमा ३८ प्रतिशत मृत्युदर छ ।

यो सिजनमा अन्नपूर्ण हिमाल आरोहणका लागि पर्यटन विभागले ४ वटा आरोहण दलका लागि ८ महिलासहित ४४ जना विदेशीलाई मात्रै आरोहण अनुमति दिएको थियो । विभागकी निर्देशक मीरा आचार्यका अनुसार विदेशी आरोहीहरूको सहयोगीका रूपमा गएका कम्तीमा ६ नेपाली महिलाहरू पनि वैशाख ३ गते अन्नपूर्ण चढेका छन् । जसमा गोरखा घर भएकी फोटो पत्रकार पूर्णिमा श्रेष्ठ, ओखलढुंगाकी माया शेर्पा (सगरमाथा आरोही सङ्घकी अध्यक्ष), दोलखाकी दावा याङजेन शेर्पा, दावा फुटी शेर्पा, काभ्रेकी शर्मिला तामाङ र सोलुखुम्बुकी पासाङ ल्हामु शेर्पा छन् । उनीहरू पथप्रदर्शक र उचाइका कामदारको भूमिकामा गएको निर्देशक आचार्यले बताइन् ।



अन्नपूर्ण आरोही नेपाली महिला

त्यसैगरी भारतीय पर्वतारोही प्रियंका मंगेश मोहितीले सोही दिन अन्नपूर्ण आरोहण गरेकी छन् । उनलाई अन्नपूर्ण प्रथम आरोहण गर्ने पहिलो भारतीय महिला भनिएको छ ।

अन्नपूर्ण प्रथमको पहिलो आरोहण फ्रान्सेली पर्वतारोही मौरिस हर्गोजले सन् १९५० जुन ३ मा गरेका थिए ।

*चित्र : ढोरपाटनअनलाइन*

## नयाँ धरहराको उद्घाटन

देशको इतिहास र सम्पदासँग जोडिएको धरहरा अर्थात भीमसेन स्तम्भ ७२ सालको भूकम्पमा भत्किएको थियो । त्यसको नजिकै बनाइएको नयाँ धरहराको उद्घाटन प्रधानमन्त्री केपी शर्मा ओलीले वैशाख ११ गते गर्नुभयो ।



नवनिर्मित धरहरा उद्घाटन गरिँदै

नवनिर्मित धरहरा सर्वसाधारणका लागि केही समयपछि मात्र खुला गरिनेछ । धरहरामा चढ्ने र ओर्लिने गरी दुईतर्फी लिफ्ट हुने प्राधिकरणले जनाएको छ ।

नेपालका प्रथम प्रधानमन्त्री भीमसेन थापाले महारानी त्रिपुरासुन्दरी देवीको सम्झनामा निर्माण गरेको धरहरा १९९० सालको भूकम्पमा केही भाग ध्वस्त भए पनि २०७२ साल वैशाख १२ गतेको भूकम्पमा पूर्ण रूपमा ध्वस्त भएको थियो । १९९० सालको

भूकम्पअघि धरहरा ११ तलाको थियो। भूकम्पले दुई तला भत्किएपछि नौ तलामा सीमित भएको थियो। भीमसेन थापाले निर्माण गरेको धरहरा ६१.८८ मिटर अर्थात् २०३ फिट अग्लो थियो भने धरहरामा २१३ वटा सिँढी थिए।



विसं १९९० सालको भूकम्प अघिको (बायाँ) र २०७२ सालको भूकम्प अघिको धरहरा

नयाँ बनाइएको धरहरा बाहिरबाट हेर्दा ११ तलाको देखिए पनि भुइँतलासहित २३ तलाको रहेको छ। जमिनमुनि दुई तलासमेत नयाँ धरहरा समग्रमा धरहरा २५ तलाको हुनेछ। धरहराको उचाइ जमिनमाथिबाट गजुरसहित ८३.८५ मिटर र जमिनमुनिसमेत ९२.२५ मिटर रहेको छ। धरहराको डायमिटर 'बेस'मा १४.२ मिटर छ जुन साँघुरिँदै माथिल्लो तलामा गएर ५.६ मिटरमा सीमित भएको छ। धरहराको कुल क्षेत्रफल ४२.२ रोपनी रहेको छ।

विशुद्ध पर्यटकीय स्थलका रूपमा निर्माण गरिएको धरहराको दोस्रो तलामा 'मिन्ट म्युजियम' र 'अर्थ क्वेक म्युजियम' निर्माण गरिने छ।

धरहराको १८ औँ तलामा १७ जना क्षमताको मिनी थिएटर बनाइने छ जहाँ धरहराको विगतदेखि वर्तमानसम्मको भिडियो डिस्प्ले प्रदर्शन गरिनेछ। त्यस्तै माथिल्लो तला (टप) मा सिसाले घेरिएको 'भ्यु डेक' निर्माण गरिनेछ, जहाँबाट काठमाडौं उपत्यकाको दृश्यावलोकन गर्न सकिने छ।

यसको २२ औँ तलामा भीमसेन थापाकै पालाको शिवलिङ्ग र टुप्पोको गजुरमा ९५ तोला तीन लाल (कतै ९८ केजी) सुनको लेप लगाइएको छ।

अबको धरहरा नढल्ने धरहराको अवधारणाअनुसार निर्माण भएको बताइएको छ। 'अर्थक्वेक रेजिलियन्ट स्ट्रक्चर'को सिद्धान्तमा निर्माण भइरहेको धरहरा भूकम्प जसरी आउँछ त्यसरी नै नाच्ने छ, भूकम्पकै 'फ्रिक्वेन्सी'मा नाच्ने भएकाले भूकम्पले यसलाई प्रभाव पार्न सक्दैन, भूकम्पको समयमा यसमा हुन सक्ने क्षतिबारे पर्याप्त सूचना दिने प्रविधिसमेत जडान गरिने छ। जमिनको सतहदेखि ११ मिटर तल दुई मिटर गहिराइ भएको 'स्ल्याप' निर्माण गरिएको छ, जुन 'स्ल्याप' २८ देखि ३१ मिटरसम्मका 'पाइल'हरूमा 'रेस्ट' गरिएका छन्, त्यसको माथिबाट मात्र धरहरा निर्माणको काम सुरु गरिएका छन्, यसरी यो धरहरा नढल्ने विश्वास गरिएको छ।



२०७२ सालको भूकम्पपछि धरहराको भग्नावशेष

धरहरा निर्माणका क्रममा केही वर्षदेखि बन्द रहेको सुन्धारालाई सञ्चालनमा ल्याइनेछ। सुन्धारामा पानीको बहावलाई सञ्चालनमा ल्याउनुका साथै अहिले बन्द रहेको सुन्धाराको पानी निकासलाई समेत सुचारु गरिनेछ।

इतिहासलाई जोगाउने उद्देश्यसहित भूकम्पबाट क्षतिग्रस्त धरहराको भग्नावशेष (ठुटो)लाई संरक्षण गर्न सिसाले छोपेर जस्ताको तस्तै राखिने छ।

धरहराको कुल बजेट ३ अर्ब ४८ करोड रुपियाँ रहेको छ।

*चित्र : इन्टरनेट*

# फसि देग:को पाली

## फसि देग: अर्थात ज्योतिर्लिङ्गेश्वर महादेवको मन्दिर सन् १६५० (विसं १७०७) मा निर्मित लाँ पाँ देग: अर्थात हरिशंकरको मन्दिर पनि त्यही साल बनाएको बताइन्छ ।



१) अहिले फसि देग: को पुन:निर्माण नयाँ स्वरूपको पालीसहित भइरहेको छ ।

**यहाँ फसि देग:को फेरिएको स्वरूपका केही चित्र इन्टरनेटबाट दिइएको छ ।**



२) अज्ञात चित्रकारले बनाएको यस चित्रमा मन्दिरमा पाली छैन तर फसि देग: र लाँ पाँ देग:को बीचमा सग्लो घर देखिन्छ ।



३) हेनरि एम्ब्रोस ओल्डफिल्डले सन् १८५३ मार्च (विसं १९०९ चैत्र) मा बनाएको चित्रमा पाली छैन । तर फसि देग: र लाँ पाँ देग:को बीचमा भत्केको घर देखिन्छ ।



४) जोन क्लाउड ह्वाइटले खिचेको सन् १९००-१९०८ (वि.सं १९५७-१९६५) लेखिएको चित्रमा पाली छ । यसमा फसि देग: र लाँ पाँ देग:को बीचमा छाना र रुख देखिन्छ ।



५) ग्लेन मित्रसिङले खिचेको सन् १९३२-१९३४ (विसं १९८८-१९९०) लेखिएको चित्रमा पाली छ । मितिअनुसार यो चित्र विसं १९९० सालको भूकम्पभन्दा अगाडिको हो ।



६) विसं २०७२ को भूकम्प अगाडिको यो चित्रमा पनि पाली छैन । अर्थात महाभूकम्पपछि यसको पुनर्निर्माण गर्दा पाली नराखेको देखिन्छ ।



७) विसं २०७२ को भूकम्पमा यो मन्दिर भत्कियो ।

## अमेरिका–क्युवा सम्बन्धमा मध्यस्थता गर्न ईयू सहमत

युरोपेली सङ्घ (ईयू) ले सं.रा. अमेरिका र क्युवाको सम्बन्ध सुधारका लागि मध्यस्थता गर्न सहमत भएको क्युवाली समाचार एजेन्सी (एसीएन) ले चैत्र २० मा जनाएको छ ।

युरोपेली सङ्घका उच्च प्रतिनिधि जोसेप बोरेलले युरोपेली संसदमा क्युवाका जनतासँग मैत्री तथा एकता समूहको अनुरोधलाई स्वीकार गर्दै 'आतङ्कवादलाई प्रोत्साहित गर्ने देशहरूको सूचीबाट क्युवालाई हटाउनका लागि अमेरिकी सरकारसामु मध्यस्थता गर्न' ईयू तयार रहेको जानकारी गराएका छन् ।

प्रतिक्रियामा क्युवाको राष्ट्रिय जनशक्ति सभाका उपाध्यक्ष आना मारी माकाडोले सम्मेलन र सम्मेलनमा ईयूको भूमिकाको प्रशंसा गरे ।

'क्युवाले आतङ्कवादको प्रायोजन वा प्रवर्द्धन गर्दैन । हामी शान्ति, एकता र जनताबीचको सहयोगलाई समर्थन गर्दछौँ,' उनले भने ।

यसैबीच ईयूका लागि क्युवाका राजदूत कार्लोस मिगेल परेराले ट्विटरमा भने, 'क्युवालाई यस सूचीमा कहिले पनि सामेल नगरिएको हुनुपर्थ्यो । क्युवाले आतङ्कवादलाई होइन एकता र शान्ति प्रवर्द्धनमा विश्वास गर्छ ।'

